# बन्दीपुर गाउँपालिकाको
# एकीकृत विकास गुरूयोजना
## २०७६-२०९६
# Integrated Development Master Plan of Bandipur Gaupalika

बन्दीपुर गाउँपालिकाको कार्यालय
बन्दीपुर, तनहुँ,
गण्डकी प्रदेश, नेपाल
पुस, २०७७

# बन्दीपुर गाउँपालिकाको
# एकीकृत विकास गुरूयोजना २०७६-२०९६

तयार पार्ने
**बन्दीपुर गाउँपालिकाको कार्यालय**
**बन्दीपुर, तनहुँ, नेपाल**
फोन नं. ०६५ ५२०१२३
इमेल : bandipurmunicipality@gmail.com
वेबसाइट : www.bandipurmun.gov.np

प्रकाशक
**बन्दीपुर गाउँपालिकाको कार्यालय**
**बन्दीपुर तनहुँ, गण्डकी प्रदेश, नेपाल**

सर्वाधिकार @ **बन्दीपुर गाउँपालिका**

प्राविधिक सहयोग :
**ब्रोडभिजन रिसर्च सेन्टर एन्ड डाटा बैङ्क प्रा.लि. र**
**भिजन एण्ड सोलुसन प्रा.लि.**
**डेभलपमेन्ट नेटवर्क प्रा.लि.**
काठमाडौं ।

आवरण/लेआउट/मुद्रण
**अल मिडिया सोलुसन प्रा.लि.**
बागबजार, काठमाडौं, ०१-४२५३९६४

प्रधानमन्त्री



काठमाडौं, नेपाल

## शुभकामना

बन्दीपुर गाउँपालिकाले यहाँको एकीकृत विकास सम्बन्धी २० वर्षे गुरुयोजना निर्माण गरेको खवरले मलाई अत्यन्तै खुशी लागेको छ। **'पर्यटन, कृषि, शिक्षा, सहकारी र पूर्वाधार, बन्दीपुर समृद्धिको आधार'** भन्ने मूल नारा तय गरी गुरुयोजना निर्माणमा सहभागि सबैलाई सर्वप्रथम हार्दिक धन्यवाद दिन चाहन्छु। सुन्दर पहाडी भूगोल बन्दीपुरको विकास सम्बन्धी गुरुयोजना निर्माण भएकोमा बन्दीपुर वासी दाजुभाइ दिदीबहिनीहरुमा हार्दिक बधाई दिन चाहन्छु।

संविधानसभाबाट संविधान जारी गरी राजनीतिक संक्रमणको अन्त्य गरेपछि हामी मुलुकको आर्थिक समृद्धिको दिशामा अग्रसर छौं। अब हामीले राजनीतिक अधिकार प्राप्तिका लागि समय लगाउनु पर्ने छैन। हाम्रो सम्पूर्ण समय अब विकास र समृद्धिको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न लगाउनु पर्नेछ। नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन हामीले **'समृद्ध नेपाल-सुखी नेपाली'**को राष्ट्रिय गन्तव्य तय गरेका छौं। यसलाई सफल पार्न संघीय, प्रादेशिक र स्थानीय तीनै तहका सरकारले विकासका लागि एउटै गतिका साथ काम गर्नु पर्नेछ। यस सन्दर्भमा बन्दीपुरले निर्माण गरेको विकासको गुरुयोजनाको म प्रशंसा गर्दछु। आम नागरिकको सक्रिय सहभागितामा आर्थिक सामाजिक विकासको गुरुयोजना सफल हुनेछ भन्ने मैले विश्वास लिएको छु।

यस क्षेत्रका जनताको जीवनमा कृषि र पर्यटन क्षेत्रको विकासबाट ठूलो परिवर्तन ल्याउन सकिन्छ। त्यसका लागि पूर्वाधार निर्माणमा अझै धेरै प्रगति गर्नु पर्ने छ। त्यस आधारमा तीव्र विकासका नीति/कार्यक्रम र आयोजना तय गरी अघि बढ्नुहुनेछ भन्ने मैले आशा लिएको छु। हामी समृद्धिलाई सामाजिक न्याय र समानताको जगमा उभ्याई **धर्तीको सुरक्षा** र नागरिकको सुख सुनिश्चित गर्न तल्लीन छौं। त्यसैले सामाजिक न्याय सहितको **लोकतन्त्र, राष्ट्रिय** एकता र सुशासनको जगमा तीव्र आर्थिक वृद्धि गर्दै देशलाई समृद्ध बनाउने **राष्ट्रिय अभियानमा बन्दीपुर विकासको** गुरुयोजना पनि एक अंग हुनेछ।

परिश्रमी जनताको सहभागितामा बन्दीपुरको सुन्दर प्रकृति र उर्भर भूमिलाई समृद्ध बनाउन यो गुरुयोजनाको सफल कार्यान्वयन होओस्। पुनः हार्दिक शुभकामना।

**५ मंसिर, २०७६**

**केपी शर्मा ओली**

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा)

केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल



## शुभकामना

“पर्यटन, कृषि, शिक्षा, सहकारी र पूर्वाधार, बन्दीपुर समृद्धिको आधार” भन्ने मूल नाराका साथ बन्दीपुरको समग्र विकासको लागि २० वर्षे गुरुयोजना निर्माण गरेको सुन्न पाउँदा खुशी लागेको छ।

योजना भनेको प्राविधिक कुरा मात्र होईन, यो एक राजनीतिक, सामाजिक र सांस्कृतिक दस्तावेज पनि हो। राजनीतिक ईच्छाशक्ति विनाको योजना केवल अक्षरहरुको संग्रह मात्र हुन सक्दछ। यस गुरुयोजनाले एक परिष्कृत विचारहरुलाई योजनाको सुत्रमा सुत्रवद्ध गर्ने विश्वास पनि लिएको छु।

विकासको मूल उद्धेश्य, हरेक नागरिकलाई आफूमा अन्तर्निहित मानवीय क्षमताको विकास गर्दै समग्र राष्ट्रिय अर्थतन्त्रको मजबुती र नागरिकमा आत्मिक प्रशन्नता दिलाउनु नै हो। हामी सर्वहारा वर्गको हितमा राज्यले ठोस कदम चाल्नु पर्दछ भन्ने मान्यता राख्दै आएका छौं ।

संघीय शासन प्रणालीले ती वर्गको नजिकमा रहेर काम गर्ने तत्कालीन उद्देश्य भए पनि हाम्रो लक्ष्य समाजवाद हो । बन्दीपुर गाउँपालिकाले गरेको शुरुवात प्रसंशायोग्य छ र आवश्यकता अनुसार संशोधन गर्दै कार्यान्वयन गरी यसले सकारात्मक परिणाम दिने कुरामा विश्वस्त छु।

गुरुयोजनाको कार्यान्वयन गर्न म, र सिंगो पार्टीको पूर्णसाथ सहयोग रहने प्रतिद्धता व्यक्त गर्दछु। बन्दीपुर एकीकृत विकास गुरुयोजना तयार गर्नु भएकोमा बन्दीपुर गाउँपालिका, सम्पूर्ण राजनीतिक दल, कर्मचारी, बन्दीपुर गुरुयोजना निर्माण समिति, विज्ञ समूह, बैद्धिक समुदाय एव्म न्यायप्रेमी जनसमुदायलाई बधाई दिँदै, सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु।

*२७ मंसिर, २०७६*

..............................
पुष्पकमल दाहाल ‘प्रचण्ड’
अध्यक्ष

• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल



पौष १७, २०७६

## शुभकामना !

वन्दीपुर गाउँपालिका तनहुँद्वारा **"गाउँपालिकाको एकिकृत विकासको २० वर्षे गुरु योजना"** तयार गरी आ.व. २०७६/०७७ देखि कार्यान्वयनको चरणमा रहेकोले उक्त गुरु योजनाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

संविधानमा व्यवस्था भए बमोजिम तीन तहका सरकारमध्ये स्थानीय तहको सरकार अत्यन्त महत्वपूर्ण निकाय हो र यो तहले जनताको हरेक सुख दुःखमा सहभागि हुँदै विकास निर्माणलाई महत्वको साथ अगाडि वढाउन भूमिका खेलेको हुन्छ । सानोतिनो विकास निर्माण तथा स्थानीय तहका कर्मचारीको वन्दोवस्तका विषयमा जनताका स्थानीय तहका आवश्यकतालाई परिपूर्ति लगायतका विषयहरुका सन्दर्भमा यसभन्दा अगाडि केन्द्रमा धाउनु पर्ने बाध्यता थियो । संविधान सभा मार्फत नेपालको संविधान आई सकेपछि केन्द्रको अधिकार स्थानीय तहमा गएको छ । जनताको चाहना अनुसार आवश्यक सेवा सुविधा घर दैलोमा उपलब्ध हुनु नै महत्वपूर्ण उपलब्धि हो । स्थानीय तहका जनप्रतिनिधि साथीहरुले स्थानीय जनतासँग अन्तरकृया गरी जनताकै चाहना बमोजिम योजना छनौट गरि सम्पन्न गर्नु पर्दछ र अनावश्यक रुपमा स्थानीय उत्पादन माथि कर लगाउनु हुदैन । ठूलो वलिदानी र लामो संघर्षपछि स्थापित स्थानीय तहको अधिकारलाई थप मजबुत गर्न स्थानीय तहका जन प्रतिनिधिहरुको काम गर्ने तौर तरिकामा भर पर्नेछ भन्ने मेरो विश्वास छ ।

वन्दीपुर गाउँपालिकाले २० वर्षे विकास निर्माणको गुरु योजना बनाई **समृद्ध वन्दीपुर, सुखी वन्दीपुरवासी**को नारालाई यथार्थमा रुपान्तरण गर्नेछ भन्ने मैले विश्वास लिएको छु । वन्दीपुर गाउँपालिकाको अध्यक्ष लगायत गाउँपालिका परिवारलाई गुरु योजना कार्यान्वयनमा सफलता मिल्ने विश्वासका साथ सबैमा पुनः शुभकामना व्यक्त गर्दछु र वन्दीपुर गाउँपालिकाको गुरु योजना सफलताका साथ सञ्चालन भएमा छिमेकी जिल्लाका स्थानीय तहहरु लगायत सिंगो मुलुक कै लागि उदाहरणीय हुनेछ भन्ने मैले अपेक्षा गरेको छु ।

जय नेपाल !

शेरवहादुर देउवा
**सभापति**

टेलिफोन : (००९७७-१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
**e-mail:** ncparty@wlink.com.np /info@nepalicongress.org / **Internet Access: http://www.nepalicongress.org**

**Dr. Baburam Bhattarai**
Formar Prime Minister of Nepal
Chairman-Socialist Party
**Member of Parliament**
Gorkha-2



**डा. बाबुराम भट्टराई**
**पुर्व प्रधानमन्त्री**
**अध्यक्ष-समाजवादी पार्टी**
**प्रतिनिधिसभा सदस्य**
**क्षेत्र नं.-२, गोरखा**

## शुभकामना

नेपाल सरकारको दीर्घकालीन, आवधिक तथा तत्कालीन योजनालाई स्थानीय सरकारमार्फत् आम नागरिकको पहुँचमा पुर्‍याउन स्थानीय सरकारको अहम् भूमिका रहन्छ । स्थानीय सरकार आम नागरिकको सबैभन्दा नजिकको सरकार हो । बन्दीपुरका नागरिकको समृद्धि र खुसीलाई केन्द्रमा राख्दै "पर्यटन, कृषि, शिक्षा, सहकारी र पूर्वाधार, बन्दीपुर समृद्धिको आधार" भन्ने मूल मर्मका साथ यहाँको समग्र विकासको लागि २० वर्षे गुरूयोजना निर्माण गरेको सुन्न पाउँदा हर्षित छु ।

ऐतिहासिक महत्वको स्थान बन्दीपुरले नयाँ सन्दर्भमा नयाँ पहिचान र भूमिका खोज्नुपरेको छ । विकास र समृद्धिको बाटो पहिल्याउन विभिन्न आर्थिक, राजनीतिक, सामाजिक-सांस्कृतिक गतिविधिहरूको तिव्रतामार्फत् आत्मनिर्भर अर्थतन्त्रको आधार सिर्जना गर्नुको विकल्प छैन । स्थानीय ज्ञान, सीप, पुँजी र जनशक्तिको पहिचान र परिचालनमार्फत हाम्रो आफ्नै मौलिक ढंगको समृद्धिको मोडेल खोज्नुपरेको छ । २० वर्षे गुरूयोजनामा बन्दीपुरको ऐतिहासिक सन्दर्भलाई आत्मसाथ गर्दै यसको मौलिक विकास र समृद्धिको लागि भविष्यको मार्गचित्र समेत प्रस्तुत गर्नेगरी वैज्ञानिक र वस्तुनिष्ठ ढंगले काम हुनेछ भन्ने अपेक्षा र विश्वास लिएको छु । यो गुरूयोजना बन्दीपुरको वैज्ञानिक र एकीकृत विकासको लागि कोषेढुंगा सावित हुन सकोस् र स्थानीयमा नयाँ ऊर्जा र आशा सञ्चार गर्ने माध्यम बनोस् भन्ने शुभेच्छा पनि प्रकट गर्न चाहन्छु ।

नेपालको संविधानअनुसार स्थानीय सरकारलाई प्राप्त अधिकारको प्रयोग गर्दै, संस्थागत विकास र सुशासन, आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन लगायतका क्षेत्रलाई समेटेर बन्दीपुर गाउँपालिकाले तयार गरेको बन्दीपुर एकीकृत विकास गुरूयोजनाले सम्पूर्ण नगरिकका समस्या र सवाललाई क्रमशः सम्बोधन गर्नेछ भन्ने विश्वास लिइएको छ । यो योजना निर्माणमा लाग्नुहुने सम्पूर्ण पक्षलाई बधाई तथा धन्यवाद दिँदै यसको कार्यान्वयनको निम्ति नेपाल सरकारको सहयोग रहने विश्वास लिँदै सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

१३ मंसिर २०७६

**डा. बाबुराम भट्टराई**

Kathmandu,Nepal **Phone No.:** 9851102883,**Email:** brb.1954@gmail.com / dpp2036@gmail.com
www.baburambhattrai.com

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल




पौष १७, २०७६

## शुभकामना

ऐतिहासिक स्थल र पर्यटकीय गन्तव्यको रुपमा ख्याति कमाउँदै गएको यस बन्दीपुर गाउँपालिकाले आफ्नो क्षेत्रको समग्र विकासको लागि एकीकृत विकासको बीस वर्षे गुरुयोजना तयार गरेको थाहा पाउँदा मलाई निकै खुशी लागेको छ। एकीकृत विकासको लागि गुरुयोजना बनाएर आर्थिक वर्ष २०७६/०७७ बाट कार्यान्वयनमा ल्याइएको र त्यसको प्रकाशनसमेत गर्ने अभिलेखीकरणको कार्यले झनै उत्साहित बनाएको छ।

मुलुक सङ्घीयतामा गएसँगै केन्द्र, प्रदेश र तीन तहको सरकारको निर्माण भएको छ। स्थानीय जनताको माग अनुसारको विकास र आवश्यकताअनुसारको सेवा पाउनुपर्ने अवस्थालाई स्थानीय सरकारले विशेष ध्यान दिनुपर्दछ। राजनीतिक परिवर्तनले आर्थिक क्रान्तिको मार्गप्रशस्त गरेको हुन्छ तर त्यसको कार्यान्वयनको लागि मुलुक सङ्घीयतामा गएसँगै खासगरी स्थानीय सरकारको गुरुत्तर जिम्मेवारी रहेको हुन्छ। सङ्घीयतापछि भएको स्थानीय निकायको निर्वाचनबाट आएका निर्वाचित जनप्रतिनिधिले विकासको कार्यलाई अघि बढाउन चाहनु र आफू जनताको सच्चा सेवक भएको प्रमाणित गर्न योजनावद्ध, व्यवस्थित र आधुनिक समयको माग तथा जनताको चाहना अनुरुपको विकास कार्यलाई एकीकृत ढङ्गले अघि बढाउन खोज्नु प्रशंसनीय पक्ष हो। सरकारी सेवा र विकासको काम स्थानीय तहबाट गरी विकेन्द्रीकरणको अवधारणालाई सार्थक बनाउँदै गाउँघरमै सिँहदरबार भन्ने नाराको मर्म अनुरुपको काम हुनुपर्ने अहिलेको यथार्थ पनि हो। एकीकृत विकासको गुरुयोजना बनाएर अघि बढ्दै भावी पुस्तालाई आधुनिक, व्यवस्थित र योजनावद्ध विकासको बन्दीपुर प्रस्तुत गर्ने प्रयास गर्नु गाउँपालिकाको प्रशंसनीय कार्य हो।

जिल्लाको पुरानो सदरमुकाम मात्र नभएर ऐतिहासिक र प्राकृतिक सौन्दर्यले पछिल्लो समयमा स्वदेशी र विदेशी पर्यटकको उत्कृष्ट गन्तव्यका रुपमा विकास हुँदै गएर चर्चा कमाएको बन्दीपुर र यस क्षेत्र केन्द्र, प्रदेश सरकार मात्र नभएर सबैको चासोको ठाउँ बनेको छ। शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, विकास, पूर्वाधार, महिला, बालवालिका, पिछडिएका वर्गलगायत बन्दीपुर गाउँपालिकाका जनताको चाहनालाई केन्द्रविन्दुमा राखेर अबको बन्दीपुरको विकासको मार्गचित्र तयार हुनुपर्छ र गाउँपालिकावासीको सल्लाह, समन्वय र सहयोगमा एकीकृत विकासको वृहत्तर गुरुयोजनालाई पूरा गरिनुपर्छ। यसमा म र मेरो पार्टीको तर्फबाट सदैव रचनात्मक र अन्य आवश्यक सहयोग हुने विश्वास दिलाउँछु। बन्दीपुर गाउँपालिकाको एकीकृत विकासको माध्यमद्वारा समृद्ध बन्दीपुर, सुखी बन्दीपुरवासीको सपना साकार पार्ने अभियानमा यो गुरुयोजनाले सहयोग पुग्ने मैले विश्वास लिएको छु।

रामचन्द्र पौडेल
नेता
नेपाली कांग्रेस


टेलिफोन : (००९७७–१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
**e-mail:** ncparty@wlink.com.np /info@nepalicongress.org / **Internet Access: http://www.nepalicongress.org**

**मुख्य मन्त्री**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

सम्पर्क नं.०६१-४६७८५१



# शुभकामना

पर्यटन, कृषि र व्यापारको क्षेत्रमा विशिष्ट पहिचान बोकेको बन्दिपुर गाउँपालिका राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा परिचित भुगोल हो । भौगोलिक रुपमा देशकै बीच भागमा पर्ने; राजनैतिक रुपमा अग्रगामी सोच भएको जनसमुदाय, सांस्कृतिक रुपमा बहुसंख्यक जाति, भाषा, धर्म र भेषभुषा भएको बन्दिपुर गाउँपालिकालाई समृद्ध, विकसित र नमूना बनाउने उद्देश्यले निर्माण गर्न खोजिएको **"बन्दिपुर विकास गुरुयोजना"** प्रति खुशी व्यक्त गर्दै धन्यबाद दिन चाहन्छु ।

बन्दिपुर विकास गुरुयोजना वस्तुवादी तथा वैज्ञानिक हुने विश्वास लिंदै सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै गुरुयोजना निर्माण एवं कार्यान्वयनको चरणमा केन्द्र र प्रदेश सरकार दुबै तहबाट प्राथमिकताको साथ सहयोग गर्ने एवं सहयोगको वातावरण बनाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

....................

पृथ्वीसुब्बा गुरुङ

मुख्यमन्त्री

२०७५ असार २९ गते

मा. कृष्णकुमार श्रेष्ठ (किसान)
सदस्य, प्रतिनिधि सभा
संघीय संसद, नेपाल
क्षेत्र नं.-१, तनहुँ

Hon. Krishna Kumar Shrestha (Kishan)
Member, House of Representative
Federal Parliament, Nepal
Constituency No.-1, Tanahu



'पर्यटन, कृषि, शिक्षा, सहकारी र पुर्वाधार बन्दिपुर समृद्धीको आधार' भन्ने मुल नाराका साथ बन्दिपुर गाउँपालिकाले आफ्नो समग्र विकास र समृद्धिको रेखाङ्कन सहितको २० वर्षे गुरुयोजना तयार गरेको विषय अवगत हुँदा अत्यन्त खुसी लागेको छ । नेपाली जनताको बलिदान र जनक्रान्तीले स्थापित गरेको संघीय लोकतान्त्रीक गणतन्त्र पश्चात स्थानीय तहको सरकार सञ्चालन नयाँ शीराबाट हुँदै गएको कुरा सर्वविदितै छ । तनहुँ जिल्लाको संघीय प्रतिनिधि सभा क्षेत्र नम्बर १ का न्यायप्रेमी जनसमुदायको न्यानो मायाको साथमा बन्दिपुर आफैमा विश्व सम्पदा सुचीमा सुचिकृत एक पर्यटकीय सांस्कृतिक महत्व बोकेको पाहाडकी रानीको नामले विभुषित गौरबगाथा सहित उभिएको महत्वपुर्ण पालिका हो ।

विकासको गतिलाई धिमा रुपमा जगल्टाएर राख्ने र आफ्नो नीहित स्वार्थ पुरा गर्ने विगत कालखण्डका अभ्यास र आनीवानीलाई पुर्ण तिरस्कार गर्दै नयाँ नेपाल निर्माणको योजनाबाट खाकाहरु कोर्ने क्रममा 'सुखी नेपाली समृद्ध नेपाल' निर्माणमा यस पालिकाले आफ्नो २० वर्ष सम्मको विकास र समृद्धीको खाका कोरीएको सुन्दर गुरुयोजना बनाएर निकै महत्वपुर्ण काम गरेको छ । भन्ने मैले पुर्ण अनुभुती गरेको छु ।

यस बन्दिपुरको कृषि, शिक्षा, सहकारी, पर्यटन र पुर्वाधारसँग जोडिएका महत्वुर्ण विकास निर्माणका कार्यमा मेरो व्यक्तिगत र संघीय प्रतिनिधि सभा क्षेत्र नम्बर १ को जनप्रतिनिधिको रुपमा निरन्तर पुर्ण साथ र सहयोग रहने प्रतिबद्धताका साथ यस महत्वपुर्ण विकासको गुरुयोजना निर्माण कार्यमा अहोरात्र खट्नुहुने सिंगो गाउँपालिका अध्यक्ष, उपाध्यक्ष एवं वडा अध्यक्षहरु सहित सम्पुर्ण जनप्रतिनिधि साथीहरु, कर्मचारी मित्रहरु, प्राविधिक टिमका साथीहरु, विषय विशेषज्ञहरु र बन्दिपुरको भलो चहाने आम बन्दिपुरबासी जनसमुदाय, पत्रकार जगत, बौद्धिक वर्ग सा गुरुयोजना निर्माणकोलागि रातदिन खट्नुहुने गुरुयोजना निर्माण समिति सबैप्रति हार्दिक धन्यवाद र बधाई ज्ञापन गर्दै पुर्ण सफलताको न्यानो शुभकामना व्यक्त गर्दछु ।

**माननीय कृष्णकुमार श्रेष्ठ किसान**

**संघीय प्रतिनिधि सभा तनहुँ, क्षेत्र नम्बर १**

फोन: ०९७७-१-४३६३०८१
मोबाईल: ९८५६०४८५३५
ई-मेल: kkshrestha22@gmail.com

Phone: 0977-1-4363081
Mobile: 9856048535
E-mail: kkshrestha22@gmail.com

**मा. हरि बहादुर चुमान**

**मन्त्री**

आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

सम्पर्क नं ०६१- ४६७७७८



वन्दिपुर गाउँपालिकाले आफ्नो एकीकृत विकास गुरुयोजना (२०७६-२०९६) तयार गरी सार्वजनिकिकरण गर्न लागेको थाहा पाउँदा अत्यन्तै खुशी लागेको छ । आफ्ना आवश्यकताहरु पहिचान गरी प्राथामिकीकरण गर्ने, स्थानिय स्रोत र साधनहरुको अधिकतम् र दिगो परिचालनका साथै विकासमा आम जनसमुदायको सहभागिता मार्फत योजनाबद्ध विकासमा अघि वढ्न यस गाउँपालिकाले बेलैमा पहल लिएको छ । यस एकिकृत विकास गुरुयोजनाले आगामी वीस वर्षसम्म वन्दिपुर गाउँपालिकाको विकास निर्माणमा दिशानिर्देश गर्ने विश्वास लिएको छु । यस अवसरमा वन्दिपुर गाउँपालिका परिवार, गुरु योजना निर्माण समिति र गुरुयोजना निर्माणमा भुमिका निर्वाह गर्नु हुने सवैमा हार्दिक धन्यवाद सहित एकीकृत विकास गुरुयोजनाको सफल कार्यान्वयनको हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

वन्दिपुर अन्तर्राष्ट्रिय रुपमा स्थापित पर्यटकीय गन्तव्य बनिसकेको छ । सिंगो बन्दिपुर गाउँपालिकामा पर्यटनको प्रचुर सम्भावना भएकोले यसलाई सवै वडाहरुको साथै आँवुखैरेनी गाउँपालिकाको छिम्केश्वरी सम्म विस्तार गर्न जरुरी छ । पर्यटन विकासनै वन्दिपुर गाउँपालिकाको पहिलो प्राथमिकता हो । पर्यटन प्रबर्द्धनको लागि प्रदेश सरकारको तर्फबाट वन्दिपुर गाउँपालिकालाई प्राथमिकतामा राखेर नै बजेट व्यवस्था गरिएको छ । पर्यटनसँग कृषि र घरेलु तथा साना उद्योग जोडेर मात्र वन्दिपुर गाउँपालिकाको निर्वाहमुखी ग्रामिण अर्थतन्त्रलाई समाजबाद उन्मुख, उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्रमा बदल्न सकिन्छ । यसर्थ भौतिक पूर्वाधार निर्माणका योजनाहरु छनोट र वजेट व्यवस्था गर्दा प्रदेश सरकारको तर्फबाट वन्दिपुर लगायत त्यस क्षेत्रमा पर्यटन, कृषि र उद्योगलाई प्राथमिकतामा राखेर नै भएको पनि जानकारी गराउन चाहन्छु । आगामी दिनमा यस गाउँपालिकाको समग्र विकासमा प्रदेश र केन्द्र सरकारको भुमिका बढाउन आफ्नो तर्फबाट पहल गरिरहने र गुरुयोजना कार्यान्वयनमा सक्रिय भुमिका निर्वाह गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

धन्यवाद ।

हरि वहादुर चुमान
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय

# मन्तव्य



बन्दीपुर प्राचीन र ऐतिहासिक रूपमा स्थापित मगरहरूको वस्ती हो । बन्दीपुरको नामकारण नै मगर भाषाबाट भएको भनाइअनुसार यहाँको जंगलभित्र रहेका पानीका मुहान (वन र डी) मिलेर बन्दीपुर नामाकरण भएको मानिन्छ । मगर भाषामा पानीलाई डी भनिन्छ, अतः बन्दीपुर भन्नाले वनभित्र रहेको पानीको जरुवा भएको वस्ती भन्ने बुझिन्छ । बन्दीपुरमा नेवारहरू भक्तपुरबाट बसाइँ आएर यस स्थानलाई व्यापारिक नाकाका रूपमा उत्तरतर्फ तिब्बत र दक्षिणतर्फ भारतको बेतिया ठोरी एवं विहारसम्म सम्बन्ध स्थापित गर्न सकेको तथ्य पाइन्छ । मूलतः भक्तपुरमा निर्माण गरिएका घरको शैली र वस्तीको अवस्थितिले ३ सय वर्षभन्दा पुरानो पुरातात्विक महत्वलाई दर्शाउँछ । राणाकालीन अवस्थादेखि वि.सं. २०२५ सालसम्म बन्दीपुर एक प्रशासनिक मुकामको रूपमा रहेको थियो । वि.सं. २०४० को दशकमा शिक्षा विकास (नोट्रेडम स्कुल स्थापना भएपश्चात) र वि.सं. २०५० को दशकबाट पर्यटन व्यवसायको क्षेत्रमा जुर्मुराएको बन्दीपुर हाल आएर नेपालकै एक महत्त्वपूर्ण पर्यटकीय स्थलको रूपमा स्थापित भइसकेको छ ।

**'भविष्य उनीहरूकै हो, जसले आजैबाट तयारी गर्दछ'** भन्ने भनाइमा सहमत हुँदै, वास्तवमा हामी समुद्रको थोपा होइनौं, हामी त थोपाभित्रको समुद्र हौं । त्यसैले भोलिको बन्दीपुर कस्तो बनाउने भन्ने कुरा आजैबाट तयारीका साथ लाग्नुपर्दछ र त्यो तयारी स्वरूप हामीले गाउँपालिकाको **बीस वर्षे एकीकृत विकास गुरुयोयोजना** तयार पारेका छौं । बन्दीपुर विकासको मूल आधार नेपाली विशेषताको कृषि र प्राकृतिक तथा सांस्कृतिक पर्यटनलाई लिइएको हुँदा हामी आधुनिक कृषिप्रणाली र पर्यावरणीय पर्यटनको संख्यात्मक वृद्धिमात्र नभएर गुणात्मक विकास गर्न चाहन्छौं ।

समग्र बन्दीपुरको विकासको सम्भावना पर्यटन व्यवसायबाट देख्दछौं । पर्यटनलाई कृषि र जीविकोपार्जनका अन्य व्यवसायसँग एकीकृत गर्न सकेमा गरिबीबाट मुक्त हुन सक्ने ठान्दछौं । गाउँपालिकाले निर्माण गरेको गुरुयोजनाले पर्यटन, कृषि तथा पशुपन्छीपालन, लघुउद्यम, भौतिक पूर्वाधार र साँस्कृतिक सम्पदाको संरक्षणलाई एकीकृत गर्दै **समृद्ध बन्दीपुर र सुखी बन्दीपुरवासी**को परिकल्पना गरेको छ ।

हामी विगतका अनुभवबाट पाठ सिक्दै, नयाँ बीऊ रोप्न चाहन्छौं । हाम्रो नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारप्रतिको नैसर्गिक अधिकार स्थापित गरेर कार्यान्वयन गर्न चाहन्छौं ।

बन्दीपुरलाई शैक्षिक हव बनाउन चाहन्छौं । दूरदराजमा स्वास्थ्यको पहुँच पुर्‍याउन चाहन्छौं । जनतालाई रोजगार र उत्पादनसँग जोड्न चाहन्छौं । यी सब योजनाको खाका गुरुयोजनामा समेटिएका छन् । कुनै पनि कुरा टल्काउनका लागि घोट्नै पर्दछ भनेझैं बन्दीपुरको समृद्धिको लागि पहिलो आवश्यकता गुरुयोजना हो र त्यो हामीले निर्माण गरेका छौं । गुरुयोजना बनाउन सजिलो थिएन । यो सम्पन्न गर्न ठूलो चुनौती थियो, त्यो आज पूरा भएको छ । म गुरुयोजना निर्माण समितिका संयोजक, विज्ञ टोली र यसमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावलाई आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु ।

बन्दीपुर गाउँपालिकाको २० वर्षे एकीकृत विकासको गुरुयोजनाको मूल नारा **'पर्यटन, कृषि, शिक्षा, सहकारी र पूर्वाधार : समृद्ध बन्दीपुर गाउँपालिकाको मूल आधार !'** भन्ने रहेको छ । हो, हामी पखेटा लिएर जन्मिएका छौं तर त्यो पखेटालाई प्रयोग गर्न भने सक्नुपर्दछ । त्यो हामीले मेहनत गरी बनाएको गुरुयोजना सफल पारी छाड्नेछौं । यो हाम्रो सपना हो । यो पूरा गर्न हामी आफैं जाग्नुपर्दछ भन्ने हामीलाई राम्ररी थाहा छ । हामी आमजनसमुदाय, विभिन्न पेशा, व्यवसाय, कृषक, राजनीतिक कार्यकर्ता, सामाजिक संघसंस्था, बुद्धिजीवी, निर्वाचित जनप्रतिनिधि एवम् गाउँपालिकाका कर्मचारी सुशासन, विकास र समृद्धिका निम्ति एक भई गुरुयोजनाको कार्यान्वयन गरी यसले देखाएको सपना पूरा गर्नेछौं । धन्यवाद !

**पूर्णसिंह थापा**
**अध्यक्ष**
**बन्दिपुर गाउँपालिका, तनहुँ**

मिति २०७६/१२/१६

# मन्तब्य



'पर्यटन, कृषि, शिक्षा, सहकारी र पूर्वाधार, समृद्ध बन्दिपुरको मूलआधार' मूलनारा बोकेर बन्दीपुर गाउँपालिका दिगो विकास र आर्थिक समृद्धिको प्रगतिपथमा लम्किरहेको छ । ऐतिहासिक, धार्मिक साँस्कृतिक तथा पुरातात्विक सम्पदाले धनी तथा प्राकृतिक  मनोरमताले भरिपूर्ण, पहाडकी रानी उपमा पाएको बन्दीपुर तुलनात्मक रुपमा राम्रो काम गर्ने स्थानीय तहहरु मध्यको एक रहेको निसंकोच भन्न सकिन्छ ।

नेपालको संविधानले प्रदत्त गरेको अधिकारको प्रयोग गर्दै स्रोतसाधनको पहिचान तथा परिचालन गरी गाउँपालिकाको दिगो विकास र समृद्धिलाई ध्यानमा राखी संस्थागत विकास र सुशासन, आर्थिक विकास लगायतका क्षेत्रलाई समेटेर सम्पूर्ण नगरिकका समस्या र सवाललाई योजनाबद्ध तरिकाले क्रमश सम्बोधन गर्दै लैजानका निमित्त निर्माण गरिएको महायोजना हो गुरुयोजना । यो अत्यन्तै महत्वपूर्ण, बहुप्रतिक्षित तथा महत्वकाँक्षी योजना हो । यो एउटा सोच, गतिशिल दीर्घ अवधि योजना अनि प्रतिबद्ता हो । गुरुयोजना भविष्यको योजनाहरुलाई मार्ग निर्दिष्ट गर्दै गन्तव्यमा पुऱ्याउनको लागि गरिएको वैज्ञानिक अध्ययन हो । बन्दीपुरको प्राकृतिक सौन्दर्य र उर्भरा भूमिमा परिश्रमी र न्याय प्रेमी जनताको मेहनत थप समाहित हुँदा दिगो आर्थिक विकास सहितको समृद्धि हासिल हुने कुरामा दुई मत हुन सक्दैन ।

सबै नागरिकको सहभागिता, व्यवस्थित र वैज्ञानिक सर्भेक्षण प्रणाली, प्रविधिको समुचित प्रयोग, बन्दीपुरको भूगोल, संस्कृति, कृषि, पूर्वधार लगायत यावत पक्षहरुलाई समेटेर हामीले गुरुयोजना बनाएका छौं । त्यस्तै गुरुयोजना बनाउदा विषयगत र विधागत विज्ञहरुको समूहलाई समेत संलग्न गरको हुदा यो गुरुयोजना पूर्ण बनेको छ भन्ने मलाई विश्वास छ ।

अन्तमा हामीलाई यस कार्यमा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सम्पूर्ण बन्दीपुरवासी, विज्ञ, कर्मचारी, जनप्रतिनिधिहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु।

**करुणा गुरुङ**
उपाध्यक्ष
बन्दिपुर गाउँपालिका, तनहुँ
मितिः २०७६/१२/१६



## मन्तव्य

हेमराज लामिछाने (क्षितिज)
अध्यक्ष, बन्दीपुर विकास गुरूयोजना निमार्ण समिति

नेपाली आमाका हजारौँ श्रेष्ठ सन्तानको बलिदान, बेपत्ता घाइते अपाङ्गताको योगदान एवं नेपाली जनताले सात दशकदेखि निरन्तर उठाउँदै आएको आफ्नो संविधान आफैँ लेख्ने मागले सार्थकता पायो। २०७२ असोज ३ गते नेपालको संविधान घोषणा भयो। स्थानीय, प्रदेश र संघ तीनै तहको निर्वाचन सम्पन्न भएपछि मात्र संविधान लागू हुने चरणमा पुगेको छ।

संघ, सात प्रदेश र ७५३ स्थानीय तहको नयाँ संरचना निर्माण भएको छ। स्थानीय तहले नेपालको संविधान एवं संघ र प्रदेशको कानुनसँग नबाझिने गरी आफ्नै विशिष्टतामा ऐन, निमावली, निर्देशिका निर्माण गर्न, संशोधन गर्न र लागू गर्न पाउने छन्। स्थानीय तहले आफ्नो तहको समृद्धि र विकासका लागि तत्कालिन र दीर्घकालिन योजना बनाई कार्यान्वयन गर्न सक्छन्। समृद्धि र विकास सबैको चाहना हो। यद्यपि त्यो चोखो चाहनाले मात्र पूरा हुँदैन। यसका लागि योजनाबद्ध क्रियाशीलता आवश्यक पर्दछ। योजना निर्माण गर्ने तर क्रियाशील नहुने वा विना योजना क्रियाशील रहने कुराले चाहेको जस्तो समृद्धिमा पुग्न सकिँदैन। समृद्धिले निश्चित समयको माग गर्दछ। इच्छाशक्तिसहितको क्रियाशीलता, सामूहिक पहल, इमानदारिता, योजना कार्यान्वयनका आधार हुन्। तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना कार्यान्वयनका लागि बजेट, लागू गर्ने निकाय, कार्यक्रम, अनुगमन, मूल्याङ्कन र पुनः वस्तुवादी योजना निर्माण गरी सबैको उचित समायोजनामा मात्र समृद्धि हासिल गर्न सकिन्छ। बन्दीपुर गाउँपालिकाको एकीकृत विकास गुरूयोजना (२०७६-२०९६) निर्माण गर्दा हामीले विभिन्न पक्षलाई ध्यान दिएका छौं।

- बन्दीपुर गाउँपालिकाका सम्पूर्ण घरधुरीमा पुग्यौं, घरपरिवारको सर्वेक्षण गऱ्यौँ। आर्थिक, सामाजिक आधारमा वर्ग विभाजन गऱ्यौँ, सो आधारमा योजना निर्माण गऱ्यौँ।
- बन्दीपुरको आवश्यकता र सम्भाव्यताको आधारमा **"पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, सहकारी र पूर्वाधार, समृद्ध बन्दीपुर गाउँपालिका निर्माणको मूल आधार"** भन्ने मूलनारा तय गऱ्यौँ। सोहीअनुसार योजना निर्माण गऱ्यौँ।
- सामाजिक सुरक्षा, महिला, दलित, बालबालिका, बृद्धाबृद्धा, अपाङ्ग र अतिविपन्नताको आधारमा उनीहरूको संरक्षण र विकासका लागि योजना निमार्ण गऱ्यौं।
- बन्दिपुर गाउँपालिका साविक धरमपानी गा.वि.स. बन्दीपुर गा.वि.स., घाँसिकुवाका वडा नं. १ र ९, केशवटार गा.वि.स. का वडा नं १, ८ र ९ लाई मिलाएर बनेको पालिका हो। यो त्यसकारण

बन्दीपुर गाउँपालिकाको एकीकृत विकास गुरूयोजना निर्माण गर्दा ६ वटै वडाका सम्पूर्ण भूगोल र जनसंख्यालाई समेटेर निर्माण गरिएको छ ।

- बन्दीपुर गाउँपालिकाले निर्माण गर्नुपर्ने कानुन, नीति, नियमावलीका साथै आफ्नै संस्थागत संरचना विकास र सुधार गर्नुपर्ने पक्षलाई समेत समेटेर गुरूयोजना बनाइएको छ ।
- आर्थिक विकासका लागि कृषि, पर्यटन, वित्तीय परिचालन, रोजगार तथा व्यवसाय प्रवर्द्धन र उद्यमशीलतालाई जोड दिएर योजना बनाइएको छ ।
- सामाजिक विकासअन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानीलगायतको क्षेत्रमा योजना बनाइएको छ ।
- पूर्वाधार विकासमा सडकलाई प्राथमिकतामा राखिएको छ ।
- विपद व्यवस्थापन, जलवायु अनुकूल बनाउने, वन र वातावरण संरक्षण गर्ने कुरालाई महत्व दिइएको छ ।
- सामाजिक परिचालन सहकारीताको प्रवर्द्धन, सामाजिक समावेशीकरण निजी क्षेत्रसँगको साझेदारीता नागरिकसँगको सहकार्य र अनुगमन मूल्याङ्कन जस्ता विभिन्न पक्षलाई सम्बोधन गर्दै बन्दीपुर विकास गुरूयोजना निमार्ण गरिएको छ ।

यो योजना निमार्ण गर्नका लागि पालिका स्तरीय, वडास्तरीय गोष्ठी सम्पन्न भएका छन् । बन्दीपुर विकास गुरूयोजना निमार्ण समितिका सम्पूर्ण सदस्यको स्वयंमसेवकीय अथक मेहनत, संयोजनकारी भूमिका, विचार र योजनाको केन्द्रिकरणले नै यो योजना निमार्ण गर्न महत्वपूर्ण भूमिका रह्यो । बन्दीपुर गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यलगायत सम्पूर्ण जनप्रतिनिधिको सकारात्मक सोच र योजनाप्रतिको तत्परताले यो गुरूयोजना निमार्ण हुन सक्यो । पूर्व उपप्रधान तथा गृह/परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, गण्डकी प्रदेश आन्तरिक मामिला तथा कानुनमन्त्री माननीय हरिबहादुर चुमान, संघीय प्रतिनिधि सभा सदस्य माननीय कृष्णकुमार श्रेष्ठ 'किसान' प्रति आभार व्यक्त गर्दछौं । उहाँहरूको दिशानिर्देश कार्यान्वयनमा भूमिका खेल्ने प्रतिबद्धतासहितको संयुक्त गुरूयोजना निमार्णको उद्घोषले सिङ्गो बन्दीपुरलाई उत्साहित बनाएको छ ।

नेपाल कम्युनिट पार्टी (नेकपा), नेपाली काँग्रेस, जनता समाजवादी पार्टी नेपाल, रा.प्र.पा. नेपाल लगायतका राजनीतिक पार्टीको सहभागिता र सुझावप्रति धन्यवाद व्यक्त गर्दछौँ । राजनीतिक सामाजिक रूपमा बन्दीपुर गाउँपालिकाको लामो समयदेखि अगुवाका रूपमा क्रियाशील सुझाव दिनुहुने अग्रजलाई हार्दिक सम्मान व्यक्त गर्दछौँ । बन्दीपुरबाट काठमाडौँ, नारायणगढलगायत विभिन्न ठाउँमा बसोबास गर्नुहुने बन्दीपुरप्रेमी सम्पूर्ण बुद्धिजीवी समुदायलाई आभार व्यक्त गर्दछौँ । आफ्नो बुद्धिविवेकले भ्याएसम्म सुझाव दिनुहुने बन्दीपुरबासी महिला, दलित, जनजातिलगायत सबै जनसमुदायको सुझावलाई सकारात्मक रूपमा लिँदै धन्यवाद व्यक्त गर्दछौं । कर्मचारी, शिक्षक, सम्पूर्ण महानुभाव, जसले बन्दीपुर विकास गुरूयोजना वस्तुवादी र वैज्ञानिक बनोस् भनी महत्वपूर्ण सुझाव दिनुभएको छ । सबैप्रति धन्यवाद साथै एकीकृत विकास गुरूयोजना निर्माणका लागि परामर्शकताको रूपमा प्राविधिक तथा विषयगत रूपमा योगदान पुऱ्याउने ब्रोडभिजन रिसर्च सेन्टर एण्ड डाटा बैंक प्रा.लि., भिजन एण्ड सोलुसन प्रा.लि. र डेभलपमेन्ट नेटवर्क प्रा.लि. तथा विषय विज्ञलाई विशेष धन्यवाद व्यक्त गर्दछौं । •

# सङ्क्षिप्त शब्दावली (Abbreviation)

| | |
|---|---|
| गा.पा. | गाउँपालिका |
| मि. | मिटर |
| कि.मि. | किलोमिटर |
| लि. | लिटर |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| आ.व. | आर्थिक वर्ष |
| क्यु. फि. | क्युविक फिट |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| गैसस | गैरसरकारी संस्था |
| मे.ट. | मेट्रिक टन |
| सं.क्षे. | संरक्षण क्षेत्र |
| भू उपयोग | भूमि उपयोग |

| | |
|---|---|
| CBEGRA | Classroom Based Early Grade Assessment |
| CBS | Central Bureau of Statistics |
| COFOG | Classification of Functions of Government |
| MTMP | Master Transportation Management Plan |
| SDG | Sustainable Development Goal |
| CFLG | Child Friendly Local Governance |
| GESI | Gender Equity and Social Inclusion |
| NA | Not Applicable |

# विषयसूची

## परिच्छेद – एक
## परिचय


| | |
|---|---|
| १.१ बन्दीपुर गाउँपालिकाको सङ्क्षिप्त जानकारी | ३५ |
| १.२ गुरूयोजना निर्माणको सन्दर्भ | ३६ |
| १.३ गुरूयोजनाको आवश्यकता र औचित्य | ३६ |
| १.४ बन्दीपुर विकासका सवाल | ३७ |
| १.५ दिगो विकास लक्ष्य र सरकारको प्रतिबद्धता | ३८ |
| १.६ सरकारको दीर्घकालीन सोच २१०० | ३८ |
| १.६.१ पृष्ठभूमि | ३८ |
| १.६.२ दीर्घकालीन सोचको मार्गचित्र | ३८ |
| १.६.३ दीर्घकालीन सोच | ३९ |
| १.६.४ दीर्घकालीन राष्ट्रिय रणनीति | ३९ |
| १.७ गुरूयोजना निर्माणको उद्देश्य | ४० |
| १.८ गुरूयोजनाका अपेक्षित प्रतिफल | ४० |
| १.९ गुरूयोजना तर्जुमा प्रक्रिया तथा विधि | ४२ |
| १.९.१ गुरूयोजना तर्जुमा प्रक्रिया | ४२ |
| १.९.२ गुरूयोजना निर्माण विधि | ४२ |
| १.१० गुणस्तर व्यवस्थापन | ४५ |
| १.११ गुरूयोजना निर्माणका सीमा | ४५ |


## परिच्छेद– दुई
## गुरूयोजनाको आधार र रणनीतिक क्षेत्र


| | |
|---|---|
| २.१ पृष्ठभूमि | ४७ |
| २.२ गुरूयोजना तर्जुमाको आधार | ४७ |
| २.२.१ नीतिगत र कानुनी आधार | ४७ |
| २.२.२ गुरूयोजनाका सैद्धान्तिक आधार | ४८ |
| २.३ गाउँपालिका विकास रणनीति | ५० |
| २.३.१ दूरदृष्टि, ध्येय र लक्ष्य | ५० |
| २.३.२ निर्देशक सिद्धान्त | ५० |
| २.४ रणनीतिक दिशा र क्षेत्र | ५० |

२.४.१ रणनीतिक दिशा ५०
२.५. वातावरण संरक्षण र विपद् व्यवस्थापन ५५
२.६. निजी, सहकारी र सार्वजनिक साझेदारी र सामाजिक परिचालन ५६
२.७ स्रोत व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन ५६
२.७.१ वित्त व्यवस्थापन र परिचालन रणनीति ५६
२.७.२ अनुगमन मूल्याङ्कन मापदण्ड ५६

## परिच्छेद– तीन

## क्षेत्रगत रणनीति, योजना र कार्यक्रम

३.१ संस्थागत विकास, सुशासन र सार्वजनिक सेवा क्षेत्र ५७
३.१.१ कानुनी तथा नीतिगत व्यवस्था उपक्षेत्र ६०
३.१.२ पालिकाको संस्थागत संरचना विकास तथा सुधार उपक्षेत्र ६४
३.१.३ सुशासन, पारदर्शिता र जवाफदेहिता उपक्षेत्र ६५
३.२ आर्थिक विकास क्षेत्र ६८
३.२.१ कृषि, बागबानी, पशुपक्षीपालन उपक्षेत्र ७१
३.२.२ जनपर्यावरणमैत्री पर्यटन विकास उपक्षेत्र ८५
३.२.३ वित्तीय परिचालन र सहकारी विकास उपक्षेत्र ९८
३.२.४ उद्योग व्यवसाय प्रवर्द्धन र उद्यमशीलता विकास उपक्षेत्र १०५
३.३. सामाजिक विकासका लागि सार्वजनिक उत्तरदायित्व क्षेत्र ११२
३.३.१ शिक्षा उपक्षेत्र : (सबैका लागि अनिवार्य माध्यमिक शिक्षा र गुणस्तरीय शिक्षण पद्धति) ११५
३.३.२ स्वास्थ्य उपक्षेत्र : स्वस्थ शरीर दीर्घजीवन १२४
३.३.३ खानेपानी, सरसफाइ र स्वच्छता उपक्षेत्र १३१
३.३.४ युवा, खेलकुद र संस्कृति उपक्षेत्र १३५
३.४ मापदण्डयुक्त भौतिक पूर्वाधार विकास र बस्ती व्यवस्थापन क्षेत्र १४१
३.४.१ मापदण्डयुक्त सडक, पुल आदिको निर्माण र विस्तार उपक्षेत्र १४१
३.४.२ आर्थिक विकासका लागि भौतिक पूर्वाधार विकास उपक्षेत्र १४४
३.४.३ सूचना तथा सञ्चार उपक्षेत्र १४५
३.४.४ बस्ती विकास र आवास व्यवस्थापन उपक्षेत्र १४८
३.५ वातावरण संरक्षण र विपद् व्यवस्थापन क्षेत्र १५०
३.५.१ वन तथा वातावरण संरक्षण र संवर्द्धन उपक्षेत्र १५३
३.५.२ विपद् व्यवस्थापन उपक्षेत्र १५७
३.६ प्राकृतिक स्रोत सम्पदाको संरक्षण र भू-उपयोग क्षेत्र १६२
३.६.१ बस्ती व्यवस्थापन, कृषि र वनका लागि भू-उपयोग उपक्षेत्र १६२
३.६.२ गयल भूमिपतिको जमिन व्यवस्थापन र भूमि बैङ्क उपक्षेत्र १६८
३.७ निजी, सहकारी एवम् सार्वजनिक साझेदारी र सामाजिक परिचालन क्षेत्र १७०
३.७.१ निजी क्षेत्रसँगको साझेदारी उपक्षेत्र १७१

३.७.२ सहकारी प्रवर्द्धनका लागि सामाजिक परिचालन उपक्षेत्र १७३
३.७.३ कृषक सशक्तीकरण र प्रविधि हस्तान्तरण उपक्षेत्र १८२
३.८ सामाजिक सुरक्षा र संरक्षण क्षेत्र १८७
३.८.१ लैङ्गिक संवेदनशील योजना निर्माण र सार्वजनिक परीक्षण १९१
३.८.२ लैङ्गिकमैत्री सार्वजनिक सेवाको प्रवाह लैङ्गिकमैत्री १९१
३.८.३ जातीय भेदभाव मुक्त क्षेत्रको घोषणा १९२
३.८.४ हिंसा प्रभावित महिला र बेसहारा बालबालिकासँग उपाध्यक्ष अभियान १९३
३.८.५ बालमैत्री वातावरण निर्माण १९३
३.८.६ अपाङ्गमैत्री वातावरण निर्माण १९३
३.८.७ ज्येष्ठ नागरिकको हेरचाह, स्याहार सुसार र सम्मान १९४

## परिच्छेद - चार
## स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

४.१ औचित्य १९९
४.२ स्रोत व्यवस्थापन १९९
४.३ अनुगमन तथा मूल्याङ्कन १९९
४.३.१ परिचय १९९
४.३.२ अनुगमन मूल्याङ्कनको संस्थागत संरचना, लक्ष्य र उद्देश्य २००
४.३.३ अनुगमन मूल्याङ्कनका विधि तथा अध्ययन गर्नुपर्ने विषय २०१
४.३.४ अनुगमन मूल्याङ्कन नतिजा विश्लेषण खाका तथा अध्ययन गर्नुपर्ने विषय २०३
४.३.५ अनुगमन प्रतिवेदन तयारी तथा विषय सूची २०३
४.३.६ सूचक एवम् तथ्याङ्क मानक २०४

*सन्दर्भ सामग्री*

१. नेपाली भाषाको सन्दर्भ सामग्री २०५
2. English References २०५

## अनुसूची खण्ड

अनुसूची १ : घरधुरीको वर्गीकरण गर्ने विधि २०६
अनुसूची २ : विद्यालय सुधार कार्यक्रम सूची २०८
अनुसूची ३ : योजना निर्माणमा सहभागी २०९
अनुसूची ४ : स्रोत नक्साहरू २११
अनुसूच ५ : गाउँपालिकाका पदाधिकारी २२०

# कार्यकारी सारांश
# तथा
# आगामी दुई वर्षभित्र सम्पन्न गरिने मुख्य कार्यक्रम

नेपालको संविधान २०७२ ले सङ्घीयताको गुह्य अवधारणाका रूपमा रहेको सन्निकटताको सिद्धान्त अनुरूप स्थानीय तहलाई एकल र साझा अधिकारको व्यवस्था गरी राज्य सेवामा विविधिकरण गरिएको छ । संघ, प्रदेश र स्थानीय तहका ऐन, नीति, कार्यविधि र योजनाहरूले तीनवटै तहका सरकारको विचमा समन्वय, सहकार्य र साझा अधिकारको कार्यान्वयन विधिहरूको बारेमा स्पष्ट गर्दै स्थानीय शासन पद्धतीलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न अधिकार तथा कर्तव्यहरूको व्यवस्था गरिएको छ । तीनवटा तहहरूको बिच हुने सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्ने र स्थानीय तहबाट प्रवाह हुने सेवाको गुणस्तरीयता, पारदर्शिता, उत्तरदायित्व र जनसहभागिता सुनिश्चित गर्नु रहेको छ । सङ्घीय शासनको अभ्यासले राज्यका सेवाहरूलाई सेवाग्राहीको नजिक भएर शीघ्रसेवा प्रदान गर्ने, आवश्यकता र औचित्य पुष्टिगर्दै चुस्त र दुरूस्त सेवा प्रदान गर्ने वातावरण तयार गर्दछ ।

स्थानीय शासन संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ अन्तर्गत गाउँ तथा नगरको आवधिक तथा गुरूयोजना निर्माण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने र दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने गरी एकीकृत विकास गुरूयोजना तयार गर्न निर्देशन गरेको छ । गुरूयोजना तथा आवधिक योजना निर्माण गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिन सुझाव दिएको छ । गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्रमाणिकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्न, संयूक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने गरी योजना निर्माण गर्न प्रेरित गरेको छ ।

राष्ट्रिय विकासको सैद्धान्तिक आधारको रूपमा समाजवाद उन्मुख आर्थिक विकासलाई आमनागरिकको लगानी र उत्पादनको उपभोग तथा

वितरणमा सामाजिक न्यायको सिद्धान्तलाई अवलम्बन गर्नुका साथै वातावरणमैत्री दिगो विकासलाई आधार मानिएको छ । गुरूयोजनाका अर्न्तनिहित सार वस्तु स्वरूप दिगो र एकीकृत  विकास, न्यायपूर्ण र समानतामा आधारित विकासको प्रतिफल वितरण, निजी-सहकारी र सार्वजनिक साझेदारिता, पूर्वाधारमा लगानी, सामाजिक सुरक्षा र आर्थिक विकासका लागि सार्वजनिक, निजी र सहकारी साझेदारी विकास पहललाई अवधारणाका रूपमा तोकिएको छ । राष्ट्रिय पुँजी निर्माण गर्न आन्तरिक पुँजीको बृद्धि र बाह्य पुँजी लगानीको लागि आवश्यक पूर्वाधार तयार गरी संयुक्त लगानीका अवसरले राष्ट्रको आर्थिक बृद्धि हुने सोच केन्द्रिय सरकारको छ । यसरी हुने आर्थिक समृद्धिसंगै राष्ट्रले सामाजिक सुरक्षा बहनको क्षेत्र व्यापक बनाउने र त्यसका आधारमा बिपन्न, गरिब, असहाय, बृद्ध, बालबालिका, पछाडि पारिएको वर्ग, क्षेत्र र  लिङ्ग, लोपुन्मुख जातजाती आदिमा राज्यले सामाजिक सुरक्षा सुविधामा बृद्धि गर्ने सोच राखेको छ । राज्यले उद्यमीहरूलाई लगानीको अवसर सिर्जना गर्ने, वित्तीय स्रोत जुटाइदिने र सबै प्रकारका सेवा, उत्पादन र व्यापार क्षेत्र परिचालन गरी सामाजिक रूपान्तरण गर्न खोजिएको छ ।

सुशासनको मुख्य तत्वहरू भित्र जनउत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समावेशीकरण, सहज र शीघ्र सार्वजनिक सेवा प्रवाह पर्दछन् । हरेक स्थानीय सरकारले सुशासनका यी विषयहरूलाई आफ्ना काम कार्वाही र सेवाप्रवाहमा अवलम्बन गर्ने र त्यसको उपयुक्त अनुगमनको व्यवस्था गरिनु पर्दछ । हरेक स्थानीय सरकारले सुशासनका तत्वहरूलाई काम कार्वाही, योजना र सेवाप्रवाहमा अवलम्बन गर्न त्यसको उपयुक्त अनुगमनको सूचांक तयार पारी लागु गर्ने गरी तयार गरिएको छ ।

## गुरूयोजना तर्जुमा विधि तथा प्रक्रिया

योजना बनाउने विभिन्न विधिमध्ये सहभागीमुलक छलफल र तथ्याकंहरूको लेखाजोखा गरी बन्दीपुर विकासको गुरूयोजना तर्जुमा गरिएको हो । गुरूयोजना निर्माणका क्रममा सरोकारवालासँग विविध चरणमा छलफल तथा परामर्श गरी योजनालाई पूर्णता दिने प्रयास गरिएको छ ।

निर्वाचित जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सचेत नागरिक, विषयगत रूपमा जानकार र अनुभवी व्यक्तित्व, कर्मचारी, शिक्षक, व्यवसायी, कृषक आदिसँग विभिन्न चरणमा छलफल, अन्तर्क्रिया र सुझाव सङ्कलनको कार्य गरिएको थियो । उनीहरूका धारणा, अपेक्षा र सुझावलाई ध्यानमा राखेर योजनामा समावेश गरिएको छ ।

नेपालको संविधानको धारा ५० मा उल्लेख गरिए अनुसार, "राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध स्रोत साधनको दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने" अवधारणालाई गुरूयोजनामा विशेष संवेदनशिलताका साथ मनन् गरिएको छ । योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिइएको छ ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
- स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,

योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्रमाणिकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्न योजना समेत तयार गरिएको छ ।

## आगामी दुई वर्षभित्र सम्पन्न गरिने मुख्य कार्यक्रम

बन्दीपुर गाउँपालिकाले आ.व. २०७६/२०७७ देखि लागू गर्ने गरी यस गाउँपालिकाको समग्र विकासको विस वर्षे एकीकृत विकास गुरूयोजना तयार पारिएको हो । यस गुरूयोजना अन्तर्गत रहेका समग्र कार्यक्रम तथा आयोजनाहरू विस्तृत रूपमा योजनाका विभिन्न खण्डमा राखिएको छ भने ती मध्ये पनि विशेष कार्यक्रम तथा आयोजनाहरू आगामि दुई वर्ष (आ.व. २०७८/२०८९) सम्ममा सम्पन्न गरिने विषयगत तथा क्षेत्रगत रूपमा निम्न अनुसार रहेका छन् ।

### १ संस्थागत विकास, सुशासन र सार्वजनिक सेवा

१.१ स्थानीय सरकारको अधिकार तथा विषयगत क्षेत्रको सबै ऐन तथा नीति तर्जुमा गरिने छ ।

१.२ वडा नं १, २ र ३ मा वडा कार्यालय भवन निर्माण गरिने छ र वडा नं. ४, ५ र ६ को भवनको स्तरोन्नति गरिनेछ ।

१.३ सबै वडामा गरी जम्मा १२ वटा विषयगत सेवा केन्द्र निर्माण गरिने छ ।

१.४ सबै वडा कार्यालयमा चार्टर बोर्ड, योजना सूची, हटलाइन नम्बरसहितको होर्डिङ बोर्ड राखिने छ ।

### २. आर्थिक विकास क्षेत्र

*२.१ कृषि, बागबानी, पशुपंक्षीपालन उपक्षेत्र*

- तरकारी खेतीको विमा कार्याक्रम लागू गरिने छ ।
- एक वडा एक फलफूल तथा तरकारी खेती कार्यक्रम लागू गरिने छ ।
- गाई, बाखा, कुखुरा, मत्स्य र मौरीपालन पकेट क्षेत्र विस्तार गरिने छ ।
- चिलिङ केन्द्रको स्थापना २ देखि ५ वर्ष भित्रमा सम्पन्न गरिने छ ।
- वडा स्तरीय दुग्ध सङ्कलन केन्द्र स्थापना गरिने छ ।
- पालिका स्तरीय दुध प्रशोधन केन्द्र निर्माण गरिने छ ।
- गा.पा. स्तरीय कोल्डस्टोर स्थापना गरिने छ ।
- कृषि उत्पादन सङ्कलन केन्द्र तथा कृषि उत्पादन बजार विस्तारको भौतिक व्यवस्थापन गरिने छ ।
- जमिनको चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिई निजी, सहकारी, सार्वजनिक अवधारणामा कृषि फर्महरू संचालन गरिने छन् ।
- सहकारीमा आवद्ध भएका दुध उत्पादक कृषकहरूको लागि उत्पादनमा आधारित प्रति लिटरमा अनुदान कार्यक्रम लागू गरिने छ ।

*२.२ जनपर्यावरण मैत्री पर्यटन विकास उपक्षेत्र*

- तामुङ, मुकुन्देश्वरी र रामकोटमा चरा अवलोकन क्षेत्र विकास गरिने छ ।
- पैदलयात्रा र साइकल मार्गका ३ वटा सर्किट निर्माण गरिनेछ ।
- बन्दीपुर, मुकुन्देश्वरी हुँदै रामकोटसम्म
- बन्दीपुरदेखि रानीवन, बाहुन भञ्ज्याङ हुँदै छिम्केश्वरीसम्म ।

- विमलनगरदेखि सिद्धगुफा, बन्दीपुर, रामकोट हुँदै छाप्दीसम्म ।
- जनजाति साँस्कृतिक म्युजियम (चुनपहरा र बन्दीपुर) मा निर्माण गरिने छ ।
- साहसीखेलको व्यवस्थापन तथा प्रबर्धन (प्याराग्लाइडिङ, रकक्लाइम्बिङ र बन्जीजम्प) संचालन गरिनेछ ।
- टुँडिखेल सिसाको भ्यू प्वाइन्ट निर्माण गरिनेछ ।
- बन्दीपुर (हेरिटेज साइट) पुरातात्विक संरक्षण गरिने छ ।
- मुकुन्देश्वरी, थानीमाई, खड्गदेवी लगायतका पुरातात्विक एवम् साँस्कृतिक क्षेत्रको संरक्षण गरिनेछ ।
- गुम्बा, रानीवन, तीनधारा, पहाडपानी, मन्दिरको संरक्षण गरिनेछ ।
- जनप्रतिनिधि पार्क निर्माण गरिने छ ।
- बन्दीपुर १ राइनसडाँडादेखि छाप प्यूघरसम्म जीपलाइन निर्माण गरिने छ ।
- विभिन्न दह (रह)हरू व्यवस्थापन, निर्माण तथा संरक्षण गरिने छ ।
- रामकोट भ्यूपोइट तयार गरिने छ ।
- रक गार्डेन पार्क निर्माण गरिने छ ।
- बन्दीपुर मणि मुकुन्देश्वरी पर्खाल (मिनी ग्रेटवाल) निर्माण गरिने छ ।

*२.३ वित्तीय परिचालन र सहकारी विकास उपक्षेत्र*

- पालिकाका ५० प्रतिशत घरधुरीलाई सहकारी सदस्यमा आबद्ध गरिने छ ।
- सहकारीको व्यावसायिक योजना निर्माण र अध्यावधि गरिने छ ।
- सहकारी दर्ता र परिचालन ऐन निर्माण गरिने छ ।
- सहकारी र समूहको प्रगतिका आधारमा अनुदान दिने व्यवस्था लागू गरिने छ ।

*२.४ उद्योग व्यवसाय प्रवर्द्धन र उद्यमशील विकास उपक्षेत्र*

- उद्योगग्राम निर्माण गरिने र लघुउद्योगको सम्भाव्यता अध्ययन गरिने छ ।
- पर्यटन व्यवसायसँग सम्बन्धित लघु उद्यम कार्याक्रम तयार पारिने छ ।
- कृषि उत्पादनको प्रोसेसिङ, प्याकिङ र ग्रेडिङलाई सहयोग गर्ने लघु उद्योग सञ्चालन गरिने छ ।
- लघुउद्यम व्यवसायी समूह गठन गरिने छ ।
- गोदामको पूर्वाधार विकास शुरू गरिने छ ।
- उद्यम, उद्योग र व्यापारको बिमा प्रारम्भ गरिने छ ।
- असल र ठूला करदाताको सम्मान कार्यक्रम गरिने छ ।

**३. सामाजिक विकासका क्षेत्र**

*३.१ शिक्षा उपक्षेत्र*

- मा.वि. स्तरमा महिलामैत्री शौचालय र इन्सिलेटरको व्यवस्था गरिने छ ।
- मा.वि. तहका विद्यालयमा छात्रावास निर्माण गरिने छ ।
- विपन्न र जेहेनदार विद्यार्थीको लागि छात्रवृत्तिको व्यवस्था लागू गरिने छ ।
- दिवाखाजाको व्यवस्था गरिने छ ।
- मा.वि. तहसम्म पढाई हुने विद्यालयमा स्कूल बस संचालन गरिने छ । क्याम्पसको लागि भौतिक पूर्वाधार विकास गरिने छ ।
- धुलो रहित संरचना निर्माण गरिने र कक्षाकोठामा कार्पेटिङ गरिने छ ।

- विद्यालयमा बालउद्यान निर्माण गरिने छ ।
- सबै विद्यालयहरूलाई बालमैत्री र वातावरणमैत्री बनाइनेछ भने नमूना विद्यालय कार्यक्रममा समावेश गरिने छ ।
- विद्यालय र शिक्षकहरूलाई कार्यप्रगति मूल्यांकनका आधारमा पुरस्कार र नसिहतको व्यवस्था लागू गरिनेछ ।
- हरेक विद्यार्थीको अभिलेख राख्ने व्यवस्था गरिनेछ ।
- बन्दीपुर वडा नं. ६ स्थित अरूण माविको स्तरोन्नति गरिनेछ ।

*३.२ स्वास्थ्य उपक्षेत्र*

- वडास्वास्थ्य संस्थाको नयाँ भवन निर्माण गरिने छ ।
- सबै स्वास्थ्य संस्थामा गर्भवतीको जाँच सेवा उपलब्ध गराइने छ ।
- सुनौला हजार दिन कार्यक्रमको प्रभावकारी रूपमा लागू गरिने छ ।
- बालबालिकालाई पूर्ण खोप सेवा प्रदान गरिने छ र पूर्णखोप वडा घोषणा गरिने छ ।
- बन्दीपुर अस्पताललाई ५० शैयाको क्षमतामा स्तरोन्नति गरिनेछ ।
- सेवा केन्द्रमा सुत्केरी हुने महिलाका लागि अनुदान कार्यक्रम लागू गरिने छ ।
- जोखिमपूर्ण प्रसूति व्यथा लागेकाका लागि रिफरल अनुदान कार्यक्रम लागू गरिने छ ।
- विपन्न स्वास्थ्य विमा कार्यक्रम निरन्तर गरिने छ ।
- बन्दीपुर गाउँपालिकाद्धारा एम्बुलेन्स सेवा संचालन गरिनेछ ।
- धरमपानी चौकीमा एक्सरे र ल्याव सेवा संचालन गरिनेछ ।

*३.३ खानेपानी, सरसफाई तथा स्वच्छता उपक्षेत्र*

- ठूला खानेपानी आयोजना डीपीआर तयार पारिने छ ।
- मध्यम स्तरका खानेपानी आयोजना सञ्चालनमा ल्याइने छ ।
- बन्दीपुर, डुम्रे र अन्य वडा कार्यालय क्षेत्रमा आवश्यकता अनुसार सार्वजनिक शौचालय निर्माण गरिने छ ।
- बन्दीपुर र डुम्रे मुख्य बजारमा ढलको व्यवस्था गरिने छ ।
- ल्यान्डफिल्ड साइटको स्थायी व्यवस्था गरिने छ ।
- मा.वि. स्कूल तथा कलेजमा निःशुल्क सेनिटरी प्याड वितरण गरिने छ ।

*३.४ युवा, खेलकुद र संस्कृति उपक्षेत्र*

- वडा नं. २ र ४ को सिमाना पर्ने रानीचउर स्थित भूमर्सेमा पालिका स्तरको कभर्डहलसहितको खेलमैदान निर्माण गरिने छ ।
- ६ वटै वडामा रहेका खेलमैदानलाई क्रमशः स्तारोन्नति गरिने छ ।

**४. मापदण्डयुक्त भौतिक पूर्वाधार विकास र बस्ती व्यवस्थापन क्षेत्र**

*४.१ विशेष गौरवका सडक आयोजनाहरू*

- डुम्रे बन्दीपुर सडक दुईलेन निर्माण, कालोपत्रे, हरियाली पैदलमार्ग निर्माण गरिने छ ।
- छाप रिङरोड (शिखरडाँडा प्यूघर) दुईलेनको निर्माण गरिने छ ।
- सबै वडा कार्यालय भवनसम्म पुग्ने सडकहरू कालोपत्रे गरिने छ ।
- तलका सडकको सूचीबाट दुईवर्षमा सम्पन्न गरिने सडक वार्षिक नीति तथा कार्यक्रममार्फत

छनौट गरी कार्यान्वयन गरिने छ ।

**(क) स्तर "क" अन्तर्गत ३० मिटर चौडाई र लेन निर्माण गरिने शहीद बुद्धसिं मार्ग (बन्दीपुर, पार्चे, ढाँडखोला) ढाँडखोला-घुमाउने सडक खण्ड**

**(ख) स्तर "ख" अन्तर्गत १६ मिटर चौडाई र २ लेन निर्माण हुने गरिनेछ ।**

१. बन्दीपुर बाहिरी चक्रपथ - बेलभञ्ज्याङ, सुखौरा, ढाँडखोला, साराङघाट, धरमपानी, बाहुन भञ्ज्याङ र याम्पा

२. वडा नं. १ र ३ जोड्ने : बेलभञ्ज्याङ, तामुङ, रामकोट, शेराटार, सुखौरा

३. बन्दीपुरबाट बाहुँ भञ्ज्याङ हुँदै धरमपानी सडक ।

४. शेराटार, सुकौरा, धरमपानी सडक ।

**(ग) स्तर "ग" अन्तर्गत १० मिटर चौडाई र लेन निर्माण हुने सडक ।**

### वडा नं. १

१. जनता मोटरमार्ग - नाहाला उपल्लो फाँट हुँदै तामुङ (वडा नं १)

२. गुरूङटार खेलमैदान, उपल्लो फाँट, नाहाला, भुँडाटार, रिमाली

३. रिमाली हुँदै डम्पिङसाइट जाने बाटो

### वडा नं. २

१. धारापानी - सिमलटार, कुकुर्दी-सुखौरा मार्ग

२. सिन्दुरेआँप, खहरे वरटार, शेराटार, सुखौरा मार्ग

३. बन्दीपुर मुच्चुक रामकोट मार्ग

४. बाख्राफर्म - कौसैनीछाप

### वडा नं ३

१. बन्दीपुर, खहरे, बट्टार, शेराटार, सुखौरा,

२. छिर्कने, गहते डाँडा, तामुङ

३. रातमाटे, कोलपाटा, आँप कटहरे, बगुवा, केशवटार ४

### वडा नं ४

१. बोकेखोला, लोही, कामीगाउँ, कालीखोला हुँदै वडा नं ५ जोड्ने ।

२. बन्दीपुर - झप्री - जुमडाँडा - चिसापानी

३. विमलनगर, ढाप्रे, फेदीचौतारा, खहरे हुँदै गुरूङटार

४. विमलनगरदेखि उदय आश्रम चुँदी दोभान

५. पिप्ले - जुमडाँडा हुँदै भुमरसे

### वडा नं. ५

१. शहीद दिपेश मार्ग (याम्पा थुम्का बाहुन भञ्ज्याङ

२. सहकारी मार्ग याम्पा

३. डेलडाँडा, फलाम डाँडा, लेम्टे तमुङखोला

४. गेहोरे चापपानी वाचेगाउँ मार्ग

### वडा नं. ६

१. छैन ।

४ स्तर "घ" अन्तर्गत ८ मिटर चौडाई र लेन निर्माण हुने जम्मा १६ कि.मि. लामो सडक (वडा नं १)

१. बाख्राफार्म छाप हुँदै ठकुरी डाँडा तामुङ जोड्ने

२. शहीदपार्क चिसापानी हुँदै डुम्रे जोड्ने

३. बेलभञ्ज्याङ तल्लोटार हुँदै उपल्लो फाँट

४. नयाँबस्ती सुर्केटार भैँसी गोठ हुँदै बेलभञ्ज्याङ

५. चेपाङ मार्ग (शिखरडाँडा, भेन्टाबारी, आहाले, बाँझोगरा, बढीसरा हुँदै तिरतिरे)

### वडा नं. २

१. थारूवास, सिलटार खहरे मार्ग

२. थारूवास, धनबाँसे, झप्री मार्ग

३. पार्चे कामीडाँडा कुवादी मार्ग

४. पार्चे मोहरिया ढड्यान कुकुर्दी सुखौरा मार्ग

५. वरथुम्की, कुमलटारी कुसुमपानी मार्ग

६. थाम्केडाँडा, कुकुर्दी, रामथुम्की, कुसुमपानी, बेलचौतारा

७. पौवा, मन चौतारा धारापानी मार्ग

८. गोलडाँडा, कामीडाँडा, सिद्धथान मार्ग

९. गोलडाँडा, सिमलटार मार्ग ३

### वडा नं. ३

१. आरूथुम्का, बेलकुना, फारम, खरडाँडा, छबिसे, कलमुडा

२. अन्य भित्री बाटा ४

### वडा नं. ४

१. बन्दीपुर खानेपानी - प्रहरी चौकी

२. टुँडिखेल लुङ्गेली

३. टुँडिखेल, बरालथोक, सुल्थोक, गुम्बा तीनधारा

४. टुँडिखेलदेखि सतनले

### वडा नं. ५

१. फलाम डाँडा सालथान, भदौरे

२. झारगाउँ, भँगेरी खोला मार्ग

३. झारगाउँ रिपानी मार्ग

४. शहीद मार्ग (गोहोरे, कल्चोक, बाचे गाउँ)

५. रैकरे, फेदीखोला मार्ग

६. बराह फाँट मार्ग

७. कुमलटारी, बगालेडाँडा थुम्का मार्ग

८. सानो आँधी थुम्का, सातदोबाटे

९. खानी गाउँ ढाँडगाउँ, फलामेडाँडा

### वडा नं ६

१. बाक्से - हटिया - माझथर - हुस्लाङ

५. स्तर "ङ." अन्तर्गत ६ मिटर चौडाई हुने जम्मा ३६ कि.मि. लामा सडक :

### वडा न. ४

१. नयाँपुल पातलेद्वार

२. विमलनगर मरनघाट

३. चुनेडाँडा बिरूवा खहरे हुँदै शिखरडाँडा, पानी ट्याङ्की

### वडा नं. ६

१. घमलछाप - ज्यामिरे स्वाँरा साम्दी

२. चिसापानी डाँडा - लखनबारी

३. ज्यामिरे - साम्दी

४. डाँडाछाप - आँगटारी

५. काफल स्वाँरा - ओख्ले - कल्लेरी

## ४.२ आर्थिक विकासका लागि भौतिक पूर्वाधार विकास उपक्षेत्र

### *४.३ सूचना तथा सञ्चार उपक्षेत्र*

१. सबै वडा कार्यालय तथा सेवा केन्द्रमा उच्च गतिका इन्टरनेट सेवा सञ्चालन गरिनेछ ।

२. कार्यालय, सेवा केन्द्र र अस्पतालमा सिसि क्यामरा/मोनिटरको व्यवस्था गरिनेछ ।

३. हरेक मा.वि.मा इन्टरनेट सेवा प्रदान गरिने छ ।

४. वैदेशिक रोजगार जानुपूर्वको सूचना केन्द्र स्थापना गरिने छ ।

५. युवा तथा रोजगार सूचना केन्द्र स्थापना गरिने छ ।

### *४.४ बस्ती विकास तथा आवास व्यवस्थापन*

- वडा नं. १ लाई नयाँसहर विकासमा केन्द्रित गर्ने र वडा नं. २, ३, ४, ५ र ६ का केही बस्ती समेटेर व्यवस्थित बस्ती विकासका योजना सञ्चालन तयार पार्ने ।

## ५. वातावरण संरक्षण र विपद् व्यवस्थापन क्षेत्र

*५.१ वन तथा वातावरण संरक्षण र संवर्द्धन उपक्षेत्र*

- बन्दीपुर गाउँपालिका भित्र भएका जैविक विविधताको अभिलेखन तयार पारिने छ ।
- चरा, वन्यजन्तु र लालीगुराँस संरक्षित क्षेत्र प्रवर्द्धन गरिने छ ।
- वन पैदावरमा आधारित लघु उद्योग विकास कार्यक्रम लागू गरिने छ ।

*५.२ विपद् व्यवस्थापन उपक्षेत्र*

- विपद् पूर्वतयारी सूचना केन्द्र स्थापना गरिने छ ।
- विपद् व्यावस्थापन समिति गठन र परिचालन गरिने छ ।
- आपत्कालीन सामाग्री भण्डार स्थापन गरिने छ ।

## ६. प्राकृतिक स्रोत सम्पदाको संरक्षण र भू-उपयोग क्षेत्र

*६.१ बस्ती व्यवस्थापन, कृषि र वनका लागि भू-उपयोग नीति उपक्षेत्र*

- पहिलो पाँच वर्षमा उत्पादन गरिने १२ उत्पादन (विधाको किटान गर्न टोल विकास संस्थासँग छलफल र कार्य योजना निर्माण) क्षेत्र पहिचान गरिने छ ।
- एक वडामा कम्तीमा दुई स्थानमा एकै उत्पादनमा काम गर्ने घरधुरी र जग्गाको एकीकरण प्रस्ताव तयार पारिने छ र एकीकरण गरिएको जग्गामा भौतिक पूर्वाधार विकास (बाटो, पानी, सङ्कलन स्थल र सेवा उपकेन्द्र स्थल आदि) तयार पारिने छ ।

*६.२ गयल भूमिपतिको जमिन व्यवस्थापन र भूमि बैङ्कको सिर्जना*

- जमिनमा गैरहाजिर घरधुरीसँग १० वर्षे कुत निर्धारण गरी भूमिलाई उत्पादनमूलक कार्यमा लगाइने छ ।
- एकीकरण गरिएको जग्गामा भौतिक पूर्वाधार विकास (बाटो, पानी, ढल, बजार स्थल र पार्क आदि) व्यवस्था गरिने छ ।
- **निजी, सहकारी र सार्वजनिक साझेदारी र सामाजिक परिचालन क्षेत्र**
- पर्यटन करिडोर निर्माणका लागि जग्गा अधिग्रहण र भौतिक संरचना निर्माण गरिने छ ।
- सांस्कृतिक तथा पुरातात्विक महत्वका स्थानको संरक्षण, पुनर्निर्माण र स्तरोन्नति कार्यमा सहकार्य नीति ल्याइने छ ।

## ८. सामाजिक सुरक्षा र संरक्षण क्षेत्र

- राजनीतिमा महिलाको सहभागिता अभिवृद्धि गर्न गतिविधि सञ्चालन गरिने छ ।
- हिंसा पीडित महिलाको सुरक्षा बास सेवा केन्द्र सञ्चालन गरिने छ ।
- जातीय छुवाछूत मुक्त बस्तीको घोषणा अभियान गरिने छ ।
- अन्तर्जातीय विवाह गर्नेलाई सम्मान गरिने छ ।
- ज्येष्ठ नागरिक दिवा स्याहार केन्द्र सञ्चालन गरिने छ ।
- अतिविपन्न परिवारको निशुल्क विमा कार्यक्रम लागू गरिने छ ।

# वडागत प्रस्तावित आयोजना तथा कार्यक्रमको प्रतिफल नक्सामा

## वडा नं. १




BANDIPUR WARD NUMBER: 02
N
E
S
W
1:9,000
0
0.5
1
2 Kilometers


BANDIPUR WARD NUMBER 03
N
E
S
W
Cycling
Bird Watching Point
Ward No. 3 Office
1:12,500
0
0.5
1
2
3
4
Kilometers



Bandipur Ward Number : 04
1:8,500
1:3,000
Kilometers



BANDIPUR: WARD NO-05
1:8,500
Kilometers
Intake
Canal
Forebay
Penstock
Powerhouse


BANDIPUR WARD NO: 6
N
E
S
W
1:10,000
Kilometers
0
0.5
1
2
3
4

परिच्छेद : एक

# परिचय

## १.१ बन्दीपुरको सङ्क्षिप्त जानकारी

पहाडकी रानीको उपनाम पाएको बन्दीपुर गाउँपालिका, प्राकृतिक सुन्दरता, भू-बनोट र यहाँको मौलिक सांस्कृतिक विशेषताले जो कोहीलाई लोभ्याउने गर्दछ । वि. सं. २०२५ साल मङ्सिर १ गते सदरमुकाम दमौलीमा स्थानान्तरण हुनुअघि बन्दीपुर तनहुँ जिल्लाको सदरमुकाम थियो । बन्दीपुरबाट अवलोकन गर्न सकिने मनोरम हिमशृङ्खला धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण, लमजुङ हिमाल, हिमचुली, मनास्लु, बुद्ध हिमाल, गणेश हिमाल, लाङ्टाङ लगायतका हिमाल रहेका छन् । बन्दीपुरबाट वरपरका हरिया पहाड, बैंसी र तरेली, खौंच र नागबेली परेका नदीका साथै सुन्दर फाँटको मनोरम दृश्यावलोकन गर्न सकिने हुँदा ग्रामीण पर्यटनको उत्कृष्ट गन्तव्यका रूपमा विकास हुँदै गएको छ ।

समुद्र सतहबाट १०३० मि. उचाईमा रहेको बन्दीपुरका मुख्य आकर्षणमा मगर, गुरूङ र नेवार समुदायको कला, संस्कृति, प्यागोडा शैलीका मठमन्दिर, प्राचीन कलात्मक घर, ढुङ्गा बिछ्याइएका बाटा, १८औँ शताब्दीमा निर्मित खड्गदेवी, विन्ध्यवासिनी, चामुण्डाथान, थानीमाई, महालक्ष्मी र नारायण मन्दिर, पारपानी महादेव, तीनधारा महादेव, मुकुन्देश्वरी लगायत मन्दिरले यहाँको संस्कृतिलाई समुन्नत बनाएका छन् । यहाँ अवस्थित टुँडिखेल, रानीवन, शहीद पार्क आदिले यस स्थानको थप आकर्षण बढाएका छन् ।

तनहुँ जिल्लामा अवस्थित डुम्रेबजार हुँदै पृथ्वी राजमार्गको दक्षिणी भागमा फैलिएको यो गाउँपालिका ६ वटा वडामा बाँडिएको छ । बन्दीपुरको कुल क्षेत्रफल १०२ वर्ग कि.मि. छ । २०६८ सालको जनगणना अनुसार यहाँ जम्मा ४१९८ घरधुरी थिए भने कुल जनसङ्ख्या २०,०१३ रहेको थियो । वि. सं. २०७६ सालमा गाउँपालिकाले गरेको घरधुरी सर्वेक्षण अनुसार बन्दीपुर गा.पा.को जम्मा घरधुरी सङ्ख्या ४,७६२ रहेको छ । यस सर्वेक्षणले देखाए अनुसार गाउँपालिकाको कुल जनसङ्ख्या २२,१७१ रहेको छ ।

आधुनिक सडक यातायातको सुविधा नहुँदाको अवस्थामा पनि पश्चिम पहाडको मुख्य व्यापारिक नाकाका रूपमा बन्दीपुर स्थापित थियो । बन्दीपुरबाट उत्तरतर्फ तनहुँका विभिन्न भेग, कास्की, लमजुङ, गोरखा र मनाङ जिल्ला पर्दछन् । बन्दीपुर हुँदै तिब्बतसम्म र उत्तरका सामान नारायणगढ, ठोरी हुँदै भारतसम्म लाने ल्याउने नाकाका रूपमा यो ठाउँ प्रख्यात थियो । यो गाउँपालिकाले पर्यटन, कृषि एवम् पशुपालन र व्यापारको क्षेत्रमा ठूलो सम्भावना बोकेको

छ । बहुसङ्ख्यक बासिन्दा कृषि पेसामा संलग्न रहेका छन् । यो गाउँपालिका वातावरणीय रूपमा स्वच्छ र हराभरा जङ्गलले भरिपूर्ण छ । बन्दीपुरबाट दुई घण्टा हिँडेर पातलीद्वार वा स्वर्गद्वारी गुफा पुग्न सकिन्छ । यहाँको सिद्धगुफा नेपालको मात्र नभई एसियाकै ठूलो गुफाका रूपमा रहेको दाबी गरिएको छ । बन्दीपुर वरिपरिका डाँडाकाँडा हाइकिङ र प्याराग्लाइडिङका दृष्टिले उपयुक्त मानिन्छन् ।

स्थानीय निर्वाचनबाट चुनिएका जनप्रतिनिधिको चाहना गाउँपालिकाको समग्र सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक विकास र पर्यावरण जोगाउने मुख्य लक्ष्य छ । पूर्वाधारको निर्माण, सेवा क्षेत्रको विकास, पर्यटन व्यवसायको प्रवर्द्धनबाट मात्रै देशको विकास हुने हो । आर्थिक क्रियाकलापबाट स्थानीय बासिन्दाको जीवन स्तरमा व्यापक सुधार ल्याउने उद्देश्यले गाउँपालिकाको गुरूयोजना निर्माण गर्ने कार्य भएको छ । यस किसिमको गुरूयोजना तयार गर्दा उपलब्ध तथ्याङ्कको आधार, लेखाजोखा, सरोकारवालासँगको छलफल/अन्तर्क्रिया, स्रोत नक्साङ्कन आदिको प्रयोग गरिएको छ ।

## १.२ गुरूयोजना निर्माणको सन्दर्भ

नेपालको संविधान २०७२ ले नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापित गरेको छ । नेपालको सङ्घीय शासन प्रणालीमा तीन तहको सरकारको व्यवस्था गरिएको छ । हरेक तहका सरकारको आफ्नै संवैधानिक अधिकार छ । सोही अन्तर्गत तीनवटै तहका सरकारले आफ्नो कानुन निर्माण, नीति तथा योजना निर्माण, संरचनागत विकास र सुशासनको क्षेत्रमा दीर्घकालीन योजना तयार पार्दै विकासका योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने अधिकार प्राप्त गर्दछन् । यस सन्दर्भमा स्थानीय सरकार आफ्नो संस्थागत सुदृढीकरण, समग्र विकास एवम् समृद्धिको खाका सहितको दीर्घकालीन योजना निर्माणमा प्रयासरत छन् ।

राज्यका निर्देशक सिद्धान्तको आधारमा गाउँपालिकाले गर्ने विकासका योजनालाई केन्द्रित गर्न वाञ्छनीय देखिएकाले बन्दीपुर गाउँपालिकाले एकीकृत विकास गुरूयोजना निर्माण गरेको छ । एकीकृत विकास गुरूयोजना निर्माण गर्नुपूर्व यस गाउँपालिकाको विकासको अवधारणा तथा रणनीति के हुने भन्ने स्पष्ट हुनुपर्छ । गाउँपालिकाले दीर्घकालीन रूपमा कस्तो र कुन-कुन क्षेत्रमा के कस्ता विकासका सम्भावना छन् तिनको विस्तृत अध्ययन तथा विश्लेषण गर्नु आवश्यक हुन्छ । त्यसका लागि सर्वप्रथम गाउँपालिकाको रणनीतिक विकास अवधारणपत्र तयार पारी रणनीतिक क्षेत्र समेटी विस्तृत योजना निर्माण गर्नुपर्छ । यसो गर्दा बढी वैज्ञानिक हुन्छ । सोही बमोजिम बन्दीपुर गाउँपालिकाले एकीकृत विकास रणनीतिक अवधारणा ल्याएको हो । उक्त रणनीतिक योजनाले गाउँपालिकाको दीर्घकालीन परिकल्पना, ध्येय, लक्ष्य, विकासका रणनीतिक दिशा तथा विकासका क्षेत्र पहिचान गरेको छ । यसरी रणनीतिक योजनामा आधारित भएर यो गुरूयोजना निर्माण गरिएको छ ।

## १.३ गुरूयोजनाको आवश्यकता र औचित्य

नेपालमा योजनाबद्ध विकासको अभ्यासले ६ दशक पार गरिसकेको छ । वि.सं. २०१३ सालदेखि योजना निर्माण गरेर व्यवस्थित रूपमा विकासका काम सम्पन्न गर्दै आएका छन् । योजना तल्लो तहबाट सङ्कलन गरिए पनि योजनाको अन्तिम रूप दिने, योजनाको अन्तिम छनौट गर्ने, योजना सम्पन्न अवधि र लागत निर्धारण गर्ने जस्ता कार्यमा स्थानीय निकाय र जनप्रतिनिधिको सहभागिता न्यून रह्यो । जसले गर्दा योजनाको कार्यान्वयन र प्रतिफल उपभोगमा आम नागरिकको सहभागिता पनि न्यून रह्यो ।

राजनीतिक परिवर्तनबाट संविधान निर्माण, सङ्घीय तह, प्रदेश सभा र स्थानीय तह गरी सबै तहको निर्वाचन सम्पन्न भएको छ । नयाँ सरकार विकासको नयाँ खाका र लक्ष्यसहित अगाडि बढिरहेको छ । नेपालको संविधान २०७२ को धारा ५० मा उल्लेख

गरिए अनुसार, "राष्ट्रिय हित अनुकूल तथा अन्तर पुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध स्रोत साधनको दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने", भनी उल्लेख भए अनुसार नै यस गाउँपालिकाको गुरूयोजना तयार पार्ने कार्य भएको हो । बन्दीपुर गाउँपालिकाको भौगोलिक अवस्थिति, पूर्वाधार विकासको अवस्था, मानव एवम् प्राकृतिक स्रोतसाधन कत्तिको उपलब्ध छ, विकासका चुनौती कति छन् लगायतको विश्लेषण गरी तयार पारिएको गुरूयोजनाले विकासको स्पष्ट मार्गनिर्देश गर्नेछ । यसकारण गुरूयोजनामा यहाँका जनताको चाहना, भावना र सपनाको प्रतिविम्ब देखाउन खोजिएको छ । सबै वर्ग र समूहका नागरिकको सहभागिताबाट गुरूयोजना निर्माण गरिए मात्र आम बन्दीपुरवासीले अपनत्व अनुभूति गर्नेहुँदा यसको कार्यान्वयनमा व्यापक जनसहभागिता रहनेछ ।

## १.४ बन्दीपुर विकासका सवाल

बन्दीपुर गाउँपालिकाको विकासका लागि खासगरी कृषि, पर्यटन र पूर्वाधार मुख्य क्षेत्रका रूपमा औँल्याइएका छन् । बाह्य रूपमा पर्यटन प्रमुख क्षेत्र देखिए पनि बहुसङ्ख्यक जनताको जीविकोपार्जनको आधार कृषि नै हो । यहाँको जमिनको उत्पादकत्व र हावापानी व्यावसायिक कृषि तथा पशुपक्षीपालनका लागि उपयुक्त मानिन्छ । गण्डकी प्रदेश सरकारले पनि पर्यटनको अधिक सम्भावना भएको क्षेत्रका रूपमा पोखरापछि बन्दीपुरलाई दोस्रो प्राथमिकतामा राखेको छ । कृषि र पर्यटन क्षेत्रको उच्चतम विकास गर्न यहाँको पूर्वाधार विकासको अवस्था कमजोर देखिएको हुँदा स्थानीय सरकारले यी क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको छ ।

जनसङ्ख्या र बस्ती विकासका दृष्टिले जनघनत्व उच्च रहेको वडा नम्बर १ र ४ मा पर्ने डुम्रेबजार व्यवसायको दृष्टिकोणले सघन बन्दै गएको छ । यहाँको बजार तथा बस्ती व्यवस्थित गर्न आगामी दिनमा चुनौती थपिँदै गएका छन् । वि.सं. २०६८ को जनगणनामा ८४३ घरधुरी रहेको वडा नं. १ मा वि.सं. २०७६ साल वैशाखमा गाउँपालिकाले गरेको घरधुरी सर्वेक्षण अनुसार यहाँ ११६४ घरधुरी रहेका छन् । यसैले व्यवसाय र बसोबास व्यवस्थित गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ ।

कृषि तथा पशुपक्षीपालनका लागि उपयुक्त हावापानी र जमिन भए पनि ग्रामीण भेगबाट साना सहरतर्फ बसाइँ सर्ने र वैदेशिक रोजगारीमा जाने बढ्दो क्रमले गर्दा कृषि क्षेत्रमा श्रमिक तथा कृषि कामदारको अभावमा जमिन बाँझो रहने क्रम मुख्य समस्याका रूपमा देखापरेको छ । यसरी कृषिमा लगानी खेरजाने र जमिनको उर्वरा शक्तिमा ह्रास आउने क्रम बढ्दो छ । माथि उल्लेख गरिए अनुसार पर्यटन प्रवर्द्धन नै यहाँको विकासको एक प्रमुख आधार हो । बन्दीपुरको सानो बजार वरिपरि मात्रै घुमेर फर्किने पर्यटकको सङ्ख्या बढी भएको हुँदा सबै वडामा पर्यटक पुऱ्याउने र यहाँ बस्ने दिन बढाउनेतर्फ योजनाले ध्यान दिनुपर्ने देखिन्छ । यसको अलावा, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, शुद्ध खानेपानी, साँस्कृतिक धरोहरको संरक्षण तथा संवर्द्धनमा विशेष ध्यान दिनुपर्छ । यसका साथै सामाजिक विकासका अन्य क्षेत्रमा पनि सरकारले सन्तुलित विकासका योजना बनाउनुपर्ने त्यत्तिकै जरूरी छ ।

बन्दीपुर हुँदै पोखरातर्फ जाने पृथ्वीराजमार्ग बाहेक बन्दीपुरमा गुणस्तरीय सडक छैनन् । बन्दीपुरका छवटै वडालाई घेर्नेगरी रिङरोडको ट्र्याक खोल्ने क्रममा छ । यस रिङरोडबाट सबै वडा कार्यालयसम्म पक्की बाटो जोडिएपछि सडकको समस्या हल हुन्छ । त्यसपछि मात्र सेवा प्रवाह सहज हुने देखिन्छ । खानेपानी, सिँचाइ, कार्यालय भवन, पर्यटकीय पदमार्ग, गुफाको व्यवस्थापन, पर्यटकीय स्थलको भौतिक संरक्षण र संवर्द्धन पनि पूर्वाधार विकासका प्राथमिकताका क्षेत्र हुन् ।

बन्दीपुरको स्थानीय सरकारले सङ्घ र प्रदेश

सरकारको विकास सम्बन्धी सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्य गर्दै स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माण गर्ने नीति लिएको छ। उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी उच्च आर्थिक वृद्धिसहित समन्यायिक वितरण सुनिश्चित गर्नु समष्टिगत आर्थिक नीतिको प्रमुख उद्देश्य रहेको छ। अर्थतन्त्रमा निजी, सहकारी र सामुदायिक क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन र उपयोगमा जोड दिइनेछ।

## १.५ दिगो विकास लक्ष्य र सरकारको प्रतिबद्धता

दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको विश्वव्यापी अवधारणा हो। सन् २०३० सम्ममा सबै प्रकारका गरिबी उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिका लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ। दिगो विकासका १७ लक्ष्य तथा १६९ सहायक लक्ष्य दिगो विकासका लागि एजेन्डा २०३० को एउटा भाग हो, जुन संयुक्त राष्ट्रसङ्घका १९३ सदस्य राष्ट्रले लागू गर्ने प्रतिबद्धता जनाएका छन्। यस गुरूयोजनाले दिगो विकास लक्ष्यलाई बन्दीपुर गाउँपालिकाको सन्दर्भमा स्थानीय स्तरमै लागू गर्ने नीति लिएको छ। पालिकाको विकास कार्यक्रममा सबै नागरिकले आत्मसात गर्नेगरी यसका सूचकलाई आधार मानेर स्थानीय तहको योजना निर्माण गरिएको छ। यस प्रक्रियाले दिगो विकास लक्ष्यले निर्दिष्ट गरे बमोजिम राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुग्नेछ। साथै दिगो विकासको अवधारणा अनुसार सामञ्जस्यता कायम हुनेछ।

## १.६ सङ्घीय सरकारको दीर्घकालीन सोच २१००

### १.६.१ पृष्ठभूमि

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले १५औँ योजना आधार-पत्र तयार पारी यसका आधारमा राष्ट्रिय विकास नीति अवलम्बन गर्ने र प्रदेश तथा स्थानीय सरकारको योजना, कार्यक्रम र नीतिमा समायोजन गर्दै विकास लक्ष्य हासिल गर्ने मुख्य लक्ष्य रहेको छ। यस उपशीर्षकमा १५औँ योजना आधार-पत्रमा उल्लेख गरिएको दीर्घकालीन सोच वि.सं. २१०० को सङ्क्षिप्त जानकारी दिइएको छ। तीनै तहको निर्वाचन सम्पन्न भएपछि प्राप्त राजनीतिक स्थायित्वको जगमा तीव्र आर्थिक विकास र समृद्धिको दूरगामी सोच सहितको राष्ट्रिय लक्ष्य निर्धारण गर्नुपर्ने छ। आय वृद्धि, गुणस्तरीय मानव पुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुनेगरी दीर्घकालीन सोच लक्षित रहेको छ। आन्तरिक तथा बाह्य स्रोत-साधन लगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालनबाट आर्थिक रूपान्तरण कार्यक्रममा लगानी केन्द्रित गर्दै दीर्घकालीन सोचले लिएका लक्ष्य हासिल गरिनेछ।

### १.६.२ दीर्घकालीन सोचको मार्गचित्र

अबको विकासको कार्यसूची सुशासन, विकास र समृद्धि रहेको छ। तसर्थ, विकासमा प्रादेशिक सन्तुलन, समावेशिता, प्राकृतिक स्रोत र साधनको संरक्षण, संवर्द्धन र उपयोग गर्दै मर्यादित काम र रोजगारी सिर्जना गर्नुपर्नेछ। समाजवाद उन्मुख लोककल्याणकारी राज्य व्यवस्था, उपलब्ध स्रोत र साधनको परिचालनबाट तीव्र आर्थिक वृद्धि गर्दै राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर बनाई समृद्ध अर्थतन्त्र निर्माण गर्ने मार्गचित्र निर्धारण गरिएको छ। संविधानले शिक्षा, स्वास्थ्य, रोजगार, आवास, खाद्य सुरक्षा, सामाजिक सुरक्षा लगायत सामाजिक, आर्थिक, सांस्कृतिक तथा पर्यावरणीय अधिकारलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। महिला, दलित लगायतका पछाडि परेका वर्ग तथा समुदायलाई

राज्यका संरचनामा सहभागी गराउने समावेशी व्यवस्था, खाद्य अधिकार र खाद्य सम्प्रभुताको व्यवस्था, जनतालाई सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, स्वच्छ वातावरणको हक, शोषण र विभेदबाट मुक्ति, शिक्षा, स्वास्थ्य, खाद्य, आवास, रोजगारी, सामाजिक न्याय, सामाजिक सुरक्षा जस्ता विषयलाई प्रत्याभूत गर्न समाजवाद उन्मुख आर्थिक व्यवस्थाका आधार निर्माणमा दीर्घकालीन सोच केन्द्रित रहने (१५औँ योजना आधार पत्र, २०७६) बताइएको छ ।

### १.६.३ दीर्घकालीन सोच

"समृद्ध नेपाल सुखी नेपाली"

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक ।

| १. **समृद्धि** (Prosperity) | २. **सुख** (Happiness) |
|---|---|
| १.१ सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता (Accessible moderninfrastructure and intensive Connectivity) | २.१ परिष्कृत तथा मर्यादित जीवन (Well-being and decent life) |
| १.२ मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग (Development and fill utilization of human capital potentials) | २.२ सुरक्षित, सभ्य र न्यायपूर्ण समाज (Safe, civilized and Just Society) |
| १.३ उच्च र दिगो उत्पादन तथा उत्पादकत्व (High and sustainable production and productivity) | २.३ स्वस्थ र सन्तुलित पर्यावरण (Healthy and balanced environment) |
| १.४ उच्च र समतामूलक राष्ट्रिय आय (High and equitable national income) | २.४ सुशासन (Good governance) |
| | २.५ सबल लोकतन्त्र (Comprehensive Democracy) |
| | २.६ राष्ट्रिय एकता, सुरक्षा र सम्मान (National unity, Security and dignity) |

### १.६.४ दीर्घकालीन राष्ट्रिय रणनीति

- तीव्र दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने,
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने,
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवम् दिगो सहर/बस्ती विकास गर्ने,
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने,
- गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने,

- प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थान गर्ने,
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता संवर्द्धन गर्ने ।

## १.७ गुरूयोजना निर्माणका उद्देश्य

सामान्य उद्देश्य : गुरूयोजना निर्माण गर्नुको सामान्य उद्देश्य, हाल तीव्र गतिमा वृद्धि हुँदैगरेको जनसङ्ख्या, सहरीकरण र आर्थिक समृद्धिको सम्भावनाको खोजी गर्दै स्थानीय सरकारसँग उपलब्ध स्रोतसाधन, जनशक्ति र सम्भाव्य लगानीका स्रोतको आधारमा आगामी २० वर्ष सम्ममा समग्र विकास योजनाको तर्जुमा र प्रक्षेपण गर्नु रहेको छ । गाउँपालिका भित्रका सम्भावनालाई व्यवस्थित र योजनाबद्ध रूपमा विकास गर्दै भविष्यका लागि दिगो र समृद्ध विकासका स्पष्ट योजना तयार पार्नु रहेको छ । यसबाट बन्दीपुर गाउँपालिकाको समग्र आर्थिक, सामाजिक र वातावरणीय पक्ष समेटेर वि.सं. २०९६ सम्मका लागि समष्टिगत योजना निर्माण हुनेछ ।

### विशिष्ट उद्देश्य

- गाउँपालिकाको एकीकृत विकासका लागि गुरूयोजना तयार पार्ने र यसमा भौतिक पूर्वाधार विकास, कृषि वन र वातावरण विकास, पर्यटन, व्यापार र आर्थिक क्षेत्र विकास, सामाजिक विकास र गाउँपालिकाको संरचनागत विकासको स्पष्ट योजना तयार पार्ने ।
- विविध विषय समावेश गरी आवश्यक डाटाबेस तयार गरी अहिले भइरहेको अवस्थाको लेखाजोखा गरेर साधन र स्रोतको नक्साङ्कन सहितको योजना निर्माण गर्ने ।
- गाउँपालिकाको एकीकृत दिगो विकासका लागि आगामी २० वर्षको एक प्रक्षेपित स्थिति तयार गर्ने ।
- गाउँपालिकाको विकासका लागि आवश्यक पर्ने आर्थिक स्रोत, लागत, सम्भावित स्रोत तथा साझेदारको पहिचान गर्ने ।
- नागरिकको सीप, क्षमता तथा दक्षता अभिवृद्धि गरी स्थानीय स्रोतसाधनको अधिकतम सदुपयोगद्वारा आर्थिक वृद्धिका योजना पहिचान र सञ्चालनको खाका तयार पार्ने ।
- समृद्ध बन्दीपुर र सुखी बन्दीपुरवासीका लागि विषयगत क्षेत्रमा दिगो आर्थिक विकास, सामाजिक न्याय र सांस्कृतिक धरोहरको संवर्द्धन र प्रवर्द्धन गरी वातावरणीय सन्तुलन सहितको विकास योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

## १.८ गुरूयोजनाका अपेक्षित प्रतिफल

- बन्दीपुर गाउँपालिकाको एकीकृत विकासको २० वर्षको दूरदृष्टि, लक्ष्य, रणनीति, क्षेत्रगत उद्देश्य, योजना तथा कार्यक्रम समेटेर तर्कगत ढाँचामा गुरूयोजना तयार हुनेछ ।
- यस गाउँपालिकाको एकीकृत विकासका लागि आवश्यक विकासका कार्यक्रम र कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने नीति, कानुन तथा संस्थागत क्षमताको अवस्था विश्लेषण सहितको योजना तयार हुनेछ ।
- गुरूयोजनामा गाउँपालिकाको घरधुरी सर्वेक्षणबाट प्राप्त हरेक घर परिवारको विवरणलाई तथ्याङ्कका आधारमा सूचकका रूपमा प्रस्तुत गरिनेछ ।
- तथ्याङ्क सङ्कलन तथा स्रोत नक्साङ्कनबाट प्राप्त सूचनालाई गाउँपालिकाको एकीकृत विकास गुरूयोजना तर्जुमा गर्दा प्रयोग गरिनेछ । गुरूयोजना कार्यान्वयनका लागि आवश्यक बस्ती स्तरका क्रियाकलाप पहिचान गरी पहिलो पाँच वर्षे कार्ययोजना तयार हुनेछ ।
- बन्दीपुर गाउँपालिकामा गुरूयोजना अवधिभित्र विविध क्षेत्रमा हुने विकासको एक प्रक्षेपित स्थिति तयार गरिन्छ ।

## १.९ परिवर्तनको सिद्धान्त



## १.९ गुरुयोजना तर्जुमा प्रक्रिया तथा विधि

*१.९.१ गुरुयोजना तर्जुमा प्रक्रिया*

बन्दीपुर गाउँपालिकाको गुरुयोजना तर्जुमा प्रक्रियालाई यथाशक्य सहभागीमूलक बनाउने प्रयास गरिएको छ । यसकारण यो योजनामा सम्बन्धित सरोकारवालाको सहभागिताका साथै निर्वाचित जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय सचेत नागरिक, विषयगत रूपमा जानकार र अनुभवी व्यक्तित्व, कर्मचारी, शिक्षक, व्यवसायी, कृषक आदिसँग विभिन्न चरणमा छलफल अन्तर्क्रिया र सुझाव सङ्कलनको कार्य गरिएको थियो । सबै क्षेत्रबाट आएका धारणा, अपेक्षा र सुझाव सङ्कलन र विश्लेषण गरी योजनामा समावेश गरिएको छ । बुँदागत रूपमा गुरुयोजना निर्माण प्रक्रिया निम्न अनुसार गरिएको छ ।

- गुरुयोजना तर्जुमा गर्न आवश्यक आधारभूत तथ्याङ्क सङ्कलन भए नभएको हेरेर तथ्याङ्क तथा सूचनाको अभाव भएका क्षेत्रको तथ्याङ्क सङ्कलन गरियो । यस अन्तर्गत लेखाजोखाका लागि आवश्यक पर्ने प्राथमिक र द्वितीय स्रोतमा रहेका तथ्याङ्क सङ्कलन गरी गाउँपालिकाभित्र रहेका स्रोत तथा साधन (जमिन, जङ्गल, जनसङ्ख्या, बसोबास भएका बस्ती, बजार क्षेत्र, भौतिक पूर्वाधार आदि) को अवस्थाको विश्लेषण गरियो ।
- तथ्याङ्क र स्रोत नक्साङ्कनमा उल्लेखित सूचनाका आधारमा कुन स्थान वा वडामा के-कस्ता विकासका सम्भावना र स्रोत छन् भन्ने तथ्यका आधारमा कुन क्षेत्रको विकासमा लगानीलाई प्राथमिकतामा राख्ने भन्ने निर्धारण गरियो ।
- सङ्कलित विवरण तथा तथ्याङ्कका आधारमा विभिन्न विषयका विशेषज्ञबाट परामर्श लिई स्थानीय सरोकारवालासँग चरणबद्ध रूपमा छलफल र अन्तर्क्रिया गरियो ।
- प्राकृतिक स्रोत साधन तथा भू-उपयोगको स्थितिको अध्ययन गरी उपयोग, उपलब्धता र उपभोगको अवस्थाका आधारमा प्राकृतिक प्रकोप, भू–क्षय, वन्यजन्तु तथा जैविक विविधता सम्बन्धी विषय आँकलन गरियो ।
- मानव निर्मित साधन र स्रोत जस्तै गाउँपालिका कार्यालय भवन कृषि र पशु विकास भवन, अस्पताल, विद्यालय, महाविद्यालय, मनोरञ्जन स्थल, होटल, आवासीय भवन, कलकारखाना भवन, खेलकुद तथा अन्य संरचनाको विस्तृत विवरण निकाली नक्साङ्कन गरिएको स्रोत नक्साङ्कनको अध्ययन गरिएको हो भने सडक मार्गको स्थिति तथा यसको उपलब्धता, सडक मार्गको अतिरिक्त अन्य यातायातका माध्यम पैदल मार्ग, पुल, केबुलकार आदिको आँकलन गरिएको छ ।
- उत्पादन वृद्धिका लागि आवश्यक उपकरण र समुदायमा निर्माण हुनसक्ने स्थानीय प्रविधिका उपकरण बारेमा पनि अध्ययन गरी विवरण सङ्कलन गरिएको थियो ।
- सङ्कलित तथ्याङ्क तथा सूचना र विषय विज्ञको विश्लेषणलाई संश्लेषण र संयोजन गरी आगामी २० वर्ष अर्थात् वि.सं. २०७६ देखि २०९६ सम्मको आवधिक योजना सहितको दिगो विकास लक्ष्यमा आधारित एकीकृत विकास गुरुयोजना (Integrated Development Master Plan) तयार गरी गाउँपालिका समक्ष आवश्यक अनुमोदन र कार्यान्वयनका लागि प्रस्तुत गरियो ।

*१.१०.२ गुरुयोजना निर्माण विधि*

सहभागीमूलक योजना निर्माण प्रक्रिया अवलम्बन गरी गाउँसभाद्वारा रणनीतिक योजनाले निर्देशित गरेका विकासका क्षेत्र बमोजिम विकास प्रक्रिया संस्थागत र व्यवस्थित रूपमा अगाडि बढाउन सकिने बोध

गरेपछि गाउँपालिका प्रमुखको नेतृत्वमा एकीकृत विकास गुरूयोजना निर्माणको कार्य अगाडि बढेको हो । यस सन्दर्भमा सहभागितामूलक योजना तर्जुमा विधिको प्रयोग गरी यो योजना तर्जुमा गरिएको छ । योजना निर्माण प्रक्रियामा नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय आर्थिक कार्यप्रणाली, सङ्घ प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध तथा अनुसूची ८ र ९ ले गरेको व्यवस्थालाई ध्यान दिइएको छ । गुरूयोजना तर्जुमाका लागि आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गर्ने क्रममा विभिन्न व्यक्ति, निकाय, कार्यालय, प्रकाशित तथा अप्रकाशित सामग्री लगायतको सहायता लिइएको छ । यो गुरूयोजना तर्जुमा प्रक्रियामा निम्नलिखित विधि अवलम्बन गरिएको छ ।

### सन्दर्भ ग्रन्थ अध्ययन

गुरूयोजना निर्माण कार्यको प्रारम्भमा स्थानीय सरकार सञ्चालनसँग सम्बन्धित विभिन्न ऐन, कानुन, गत आ.व.को नीति, कार्यक्रम तथा योजना, प्रगति प्रतिवेदन आदिको अध्ययन गरियो । विभिन्न देशका नगरपालिकामा कार्यान्वयन भइरहेका गुरूयोजना, र ाष्ट्रिय योजना आयोगद्वारा प्रकाशित योजना तर्जुमा निर्देशिका, १५औँ पञ्चवर्षीय योजनाको आधारपत्र, दिगो विकास लक्ष्य, प्रदेश सरकारको आवधिक योजना पनि विस्तृत अध्ययन गरिएको थियो । त्यसैगरी बन्दीपुर गाउँपालिकाद्वारा तयार पारिएको आधारभूत तथ्याङ्क तथा घरधुरी सर्वेक्षणको प्रतिवेदन, बन्दीपुर गाउँपालिकाको २० वर्षे एकीकृत विकास रणनीतिक योजना लगायतको अध्ययनले यस गाउँपालिकाको अवस्था र तथ्य बुझ्न सहयोग पुर्‍यायो ।

### गुरूयोजना निर्माण समितिसँग परामर्श

बन्दीपुर गाउँपालिकामा गुरूयोजना निर्माण गर्न गुरूयोजना निर्माण समिति गठन गरिएको थियो । उक्त समितिमा राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार व्यक्ति, कृषक, उद्योगी, पर्यटन व्यवसायी, पूर्वशिक्षक लगायतको सहभागिता थियो । उक्त समितिले गुरूयोजना निर्माणका विभिन्न चरणमा विज्ञ समूहलाई प्राविधिक एवम् वैचारिक रूपमा सहयोग पुर्‍यायो भने विभिन्न कार्यक्रमको आयोजना गर्न, सुझाव सङ्कलन गर्न र बन्दीपुरबाट अन्यत्र गएर व्यवसाय गरिरहेका नागरिकसँग अन्तर्क्रिया गर्न विशेष रूपमा संयोजनकारी भूमिका खेल्यो । साथै यस समितिसँग छलफल तथा बैठक गरी योजनाको मुख्य खाका र विषयगत खाका तयार गर्न विस्तृत छलफल गरियो ।

### पालिका स्तरीय गोष्ठी

सबै निर्वाचित जनप्रतिनिधि, राजनीतिक पार्टीका प्रतिनिधि, कर्मचारी, कार्यपालिका सदस्य, गुरूयोजना निर्माण समितिका सदस्य समेतको सहभागितामा बन्दीपुर गाउँपालिकाको कार्यालयमा विभिन्न चरणमा कार्यशाला गोष्ठीको आयोजना गरी गाउँपालिकाको आर्थिक, सामाजिक तथा प्राकृतिक स्रोतको तथ्याङ्क सङ्कलन विधि तथा तौरतरिका र गुरूयोजनाले समेटनुपर्ने मुख्य विषय उपर छलफल गरी खाका तयार गरियो । साथै पालिका स्तरीय गोष्ठीमा प्रदेश स्तरका राजनीतिक दलका नेता तथा विज्ञबाट राय, सुझाव सङ्कलन गर्ने काम पनि गरियो ।

### वडा स्तरीय छलफल

निर्वाचित जनप्रतिनिधिको सहभागितामा सबै वडामा वडा स्तरीय भेला आयोजना गरी तयार गरिएको चेकलिस्ट अनुसार वडावासीले भोगिरहेको अवस्था, विकासको चाहना र सम्भावनाका बारेमा छलफल गरी सूचना सङ्कलन गरियो । यसैगरी बन्दीपुर गाउँपालिकाको सामाजिक तथा प्राकृतिक अवस्थाको वस्तुस्थिति पहिचान गर्न जननिर्वाचित प्रतिनिधिको सहभागितामा सबै वडा तथा टोलमा लक्षित समूह छलफल गरेर पालिकावासीका भावना र चाहना सङ्कलन गरियो ।

### स्रोत व्यक्तिसँग छलफल

गाउँपालिकामा लामो समयदेखि विभिन्न क्षेत्रमा योगदान दिँदै आउनुभएका व्यक्तिसँग प्रत्यक्ष भेटघाट गरी पालिकाको विकासका अवसर तथा सम्भावनाका बारेमा छलफल गरी सल्लाह तथा सुझाव सङ्कलन गरियो । यस्तो छलफल गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र गुरूयोजना निर्माण समितिका सदस्य, गुरूयोजना निर्माण विज्ञ परामर्श टोली लगायतसँग छलफल गरियो ।

### पुराना बन्दीपुरवासीसँग सुझाव सङ्कलन

जब २०२५ सालमा तनहुँको सदरमुकाम बन्दीपुरबाट दमौली सारियो तब बन्दीपुरबाट बसाइँ सर्ने क्रम सुरू भयो । बन्दीपुर छाडेर गएका, बन्दीपुरको विकासमा सरोकार राख्ने सबै शुभचिन्तकबाट यहाँको विकास कसरी गर्ने भन्ने जानकारी लिइयो । यसैगरी बन्दीपुरबाट आएर काठमाडौँ र नारायणगढमा बसोबास गर्ने, व्यापार व्यवसाय गर्ने, उद्योगी, सरकारी तथा गैरसरकारी क्षेत्रमा उच्च ओहदामा रहेर काम गरेका विज्ञ, अनुभवी र बन्दीपुरको विकासमा चासो र सरोकार राख्ने व्यक्तिसँग सुझाव सङ्कलन गरियो ।

यस क्रममा काठमाडौँ र नारायणगढमा भएका छलफल कार्यक्रममा सहभागीबाट व्यक्त विचारलाई बन्दीपुरको गुरूयोजना निर्माणमा उद्योग तथा पर्यटनको क्षेत्रमा बढी उपयोग गरिएको छ किनकि यी सहभागी बन्दीपुर बाहिर व्यवसाय गरेर बसेको भए पनि उनीहरूको जग्गाजमिन र व्यवसाय अझै पनि बन्दीपुरमा छ । साथै उनीहरू खासगरी पर्यटन र उद्योग तथा व्यापारमा संलग्न भइरहेका छन् । काठमाडौँमा भएको छलफल कार्यक्रम बन्दीपुर सामाजिक विकास समितिले आयोजना गरेको थियो भने नारायणगढमा भएको कार्यक्रमको आयोजना चितवन बन्दीपुर सम्पर्क समितिद्वारा आयोजना गरिएको थियो ।

### राजनीतिक व्यक्तित्व तथा सांसदसँग छलफल

राजनीतिक दलका उपल्लो तहका नेता, पूर्वमन्त्री, सहकारी विकास अभियन्ता, तनहुँ जिल्लाका वर्तमान सांसद, लगायतसँग विभिन्न विषयमा छलफल गरियो । खासगरी समाजवाद उन्मुख आर्थिक विकास र यसको आधारका बारेमा, स्थानीय सरकारले लिनुपर्ने सहकारी विकासको ढाँचा र साझेदारिताका बारेमा र बन्दीपुरका ठूला आयोजनाको लगानी जुटाउने सन्दर्भमा सङ्घीय सरकार र प्रदेश सरकारले कसरी सहयोग गर्नसक्छ भन्ने बारेमा छलफल तथा परामर्श लिने कार्य भयो ।

बन्दीपुर गाउँपालिकाबाट सङ्घ तथा प्रदेशमा प्रतिनिधित्व गर्नुहुने सांसदसँग चरणबद्ध रूपमा छलफल गरी उहाँहरूको सल्लाह तथा सुझाव सङ्कलन गरियो । यस क्रममा यस जिल्लाको प्रतिनिधित्व गर्ने भूतपूर्व सांसद तथा राजनीतिक दलका नेतासँग पनि विभिन्न चरणमा छलफल भएको थियो ।

### विभिन्न योजना तथा आधारपत्रको पुनरावलोकन

बन्दीपुर गाउँपालिकाको गुरूयोजना निर्माण गर्ने क्रममा सङ्घीय सरकार, प्रदेश सरकार तथा राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्य तथा स्थानीय निकायका विगतका विकास योजनाको पुनरावलोकन गरियो । साथै अन्तर्राष्ट्रिय जगत्का छोटो समयमा आर्थिक समृद्धि हासिल गरेका केही देश जस्तै रूवान्डा, युगान्डा, भुटान दक्षिण अफ्रिका लगायत देशका आर्थिक विकासका गुरूयोजनाको अध्ययन गरी नेपालका लागि उपयुक्त हुने सन्दर्भ सामग्री समायोजन गरिएको छ ।

### तथ्याङ्क तथा सूचनाको विश्लेषण

यस गुरूयोजना तर्जुमा गर्ने सन्दर्भमा सङ्कलित तथ्याङ्क, सूचना, राय सुझावलाई विश्लेषण गरेर मस्यौदा प्रतिवेदन तयार पारियो । यसरी तयार

पारिएको मस्यौदा प्रतिवेदनमा सुझाव सङ्कलनका लागि विषयगत विज्ञ, स्थानीय सरोकारवाला, निर्वाचित जनप्रतिनिधि लगायतलाई आवश्यक सुझाव तथा पृष्ठपोषणका लागि प्रस्तुत गरियो । यसरी प्राप्त सुझावसमेत समेटेर अन्तिम प्रतिवेदन बन्दीपुर गाउँपालिकामा बुझाउने कार्य गरियो ।

## १.१० गुणस्तर व्यवस्थापन

यस गुरूयोजना तर्जुमा कार्यको सुरूदेखि नै गुणस्तर कायम गर्न योजना संयोजक तथा टोली प्रमुखद्वारा निरन्तर रूपमा अनुगमन गर्ने काम भएको छ । सूचना सङ्कलनका लागि तयार पारिएका फारम, यसका लागि प्रयोग भएका सन्दर्भ सामग्री, सङ्कलित तथ्य र तथ्याङ्कको प्रमाणीकरण र शुद्धीकरण कार्य अवधिभरि नै भएको थियो । स्थानीय सरकार सञ्चालन  ऐनले निर्देश गरेका कार्यक्षेत्र र कार्यादेशको अधीनमा रहेर र सोको मापदण्ड कायम गर्दै, सङ्घीय सरकारले तयार पारेका आधारपत्र, निर्देशिका, योजना र तथ्याङ्कको स्तरीकरणलाई अनुसरण गरिएको छ ।

## १.११ गुरूयोजना निर्माणका सिमा

नेपालको सङ्घीय संरचनामा तीन तहको सरकारको व्यवस्था गरिएको छ । तीनवटै तहका सरकारको आ–आफ्ना एकल तथा साझा अधिकारको संवैधानिक व्यवस्था गरिएको छ । त्यसले कुनै पनि एक तहको सरकारको कानुन तथा योजना निर्माण गर्दा अन्य दुई तहको सरकारको कानुन, नीति तथा योजनाको पनि अध्ययन र समायोजन गर्नुपर्ने हुन्छ ।

बन्दीपुर गाउँपालिकाको एकीकृत विकास गुरूयोजना निर्माण गर्दा पनि गण्डकी प्रदेश र सङ्घीय सरकारका सम्बन्धित कानुन, नीति तथा योजनाको अध्ययन गरिएको छ । यद्यपि मुलुक सङ्घीयतामा प्रवेश गरेको धेरै समय भएको छैन । सङ्घ र प्रदेशले यस्ता कानुन तथा योजना बनाउन अझै बाँकी छ । यो एकीकृत विकास गुरूयोजना भर्खर निर्माण गरिएको हुँदा यस गुरूयोजनामा पर्नसक्ने असरलाई स्वाभाविक रूपमा बुझ्नुपर्ने हुन्छ ।

अर्कोतर्फ यो गुरूयोजना पालिकाको तत्कालको सूचना, तथ्याङ्क र क्षमतामा आधारित भएर आगामी २० वर्षको प्रक्षेपित योजना हो । त्यसकारण भोलिको दिनमा तत्कालको अवस्थामा परिवर्तन आउँदा सो अनुसार हाल स्थापित मान्यतामा फरक आउन सक्छ । त्यसैले यस योजनालाई हरेक पाँच/पाँच वर्षमा पुनरावलोकन र अद्यावधिक गर्नु पर्ने हुन्छ । यसरी पुनरावलोकन गरिएको आवधिक योजनालाई पुनः वार्षिक योजना मार्फत बजेट विनियोजन गरी निरन्तर कार्यान्वयन गरेर मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिनेछ ।

# परिच्छेद : दुई

# गुरूयोजनाको आधार र रणनीतिक क्षेत्र

## २.१ पृष्ठभूमि

बन्दीपुर गाउँपालिकाले एकीकृत विकास गुरूयोजना निर्माण गर्नुअघि विकासको रणनीतिक योजना तयार पारेको छ । यसै रणनीतिक योजनाको आधारलाई आत्मसात गर्दै एकीकृत विकास गुरूयोजना तर्जुमा गरिएको छ । यस परिच्छेदमा रणनीतिक योजनाले निर्दिष्ट गरेका सैद्धान्तिक आधार र रणनीतिक क्षेत्रलाई साभार गर्दै आवश्यक सम्पादनसहित प्रस्तुत गरिएको छ ।

## २.२ गुरूयोजना तर्जुमाको आधार

### *२.२.१ नीतिगत र कानुनी आधार*

नेपालको संविधान २०७२ को धारा ५० मा उल्लेख गरिए अनुसार,"राष्ट्रिय हित अनुकूल तथा अन्तर पुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध स्रोत साधनको दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने" । भनी उल्लेख भए अनुसार नै यस गाउँपालिकाको गुरूयोजना तयार पारिएको छ। यो अवधारणापत्रले गुरूयोजना निर्माणका लागि प्रारम्भिक चरणको अध्ययन प्रतिवेदनको कार्य गर्ने भएको हुँदा गुरूयोजना वास्तविकतामा आधारित र जनताको पूर्ण सहभागिताबाट बनेको छ ।

स्थानीय शासन सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ अन्तर्गत गाउँ तथा नगरको आवधिक तथा गुरूयोजना सम्बन्धी निम्न अनुसार व्यवस्था गरिएको छ ।

१. गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयगत, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्नेछ ।

२. उपदफा (१) बमोजिम योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनुपर्नेछ ।

३. गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्नेछ ।

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

- जनताको जीवन स्तर, आम्दानी र रोजगार बढ्ने,
- स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्वयंसेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुऱ्याउने,
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने,

५. गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी, पेसाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका अन्य सरोकारवालाको अधिकतम सहभागितामा गर्नुपर्नेछ ।

६. गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्रमाणीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजनासमेत तयार गर्नुपर्नेछ ।

७. नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा गाउँपालिका तथा गाउँपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

८. गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकार सँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

९. गाउँपालिका तथा नगरपालिकाले सङ्घीय र प्रदेश स्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नुपर्नेछ ।

१०. गाउँपालिका तथा नगरपालिकाले स्थानीय स्तरका विकास आयोजनाको आवश्यक अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

### *२.२.२ गुरूयोजनाका सैद्धान्तिक आधार*

**१. समाजवाद उन्मुख आर्थिक विकासको अवधारणा**

राष्ट्रिय विकासको सैद्धान्तिक आधारका रूपमा समाजवाद उन्मुख आर्थिक विकासलाई नेपालको संविधान २०७२ मा (भाग ४, दफा ५० को उपदफा ३) नै उल्लेख गरिएको छ । राज्यको निर्देशक सिद्धान्तको सन्दर्भमा समाजवाद उन्मुख आर्थिक विकास प्रक्रियामा आमनागरिकको लगानी, उत्पादन, उपभोग तथा वितरणमा सामाजिक न्यायको सिद्धान्त अवलम्बन गरी वातावरणमैत्री दिगो विकासलाई आधार मानिएको छ । यसका मुख्य अन्तर्निहित तत्व निम्न अनुसार लिइएको छ ।

- दिगो र एकीकृत विकास
- न्यायपूर्ण र समानतामा आधारित विकास र प्रतिफलको वितरण
- निजी, सहकारी र सार्वजनिक साझेदारिता
- पूर्वाधारमा लगानी

- सामाजिक सुरक्षा

पछिल्लो समय सरकारले लिएको आर्थिक विकासको तीनखम्बे नीति, सार्वजनिक, निजी र सहकारी साझेदारी विकास पहललाई समाजवाद उन्मुख आर्थिक विकासको अवधारणामा लैजानुपर्दछ । यसले नै राष्ट्रिय पुँजी निर्माण गरी आन्तरिक पुँजीको वृद्धि हुनेछ । आन्तरिक पुँजीको वृद्धि र बाह्य पुँजीको आकर्षणबाट लगानीका क्षेत्रमा आधार तयार पार्नेछ । यसबाट राष्ट्रिय आयमा वृद्धि भई राष्ट्रको आर्थिक वृद्धि हासिल हुनेछ ।

यसरी हुने आर्थिक समृद्धिसँगै राष्ट्रले सामाजिक सुरक्षा बहनको क्षेत्र व्यापक बनाउन सक्नेछ र त्यसको प्रतिफल विपन्न, गरिब, असहाय, वृद्ध, बालबालिका, पछाडि पारिएको वर्ग, क्षेत्र र लिङ्ग, लोपोन्मुख जातजाति आदिमा राज्यले सामाजिक सुरक्षा सुविधामा वृद्धि गर्नेछ । राज्यले उद्यमीलाई लगानीको अवसर सिर्जना गर्ने, वित्तीय स्रोत जुटाइदिने र सबै प्रकारका सेवा, उत्पादन र व्यापार तथा व्यवसाय क्षेत्रलाई करको दायराभित्र ल्याउनुपर्नेछ ।

यसरी आर्थिक स्रोतको परिचालन र पूर्वाधार विकास गर्दा पर्यावरणीय सन्तुलन कायम हुनेगरी दिगो विकासको अवधारणा अनुसार समृद्धि हासिल गर्ने नीति लिइएको छ ।

## २. सुशासन र सार्वजनिक उत्तरदायित्व

सुशासनको मुख्य तत्व जनउत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, सहज र शीघ्र सार्वजनिक सेवा प्रवाह पर्दछन् । हरेक स्थानीय सरकारद्वारा सुशासनका यी विषयलाई आफ्ना काम कारबाही र सेवा प्रवाहमा अवलम्बन गर्ने र त्यसको उपयुक्त अनुगमनको व्यवस्था गरिनुपर्दछ । राज्यको जिम्मेवारी बाँडफाँडको सिद्धान्तलाई विशेषज्ञबाट मुख्य गरी दुई किसिमले वर्गीकरण गरिएको पाइन्छ । क) दक्षताको सिद्धान्त : यस सिद्धान्त अनुसार विविध आवश्यकता र रूचिलाई सन्तुष्टि हुनेगरी सबैभन्दा कम मूल्यमा कार्यकुशलता र प्रभावकारी सार्वजनिक सेवा दिनुपर्ने । ख) सन्निकटताको सिद्धान्त : सार्वजनिक सेवाका लागि कार्यविनियोजन गर्दा सबैभन्दा तल्लो तहको सरकारलाई सुम्पिनुपर्ने र उसले गर्न नसक्ने भएमा मात्र सो भन्दा माथिल्लो निकायले जिम्मेवारी लिनुपर्ने मान्यता राख्दछ । राज्यको सबैभन्दा तल्लो निकाय वा स्थानीय सरकार जो जनताको नजिक रहने र करदाता जनताको आवश्यकता र रूचिसँग बढी परिचित एवम् उत्तरदायी पनि हुन्छ र जनताप्रति बढी जवाफदेही हुनेगर्दछ । सुशासनका मुख्य सूचकाङ्क निम्न अनुसार लिइएको छ ।

- विधिको शासन,
- सार्वजनिक उत्तरदायित्व
- पारदर्शी शासन व्यवस्था
- जनताप्रति जवाफदेही
- सामाजिक समावेशीकरण

हरेक स्थानीय सरकारले सुशासनका यी तत्वलाई काम कारबाही, योजना र सेवा प्रवाहमा अवलम्बन गर्ने त्यसको उपयुक्त अनुगमनको सूचकाङ्क तयार पारी लागू गर्नुपर्नेछ ।

## ३. विकासका आयामको प्रवर्द्धन

- लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI)
- दिगो विकास र समृद्धि (Sustainable Development & Economic Prosparity)
- वातावरणीय सन्तुलन (Environment Balance)
- बालमैत्री स्थानीय शासन (CFLG)
- अपाङ्गमैत्री भौतिक संरचना तथा योजना आचारसंहिता (Disability Friendly Infrastructure and Planning Code of Conduct)

## २.३ गाउँपालिका विकास रणनीति

### २.३.१ दूरदृष्टि, ध्येय र लक्ष्य

बन्दीपुर गाउँपालिकाको विकासको मूलनारा : **"पर्यटन, कृषि, शिक्षा, सहकारी र पूर्वाधार – समृद्ध बन्दीपुरको मूलआधार"** ।

*दूरदृष्टि (Vision)*

**पर्यावरणीय न्याय र मानवीय खुसी सहितको समृद्ध बन्दीपुर** (Prosporous Bandipur with Ecological Justice and Human Happiness)

*ध्येय (Mission)*

**आर्थिक वृद्धिका लागि पूर्वाधारमा लगानी, उत्पादकत्वमा सुधार, वातावरणीय सन्तुलन र मानवीय क्षमता विकास** (Investment for Economic Growth, Environmental Justice and Human Development)

*रणनीतिक लक्ष्य (Strategic Goal)*

**दिगो विकासका लागि एकीकृत पद्धति अवलम्बन** (Integrated Approach for Sustainable Development)

### २.३.२ निर्देशक सिद्धान्त

यस गाउँपालिकाले तल उल्लेखित पाँच वटा निर्देशक सिद्धान्तलाई विकास र समृद्धिका योजना कार्यान्वयन गर्ने र सरकार सञ्चालन गर्ने मूलमन्त्रका रूपमा ग्रहण गर्नेछ ।

- सामाजिक न्यायमा आधारित प्रतिफल वितरण (Equity Based Distribution of Development Outputs)
- सामुदायिक पुँजी/सम्पत्ति निर्माण (Community Capital/Asset Formation)
- समाजवाद उन्मुख आर्थिक समृद्धि (Socialism Orientated Economic Growth)
- लोकतन्त्र र सङ्घीय शासन पद्दतिको संस्थागत सबलीकरण (Institutional Stregthening of Democracy and Federal governence System)
- पर्यावरणीय न्यायमा आधारित विकास (Development with Ecological Justice)

## २.४ रणनीतिक दिशा र क्षेत्र

### २.४.१ रणनीतिक दिशा

- संस्थागत विकास, सुशासन र सार्वजनिक सेवा
- आर्थिक विकासका लागि लगानी र सुरक्षा
- सामाजिक विकासका लागि सार्वजनिक उत्तरदायित्व
- मापदण्डयुक्त भौतिक पूर्वाधार विकास र बस्ती व्यवस्थापन
- वातावरणीय संरक्षण र विपद् व्यवस्थापन
- प्राकृतिक स्रोत सम्पदाको संरक्षण र भू–उपयोग
- निजी, सहकारी र सार्वजनिक साझेदारिता
- सामाजिक सुरक्षा र संरक्षण

### २.४.२ रणनीतिक क्षेत्र, योजना र कार्यक्रम

१. संस्थागत विकास, सुशासन र सार्वजनिक सेवा

*(क) ऐन कानुन, नियम, नीति तथा निर्देशिका निर्माण*

- गाउँ व्यवस्थापिका सञ्चालन नियमावली र कार्यविधि
- गाउँपालिका न्यायिक समिति नियमावली र मध्यस्थता कार्यविधि
- गाउँ कार्यपालिकाको कार्य सम्पादन समिति र विभाग गठन सम्बन्धी नियमावली र कार्यविधि
- अन्तरसरकार समन्वय र साझेदारिता नीति

- कर, राजस्व निर्धारण ऐन, नियमावली र कार्यविधि
- विप्रेषण परिचालन र गैरआवासीय नेपालीको लगानी सुरक्षा नीति
- सार्वजनिक निजी साझेदारी नियमावली
- अति आवश्यक नगर सेवा (वारूणयन्त्र, आपत्कालीन उद्धार, प्रहरी) को सञ्चालन कार्यविधि
- नगरपालिकाको आर्थिक, सामाजिक, राजनीतिक र विकास अवस्था बारेमा अनुसन्धान तथा विकास अध्ययन नियमावली
- नगरपालिकाको तथ्याङ्क, सूचना, अभिलेखको विद्युतीय व्यवस्थापन प्रणाली कार्यविधि र ऐन
- व्यक्तिगत घटना दर्ता, अभिलेखीकरण र पञ्जीकरण कार्यविधि तथा ऐन
- पूर्वाधार विकास ऐन र निर्देशिका

*(ख) विधायिकीय क्षमता अभिवृद्धि*

- जनप्रतिनिधिलाई तालिम, प्रशिक्षण र अध्ययन

*(ग) स्थानीय सरकारको संस्थागत संरचना सबलीकरण*

- शीघ्र सेवा तीव्र विकास
- सेवा केन्द्र (शाखा) को विस्तार
- मानव स्रोत व्यवस्थापन र क्षमता अभिवृद्धि
- डिजिटल प्रणालीमा आधारित तथ्याङ्क व्यवस्थापन र पञ्जीकरण
- सेवा संयन्त्रप्रति सामूहिक उत्तरदायित्व र प्रतिफलका आधारमा पुरस्कार र दण्डको व्यवस्था

*(घ) अन्तरसरकारी समन्वय र सहकार्य*

- सङ्घ र प्रदेश सँगको समन्वय
- अन्य स्थानीय तह सँगको समन्वय
- निजी, सहकारी र वित्तीय क्षेत्रसँग सहकार्य
- नागरिक समाज र सामाजिक संस्था

*(ङ) सुशासन जवाफदेहिता र पारदर्शिता*

- सुशासन प्रवर्द्धन (लोकतन्त्र, विधिको शासन र जनउत्तरदायी सार्वजजिक सेवा)
- जवाफदेहीपूर्ण र सेवाग्राही मैत्री ई-सेवा प्रणाली
- भ्रष्टाचार विरूद्धको शून्य सहनशीलता
- डिजिटल अनुगमन, पारदर्शिता र नागरिक सन्तुष्टि मापन प्रणाली

## २. आर्थिक विकासका लागि लगानी र सुरक्षा

*२.१ दिगो कृषि विकास*

*(क) कृषि, बागबानी र पशुपक्षीपालनको व्यावसायिक विकास*

- कृषि तथा बागबानी क्षेत्रको उत्पादकत्व वृद्धिका लागि दीर्घकालीन आवधिक योजना
- कृषि तथा बागबानी उत्पादनको सुरक्षा, संरक्षण र प्रशोधन केन्द्रित सार्वजनिक-निजी साझेदारीमा आधारित दीर्घकालीन योजना
- कृषि, बागबानी र तरकारी उत्पादन बिमा योजना
- एक गाउँ एक उत्पादन केन्द्रित कार्यक्रम
- साना किसान केन्द्रित लघु तथा ड्रिप्स सिँचाइ योजना
- कृषि, बागबानी र पशुपक्षीजन्य उत्पादनको राष्ट्रिय बजारसम्म पहुँच, व्यवस्थापनसहित ढुवानी सेवाका लागि अनुदान कार्यक्रम
- पशुपक्षी धन बिमा योजना

*(ख) कृषिजन्य उत्पादनको औद्योगीकरण (ग्रेडिङ, प्याकिङ, प्रोसेसिङ) र बजारीकरण*

- कृषि, बागबानी, तरकारी र पशुजन्य उत्पादनको

प्याकेजिङ, प्रशोधन र तयारी खाद्यान्न उत्पादनमा निजी क्षेत्र परिचालन ।

- पशुपक्षी क्वारेन्टाइन जाँच सेवा ।
- सार्वजनिक पशु बधशाला निर्माण र मासु पसलको स्तरोन्नति ।

- कृषक सहकारी साझेदारी कार्यक्रम

*(ग) एकीकृत सेवा केन्द्रको विस्तार*

*कृषक सहकारी साझेदारी कार्यक्रम*

- सेवा केन्द्रको क्षमता अभिवृद्धि
- बृहत् पकेट क्षेत्र विस्तार

**२.२ जनपर्यावरण (संस्कृति, प्रकृति र जैविक कृषि प्रणालीको संयोजन) मैत्री पर्यटन विकास**

**(क) सांस्कृतिक पर्यटन**

- पर्यटकीय धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थानको संरक्षण र प्रवर्द्धन
- होमस्टे र जनपर्यावरण मैत्री गाउँको मापदण्ड निर्धारण र विकास
- जातीय सङ्ग्रहालय निर्माण

**(ख) पर्यावरणीय पर्यटन**

- प्राकृतिक मनोरम र जैविक विविधता अवलोकन स्थानको संरक्षण र प्रवर्द्धन
- सिमसार, ताल, झरना र गुफा क्षेत्र संरक्षण र विस्तार
- पदयात्रा, जलयात्रा र साहसिक खेल प्रवर्द्धन
- पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रको लगानी, सहकार्य र सहभागिता

**(ग) पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकास**

- होटल, रेस्टुराँ, अतिथि घर, होमस्टेको मापदण्ड निर्धारण र सहजीकरण
- अतिथि सत्कार र पर्यटन उद्योगका लागि जनशक्ति विकास कार्यक्रम
- पर्यटन, अतिथि सत्कार र लघु उद्यम विकास शाखाको सबलीकरण कार्यक्रम

**२.३ वित्तीय परिचालन र सहकारी विकास**

- सम्पूर्ण घरधुरीलाई समूहमा आबद्ध गराई समूह परिचालन
- समूहलाई सहकारीमा आबद्ध गराई वित्तीय परिचालन
- उत्पादन सहकारीको विकास
- सहकारी तथा वित्तीय संस्थाको क्षमता विकास कार्यक्रम
- बचत तथा ऋण सहकारीको व्यावसायिक विकास
- सहकारी र सामाजिक शाखाको संस्थागत क्षमता अभिवृद्धि

**२.४ उद्योग व्यवसाय प्रवर्द्धन र उद्यमशीलता विकास**

- लघु उद्यम तथा व्यवसाय व्यवस्थापन, नियमन र प्रवर्द्धन
- स्थानीय बजारको माग र आपूर्तिका आधारमा व्यवसाय सञ्चालनमा सहजीकरण
- उद्यम तथा व्यवसायमा लगानीका लागि सहजीकरण
- उद्योग र पर्यटन व्यवसायको प्रवर्द्धनमा निजी क्षेत्रको लगानी
- प्रविधि हस्तान्तरण र सबलीकरण
- रोजगार क्षेत्र विस्तार
- उद्यम विकास शाखाको क्षमता अभिवृद्धि

**३. सामाजिक विकासका लागि सार्वजनिक उत्तरदायित्व**

३.१ शिक्षा : सबैका लागि अनिवार्य माध्यमिक शिक्षा

र गुणस्तरीय शिक्षण पद्दति

- सबैका लागि शिक्षा (निरक्षरता उन्मूलन)
- प्रविधि र जीवन उपयोगी शिक्षा
- विद्यालयको शैक्षिक गुणस्तरमा स्तरोन्नति
- गुणस्तरीय शिक्षाका लागि सहजीकरण र नियमनकारी संयन्त्र निर्माण
- व्यावसायिक एवम् प्राविधिक शिक्षा प्रवर्द्धन
- निर्धारित मापदण्डका आधारमा बालमैत्री शिक्षण विधि अवलम्बन
- विशेष सामाजिक र शारीरिक अवस्थाका बालबालिकाका लागि विशेष सहयोग (खाजा, पोसाक, छात्रवृत्ति, यातायातका साधन आदि)
- शिक्षा समिति र शिक्षा शाखाको क्षमता अभिवृद्धि

## ३.२ स्वास्थ्य : स्वस्थ शरीर, दीर्घजीवन

- सबै स्वास्थ्य चौकीमा सुत्केरी सेवा र सबै प्रसूति स्वास्थ्य संस्थामा
- सबैका लागि सबै पूर्णखोप
- सबैका लागि सहज स्वास्थ्य सेवा
- अत्यावश्यक औषधी र कोल्डचेन व्यवस्थापन
- हरेक वडा स्तरमा कम्तीमा एक सामुदायिक स्वास्थ्य केन्द्र
- सबैका लागि स्वास्थ्य कार्यक्रम (सहरी घुम्ती स्वास्थ्य क्लिनिकसमेत)
- स्वास्थ्य बिमा कार्यक्रम
- निजी तथा सामुदायिक अस्पताल र नर्सिङ होम सञ्चालन मापदण्ड निर्धारण तथा सेवा नियमावली निर्माण र अनुगमन
- विशेषज्ञता सहितको १५ शय्याको अस्पताल सञ्चालन
- थेरापी र प्राकृतिक उपचार सहितको आयुर्वेद सेवा
- स्वास्थ्य समिति र स्वास्थ्य शाखाको क्षमता अभिवृद्धि

## ३.३ खानेपानी, सरसफाइ तथा स्वच्छता

- स्वच्छ खानेपानीको सहज आपूर्ति र सबैको पहुँच ।
- मध्यम स्तरमा खानेपानीको स्तरोन्नति
- एक घर एक मिटरसहित धारा
- खुला दिसामुक्तपछि अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप शतप्रतिशत स्वच्छ अभियान
- सबै स्कुलमा इन्सिलेटरसहित पूर्णरूपमा सुरक्षित फोहोर विसर्जन
- मा.वि. स्कुलमा छात्रालाई निःशुल्क सेनेटरी प्याड वितरणसहित आराम कक्षको व्यवस्था
- ढलको ट्रिटमेन्टपछि मात्र खोलामा विसर्जन
- खानेपानी, सरसफाइ तथा स्वच्छ समितिको क्षमता अभिवृद्धि

## ३.४ युवा, खेलकुद र संस्कृति

- हरेक वडामा एक युवा रोजगार र शिक्षा सूचना केन्द्र
- हरेक वडामा एक कभर्ड हल र खेलमैदान व्यवस्थापन
- स्थानीय ऐतिहासिक, पुरातात्विक र जैविक महत्वका सम्पदाको स्थानीय भाषामा खोज अनुसन्धान र अनुवाद
- जातीय मौलिक संस्कृति संरक्षण र प्रवर्द्धनका लागि अन्तरपुस्ता हस्तान्तरण
- स्थानीय गौरवका रूपमा रहेका पाटीपौवा, फलैंचा, गुठी, पुस्तकालयको संरक्षण
- जैविक तथा मानव निर्मित मौलिक ज्ञान, सीप तथा प्रविधिको दर्ता, अभिलेखन र पेटेन्ट अधिकारका लागि जागरण
- सुरक्षित र सम्मानयुक्त रोजगारी, सबैको जिम्मेवारी
- व्यावसायिक खेलकुदको विकासमा पालिकाको साझेदारिता,

## ४. मापदण्डयुक्त भौतिक पूर्वाधार विकास र बस्ती व्यवस्थापन

### ४.१ मापदण्डयुक्त सडक र पुल निर्माण र विस्तार

- बन्दीपुर गाउँपालिकाभित्र निर्माण हुने सडकलाई चार किसिमका मापदण्डमा निर्माण गर्ने (क.३० मिटर, ख.१६ मिटर, ग.१० मिटर, घ. ८ मिटर र ङ. ६ मिटर चौडाईका सडक)
- बस्ती तथा वडा जोड्ने पक्की रिङ्रोडको स्तरोन्नति
- बजार तथा बस्ती जोड्ने पुल निर्माण
- गाउँपालिकाका सबै वडा केन्द्र जोड्ने रिङ्रोड, बजार केन्द्रको राष्ट्रिय राजमार्गसँग सम्पर्क विस्तार
- राष्ट्रिय राजमार्गको अतिक्रमण रोकथाम र पैदल सडक सुधार

**खेलकुद विकास समितिको क्षमता अभिवृद्धि**

### ४.२ आर्थिक विकासका लागि भौतिक पूर्वाधार विकास

- उद्योग, वाणिज्य क्षेत्र सँगको साझेदारी तथा समन्वयमा पर्यटन क्षेत्र निर्माणका लागि बाटो, बिजुली, सुरक्षा संयन्त्र विस्तार
- गण्डकी प्रदेशको क्षेत्रीय यातायात टर्मिनल व्यवस्थापन र नगर बसपार्क विकास
- बृहत् एकीकृत गोदाम क्षेत्र निर्माण
- पालिका स्तरको स्टेडियम निर्माण
- बन्दीपुरको मौलिकता झल्काउने घर निर्माण
- साहसिक खेलका लागि खुला स्थान, पैदल मार्ग र पूर्वाधार विकास
- हिमाल तथा प्राकृतिक सुन्दरता अवलोकन स्थल, सिटीहल र टावरको निर्माण

### ४.३ सूचना तथा सञ्चार

- सबै बस्तीमा इन्टरनेट सेवाको विस्तार
- पालिकाका सबै अभिलेखलाई डिजिटल प्रणालीमा व्यवस्थापन
- पालिकाभित्र सञ्चालन हुने एफएम, टेलिभिजन लगायत प्रिन्ट तथा अनलाइन सञ्चारका माध्यमको क्षमता अभिवृद्धि
- पर्यटन, कृषि तथा पशुपालन, लघु उद्यम र अन्य व्यवसायका लागि आवश्यक प्रविधि र सूचनाको ई-सूचना केन्द्र व्यवस्थापन

### ४.४ बस्ती विकास र आवास व्यवस्थापन

- नयाँ भवन निर्माण संहिता र न्यूनतम मापदण्ड नियमन
- नयाँ बस्ती विकास आयोजना सार्वजनिक-निजी साझेदारीमा एकीकृत बस्ती विस्तार
- पुराना बस्तीको स्तरोन्नति (खानेपानी, ढल, बाटो, चोक तथा पार्क, बिजुली, सामुदायिक भवन आदि)
- बालउद्यान, ज्येष्ठ नागरिक विश्राम केन्द्र, आवस गृह, सामुदायिक पुस्तकालय, पार्क विस्तार
- सुकुम्बासी र न्यून आय हुने परिवारका लागि आवास
- व्यापारिक हवका रूपमा विस्तार हुनसक्ने गरी बजार संरचनाको विकास र विस्तार
- हराभरा सहर र एक बस्ती एक पार्क
- खेलकुदका लागि भौतिक पूर्वाधार विकास
- मापदण्डका आधारमा नयाँ बस्ती र बजार क्षेत्र विकास र विस्तार
- पुराना बस्ती तथा बजार क्षेत्रको सांस्कृतिक नक्साङ्कन र मापदण्डको अध्यावधिक
- हरेक बस्तीमा एक सामुदायिक भवन र बालबालिकाका लागि पार्क निर्माण

## २.५. वातावरण संरक्षण र विपद् व्यवस्थापन

### २.५.१ वन तथा वातावरण संरक्षण र सम्वर्द्धन

- सामुदायिक वन संरक्षण, व्यवसायीकरण र व्यवस्थापन
- पर्यावरणीय सन्तुलन, सिमसार र जलाधार क्षेत्र संरक्षण र विस्तार
- सिमसार क्षेत्र संरक्षण र कृत्रिम ताल विकास
- सबै साना खोलाको जलाधार क्षेत्र संरक्षण र खोल्सा सुधार र तटबन्ध
- खानी व्यवस्थापन

### २.५.२ विपद् व्यवस्थापन

- विपद् व्यवस्थापन गुरूयोजना निर्माण र कार्यान्वयन
- तत्काल उद्धार र वारूण यन्त्र सेवा लगायत आपत्कालीन सेवा सबलीकरण
- सिमसार क्षेत्र संरक्षण तथा नदी नियन्त्रण
- विपद् जोखिम विश्लेषण र सूचना, सञ्चार र सचेतीकरण अभियान
- फायर लाइन, वन्यजन्तु नियन्त्रण लाइन र पहिरो तथा बाढी प्रभाव लाइनको किटान
- खोज तथा उद्धार कार्यका लागि आवश्यक दक्ष जनशक्ति (पालिका प्रहरी, अग्नि नियन्त्रक, उद्धारकर्मी आदि) को क्षमता अभिवृद्धि
- आपत्कालीन सामूहिक आश्रयस्थल, अति आवश्यक सामग्रीको सञ्चय, उपकरण (वारूण यन्त्र, उद्धार उपकरण, आपत्कालीन सञ्चार सामग्री खाद्यान्न व्यवस्थापन आदि),

### २.५.३ प्राकृतिक स्रोत सम्पदाको संरक्षण र भू–उपयोग

### २.५.४ प्राकृतिक स्रोत सम्पदाको संरक्षण

- खानी तथा खनिज पदार्थ उत्खननले प्रकृतिलाई पुर्‍याउने क्षति न्यूनीकरण
- खानी क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन

### २.५.५ बस्ती व्यवस्थापन, कृषि र वन संरक्षण र भू-उपयोग नीति

*(क) व्यवस्थित बस्तीका लागि चक्लाबन्दी*

- आवास क्षेत्रका लागि एकीकृत भूमि विकास
- औद्योगिक क्षेत्रका लागि एकीकृत भूमि विकास
- सार्वजनिक उद्यान तथा पार्क, साप्ताहिक बजार क्षेत्र विकास
- धर्मिक तथा सांस्कृतिक क्षेत्र,
- नदी वा ताल क्षेत्र

**(ख) कृषि क्षेत्रको चक्लाबन्दी**

- जमिनको उत्पादकत्व, सिँचाइ र भौगोलिक अवस्थाको आधारमा भूमिको वर्गीकरण, कृषि क्षेत्र निर्धारण र नीति निर्माण
- भूमिको स्वामित्वका आधारमा वर्गीकरण र सिमाना निर्धारण (ऐलानी, गुठी, रैकर र सरकारी जमिनको डिजिटल नक्साङ्कन)
- कृषि क्षेत्रका लागि एकीकृत भूमि विकास

**(ग) वन क्षेत्रको संरक्षण**

- वनको घनत्व, प्राकृतिक विविधता र भौगोलिक अवस्थितिको आधारमा वनको वर्गीकरण, वन क्षेत्र निर्धारण र नीति निर्माण
- वनको स्वामित्व र संरक्षणका आधारमा वर्गीकरण र प्रवर्द्धन
- वन तथा सिमसार क्षेत्र निर्धारण, संरक्षण, सीमा स्तम्भ, जैविक बारको व्यवस्थापन

### २.५.६ गयल भूस्वामी जमिन व्यवस्थापन र भूमि बैङ्कको सिर्जना

- भूमि बैङ्क नीति तथा कार्यक्रम व्यवस्थापन
- जमिनको एकीकरण पूर्व पकेट क्षेत्रको घोषणा

- जमिनमा काम गर्न नसक्ने भूमिपतिलाई स्वयम् कुत निर्धारण गर्ने व्यवस्था
- व्यावसायिक उपयोगका लागि भूमि उपलब्धता

## २.६. निजी, सहकारी र सार्वजनिक साझेदारी र सामाजिक परिचालन

निजी क्षेत्रसँगको साझेदारी

सहकारी प्रवर्द्धनका लागि सामाजिक परिचालन

कृषक सशक्तीकरण र प्रविधि हस्तान्तरण

**सामाजिक सुरक्षा र संरक्षण**

**सामाजिक सुरक्षा संयन्त्र व्यवस्थापन**

- न्यायिक तथा मध्यस्थता समितिको सबलीकरण
- बाल संरक्षण समितिको सबलीकरण
- ज्येष्ठ नागरिक, दलित, असहाय र एकल महिलाका लागि पालिकाको विशेष सुरक्षा कार्यक्रम
- सडक बालबालिकाको सुरक्षा र बाल सुधारगृहको व्यवस्थापन
- हिंसा प्रभावितको संरक्षण संयन्त्र र पुनर्स्थापना केन्द्र व्यवस्थापन
- सबै नागरिकको बैङ्क खाता र बिमा व्यवस्थापन
- योगदानमा आधारित निवृत्तिभरण तथा सुरक्षा कार्यक्रम

**लक्षित समूह संरक्षण**

- लैङ्गिक उत्तरदायी सार्वजनिक सेवा
- हिंसा प्रभावित महिलासँग उपाध्यक्ष अभियान
- बालमैत्री वातावरण निर्माण
- आपाङ्गता मैत्री वातावरण निर्माण
- गरिब, दलित, लोपोन्मुख तथा सामाजिक रूपमा अति पछाडि परेका समुदायको समावेशीकरण र संरक्षण
- जातीय भेदभाव मुक्त क्षेत्र घोषणा
- ज्येष्ठ नागरिक सुरक्षा र संरक्षण
- सार्वजनिक जीवनमा ख्याति कमाएका नागरिकका लागि सम्मान तथा वृत्तिभरण

## २.७ स्रोत व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन

### २.७.१ वित्त व्यवस्थापन र परिचालन रणनीति

- प्रचलित ऐन कानुन अनुसारको कर र शुल्क निर्धारण
- प्रदेश सरकारबाट प्राप्त अनुदान परिचालन
- सङ्घीय सरकारबाट प्राप्त अनुदानमा साझेदारी
- गैरसरकारी क्षेत्रमा प्राप्त सहयोग कार्यक्रम
- दातृ निकायबाट प्राप्त अनुदान तथा ऋण
- बचत तथा ऋण लगायतका सहकारी परिचालन
- बैङ्क तथा वित्तीय क्षेत्र सँगको साझेदारी
- विप्रेषणको लगानी

### २.७.२ अनुगमन मूल्याङ्कन मापदण्ड

- कार्यक्रमको प्रभाव मूल्याङ्कन
- ऐन, नीति र कार्यक्रम
- लक्ष्य निर्धारण र प्राप्त नतिजा लेखाजोखा
- बजेट र नतिजा
- तथ्याङ्क व्यवस्थापन र अध्यावधिक सूचक

परिच्छेद : तीन

# क्षेत्रगत रणनीति, योजना र कार्यक्रम

## ३.१ संस्थागत विकास, सुशासन र सार्वजनिक सेवा

### औचित्य

नेपालको संविधान २०७२ ले स्थानीय, प्रदेश र सङ्घ गरी तीन तहको प्रशासनिक संरचनाको व्यवस्था गरेको छ । सङ्घीयताको अवधारणा अनुसार राज्यका सेवालाई सन्निकटको सिद्धान्त अनुरूप स्थानीय तहबाट प्रत्यक्ष सेवा दिन सकिने संयन्त्रको प्रशासनिक अधिकार प्रत्यायोजन गरेको छ । संविधानले व्यवस्था गरे अनुसार स्थानीय तहलाई एकल र साझा अधिकारको व्यवस्था गरी राज्य सेवामा विविधीकरण गरिएको छ । संविधानको धारा ५७, २१४, २२१, २२६ अनुसार स्थानीय तहलाई एकल अधिकारको व्यवस्था गरिएको छ । धारा ५७ ले स्थानीय तहलाई कानुन बनाई अनुसूची-८ मा उल्लेख भएका अधिकारको प्रयोग गर्नसक्ने अधिकार दिइएको छ । भाग १७ ले स्थानीय कार्यपालिका, भाग १८ ले स्थानीय व्यवस्थापिकाको व्यवस्था गरी अनुसूची ८ र ९ बमोजिम कानुन बनाउने अधिकार दिएको छ । भाग १९ ले आर्थिक प्रशासन, कर, राजस्व, प्रदेश तथा सङ्घबाट प्राप्त हुने अनुदान, ऋण रकम र सञ्चित कोषका बारेमा व्यवस्था गरेको छ । भाग २० ले समानान्तर तह, स्थानीय र प्रदेश, प्रदेश र सङ्घ सरकारको समन्वय, सहकार्य र साझा अधिकारको कार्यान्वयन विधिका बारेमा उल्लेख गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले संविधानको भावना अनुकूल स्थानीय शासन पद्दति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न अधिकार तथा कर्तव्यको प्रस्ताव गरेको छ । तीनवटा तहको बीचमा हुने सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्ने र स्थानीय तहबाट प्रवाह हुने सेवा गुणस्तरीय, पारदर्शी, उत्तरदायित्व र जनसहभागिता सुनिश्चित गर्नु रहेको छ ।

संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएका अधिकार, कर्तव्य र सुविधाका आधारमा स्थानीय तहको सरकारले दिनसक्ने सार्वजनिक सेवा र सेवा प्रदायकको क्षमता अभिवृद्धिका योजनालाई यस शीर्षक अन्तर्गत समावेश गरिएको छ ।

सङ्घीय शासनको अभ्यास हामी नेपालीका लागि नवीन अनुभव भएको हुँदा संस्थागत सुदृढीकरण र सेवा प्रदायकको क्षमताले प्रत्यक्ष नागरिक सेवा प्रभावित हुनेगर्दछ । सङ्घीयताको मूल अवधारणा भनेको राज्यका सेवालाई नजिक भएर तुरुन्त प्रदान गर्ने हैसियत राख्नु हो । चुस्त र दुरूस्त सेवा सङ्घीय शासन व्यवस्थाका गहना हुन् । यस योजनाले

नागरिकलाई सरकारको सन्निकट र आफ्नोपनको महसुस गर्ने वातावरण दिन सक्नुपर्दछ ।

## हालको अवस्था

नेपालको संविधान २०७२ को अनुसूचीमा उल्लेखित प्रावधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहलाई कानुन बनाउने अधिकारको व्यवस्था गरिएको छ । हरेक आर्थिक वर्षका लागि आर्थिक विधेयक (ऐन) बनाई स्रोत तथा खर्चको अनुमान परिषद्बाट स्वीकृत गर्नुपर्ने व्यवस्था गरेको छ भने अन्य ऐनको तर्जुमा गरी शासन व्यवस्था सञ्चालन गर्नुपर्ने प्रावधान छ । स्थानीय तहले निर्माण गर्नुपर्ने ऐनमा (क) स्थानीय कर, सेवा शुल्क, दस्तुर तथा राजस्व दर निर्धारण (ख) सरकारी सम्पत्तिको सुरक्षा र संरक्षण (ग) स्थानीय तहको नीति, कानुन, मापदण्ड र निर्णय कार्यान्वयन संयन्त्र परिचालन (पालिका प्रहरी संयन्त्र) (घ) सहकारी संस्था दर्ता तथा नियमन (ङ) सञ्चार प्रतिष्ठान एवम् एफ.एम. सञ्चालन (च) स्थानीय सेवा व्यवस्थापन (कर्मचारी सेवा) (छ) भवन तथा पूर्वाधार निर्माण मापदण्ड (ज) विकास आयोजना तथा परियोजनाको तर्जुमा, मापदण्ड र अनुगमन एवम् मूल्याङ्कन गर्न (झ) स्थानीय तथ्याङ्क तथा अभिलेखन (ञ) पर्यटन विकास तथा प्रवर्द्धन (ट) आधारभूत तथा माध्यमिक शिक्षा (ठ) आधारभूत स्वास्थ्य र सरसफाइ (ड) बजार व्यवस्थापन र उपभोक्ता संरक्षण (ढ) वन, वातावरण र जैविक विविधता संरक्षण (ण) सडक तथा बसपार्कको मापदण्ड (त) गाउँपरिषद् तथा सभा सञ्चालन (थ) स्थानीय विवाद सहजीकरण, मेलमिलाप र मध्यस्थता (द) कृषि, पशुपक्षीपालन, उत्पादन, बिमा र बजार व्यवस्था (ध) सामाजिक सुरक्षा र लक्षित समूहको पुनर्स्थापना (न) लघु जलविद्युत् तथा ऊर्जा व्यवस्थापन (प) विपद् पूर्वतयारी र व्यवस्थापन (फ) खानी तथा खनिज पदार्थको संरक्षण (ब) वन्यजन्तु र जलाधार क्षेत्र संरक्षण (भ) भाषा संस्कृति र ललितकला संरक्षण (म) लैङ्गिक समानता तथा समावेशीकरण (य) खेलकुद विकासलाई सूचीबद्ध गरिएको छ । यसका अलावा निजी तथा सहकारी क्षेत्र सँगको साझेदारी विकास, गैरसरकारी संस्थाको दर्ता तथा परिचालन र अन्य आवश्यक विषयमा सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी ऐन तथा निर्देशिका निर्माण गर्नुपर्ने विषयलाई यस शीर्षक अन्तर्गत राखिएको छ ।

बन्दीपुर गाउँपालिकाले माथि उल्लेख गरिएका विषयमा ऐन निर्माण गरिसकेको छ भने बाँकी क्षेत्र समेट्ने गरी ऐन तथा निर्देशिका क्रमशः निर्माण गर्दै जानेछ । व्यवस्थापकीय जिम्मेवारीका रूपमा रहेका विभिन्न समिति र उप-समितिको परिचालन र व्यवस्थापन गर्न नियमावली तथा निर्देशिका जारी गरी काम कारबाही जवाफदेही र जिम्मेवार बनाउनुपर्ने आवश्यकता छ ।

बन्दीपुर गाउँपालिकाले हालसम्म २६ वटा कानुनको निर्माण गरिसकेको छ । पालिकाको परिषद् सञ्चालन कार्यविधि, विधयेक प्रस्ताव, विधेयक उपरको छलफल र अभिलेखीकरण अभ्यास पूर्ण संसदीय अभ्यासमा आधारित भएर सञ्चालन गर्ने गरेको छ । अन्य पालिकाले पनि बन्दीपुरको अनुकरण गर्न लायक यस अभ्यासलाई परम्पराका रूपमा विकास गर्दै लैजानुपर्ने अवस्था देखिन्छ ।

## प्रमुख समस्या

संविधान भनेको देशमा नागरिक र सरकार बीचमा गरिएको सम्झौताको दस्तावेज मात्र होइन, सरकार सञ्चालन गर्ने दर्शनको आधारपत्र पनि हो । संविधानको भावनालाई ऐनले कार्यगत रूप दिनुपर्दछ । ऐनले तोकेका कार्यगत निर्देशनलाई सेवा प्रदायक एजेन्सी मार्फत गरिने कार्य सम्पादनलाई नियमावलीले स्पष्ट गर्नुपर्दछ । सेवा प्रदायकबाट सम्पादन गरिने सेवाको गुणस्तर र चुस्त दुरुस्त प्रवाह गर्न एवम् कार्यमा एकरूपता कायम गर्न निर्देशिका जारी गरिन्छ । सङ्घीय शासन व्यवस्था सञ्चालन भइसकेपछि कतिपय सेवा

प्रदायक निकायमा कार्यरत जनशक्तिमा देखिएको अस्पष्टता, द्विविधा र अन्यौल पैदा हुनुमा उनीहरू संलग्न प्रदायकलाई निर्देशिका जारी हुन नसक्नु वा छिटोछिटो फेरबदल हुनुलाई पनि मान्न सकिन्छ । पालिकाले सञ्चालन गर्ने आवधिक, गुरूयोजना तथा विशेष योजनाको कार्यान्वयन प्रभावकारी एवम् दिगो बनाउन विभिन्न ऐनमा आधारित नियमावली र विषयगत निर्देशिका निर्माण गर्न विज्ञको आवश्यकता देखिन्छ । पालिकाले परिकल्पना गरेको समग्र लक्ष्य, उद्देश्य र योजना अनुरूप कार्यसम्पादन गर्न सेवा प्रदायक संस्था, जनशक्ति र क्षमताको अवस्थालाई बढाउन सकिएको छैन ।

पालिकाको कार्यसम्पादनमा प्रत्यक्ष रूपमा पालिकाले निर्माण गर्ने संयन्त्रको हात रहे पनि अप्रत्यक्ष रूपमा प्रदेश र सङ्घीय सरकारका ऐन, नियम, निर्देशिका र संयन्त्रको पनि उत्तिकै भूमिका रहेको हुन्छ । अतः संयन्त्र निर्माण र निर्देशिका तयार गर्न कम्तीमा प्रदेश सरकारसँग समन्वय गर्न आवश्यक हुन्छ ।

## चुनौती तथा अवसर

हाल सङ्घीय सरकारबाट कतिपय सवालमा कस्तो संयन्त्र र मानव जनशक्ति निर्माण गर्ने स्पष्ट भई नसकेको अवस्थामा पालिकाले निर्माण गर्ने संयन्त्रमा फेरबदल हुन सक्दछ । सङ्घीय सरकारको निर्णय कुरेर बस्दा नागरिकमा तुरुन्त दिनुपर्ने सेवा तथा वस्तु दिन विलम्ब भई विकास प्रक्रिया अवरुद्ध हुन जान्छ । अतः बन्दीपुर गाउँपालिकाले दिने सार्वजनिक सेवालाई नीतिगत सुधार, अन्तरसमन्वय, सस्थागत संरचनामा सुधार र सुशासन, जवाफदेहिता एवम् पारदर्शी बनाउने विषयलाई चुनौतीका रूपमा लिन सकिन्छ । विशेषगरी संरचनागत रूपमा भौतिक पूर्वाधर र जनशक्तिको व्यवस्थापन अर्को चुनौतीका रूपमा रहेको छ । राज्यको पुनः संरचनाको अवस्थामा पालिकाले परिकल्पना गरेका सोचमा आधारित भई मानव संसाधन र पूर्वाधार विकास गर्न अवसरका रूपमा लिन सकिन्छ ।

## क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

"शीघ्र सेवा र तीव्र विकासका लागि बन्दीपुर गाउँपालिका" भन्ने सोचका साथ सार्वजनिक सेवा अझ बढी प्रभावकारी र चुस्त बनाउन संस्थागत विकास गर्ने लक्ष्य राखिएको छ । पालिकामा सेवा लिन आउने सेवाग्राहीले सरकार सँगको सन्निकटको पूर्णप्रत्याभूति गर्ने, पालिकालाई आफ्नो संरक्षण र अभिभावकको रूपमा महसुस गर्ने र सामाजिक सेवामा तत्पर संस्थाका रूपमा प्रस्तुत गर्न सक्नेगरी योजना निर्माण गर्न लागिएको छ । सार्वजनिक सेवा र पालिकाको आन्तरिक क्षमता अभिवृद्धि योजनाको उद्देश्य निम्न अनुसार रहेको छ ।

- सङ्घीयताको सिद्धान्त, संविधान र स्थानीय सरकार सञ्चालन ऐनका प्रावधान अनुसार स्थानीय सरकारलाई आवश्यक ऐन, नियमावली र निर्देशिका तयार गर्ने,
- व्यवस्थापिकालाई विकास, विकास प्रतिको दृष्टिकोण र कार्य योजनामा केन्द्रित छलफल सभाका रूपमा विकास गर्ने विषयगत समितिको सबलीकरण गर्ने,
- पालिकाको संस्थागत स्मरण, अभिलेख र तथ्याङ्कको प्रभावकारी व्यवस्थापन गर्ने सेवा प्रदायक शाखाको क्षमता अभिवृद्धि गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| कानुनी तथा नीतिगत व्यवस्था र अध्यावधि | ▪ ऐनको निर्माण र संशोधन गर्ने<br>▪ नियमावली र निर्देशिका निर्माण गर्ने<br>▪ नीति निर्माण र अध्यावधि गर्ने<br>▪ कार्यकारिणी समिति अन्तर्गतका उप-समितिको कार्यसम्पादन निर्देशिका तयार गर्ने |
| सेवा प्रदायकको संस्थागत संरचनामा सुधार | ▪ वडा समिति र सचिवालय (कार्यालय)को सबलीकरण<br>▪ शाखाको क्षमता अभिवृद्धि<br>▪ पालिकाको भौतिक पूर्वाधार विकास<br>▪ डिजिटल तथ्याङ्कको व्यवस्थापन<br>▪ कर्मचारीको क्षमता अभिवृद्धि<br>▪ विषयगत समितिको कार्ययोजना |
| अन्तरसमन्वय विस्तार र सबलीकरण | ▪ प्रदेश सरकार सँगको समन्वय<br>▪ सङ्घीय सरकारका निकायसँग समन्वय<br>▪ अन्य स्थानीय तह सँगको समन्वय<br>▪ अन्तरशाखा र वडा समन्वय<br>▪ निजी र सहकारी सँगको साझेदारी |
| सुशासन, जवाफदेही र पारदर्शी | ▪ योजना तर्जुमा र अनुगमन निर्देशिका तयार गर्ने<br>▪ हटलाइन टेलिफोन सेवा र कल केन्द्र एवम् डिजिटल प्लेटफर्म सञ्चालन गर्ने<br>▪ विभिन्न विधामा उत्कृष्ट कार्य सम्पादन गर्नेलाई पुरस्कृत<br>▪ सेवाग्राही सन्तुष्टि सर्वेक्षण ड्यास बोर्डमा प्रदर्शन<br>▪ साप्ताहिक कार्य सम्पादन र खर्चको अवस्थालाई ड्यास बोर्डमा प्रदर्शन गर्ने<br>▪ सार्वजनिक लेखा, जेन्डर परीक्षण<br>▪ आयोजना स्थलमा आयोजना सूचना बोर्ड राख्ने |

### ३.१.१ कानुनी तथा नीतिगत व्यवस्था उपक्षेत्र

#### हालको अवस्था

राज्यको पुनः संरचनाको चाहनाको आधारमा स्थानीय तहलाई शासकीय अधिकारको व्यवस्था नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरेको छ । संविधानको अनुसूची-८ ले तोकेका एकल अधिकार सूचीको आधारमा ऐन, नियमावली र निर्देशिका तयार गरिन्छ भने अनुसूची-९ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीको आधारमा एक आपसमा नबाझिने र हस्तक्षेप नहुने गरी कानुन बनाउन सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ ले कानुन बनाउने अधिकार र कार्यविधि तोकेको छ भने १०५ ले प्रदेश समन्वय परिषद्को व्यवस्था गरी रणनीतिक साझेदारी र साझा अधिकार क्षेत्रको प्रयोगका लागि समन्वय एवम् नीतिगत सामञ्जस्यता कायम गर्ने विषयलाई तोकेको छ । दफा १०६ ले सङ्घीय तथा प्रदेश सरकारले स्थानीय तहलाई सहयोग, समन्वय र सहजीकरण

गर्ने विषय स्पष्ट गरेको छ । उक्त दफा अनुसार माथिका तहले पालिकाको बजेट तथा योजना निर्माण गर्नु अगावै प्राथमिकता, मार्गदर्शन र मापदण्ड तोक्ने, पालिकाको क्षमता अभिवृद्धि गर्न र कार्य सम्पादन एवम् क्षमताका आधारमा थप योजना तथा स्रोतको निकासा गरी सहयोग गर्न सक्दछन् ।

बन्दीपुर पालिकाले हालसम्म २६ वटा ऐन र आवश्यकता अनुसार अन्य निर्देशिका तयारी गरी कार्यान्वयनमा ल्याइसकेको अवस्था छ । आर्थिक ऐनको निर्माण हरेक वर्षको वर्षे अधिवेशनमा पास गर्ने गरिएको छ । लोकतन्त्रको सर्वमान्य सिद्धान्त अनुसार जनप्रतिनिधिको निर्णय बिना जनतामा कर, दायित्व वा सेवा दस्तुर तथा राजस्व उठाउन पाइँदैन । पालिकाले संसदीय पद्दति अनुसार अर्थ विधेयक उपर छलफल गरी ऐनका रूपमा पारित गरेको छ र अन्य ऐन पनि त्यस्तै प्रक्रियाबाट निर्माण गरिएका छन् ।

## प्रमुख समस्या

हाल स्थानीय तहले कानुन, नीति निर्माणका सवालमा झेल्नुपरेको समस्याका रूपमा स्थानीय परिवेश अनुसार विधयेक तयार गर्ने दक्ष जनशक्ति उपलब्ध हुन नसक्नु नै हो । दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न, राष्ट्रिय पञ्चवर्षीय योजना, राष्ट्रिय प्राथमिकताका क्षेत्रलाई योजना तथा नीतिमा समावेश गर्न सकिएको छैन । पालिकालाई प्रदेश सरकारले यस्ता क्षेत्रमा काम गर्न सक्ने क्षमता अभिवृद्धि वा परामर्श सेवाको व्यवस्था गर्न सहयोग गरिरहन सकेको छैन । सङ्घीय तथा प्रदेश सरकारबाट प्रदान गर्नुपर्ने मापदण्ड, निर्देशिका र निर्देशनलाई नियमित एवम् दोहोरो पृष्ठपोषणका आधारमा आदानप्रदान गर्न सकिएको अवस्था देखिँदैन ।

## चुनौती तथा अवसर

सङ्घीयताको अभ्यासमा पालिकाको अनुभव नेपालका लागि सुरूवातको अवस्था भएको हुँदा कतिपय सवालमा धारणागत र अभ्यासगत स्पष्टता पाइँदैन । दुई वर्षको कार्यकाल सम्मको अनुभव र शक्ति विकेन्द्रीकरणमा आधारित स्थानीय सरकार सञ्चालनका अभ्यासका आधारमा संयन्त्र निर्माण भएका छन् । अबको योजनाले सङ्घीयताको भावनाका आधारमा शासन व्यवस्था सञ्चालन गर्न आवश्यक संयन्त्र, जनशक्ति र पद्दति तयार गर्नु आफैँमा एक चुनौती र अवसरका रूपमा रहेको छ । दिगो विकास लक्ष्यले प्रभावकारी र जवाफदेही स्थानीय तहको क्षमता अभिवृद्धिबाट मात्र संयुक्त राष्ट्रसङ्घले परिकल्पना गरेको नतिजा हासिल गर्न सक्दछ भन्ने स्वीकार गरेको छ । दिगो विकासका लक्ष्य हासिल गर्न सक्ने र व्यवस्थित अभिलेखन तयार गर्न सक्ने संयन्त्र, पूर्वाधार र जनशक्ति तयार गर्नु पनि अर्को चुनौती रहेको छ ।

## उपक्षेत्रगत परिकल्पना, लक्ष्य, उद्देश्य र विधि

कानुनी शासन, मानव अधिकारको सम्मान र नागरिक स्वतन्त्रताको प्रत्याभूति गर्न पालिकालाई विधिसम्मत सञ्चालन गरी लोकतन्त्रको संस्थागत विकास गर्ने परिकल्पना गरिएको छ । सङ्घीयतालाई सबलीकरण गर्दा नागरिकलाई सार्वभौम अधिकारको प्रयोग गर्न हौसला र जागरण पैदा गर्नु सार्वजनिक सेवा प्रवाह र पालिकाको संस्थागत विकासको लक्ष्य हो । नागरिकले प्रत्यक्ष लोकतन्त्रको अभ्यासलाई अनुभूत गर्ने अवसर प्राप्त गर्नु र सन्निकटको शासन पद्दतिबाट राज्यको संरक्षण प्राप्त गर्ने वातावरण तयार गर्नुलाई अर्को लक्ष्यका रूपमा मान्न सकिन्छ । यस योजनाका उद्देश्य यस प्रकार रहेका छन् ।

- विधिको शासनको सबलीकरण गर्ने
- पालिकाको दैनिक प्रशासन सञ्चालन र सेवा प्रवाहका लागि आवश्यक कानुन तर्जुमा गर्ने
- पालिकाका लागि आवश्यक नीति तयार गर्ने

## कार्यान्वयन विधि

- सहभागितात्मक छलफल र विज्ञ सँगको राय
- विज्ञ परामर्श सेवा
- राजनीतिक सहमति

## प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (परिमाण तहको) | इकाइ | भौतिक लक्ष्य | अनुमानित बजेट आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि | खर्चको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| १.१ | व्यवस्थापकीय क्षमता अभिवृद्धि कार्यक्रम | संसदीय अभ्यास तालिम | तालिम सङ्ख्या | १ | १८० | विधायन समिति | चालू आ.व. | निरन्तर | पालिका |
| | | विषगत समिति सञ्चालन निर्देशिका | निर्देशिका | ६ | ६०० | विधायन समिति | चालू आ.व. | निरन्तर | पालिका |
| | | अभिलेख (राजपत्र) | राजपत्र प्रकाशन सङ्ख्या | २ | १०० | विधायन समिति | चालू आ.व. | निरन्तर | पालिका |
| १.२ | कानुन तर्जुमा एवम् संशोधन | विधेयक मस्यौदा समिति | समितिको बैठक सङ्ख्या | ६ | ६०० | विधायन समिति | चालू आ.व. | निरन्तर | पालिका |
| | | विज्ञको परामर्श सेवा | विधेयक सङ्ख्या | १० | १००० | विधायन समिति | चालू आ.व. | निरन्तर | पालिका |
| | | सार्वजनिक महत्वको विधेयक उपर परामर्श छलफल | छलफल सङ्ख्या | २ | १०० | विधायन समिति | चालू आ.व. | निरन्तर | पालिका |
| १.३ | नीति, निर्देशिका र मापदण्ड निर्माण तथा संशोधन | आवश्यकता पहिचान | छलफल सङ्ख्या | ५ | ६० | विधायन समिति | चालू आ.व. | निरन्तर | पालिका |
| | | तर्जुमा | सङ्ख्या | १० | ५०० | विधायन समिति | चालू आ.व. | निरन्तर | पालिका |
| | | विज्ञ परामर्श सेवा | सेवा सङ्ख्या | १० | १००० | विधायन समिति | चालू आ.व. | निरन्तर | पालिका |
| | | अभिलेखन तथा प्रकाशन | प्रकाशन | | १०० | विधायन समिति | चालू आ.व. | निरन्तर | पालिका |

### अपेक्षित नतिजा र अनुगमन/मूल्याङ्कन खाका

गाउँपालिकाले तर्जुमा गर्नुपर्ने कानुन तथा निर्देशिका निम्न अनुसार रहेका छन् । यद्यपि आवश्यकता अनुसार थप्न सकिनेछ ।

- स्थानीय कर, सेवा शुल्क, दस्तुर तथा राजस्व दर निर्धारण
- सरकारी सम्पत्तिको सुरक्षा र संरक्षण
- स्थानीय तहको नीति, कानुन, मापदण्ड र निर्णय कार्यान्वयन संयन्त्र परिचालन (पालिका प्रहरी सहित)
- सहकारी संस्था दर्ता तथा नियमन
- सञ्चार प्रतिष्ठान एवम् एफ.एम. सञ्चालन
- स्थानीय सेवा व्यवस्थापन (कर्मचारी सेवा)
- भवन तथा पूर्वाधार निर्माण मापदण्ड
- विकास आयोजना तथा परियोजनाको तर्जुमा, मापदण्ड र अनुगमन एवम् मूल्याङ्कन निर्देशिका

- स्थानीय तथ्याङ्क तथा अभिलेख सङ्कलन, प्रकाशन र वितरण
- पर्यटन विकास तथा प्रवर्द्धन बोर्ड सञ्चालन
- आधारभूत तथा माध्यमिक शिक्षा ऐन
- आधारभूत स्वास्थ्य र सरसफाइ ऐन
- बजार व्यवस्थापन र उपभोक्ता हित संरक्षण
- वन, वातावरण र जैविक विविधता संरक्षण
- सडक तथा बसपार्कको मापदण्ड
- गाउँपरिषद तथा सभा सञ्चालन ऐन
- स्थानीय विवाद सहजीकरण, मेलमिलाप र मध्यस्थता ऐन
- कृषि, पशुपक्षीपालन, उत्पादन, बिमा र बजार व्यवस्था ऐन
- सामाजिक सुरक्षा र लक्षित समूहको पुनर्स्थापना ऐन
- लघु जलविद्युत् तथा ऊर्जा व्यवस्थापन ऐन
- विपद् पूर्वतयारी र व्यवस्थापन ऐन
- खानी तथा खनिज पदार्थको संरक्षण ऐन
- वन्यजन्तु र जलाधार क्षेत्र संरक्षण ऐन
- भाषा संस्कृति र ललितकला संरक्षण ऐन
- लैङ्गिक समानता तथा समावेशीकरण ऐन
- खेलकुद विकास ऐन
- जमिनको चक्लाबन्दी नीति

## जोखिम अनुमान विश्लेषण विश्लेषण

- प्रदेश ऐनसँग समन्वय
- सीप तथा क्षमता
- राजनीतिक सहमति

## प्रस्तावित मुख्य गतिविधि

| प्रस्तावित मुख्य गतिविधि |
|---|
| संसदीय अभ्यास तालिम |
| विषगत समिति सञ्चालन निर्देशिका निर्माण |
| अभिलेख (राजपत्र) राख्ने तथा प्रकाशन |
| विषयगत समिति सञ्चालन तथा कार्यान्वयन |
| विधेयक मस्यौदा समिति गठन |
| सार्वजनिक महत्वको विधेयक उपर परामर्श छलफल |
| आवश्यकता पहिचान |
| नीति तर्जुमा |
| अभिलेखन तथा प्रकाशन |

## खर्च संरचनाको प्रतिएकाई लागत अनुमान

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रति एकाइ लागत (रू. लाखमा) | तीन वर्षको जम्मा लागत (रू. लाखमा) | पाँच वर्षको जम्मा लागत |
|---|---|---|---|---|---|---|
| १ | उपक्षेत्र : कानुनी तथा नीति व्यवस्था उपक्षेत्र | | | | | |
| १.१ | व्यवस्थापकीय क्षमता अभिवृद्धि कार्यक्रम | संसदीय अभ्यास तालिम | तालिम सङ्ख्या | १.८० | ५.४० | NA |
| | | विषगत समिति सञ्चलन निर्देशिका | निर्देशिका | ६.०० | १८.०० | NA |
| | | अभिलेख (राजपत्र) | राजपत्र प्रकाशन सङ्ख्या | १.०० | ३.०० | ५.०० |
| १.२ | कानुन तर्जुमा एवम् संशोधन | विधेयक मस्यौदा समिति | समितिको बैठक सङ्ख्या | ३.०० | ९.०० | १५.०० |
| | | सार्वजनिक महत्वको विधेयक उपर परामर्श छलफल | छलफल सङ्ख्या | १.०० | ३.०० | ५.०० |
| १.३ | नीति, निर्देशिका र मापदण्ड निर्माण तथा संशोधन | आवश्यकता पहिचान | छलफल सङ्ख्या | ०.६० | १.८० | ३.०० |
| | | तर्जुमा | सङ्ख्या | ५.०० | १५.०० | NA |
| | | अधिलेखन तथा प्रकाशन | प्रकाशन | १.०० | ३.०० | ५.०० |

### ३.१.२ पालिकाको संस्थागत संरचना विकास तथा सुधार उपक्षेत्र

#### हालको अवस्था

सन्निकटको सिद्धान्तमा आधारित सङ्घीय संरचनामा स्थानीय सरकारलाई नागरिकका लागि प्रत्यक्ष सेवा प्रदान गर्ने प्रदायक संरचनाको परिचालन गर्ने जिम्मेवारी रहन्छ । सङ्घीय वा केन्द्रीय सरकारले स्थानीय तहमा रहेका कतिपय संरचना हस्तान्तरण गरी सकेको अवस्था छ । शिक्षा, स्वास्थ्य, कृषि ज्ञान केन्द्र, सेवा केन्द्र, महिला तथा बालबालिका कार्यालय, खानेपानी तथा सरसफाइ कार्यालय, सहकारी कार्यालय, वन तथा भू-संरक्षण कार्यालय, मालपोत तथा नापी कार्यालयका सेवा केन्द्रका भौतिक तथा पूर्वाधार स्थानीय तहलाई हस्तान्तरण गरिसकेको छ वा प्रक्रियामा रहेको अवस्था छ ।

जनशक्तिको पदस्थापन, दरबन्दी मिलान, क्षमता अभिवृद्धि र खर्चको सामान्यीकरणको अभ्यास भइरहेको अवस्था छ भने स्थानीय वा प्रदेश सेवा आयोगले आफ्नो कार्य आरम्भ गरिसकेको अवस्था छैन ।

#### प्रमुख समस्या

स्थानीय तहका सेवा प्रदायक संयन्त्रको निर्देशिका र नियमावलीको निर्माण र कार्यान्वयन गर्न ढिलाइ हुँदा कर्मचारीमा अलमल र निराशा पनि अभिव्यक्त नभएका होइनन् । सेवा प्रदायक संस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, औजार, फर्निचर र आवश्यक दरबन्दीको व्यवस्था भइसकेको अवस्था छैन । कर्मचारीका लागि आवश्यक तालिम, अनुशिक्षण र शैक्षिक भ्रमणको व्यवस्था नहुँदा नयाँ संरचनामा प्रभावकारी कार्य सम्पादन हुन नसकेको देखिन्छ ।

#### चुनौती तथा अवसर

स्थानीय सरकार सञ्चालन ऐन, नियमावली र निर्देशिकाले स्थानीय समुदायलाई सेवा प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गर्नु आफैँमा चुनौती तथा अवसर दुवै हुन् । भौतिक पूर्वाधारको व्यवस्थापन, विज्ञबाट हुने नियमित अनुगमन तथा मूल्याङ्कन र आवश्यक कार्यक्रम सञ्चालन गर्न चाहिने सामग्रीको अभाव वा प्राप्त नहुनुलाई चुनौतीका रूपमा लिन सकिन्छ ।

#### उपक्षेत्रगत परिकल्पना, लक्ष्य, उद्देश्य र कार्यान्वयन विधि

चुस्त संरचना तुरून्त सेवा प्रदान गर्न सेवा प्रदायक संयन्त्रको क्षमतालाई यस उपक्षेत्रको परिकल्पनाका रूपमा लिइएको छ । प्रदायक संस्थाका लागि आवश्यक स्रोत, सामग्रीको आपूर्ति र क्षमता विकास गर्ने लक्ष्य लिइएको छ । योजनाका परिकल्पना र लक्ष्य हासिल गर्न निम्न अनुसारका उद्देश्य लिइएको छ ।

- नतिजामा आधारित जनप्रशासनको अभ्यास गर्ने
- सेवाग्राहीको सन्तुष्टिका आधारमा मूल्याङ्कन पद्दतिको विकास गर्ने
- सूचना र सञ्चार प्रविधिमा आधारित अभिलेखन पद्दति अवलम्बन गर्ने

#### कार्यान्वयन विधि

- कर्मचारीको परिपूर्ति र क्षमता अभिवृद्धि
- कार्यक्रमको आवश्यकता अनुसार प्रविधिको प्रयोग
- कार्य सम्पादनका आधारमा कर्मचारीको मूल्याङ्कन पद्दति

#### जोखिम अनुमान विश्लेषण

- आवश्यक बजेट
- सङ्घ र प्रदेश सरकार सँगको समन्वय
- गुणस्तरीय

### वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि

| वडा नं. | प्रस्तावित मुख्य गतिविधि |
|---|---|
| १. | वडा कार्यालय र विषयगत कार्यालय भवन निर्माण |
| २ | वडा कार्यालय र विषयगत कार्यालय भवन निर्माण |
| ३. | वडा कार्यालय र विषयगत कार्यालय भवन निर्माण |
| ४. | विषयगत कार्यालय भवन निर्माण |
| ५. | विषयगत कार्यालय भवन निर्माण |
| ६. | विषयगत कार्यालय भवन निर्माण |

## ३.१.३ सुशासन, पारदर्शी र जवाफदेही उपक्षेत्र

### हालको अवस्था

परिवर्तित परिवेश अनुसार शासकीय सुधार गर्दै अधिकाधिक जनपरिचालन र जनसहभागिता जुटाई पालिकाको सेवा प्रवाह स्वच्छ, सक्षम, निष्पक्ष, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र गुणस्तरीय बनाई सहज र सर्वसुलभ सेवा प्राप्त गर्ने नागरिकका चाहनालाई पूरा गर्नुपर्ने दायित्व पालिकाको रहेको छ । नागरिकले पालिकाका दैनिक प्रशासन कार्य, विकास आयोजनाको तर्जुमा, कार्यान्वयनदेखि लाभको वितरण सम्मलाई नजिकबाट नियालिरहेका हुन्छन् । पालिकाको नेतृत्वमा रहेका समूहका हरेक सदस्यदेखि कार्यालय सहयोगी सम्मको आचरण, व्यवहार र दैनिक जीवनशैली सम्मलाई नागरिकले चासोका साथ नियालिरहेको अवस्थामा नेताको पेसागत मर्यादा र आचरण जोगाउन यस किसिमको योजनाको परिकल्पना गरिएको हो । देश विकासको प्रमुख चुनौतीका रूपमा रहेको भ्रष्ट आचरण र आर्थिक अनियमित कार्यलाई स्थानीय तहदेखि नियन्त्रण गर्ने कार्यको अपेक्षा पनि हरेक नागरिकबाट राखिएको छ ।

### प्रमुख समस्या

नेपालको शासन व्यवस्थामा भ्रष्टाचार उन्मूलनको प्रयास धेरै पहिलादेखि नै गरिँदै आएका हुन् । अन्ततः उन्मूलनका लागि कानुनी व्यवस्था, नेतृत्वको इच्छाशक्ति र नागरिक स्तरबाट प्राप्त हुने हौसला र भरोसाका कारण मात्र त्यस्तो कामको सम्भव हुने अनुभव रहेको छ । भ्रष्ट आचरण आर्थिक कारोबार अनियमित गर्ने संस्कृति नै भ्रष्टाचार बढाउने मूल तत्व हुन् । सुशासन, पारदर्शी र जवाफदेही हुने प्रयासले त्यस्ता तत्वलाई निर्मूल गर्न सहयोग गर्दछ ।

### चुनौती तथा अवसर

नेपालको संविधान, नेपाल पक्ष भई हस्ताक्षर गरिएका अन्तर्राष्ट्रिय अभिलेख तथा दिगो विकास लक्ष्य नं. १६ ले भ्रष्टाचार मुक्त प्रशासनको परिकल्पना गरेको छ । स्थानीय तहको सरकारलाई नागरिकप्रति बढी जवाफदेही र जिम्मेवार बनाउनुपर्ने देखिन्छ । नागरिकको सन्निकटमा रहेको सरकार नै नागरिकको पहिलो अभिभावक भएको हुँदा र प्रत्यक्ष लोकतन्त्रको अभ्यास नागरिकले स्थानीय तहको सरकार सञ्चालन प्रक्रियामा गर्न पाउँछन् । नागरिकको चाहना, विश्वास, भरोसा र आशालाई सरकारका तर्फबाट पूरा गर्ने प्रयास गर्नु आफैँमा चुनौती तथा अवसरका रूपमा लिन सकिन्छ ।

### उपक्षेत्रगत परिकल्पना, लक्ष्य, उद्देश्य र विधि

सबैको साथ सबैको विश्वास र दिगो विकासलाई यस उपक्षेत्रको परिकल्पनाका रूपमा लिइएको छ । सबैको साथ सबैको विश्वासको परिकल्पनाको आधारमा चुस्त प्रशासन र प्रभावकारी शासनको लक्ष्य लिइएको छ । प्रक्रियाको फेयरिस्तमा अलमलिने काम प्रभावकारी शासन पद्दतिमा हुन सक्दैन । चुस्त प्रशासन र दुरुस्त शासन भन्ने लक्ष्यका आधारमा यस योजनाले निम्न उद्देश्य लिएको छ ।

- विधिको शासन र जनसहभागिता अभिवृद्धि गर्ने
- सार्वजनिक लेखा परीक्षण र लक्षित समूहमा परेका प्रभाव (जेन्डर अडिट आदि) परीक्षण गर्ने
- योजनाको तर्जुमा, अनुगमन र प्रभाव मूल्याङ्कनलाई एक विधाका रूपमा विकास गर्ने
- पालिकाका लागि आवश्यक नीति तयार गर्ने

### कार्यान्वयन विधि

- सहभागितामूलक छलफल
- विज्ञसँगको रायका आधारमा वस्तु तथा सेवाको गुणस्तरको अनुगमन र मूल्याङ्कन
- राजनीतिक सहमति

## प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (परिमाण तहको) | एकाइ | भौतिक लक्ष्य | अनुमानित बजेट सुरू आ.व. (रू. हजारमा) | वित्तीय स्रोत | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | उपक्षेत्र : सुशासन, पारदर्शी र जवाफदेही | | | | | | | | |
| १.१ | योजना निर्माण र अनुगमनमा जनसहभागिता | योजना तर्जुमा चार्टर निर्माण | चार्टर होर्डिङ बोर्ड सङ्ख्या | ७ | ७०० | पालिका | प्रशासकीय अधिकृत | चालू आ.व. | निरन्तर |
| | | योजना तर्जुमा प्रक्रियामा टोल विकास संस्थाको सहभागिता | बैठक सङ्ख्या | टी.एल.ओ. सङ्ख्या | ६०० | पालिका | वडा सचिव | चालू आ.व. | निरन्तर |
| | | वडाका योजना सूची सार्वजनिकीकरण | होर्डिङ बोर्ड सङ्ख्या | ६ | ६०० | पालिका | वडा सचिव | चालू आ.व. | निरन्तर |
| १.२ | योजनाको अनुगमन र प्रभाव मूल्याङ्कन | अनुगमन प्रभाव मूल्याङ्कन संयन्त्र परिचालन र क्षमता अभिवृद्धि | समितिको बैठक सङ्ख्या | आवश्यकता अनुसार | ६०० | पालिका | अनुगमन समिति | चालू आ.व. | निरन्तर |
| | | सार्वजनिक लेखा परीक्षण | प्रतिवेदन | परियोजना अनुसार | ३०० | पालिका | अनुगमन समिति | चालू आ.व. | निरन्तर |
| | | लक्षित समूहमा परेको प्रभाव परीक्षण (जेन्डर अडिट) | प्रतिवेदन | २५ प्रतिशत योजनामा | ३०० | पालिका | अनुगमन समिति | चालू आ.व. | निरन्तर |
| | | लागत प्रभाव मूल्याङ्कन | प्रतिवेदन | ५० लाख भन्दा बढीका योजनाको | ३०० | पालिका | अनुगमन समिति | चालू आ.व. | निरन्तर |
| १.३ | सुशासन प्रवर्द्धन कार्यक्रम | गुनासो पेटिका र हटलाइन व्यवस्था व्यवस्थापन | गुनासो सङ्ख्या | | १०० | पालिका | प्रशासकीय अधिकृत | चालू आ.व. | निरन्तर |
| | | आर्थिक अनियमित कार्यमा शून्य सहनशील | उजुरी सङ्ख्या | | १०० | पालिका | कार्यपालिका प्रमुख | चालू आ.व. | निरन्तर |
| | | लैङ्गिक हिंसामा शून्य सहनशील | उजुरी सङ्ख्या | | १०० | पालिका | कार्यपालिका प्रमुख | चालू आ.व. | निरन्तर |
| | | बाल दूराचारमा शून्य सहनशील | उजुरी सङ्ख्या | | १०० | पालिका | कार्यपालिका प्रमुख | चालू आ.व. | निरन्तर |

### अपेक्षित नतिजा र अनुगमन/मूल्याङ्कन खाका

- नागरिकको पालिकाले दिने सेवाप्रति सन्तुष्टि बढ्ने ।
- लैङ्गिक हिंसा, बालदूराचार, आर्थिक अनियमित प्रतिको शून्य सहनशील कार्यले कर्मचारी र निर्वाचित जनप्रतिनिधिको आचरणमा शुद्धता आउने ।
- सुशासन, जवाफदेही र पारदर्शी कामको अभिवृद्धि हुनेछ ।

**खर्च संरचनाको प्रतिएकाइ लागत अनुमान**

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रतिएकाइ लागत रू. लाखमा) | तीन वर्षको लागत रू. लाखमा | पाँच वर्षको लागत रू. लाखमा |
|---|---|---|---|---|---|---|
| १ | उपक्षेत्र : सुशासन, पारदर्शी र जवाफदेही | | | | | |
| १.१ | योजना निर्माण र अनुगमनमा जनसहभागिता | योजना तर्जुमा चार्टर निर्माण गर्ने | चार्टर होर्डिङ बोर्ड सङ्ख्या | ७ | २१.० | ३५ |
| | | योजना तर्जुमा प्रक्रियामा टोल विकास संस्थाको सहभागिता | बैठक सङ्ख्या | ६ | १८.० | ३० |
| | | वडाका योजना सूची सार्वजनिकीकरण | होर्डिङ बोर्ड सङ्ख्या | ६ | १८. | ३० |
| १.२ | योजनाको अनुगमन र प्रभाव मूल्याङ्कन | अनुगमन प्रभाव मूल्याङ्कन संयन्त्र परिचालन र क्षमता अभिवृद्धि | समितिको बैठक सङ्ख्या | ६ | १८.० | एनए |
| | | सार्वजनिक लेखा परीक्षण | प्रतिवेदन | ३ | ९.० | १५ |
| | | लक्षित समूहमा परेको प्रभाव परीक्षण (जेन्डर अडिट) | प्रतिवेदन | ३ | ९.० | १५ |
| | | लागत प्रभाव मूल्याङ्कन | प्रतिवेदन | ३ | ९.० | १५ |
| १.३ | सुशासन प्रवर्द्धन कार्यक्रम | गुनासो पेटिका र हटलाइन व्यवस्था व्यवस्थापन | गुनासो सङ्ख्या | १ | ३.० | ५ |
| | | आर्थिक अनियमित कार्यमा शून्य सहनशील | उजुरी सङ्ख्या | १ | ३.० | ५ |
| | | लौङ्गिक हिंसामा शून्य सहनशील | उजुरी सङ्ख्या | १ | ३.० | ५ |
| | | बाल दूराचारमा शून्य सहनशील | उजुरी सङ्ख्या | १ | ३.० | ५ |

### जोखिम अनुमान विश्लेषण

- राजनीतिक संस्कृति
- सङ्घीय र प्रदेश कानुन
- राजनीतिक दलको आचारसंहिता

वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि

| वडा नं. | बस्ती वा टोल | प्रस्तावित मुख्य गतिविधि |
|---|---|---|
| १. | | चार्टर बोर्ड, योजना सूची, हटलाइन नम्बर सहितको होर्डिङ बोर्ड । |
| २. | | चार्टर बोर्ड, योजना सूची, हटलाइन नम्बर सहितको होर्डिङ बोर्ड । |
| ३. | | चार्टर बोर्ड, योजना सूची, हटलाइन नम्बर सहितको होर्डिङ बोर्ड । |
| ४. | | चार्टर बोर्ड, योजना सूची, हटलाइन नम्बर सहितको होर्डिङ बोर्ड । |
| ५. | | चार्टर बोर्ड, योजना सूची, हटलाइन नम्बर सहितको होर्डिङ बोर्ड । |
| ६. | | चार्टर बोर्ड, योजना सूची, हटलाइन नम्बर सहितको होर्डिङ बोर्ड । |

## ३.२ आर्थिक विकास क्षेत्र

### औचित्य

नेपालको संविधानले समाजवाद उन्मुख आर्थिक समृद्धि र सामाजिक न्यायमा आधारित विकासको सोचलाई अङ्गीकार गरेको छ । संविधानको मर्म अनुसार सरकारले "समृद्ध नेपाल र सुखी नेपाली" को परिकल्पना गरी १५औँ पञ्चवर्षीय योजनाको निर्माण गरेको छ ।

उक्त योजनाले गरेको परिकल्पनालाई तीन चरणको लक्ष्यमा विभाजन गरेको छ । जस अनुसार प्रथम चरणमा उच्च आर्थिक वृद्धिका लागि आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका क्षेत्रमा योजना निर्माण गरी फराकिलो आधार पाँच वर्ष भित्रमा तयार गर्ने रहेको छ । दोस्रो चरणमा आर्थिक प्रगति र विकासको उपलब्धिलाई न्यायपूर्ण वितरण गर्ने र सुख तथा समृद्धिको अनुभूति नागरिकमा गराउने रहेको छ । तेस्रो चरणमा आर्थिक वृद्धि र विकासका सूचकलाई दिगो, आत्मनिर्भर, स्वतन्त्र र सार्वभौम रूपमा धानिन सक्ने बनाउने लक्ष्य रहेको छ । यी तीन चरण सफल भई कार्यान्वयन भइसकेपछि समाजवादको बाटो तय भएको ठानिएको छ ।

दिगो विकास लक्ष्य नं. १ र २ अन्तर्गतका ६ वटा क्षेत्रका २० वटा सूचकलाई आर्थिक विकास क्षेत्रको सूचकका रूपमा ग्रहण गरिएको छ । आर्थिक क्षेत्रका ६ वटा नतिजा लक्ष्य क्षेत्र क्रमशः गरिबी, मानव विकास, आर्थिक वृद्धि, व्यापार सञ्चिति, रोजगार, पर्यटन र कृषि तथा पशुपक्षीपालन रहेका छन् । बन्दीपुरको एकीकृत विकास गुरूयोजना निर्माणमा उक्त योजनाले अगाडि सारेको सूचकलाई गाउँपालिकाको रणनीतिक योजना र स्थानीय आवश्यकताको आधारमा चयन गरिएको छ ।

दिगो विकास लक्ष्य नं. १, सबै किसिमको गरिबीको अन्त्य, लक्ष्य नं. २ भोकमरीको अन्त्य र दिगो कृषिको प्रवर्द्धन एवम् खाद्य सुरक्षा, लक्ष्य नं. ८ सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि र उत्पादनशील रोजगारी प्रवर्द्धन अन्तर्गत १२ वटा प्रभाव तहका सूचक हासिल गर्नेगरी गुरूयोजना तयार गरिएको छ । नेपालको हालको अवस्था र गुरूयोजनाको कार्यान्वयनपछि प्राप्त हुने प्रस्तावित लक्ष्य तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | सूचक | एकाइ | राष्ट्रिय स्तर | राष्ट्रिय लक्ष्य | बन्दीपुर गाउँपालिका स्तर |
|---|---|---|---|---|---|
| १. | समग्र आर्थिक वृद्धि दर | प्रतिशत | ६.८ | १० | |
| २. | प्रतिव्यक्ति वार्षिक आय | यूएस डलर | १०४७ | १२१०० | |
| ३. | निरपेक्ष गरिबीको रेखा मुनिको जनसङ्ख्या | प्रतिशत | १८.७ | | |
| ४. | बहुआयामिक गरिबीको रेखा मुनिको जनसङ्ख्या | प्रतिशत | २८.९ | | |
| ५. | श्रम उत्पादकत्व | प्रति लाख | १८४ | | |
| ६. | कृषि उत्पादकत्व (प्रमुख अन्नबाली) | प्रतिहेक्टर मे.ट. | २.९ | | |
| ७. | कृषि व्यावसायिक फर्म | सङ्ख्या | | | |
| ८. | श्रम सहभागिता दर | प्रतिशत | | | |
| ९. | रोजगारीमा औपचारिक क्षेत्रमा हिस्सा | प्रतिशत | ३६.५ | ७० | |

स्रोत : १५औँ पञ्चवर्षीय योजना आधारपत्र, राष्ट्रिय योजना आयोग, २०७६ । र बन्दीपुर गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५ ।

## क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य

बन्दीपुर गाउँपालिकाले निर्माण गरेको एकीकृत विकासको रणनीतिक योजनाले तोकेका विकासका क्षेत्रलाई आर्थिक विकासको क्षेत्रका रूपमा लिइएको छ। जस अनुसार क्षेत्र नं. १ मा कृषि, पशुपक्षीपालनको व्यावसायिक विकास गरी आय स्तरमा वृद्धि, क्षेत्र नं. २ मा पर्यटन तथा अतिथि सत्कार उद्योगको विकास र विस्तार गरी रोजगारी सिर्जना, क्षेत्र नं. ३ मा सहकारी र मानवीय सीप विकास गरी आत्मनिर्भर बनाउने रहेका छन् ।

क्षेत्र नं. ४, समग्रमा आर्थिक विकास क्षेत्रको लक्ष्य भनेको गरिबीका सबै सङ्कटग्रस्त एवम् कमजोर आयाममा बाँचिरहेका र प्रतिदिन १.५ अमेरिकी डलरभन्दा कम आय हुने चरम गरिबीको जनसङ्ख्यालाई शून्य अङ्कमा झार्नु रहेको छ । योजनाले लिएको लक्ष्य अनुसार तीन उपक्षेत्रका बेग्लाबेग्लै दुई/दुई वटाका दरले ६ वटा उद्देश्य राखिएका छन् ।

- योजना अवधिपछि गाउँपालिकाको जम्मा कुल घरधुरीमध्ये २,४७८ परिवारको वार्षिक औसत प्रतिव्यक्ति आय नेपालको औसत प्रतिव्यक्ति आयभन्दा बढाएर तेब्बर पुऱ्याउने ।
- कृषि, बागबानी र पशुपक्षी पालनको व्यावसायिक विकास गरी गाउँपालिकाको कुल परिवारमध्ये हाल प्रतिव्यक्ति प्रतिदिन १.५ डलर (वार्षिक रू. ५६,९४०) भन्दा कम हुने ९.३ प्रतिशत परिवारको उत्पादकत्व वृद्धि गरी हालको प्रतिव्यक्ति आयमा ३ यूएस डलर प्रतिदिन पुऱ्याउने ।
- पर्यटन र अतिथि सत्कार क्षेत्रको व्यावसायिक विकास गरी पाँच वर्षको अवधि कम्तीमा ५००० मानिसका लागि रोजगारी सिर्जना हुनेछ र हालको वार्षिक औसत प्रतिव्यक्ति आय रू.७५,०००/-लाई बढाएर दोब्बर पुऱ्याउने ।
- पाँच वर्षपछि पर्यटकको बन्दीपुरमा बसाइ सरदर तीन दिन लामो बनाउने र यस योजनापछि सरदर पाँच दिनको हुनेछ ।
- दस वर्षपछि अहिले गाउँपालिकामा दर्ता भएका व्यावसायिक फर्म तथा व्यवसायको सङ्ख्या दोब्बर हुनेछ र निर्वाहमुखी कृषिमा आश्रित परिवार लघु उद्यम कारोबारमा संलग्न हुने दर दोब्बर हुनेछ ।
- पाँच वर्ष भित्रमा सबै घरधुरी सहकारीमा आबद्ध हुनेछन् र योजनापछि प्रतिपरिवार कम्तीमा एक लाख रुपियाँ बचत गर्नेछन् ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| कृषि तथा बागबानी उत्पादन र व्यावसायिक विकास | ● व्यावसायिक उत्पादन समूह गठन र परिचालन<br>● व्यावसायिक सीप विकास तालिम (कृषक पाठशाला, आईपीएम कक्षा, जैविक विषादी तथा मल उत्पादन)<br>● जमिनको चक्लाबन्दीमा आधारित उत्पादन समूह<br>● उत्पादन समूहका आधारमा पकेट क्षेत्र बिस्तार<br>● उत्पादन वस्तुका आधारमा पालिका स्तरका सहकारिता<br>● बीउ, तरकारी र फलफूल उत्पादन सुरक्षा बिमा<br>● उच्च मूल्यका बाली उत्पादनलाई प्राथमिकता<br>● प्राङ्गारिक वस्तु (खेतदेखि पेट स्वास्थ्यमैत्री) उत्पादन<br>● गरिबीको र उत्पादनको आधारमा अनुदान |
| पशुपक्षी, मौरीपालनको व्यावसायिक विकास | ● व्यावसायिक उत्पादन समूह गठन र परिचालन<br>● व्यावसायिक सीप विकास तालिम (कृषक पाठशाला)<br>● जमिनको चक्लाबन्दीमा आधारित उत्पादन समूह<br>● उत्पादन समूहका आधारमा पकेट क्षेत्र विस्तार<br>● उत्पादन वस्तुका आधारमा पालिका स्तरका सहकारिता<br>● पशुपक्षी धन सुरक्षा बिमा<br>● उच्च मूल्यका उत्पादनलाई प्राथमिकता<br>● गरिबी र उत्पादनको आधारमा अनुदान प्रदान गरिने । |
| उत्पादित कच्चा वस्तुको ग्रेडिङ, प्याकिङ र प्रोसेसिङ | ● उच्च मूल्यका बालीको बजार माग अनुसार वस्तुको ग्रेडिङ गर्ने र प्रोसेसिङ प्लान्टका लागि परिमाण तोकिने<br>● सोलार ऊर्जामा आधारित प्रोसेसिङ प्लान्टको स्थापना<br>● प्रोसेसिङ प्रविधिका लागि स्थानीय, जातीय एवम् परम्परागत ज्ञान र सीपलाई प्राथमिकता (तरकारी र फलफूलमा केन्द्रित)<br>● बन्दीपुरको ऐतिहासिक र ब्रान्ड भइसकेका कृषि, बागबानी र पशुपक्षीजन्य उत्पादनको प्रोसेसिङका लागि प्राथमिकता<br>● कोल्डचेन सहितको ढुवानी तथा महानगरमा बिक्री केन्द्र (मार्ट) व्यवस्थापन |
| बजारको मागमा आधारित उत्पादन र बजार व्यवस्थापन | ● उच्च मूल्यका बालीको बजार अध्ययन र सूचना प्रसार<br>● बजार शृङ्खलामा आधारित लघु उद्यम विकासमा सहयोग<br>● कृषि, बागबानी तथा पशुपक्षीजन्य उत्पादन सङ्कलन केन्द्र स्थापना<br>● कृषि बजार केन्द्र स्थापना र सहकारीबाट व्यवस्थापन<br>● छिमेकी अन्य स्थानीय र प्रदेश सरकार सँगको समन्वय र सहकार्य विस्तार |
| पर्यटन गन्तव्य स्थलको विकास र विस्तार | ● हालका सांस्कृतिक, धार्मिक र पुरातात्विक महत्वका गन्तव्य स्थलको भौतिक पूर्वाधारको मौलिकता विकास<br>● जैविक विविधता र पर्यावरणको महत्व रहेका थप गन्तव्य स्थलसम्मको पहुँचमा विस्तार<br>● कम्तीमा पाँच दिनको अवलोकन प्याकेजको विकास<br>● मौलिक तथा पर्यावरणमैत्री गाउँका रूपमा बस्तीको रूपान्तरण |

| | |
|---|---|
| जैविक विविधता र पर्यावरणमा आधारित पर्यटन क्षेत्रको विकास | • हालका सांस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदाको मौलिकता कायम राख्दै भौतिक पूर्वाधार विकास<br>• जैविक विविधता र पर्यावरणको महत्व रहेका थप गन्तव्यस्थलसम्मको पहुँचमा विस्तार<br>• कम्तीमा पाँच दिनको अवलोकन प्याकेजको विकास<br>• मौलिक तथा पर्यावरणमैत्री गाउँका रूपमा बस्तीको रूपान्तरण |
| साहसिक यात्रा, खेल तथा मनोरञ्जन क्षेत्र विकास | • प्राकृतिक रूपमा रहेका सम्पदाको आधारमा पर्यटकका लागि विभिन्न प्रतियोगिता (टुर्नामेन्ट), क्याम्पको आयोजना गर्न सक्नेगरी भौतिक पूर्वाधार विकास ।<br>• साहसिक खेल र दृश्यावलोकन स्थलको विकास र प्रवर्द्धन गर्ने ।<br>• निजी एवम् सहकारी क्षेत्र सँगको सहकार्यमा पूर्वाधार व्यवस्थापन । |
| होटल तथा अतिथि सत्कार उद्योगको मापदण्ड निर्धारण र अनुगमन | • बन्दीपुरको मौलिकता संरक्षण र प्रवर्द्धन<br>• पर्यटन तथा सत्कार उद्योग सञ्चालनको मापदण्ड निर्धारण र अनुगमन |
| व्यवसायको विकास र पेसाको रूपान्तरण एवम् विस्तार | • हालको निर्वाहमुखी आर्थिक उपार्जनमा आश्रित परिवारलाई लघु उद्यमशीलमा रूपान्तरण<br>• साना तथा घरेलु उद्योगमा रहेका व्यवसायको कारोवारमा वृद्धि गर्न सहजीकरण<br>• लघु उद्योग र साना तथा घरेलु उद्योगको विकास र क्षमता अभिवृद्धि |
| सहकारी तथा वित्तीय परिचालन | • हरेक परिवारलाई गरिबीको मापदण्ड अनुसार पाँच वर्गमा विभाजन गर्ने<br>• एक टोल एक बचत समूह र हरेक वडामा एक बचत तथा ऋण सहकारी अभियान<br>• सबै घरधुरी बचत तथा ऋण सहकारीमा आबद्ध र हरेक व्यवसायी, व्यावसायिक सहकारीमा आबद्ध गर्ने<br>• गरिबीको मापदण्ड अनुसार दिइने अनुदानलाई सहकारीको कोषमा बचत जोड कोषका रूपमा प्रदान ।<br>• बचत तथा ऋण सहकारी र विषयगत सहकारीका रूपमा उत्पादन सहकारीलाई परिचालन गरिने ।<br>• सहकारीको संस्थागत विकास र स्रोतका लागि सम्बन्ध विस्तार |

### ३.२.१ कृषि, बागबानी, पशुपक्षीपालन उपक्षेत्र

**हालको अवस्था**

पेसाको दृष्टिबाट हेर्दा बन्दीपुर गाउँपालिका पनि नेपालका अन्य क्षेत्रभन्दा फरक छैन । यहाँको प्रमुख पेसाका रूपमा कृषि तथा पशुपालन रहेको छ । यस पालिकाभित्र अधिकांश कृषकले कृषि तथा पशुपालनलाई निर्वाहमुखी व्यवसायका रूपमा प्रयोग गर्दै आएका छन् । नेपाल सरकारले बन्दीपुरको पशु विकास क्षेत्रमा विकास गर्न बाख्रा प्रजनन् केन्द्र स्थापना गरी स्थानीय जातका बाख्राको नश्ल सुधारको कार्यक्रम गर्दै आएको छ । निजी क्षेत्रको संलग्नतामा लगभग ४० वटा जति गाई, कुखुरा र बाख्रा फर्मको स्थापना गरिएको छ र व्यावसायिक पशुपालनलाई अगाडि बढाइराखेको छ ।

| क्र.स. | बाली | राष्ट्रिय स्तर (हे./मे.टन) | | | तनहुँ जिल्ला स्तर (हे./मे.टन) | | | पालिका स्तर (हे./मे.टन) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व | क्षेत्रफल | उत्पादन | उत्पादकत्व |
| १. | धान | १४२०५७० | ४५०४५०३ | ३१७१ | १४८६५ | ४८१६८ | ३२४० | | | |
| २. | मकै | ८९९६३५ | १९९९०१० | २३५३ | २६०४५ | ७१६३० | २७५० | | | |
| ३. | कोदो | २७४३५० | ३०५५८८ | ११११४ | ६७१० | ६७१० | १००० | | | |
| ४. | गहुँ | ७५४२४३ | १७२७३४६ | २२९० | १९०५ | ३६६२ | १९२२ | | | |
| ५. | मास | २५२२७ | २१३६४ | ८४७ | ३०५५ | २५३३ | ८२९ | | | |
| ६. | गहत | ६३६२ | ५४४५ | ८५६ | २०५ | २९१ | १४२० | | | |
| ७. | भट्टमास | २४९३४ | २९२२१ | ११७२ | ३१२ | ३१२ | १००० | | | |
| ८. | तरकारी | २४६३४२ | ३३०१६८४ | १३४० | | | | | | |
| ९. | फलफूल | १०१४८० | ९३८७३१ | ९२५ | | | | | | |
| १०. | दूधजन्य | | १९११ | | | | | | | |
| ११. | अण्डा | करोड गोटा | १३५ | | | | | | | |
| १२. | मासुजन्य | | ३३२ | | | | | | | |

तथ्याङ्क स्रोत : नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि व्यवसाय प्रवर्द्धन र तथ्याङ्क विभाग, तथ्याङ्क शाखा, सिंहदरबार, काठमाडौँ सन् २०१५, बन्दीपुर गा.पा. घरधुरी सर्भे, २०७५ ।

## प्रमुख समस्या

बन्दीपुर गाउँपालिकामा सामान्यतया कृषि, बागबानी तथा पशुपक्षीपालनलाई पेसा तथा व्यवसायका रूपमा भन्दा पनि निर्वाहमुखी रूपमा अपनाइएको पाइन्छ । यसरी न्यून परिमाणमा गरिएको उत्पादनको लागत अधिक हुने कारणले आयात गरिएका कृषिजन्य वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्ने अवस्था रहेको छ । यसकारणले आन्तरिक उत्पादनको मूल्य अधिक हुने र बाह्य आयातीत वस्तुको मूल्य कम हुँदा कृषकले आफ्नो लागत मूल्यसम्म उठाउन नसकिएको आवस्था छ । हाल कृषिजन्य उत्पादनमा संलग्न जनशक्तिको सीप र प्रविधिले विश्व बजारसँग प्रतिस्पर्धा गर्न सकिराखेको छैन ।

वास्तवमा आममानिसमा रहेको ज्ञान सीप र क्षमताको व्यवसायका रूपमा पनि कृषि तथा पशुपक्षीपालन नै रहेको छ । कृषकले बजारको माग र आपूर्तिका आधारमा उत्पादन गर्नभन्दा मौसम अनुकूलका आधारमा उत्पादन गर्ने गरेको पाइन्छ । विशेष गरी अन्न, तरकारी र नगदे बालीको उत्पादनलाई क्षमतावान् कृषकले बजारको अत्यधिक मागलाई अवसरका रूपमा लिने र सोही अनुसार उत्पादन चक्र निर्माण गरी योजनाबद्ध उत्पादन गर्न सकेको पाइँदैन । कृषि, बागबानी तथा पशुपक्षीपालनको व्यावसायिक विकासका रूपमा केही फर्म स्थापना गरिएका छन् र व्यावसायिक उत्पादनमा प्रयास गरिरहेको अवस्था छ । प्रधानमन्त्री कृषि योजना लगायत विगतका कृषि विकासका योजनाको प्रभाव रहेको देखिन्छ । हाल गाउँपालिकाले दर्ता गरेको कृषि, बागबानी र पशुपक्षी व्यवसायको सङ्ख्या जम्मा १८० वटा रहेको छ । वडागत रूपमा अध्ययन गर्दा निम्न प्रकार रहेको छ ।

### कृषि, बागबानी र पशुपक्षी व्यवसायको वडागत विवरण

| वडा नं. | कुल घरधुरी सङ्ख्या | जम्मा जनसङ्ख्या | व्यावसायिक घरधुरी | प्रतिशत |
|---|---|---|---|---|
| १ | ११६७ | ५२८१ | २३ | २.१३ |
| २ | ७९१ | ३३८८ | ४१ | ४.१८ |
| ३ | ५५२ | २६३७ | २३ | ४.०० |
| ४ | ८८५ | ४२०४ | २० | २.०३ |
| ५ | ६८१ | ३०१७ | ४१ | ५.८८ |
| ६ | ६८६ | ३६४५ | ३२ | ६.०० |
| जम्मा | ४७६२ | २२१७२ | १८० | ३.१७ |

स्रोत : बन्दीपुर गाउँपालिका घरधुरी सर्वेक्षण, २०७६ ।

## चुनौती तथा अवसर

राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको १५औँ पञ्चवर्षीय योजनाको आधारपत्रमा समग्र निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.७ प्रतिशत प्रस्तुत गरेको छ भने बन्दीपुर गाउँपालिकाको अवस्था ९.३ प्रतिशत रहेको छ । निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्याको जीवननिर्वाहको मूल आधार भनेको साना किसान तथा कृषि मजदुरी रहेको छ । उनीहरूको जीवनस्तर उठाउन उक्त जनसङ्ख्याको जीवनस्तर उठाउने विशेष योजनाको आवश्यकता पर्दछ । निर्वाहमुखी कृषिमा आश्रित जनसङ्ख्यालाई व्यावसायिक योजना अनुसार कृषि, बागबानी र पशुपक्षीपालनमा अगाडि नबढाई प्रतिव्यक्ति आय बढ्न सक्ने अवस्था छैन ।

भूगोल, हावापानी, वातावरण र जनशक्तिको आधारमा फलफूल (बागबानी) खेतीको सम्भावना रहेको छ । सुन्तला तथा अमिला जातका फलफूल, केरा, नास्पातीका लागि प्रख्यात रहेको छ । उच्च मूल्यका फलफूल जस्तै एभोकार्डो, किबी, ड्रागनफ्रुट, स्थानीय जातका केरा, अनार र जुनारको उत्पादन वृद्धि गर्न सकिन्छ । बाख्रा र गाईपालनका लागि बन्दीपुरको हावापानी र भूगोलको अवस्था प्रचुर मात्रामा अवसरका रूपमा रहेको छ । स्थानीय रैथाने जातका कुखुरापालन, मौरीपालनतर्फ रहेको किसानको रूझान र फस्टाउँदै गएको पर्यटन व्यवसायलाई कृषि व्यवसायको मौलिकतामा समेट्न सकिन्छ । त्यसका लागि प्राङ्गारिक खेती, एकीकृत शत्रुजीव व्यवस्थापन, एकीकृत खेतीप्रणाली जस्ता विधिको प्रयोग गरिनेछ । बन्दीपुर गाउँपालिकालाई विषात्त तरकारी तथा फलफूल उत्पादन मुक्त क्षेत्र घोषणा गरिनेछ । होमस्टेका रूपमा रहेका सबै १० वटा गाउँलाई पर्यावरणमैत्री कृषि, बागबानी र पशुपक्षी तथा मौरीपालन चक्र प्रदर्शन गर्न सक्नेगरी रूपान्तरण गर्न सकिन्छ । बन्दीपुरको उत्पादनलाई पर्यटकका लागि विशेष रूचिका रूपमा पेस गरी कृषि र पर्यटनको अन्योन्याश्रित सम्बन्धमा विकास गर्न सकिन्छ ।

## उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

- कृषि, बागबानी र पशुपक्षीपालनको व्यावसायिक विकास गरी वार्षिक औसत प्रतिव्यक्ति आय रू. ७५,०००।- लाई बढाएर दोब्बर पुऱ्याउने । ख) हरेक वडामा कम्तीमा १० उत्पादन वस्तुका आधारमा पकेट क्षेत्र निर्माण गरिने ।
- हरेक उत्पादन समूहका लागि वस्तुको गुणस्तरीय उत्पादनका लागि क्षमता अभिवृद्धि गरिने ।
- उत्पादन वस्तुको सहज र गुणस्तरीय रूपमा उपभोक्ता समक्ष पुऱ्याउने गरी बजार शृङ्खलाको सबलीकरण ।

- प्राङ्गारिक उत्पादन क्षेत्र घोषण गरी बन्दीपुरको आफ्नै पहिचान स्थापित गर्ने ।

## कार्यान्वयन विधि

- पकेट क्षेत्रको निर्माण र विस्तार
- नश्ल सुधार, गोठ तथा पोषण सुधार
- समूह, सहकारी र बजार शृङ्खलाको सबलीकरण
- प्रविधि हस्तान्तरण र सबलीकरण
- वस्तुको उत्पादन, प्रशोधन, भण्डारण, बिमा

### प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (परिमाण तहको) | एकाइ | अनुमानित बजेट सुरू आ.व. ०७६/७७ को मूल्यमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि | खर्चको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | उपक्षेत्र : कृषि तथा पशुपक्षीपालन विकास कार्यक्रम | | | | | | | |
| १.१ | तरकारी खेतीको व्यावसायिक विकास | व्यावसायिक उत्पादनमा संलग्न कृषक समूह सङ्ख्या | समूह/सदस्य सङ्ख्या | ६०० | कृषि/सामाजिक शाखा | चालू आ.व. | २०८० | |
| | | प्रविधि हस्तान्तरण अनुशिक्षणमा सहभागी सङ्ख्या | समूह/सदस्य सङ्ख्या | १२०० | कृषि विकास शाखा | २०७६ | २०८० | |
| | | सहकारीबाट वित्तीय सहयोग | समूह/सदस्य सङ्ख्या | | सामाजिक शाखा | २०७६ | २०८० | |
| | | ड्रिप इरिगेसनबाट सिञ्चित क्षेत्रफल | हे. | १०००० | कृषि/भौतिक पूर्वाधार शाखा | चालू आ.व. | २०८० | |
| | | बिमा कार्यक्रमका सेवाग्राही सङ्ख्या | समूह/सदस्य सङ्ख्या | १००० | कृषि विकास शाखा | २०७७ | २०८० | |
| १.२ | बागबानीको व्यावसायिक विकास | व्यावसायिक उत्पादनमा संलग्न कृषक समूह सङ्ख्या | समूह/सदस्य सङ्ख्या | ३० | कृषि/सामाजिक शाखा | चालू आ.व. | २०८० | |
| | | प्रविधि हस्तान्तरण अनुशिक्षणमा सहभागी सङ्ख्या | समूह/सदस्य सङ्ख्या | ३००० | कृषि विकास शाखा | २०७६ | २०८० | |
| | | सहकारीबाट वित्तीय सहयोग | समूह/सदस्य सङ्ख्या | | सामाजिक शाखा | २०७६ | २०८० | |
| | | बिमा कार्यक्रमका सेवाग्राही सङ्ख्या | समूह/सदस्य सङ्ख्या | १५००० | कृषि विकास शाखा | २०७६ | २०८० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.३ | पशुपक्षी पालनको व्यावसायिक विकास | व्यावसायिक उत्पादनमा संलग्न कृषक समूह सङ्ख्या | समूह/सदस्य सङ्ख्या | ६० | पशु/सामाजिक शाखा | चालू आ.व. | २०८० | |
| | | प्रविधि हस्तान्तरण अनुशिक्षणमा सहभागी सङ्ख्या | समूह/सदस्य सङ्ख्या | १२०० | पशुविकास शाखा | २०७६ | २०८० | |
| | | सहकारीबाट वित्तीय सहयोग | समूह/सदस्य सङ्ख्या | | सामाजिक शाखा | २०७६ | २०८० | |
| | | बिमा कार्यक्रमका सेवाग्राही सङ्ख्या | समूह/सदस्य सङ्ख्या | २००० | पशु विकास शाखा | २०७६ | २०८० | |
| | | गोठ/खोर सुधार सङ्ख्या | समूह/सदस्य सङ्ख्या | १००० | पशुविकास शाखा | २०७६ | निरन्तर | |
| | | कृत्रिम गर्भाधान सेवा सङ्ख्या | पशु सङ्ख्या | १००० | पशुविकास शाखा | चालू आ.व. | निरन्तर | |
| १.४ | पकेट क्षेत्र विस्तार कार्यक्रम | गाईपालन पकेट क्षेत्रको सङ्ख्या र फर्म सङ्ख्या | घरधुरी फार्म सङ्ख्या | १००० | पशु विकास शाखा/सहकारी | चालू आ.व. | निरन्तर | |
| | | बाख्रापालन पकेट क्षेत्रको सङ्ख्या र फर्म सङ्ख्या | समूह/सदस्य सङ्ख्या | ८०० | पशु विकास शाखा/सहकारी | चालू आ.व. | निरन्तर | |
| | | कुखुरापालन पकेट क्षेत्रको सङ्ख्या र फर्म सङ्ख्या | घरधुरी फार्म सङ्ख्या | ५०० | पशु विकास शाखा/सहकारी | चालू आ.व. | निरन्तर | |
| | | मौरीपालन पकेट क्षेत्रको सङ्ख्या र घार सङ्ख्या | घरधुरी फार्म सङ्ख्या | २०० | कृषि विकास शाखा/सहकारी | २०७६ | निरन्तर | |
| | | मत्स्यपालन पकेट क्षेत्रको सङ्ख्या र क्षेत्रफल | घरधुरी फार्म सङ्ख्या | १०० | पशु विकास शाखा/सहकारी | २०७८ | २०८० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.५ | उत्पादनको स्टोर, प्रशोधन र भण्डारण व्यवस्थापन | प्रतिदिन १००० लि. दुग्ध उत्पादन बराबर एक चिलिङ केन्द्रको स्थापना सङ्ख्या | घरधुरी/ लि. | ५०० | पशु विकास शाखा/सहकारी | २०७६ | २०८५ | |
| | | प्रतिदिन २००० लि. दुग्ध सङ्कलन बराबर एक प्रशोधन केन्द्र/डेरीको स्थापना सङ्ख्या | डेरी सङ्ख्या /लि. | १००० | पशु विकास शाखा/सहकारी | २०७८ | २०८८ | |
| | | बाखा र गाईको नश्ल सुधार र अनुकूलन प्रजाति प्रवर्द्धन | पशु सङ्ख्या | २०० | पशु विकास शाखा/सहकारी | चालू आ.व. | निरन्तर | |
| | | रैथाने कुखुराको नश्ल संरक्षण र बहुप्रजाति प्रवर्द्धन | प्रजाति सङ्ख्या | १०० | पशु विकास शाखा/सहकारी | २०७६ | निरन्तर | |
| | | स्लटर र मासु प्रशोधन केन्द्रको क्षमता | पसल सङ्ख्या /मे.ट. | १००० | पशु विकास शाखा/सहकारी | २०८० | २०८५ | |
| | | सहकारी कोल्ड स्टोरको सङ्ख्या र क्षमता | कोल्ड स्टोर सङ्ख्या /मे.ट. | २००० | पशु विकास शाखा/सहकारी | २०७७ | २०८७ | |
| | | कृषि तथा पशु उत्पादनमा क्वारेन्टाइन सेवाको सङ्ख्या | मे.ट. | २०० | पशु विकास शाखा/सहकारी | २०७७ | निरन्तर | |
| | | कोल्डचेन प्रणाली सहितको ढुवानी साधन सङ्ख्या | ढुवानी साधन सङ्ख्या /मे.ट. | १००० | पशु विकास शाखा/सहकारी | २०८० | २०८५ | |
| १.६ | कृषि उत्पादनको बजारीकरण शृङ्खलाको प्रवर्द्धन कार्यक्रम | कृषि उत्पादन सङ्कलन केन्द्र सङ्ख्या | स्टल/केन्द्र सङ्ख्या | १५०० | कृषि शाखा सहकारी | चालू आ.व. | २०८५ | |
| | | कृषि उत्पादन बजार विस्तारको भौतिक व्यवस्थापन | वर्ग फि. | २००० | भौतिक पूर्वाधार सहकारी | चालू आ.व. | २०८५ | |
| | | कृषि उत्पादन बजारको राष्ट्रिय सूचना व्यवस्थापन | केन्द्र सङ्ख्या | २०० | कृषि शाखा सहकारी | चालू आ.व. | निरन्तर | |
| | | कृषि बजार शृङ्खला (खेतदेखि भान्छासम्म) सबलीकरण | तालिम/ सहभागी सङ्ख्या | २०० | कृषि शाखा सहकारी | २०७८ | निरन्तर | |
| | | पशु आहार कारखानाको उत्पादन र खपत | मे.ट. | २००० | पशु विकास शाखा सहकारी | २०७७ | २०८२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.७ | एकीकृत कृषि र पशु विकास सेवा केन्द्रका सबलीकरण र प्रभावकारी सेवा प्रवाह कार्यक्रम | एक वडा एक प्लान्ट प्याथोलोजीको स्थापना | प्याथोलोजी सङ्ख्या | १५० | कृषिशाखा सहकारी | चालू आ.व. | २०८० | |
| | | एक वडा एक भेट ल्याबको स्थापना | प्याथोलोजी सङ्ख्या | १५० | पशु विकास शाखा/सहकारी | चालू आ.व. | २०८० | |
| | | ५० व्यावसायिक फर्म वरावर एक प्राविधिक सेवा | कृषक समूह र प्राविधिक सङ्ख्या | १५००० | कृषि/पशु विकास शाखा | चालू आ.व. | निरन्तर | |
| | | एक वडा एक कृषि/पशु अधिकृतको नेतृत्वमा एकीकृत सेवा केन्द्र | कर्मचारी सङ्ख्या | १५००० | पालिका/प्रदेश | २०७७ | २०८५ | |
| | | बाख्रा प्रजनन केन्द्रको कृषक फर्म सँगको आयटरिच सङ्ख्या | आउट रिच सङ्ख्या | १०० | पशुविकास शाखा/सहकारी | चालू आ.व. | निरन्तर | |
| | | कृषक फर्ममा आधारित गाई प्रजनन अध्ययन केन्द्रको स्थापना र प्रसार सेवा | बीउ साँढे र प्रजनन गाई सङ्ख्या | २०० | पशुविकास शाखा/सहकारी | २०८० | २०८५ | |
| | | बजारको मागमा आधारित उच्च मूल्यका बाली उत्पादन सम्भाव्यता अध्ययन केन्द्रको स्थापना र प्रसारसेवा | अध्ययन प्रतिवेदन सङ्ख्या /विषय | ५०० | कृषि विकास शाखा /सहकारी | चालू आ.व. | निरन्तर | |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

| क्र.स | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित ०७६/०७७ | पहिलो ५ वर्षको अन्त्यमा अपेक्षित अनुमान | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १. | कृषि, बागबानी र पशुपक्षीपालनको व्यावसायिक विकास गरी पाँच वर्षको अवधिमा जम्मा कुल घरधुरी मध्ये २,४७८ परिवारको वार्षिक औसत प्रतिव्यक्ति आय ७५,०००/- बाट दोब्बर हुनेछ । | घरधुरी | २०७६ | २४७८ | आयोजनाको प्रभाव अध्ययन प्रतिवेदन | पालिका का.स./विज्ञ | राष्ट्रिय कृषि जोन विकास कार्यक्रमले थप सहयोग गर्नेछ । |
| | | प्रतिव्यक्ति आय (रू.) | ७५,०००/- | १६७,०००/- | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | उत्पादन लागत र वजारमा प्रतिस्पर्धा गर्नु पर्ने वस्तु मूल्य |
| | | प्रतिव्यक्ति खर्च गर्न सक्ने क्षमता (रू) | ८६,०००/- | १८८,०००/- | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | प्रतिस्पर्धात्मक लगानी र मुनाफाका अवस्था |
| | | प्रतिव्यक्ति बचत (रू) | | | सहकारी प्रतिवेदन | सहकारी शखा | समूह परिचालन |
| २ | प्रतिव्यक्ति प्रतिदिन १.५ डलर (वार्षिक रू. ५६,९४०) भन्दा कम हुने १५ प्रतिशत परिवारको उत्पादकत्व वृद्धि भई आयमा दोब्बर हुनेछ । | घरधुरी प्रतिशत | १५ | ५ | आयोजनाको प्रभाव अध्ययन प्रतिवेदन | पालिका का.स./विज्ञ | पालिकाको अति गरिब लक्षित कार्यक्रमले थप सहयोग गर्नेछ । |
| | | प्रतिव्यक्ति आय (रू.) | ५६,९४०/- | ७७,०००/- | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | अति गरिबीको दुश्चक्र वृद्धि हुने आर्थिक मन्दी, विपद्, |
| | | मानव विकास सूचाङ्क | | गण्डकी प्रदेशका उत्कृष्ट दस निकायमा पुग्ने | मानव विकास प्रतिवेदन | तथ्याङ्क कार्यालय /विज्ञ | गरिब लक्षित कार्यक्रममा विनियोजन हुने बजेट, |
| ३ | वार्षिक पाँच लाखभन्दा वढी कारोवार गर्ने व्यावसायिक तरकारी खेती/बागबानी खेती/ पशुपक्षी पालन गर्ने किसानको सङ्ख्या र पकेट क्षेत्रफलमा वृद्धि हुनेछ । | व्यावसायिक किसान परिवार | १८० | २४७८ | आयोजनाको वार्षिक प्रतिवेदन | पालिका का.स./ शाखा प्रमुख | शाखाको उत्पादन स्किम छनौट विधि |
| | | औसत वार्षिक आर्थिक कारोवार | २७५,०००/- | ८७५,०००/- | आयोजनाको वार्षिक प्रतिवेदन | शाखा प्रमुख | कार्यक्रमको प्रभावकारी कार्यान्वयन र पालिकाको नियमित अनुगमन |
| | | जग्गाको क्षेत्रफल (हेक्टर) | ७०० | ३० प्रतिशतले वृद्धि | आयोजनाको वार्षिक प्रतिवेदन | पालिका का.स./ शाखा प्रमुख | बजारको माग र आपूर्तिको सन्तुलन |
| | | व्यावसायिक सुरक्षा | | शत प्रतिशत बिमा, उत्पादकलाई २४० घण्टाको अनुशिक्षण, बजारसम्म सहज पहुँच | आयोजनाको प्रभाव अध्ययन प्रतिवेदन | कार्यकारी प्रमुख /शाखा प्रमुख | बजारको माग र आपूर्तिको सन्तुलन |

| क्र.स | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित ०७६/०७७ | पहिलो ५ वर्षको अन्त्यमा अपेक्षित अनुमान | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४ | व्यावसायिक कृषि, बागबानी तथा पशुपक्षीपालनको उत्पादन व्यवस्थापन, भण्डारण र बजारीकरण शृङ्खला सिखिमा सवल र प्रभावकारी अवस्था हुनेछ । | वार्षिक तरकारी उत्पादन (मे.टन) | | | वार्षिक उत्पादन प्रतिवेदन | कृषि विकास शाखा | बजारको माग र आपूर्तिको सन्तुलन |
| | | वार्षिक दूधजन्य उत्पादन (लि.) | | | वार्षिक उत्पादन प्रतिवेदन | पशुविकास शाखा | बजारको माग र आपूर्तिको सन्तुलन |
| | | मासु उत्पादन (मे.टन) | | | वार्षिक उत्पादन प्रतिवेदन | पशुविकास शाखा | बजारको माग र आपूर्तिको सन्तुलन |
| | | माछा उत्पादन (मे.टन) | | | वार्षिक उत्पादन प्रतिवेदन | कृषि विकास शाखा | बजारको माग र आपूर्तिको सन्तुलन |
| | | फलफूल उत्पादन (मे.टन) | | | वार्षिक उत्पादन प्रतिवेदन | कृषि विकास | मौसम र महामारीको सङ्क्रमण |
| | | मह उत्पादन (मे.टन) | | | वार्षिक उत्पादन प्रतिवेदन | कृषि विकास शाखा | मौसम र महामारीको सङ्क्रमण |
| | | उच्चमूल्य बाली छनौट | | १० | उच्च बाली अध्ययन प्रतिवेदन | कृषि विकास शाखा | किसानको सीप र बीउको उपलब्ध |
| | | बजार सङ्कलन केन्द्र र प्रति दिन क्षमता (मे.टन) | | ६ (२४० मे.टन) | वार्षिक माग तथा आपूर्ति प्रतिवेदन | कृषि विकास शाखा | फसलको गुणस्तर संरक्षण र प्याकेजिङमा लाग्ने लागत र मागको स्तर |
| | | शीत भण्डार/भण्डारण क्षमता मे.टन | ० | १५०० | वार्षिक माग तथा आपूर्ति प्रतिवेदन | कृषि विकास /पशुविकास शाखा | लागत र बजारको हुने प्रतिस्पर्धा |
| | | उत्पादन फर्मदेखि बजार सम्मको स्वास्थ्य रूपमा छिटो पहुँच (औसत घण्टा) | ५ | १ | वार्षिक माग तथा आपूर्ति प्रतिवेदन | कृषि विकास /पशुविकास शाखा | पकेट क्षेत्र सम्म सडक सञ्जाल विस्तार गर्न लाग्ने लागत |
| | | पशुपक्षी आहारा दाना को उत्पादन (मे.टन) | ० | २ | कारखानाको उत्पादन रेकर्ड | सहकारी /निजी फर्म | निजी लगानी र उत्पादनको गुणस्तर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सेवा प्रदायक निकायको सेवाको अवस्थामा प्रभावकारी | प्राविधिकको सङ्ख्या | २ | १० | कर्मचारी अभिलेख | गाउँपालिका | कर्मचारीमा हुने सरूवा र पदपूर्ति |
| | | तरकारी र अमिला जातका फलफूलको सङ्क्रमण परीक्षण गर्न सक्ने न्युनतम औजार उपकरण सहितको प्याथोलोजी ल्याब सञ्चालन | ० | १ | कृषि शाखाको वार्षिक प्रतिवेदन | कृषि विकास शाखा | कर्मचारीको क्षमता, प्याथोलोजी सञ्चालन सीप र पालिकाबाट हुने अनुगमन |
| | | बजार सूचनामा आधारित उच्च मूल्यका बाली सिफारिस गर्ने क्षमता सहितको एकाइ | ० | १ | कृषि शाखाको वार्षिक प्रतिवेदन | कृषि विकास शाखा | पालिकाबाट हुने नियमित अनुगमन र कार्यान्वयनको इच्छाशक्ति |
| | | प्राविधिक सीपको मापन र स्तरोन्नति एवम् प्याकेजमा आधारित प्रसार शिक्षा पाठ्यक्रम (घण्टा) | ० | २४० | कृषि शाखाको वार्षिक प्रतिवेदन | कृषि विकास शाखा | कर्मचारीको क्षमता र अनुशिक्षण सञ्चालन सीप |
| | | गुणस्तरीय भेटनरी ल्याबको सञ्चालन र नियमित स्वास्थ्य परीक्षण | ० | १ | पशुविकास शाखाको वार्षिक प्रतिवेदन | पशु विकास शाखा | कर्मचारीको क्षमता, ल्याब सञ्चालन सीप र पालिकाको अनुगमन |
| | | बाख्रा तथा गाईको डाटाबेस नश्ल अभिलेख बैङ्क | ० | १ | पशु विकास शाखाको वार्षिक प्रतिवेदन | पशु विकास शाखा | कृषक/पशुपालक स्तरबाट सङ्कलन गरिने अन्तरपुस्ता लक्षणको वास्तविकताको अभिलेखन |

## खर्च संरचनाको प्रतिएकाइ लागत अनुमान

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रति एकाइ लागत (रू. लाखमा) | तीन वर्षको लागत (रू.लाखमा) | पाँच वर्षको लागत (रू.लाखमा) |
|---|---|---|---|---|---|---|
| १. | तरकारी खेतीको व्यावसायिक विकास | व्यावसायिक उत्पादनमा संलग्न कृषक समूह सङ्ख्या | समूह सङ्ख्या | ६ | १८ | ३० |
| | | प्रविधि हस्तान्तरण अनुशिक्षणमा सहभागी सङ्ख्या | सहभागी सङ्ख्या | १२ | ३६ | ६० |
| | | सहकारीबाट वित्तीय सहयोग | | | | |
| | | ड्रिप इरिगेसनबाट सिञ्चित क्षेत्रफल | क्षेत्रफल | ३ | ९ | १५ |
| | | बिमा कार्यक्रमका सेवाग्राही सङ्ख्या | | १० | ३० | ५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | बागबानीको व्यावसायिक विकास | व्यावसायिक उत्पादनमा सलग्न कृषक समूह सङ्ख्या | कृषक समूह सङ्ख्या | ३ | ९ | १५ |
| | | प्रविधि हस्तान्तरण अनुशिक्षणमा सहभागी सङ्ख्या | सहभागी सङ्ख्या | ३ | ९ | १५ |
| | | सहकारीबाट वित्तीय सहयोग | | | | ल्छ |
| | | बिमा कार्यक्रमका सेवाग्राही सङ्ख्या | | १५ | ४५ | ७५ |
| | पशुपक्षीपालनको व्यावसायिक विकास | व्यावसायिक उत्पादनमा संलग्न कृषक समूह सङ्ख्या | कृषक समूह सङ्ख्या | ६ | १८ | ३० |
| | | प्रविधि हस्तान्तरण अनुशिक्षणमा सहभागी सङ्ख्या | सहभागी सङ्ख्या | १२ | ३६ | ६० |
| | | सहकारीबाट वित्तीय सहयोग | | | | ल्छ |
| | | बिमा कार्यक्रमका सेवाग्राही सङ्ख्या | | २० | ६० | १०० |
| | | गोठ/खोर सुधार सङ्ख्या | सुधार सङ्ख्या | १० | ३० | ५० |
| | | कृत्रिम गर्भाधान सेवा सङ्ख्या | सेवा सङ्ख्या | १० | ३० | ५० |
| ४ | पकेट क्षेत्र विस्तार कार्यक्रम | गाईपालन पकेट क्षेत्रको सङ्ख्या र फर्म सङ्ख्या | | १० | ३० | ५० |
| | | बाख्रापालन पकेट क्षेत्रको सङ्ख्या र फर्म सङ्ख्या | | ८ | २४ | ४० |
| | | कुखुरापालन पकेट क्षेत्रको सङ्ख्या र फर्म सङ्ख्या | | ५ | १५ | २५ |
| | | मौरीपालन पकेट क्षेत्रको सङ्ख्या र घार सङ्ख्या | | २ | ६ | १५ |
| | | माछा खेती पकेट क्षेत्रको सङ्ख्या र क्षेत्रफल | | १ | ३ | ५ |
| ५ | उत्पादनको स्टोर, प्रशोधन र भण्डारण व्यवस्थापन | प्रतिदिन १००० लि. दुग्ध उत्पादन बराबर एक चिलिङ केन्द्रको स्थापना सङ्ख्या | स्थापना सङ्ख्या | ५ | १५ | २५ |
| | | प्रतिदिन २००० लि. दुग्ध सङ्कलन बराबर एक प्रशोधन केन्द्र/ डेरीको स्थापना सङ्ख्या | स्थापना सङ्ख्या | १० | ३० | ५० |
| | | बाख्रा र गाईका नश्ल सुधार र अनुकूलन प्रजाति प्रवर्द्धन | | २ | ६ | १० |
| | | रैथाने कुखुराको नश्ल संरक्षण र बहुप्रजाति प्रवर्द्धन | | १ | ३ | ५ |
| | | स्लटर र मासु प्रशोधन केन्द्रको क्षमता | | १० | ३० | ५० |
| | | सहकारी कोल्ड स्टोरको सङ्ख्या र क्षमता | | २० | ६० | १०० |
| | | कृषि तथा पशु उत्पादनमा क्वारेन्टाइन सेवाको सङ्ख्या | | २ | ६ | १० |
| | | कोल्डचेन प्रणाली सहितको ढुवानी साधन सङ्ख्या | साधन सङ्ख्या | १० | ३० | ५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कृषि उत्पादनको बजारीकरण शृङ्खलाको प्रवर्द्धन कार्यक्रम | कृषि उत्पादन सङ्कलन केन्द्र सङ्ख्या | | १५ | ४५ | ७५ |
| | | कृषि उत्पादन वजार विस्तारको भौतिक व्यवस्थापन | | २० | ६० | १०० |
| | | कृषि उत्पादन बजारको राष्ट्रिय सूचना व्यवस्थापन | | २ | ६ | १० |
| | | कृषि बजार शृङ्खला (खेतदेखि भान्छासम्म) सबलीकरण | | २ | ६ | १० |
| | | पशु आहार कारखानाको उत्पादन र खपत | | २० | ६० | १०० |
| ६ | एकीकृत कृषि र पशु विकास सेवा केन्द्रको सबलीकरण र प्रभावकारी सेवा प्रवाह कार्यक्रम | एक वडा एक प्लान्ट प्याथोलोजीको स्थापना | | १५ | ४५ | ७५ |
| | | एक वडा एक भेट ल्याबको स्थापना | | १५ | ४५ | ७५ |
| | | २५० व्यावसायिक फर्म बराबर एक प्राविधिक सेवा | | १५ | ४५ | ७५ |
| | | एक वडा एक अधिकृतको नेतृत्वमा एकीकृत सेवा केन्द्र | | १५ | ४५ | ७५ |
| | | बाख्रा प्रजनन केन्द्रको कृषक फर्म सँगको आयटरिच सङ्ख्या | | १ | ३ | ५ |
| | | कृषक फर्ममा आधारित गाई प्रजनन अध्ययन केन्द्रको स्थापना र प्रसार सेवा | | २ | ६ | १० |
| | | बजारको मागमा आधारित उच्च मूल्यका बाली उत्पादन सम्भाव्यता अध्ययन केन्द्रको स्थापना र प्रसार सेवा | | ५ | १५ | २५ |

## जोखिम अनुमान विश्लेषण

यस बन्दीपुर गाउँपालिकामा कृषि तथा पशुपक्षीपालन विकास कार्यक्रमको जोखिम अनुमान विश्लेषण विश्लेषण निम्न अनुसार आँकलन गरिएको छ ।

- बजार मूल्य र किसानको उत्पादन लागत मूल्यमा आउने फरक ।
- पोस्टहार्भेस्ट लस्ट ।
- पशुपक्षी तथा बालीमा हुने सङ्क्रमण र महामारी ।
- लगानीको वातावरण ।
- ढुवानीको समय र भण्डारण व्यवस्था ।
- वन्यजन्तुले गर्ने बालीको क्षति ।
- प्राकृतिक विपत्ति ।
- प्रविधि र प्राविधिक जनशक्ति उपलब्ध ।
- जमिनको खण्डीकरण

## वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि

| वडा नं. | बस्ती वा टोल | प्रस्तावित मुख्य क्रियाकलाप | क्रियाकलापको सङ्क्षिप्त जानकारी | कैफियत |
|---|---|---|---|---|
| १. | नाहाला फाँट, उपल्लो फाँट, छबिसे, नौबिसे, बानियाँटार, भुँडाटार, कटहरेपाटो | जमिनको चक्लाबन्दी | व्यावसायिक कृषिका लागि जमिनको चक्लाबन्दी गर्ने, चक्लाबन्दी गरी सिँचाइ र कृषि उपकरणमैत्री प्रविधिको प्रयोग गरिने, लागत कम गर्ने, एक चक्ला एक सङ्कलन केन्द्रको व्यवस्था गर्ने, सहकारी खेतीको अवधारणा अवलम्बन गर्ने, | |
| | नाहाला, आठघरे, गुरूङटार, शिखरडाँडा, न्युरे नौबिसे, बेलभञ्ज्याङ, छाप, सुर्केटार, भुँडाटार | व्यावसायिक पशुपालन | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने । | दूधजन्य, अण्डा, माछा, मासु |
| | नाहालाफाँट, उपल्लोफाँट, छब्बिसे, नौबिसे, बानियाँटार, भुँडाटार, कटहरेपाटो, कान्ले र डुँडे | कृषिफार्म सहयोग कार्यक्रम | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने । | |
| | बेलभञ्ज्याङ, रिमाल्नी, नाहाला, बन्दीपुर गेट | चिस्यान केन्द्र स्थापना, कृषि सङ्कलन केन्द्र तथा बजार | | |
| | | कृषि तथा पशुसेवा केन्द्र स्थापना | | |
| २ | चामुण्डा, सिमलटार, खहरे धनबाँसे, कुकुर्दी, वरटार, धनटार, कामीडाँडा, | जमिनको चक्लाबन्दी | व्यावसायिक कृषिका लागि जमिनको चक्लाबन्दी गर्ने, चक्लाबन्दी गरी सिँचाइ र कृषि उपकरणमैत्री प्रविधिको प्रयोग गरिने, लागत कम गर्ने, एक चक्ला एक सङ्कलन केन्द्रको व्यवस्था गर्ने, सहकारी खेतीको अवधारणा अवलम्बन गर्ने, | |
| | मुचुक, कुकुर्दी, पार्चे, हल्थुम्का, गोलडाँडा, कुवादी, कामीडाँडा, खहरे, | व्यावसायिक पशुपालन | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने | |
| | पौवा, खहरे, धारापानी, कुकुर्दी, मुचुक, बटार, सिमलटार, धनबाँसे, | कृषिफार्म सहयोग कार्यक्रम | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने | |
| | गोलडाँडा, | चिस्यान केन्द्र स्थापना, कृषि सङ्कलन केन्द्र तथा बजार | | |
| | सिमलटार | कृषि तथा पशुसेवा केन्द्र स्थापना | | |
| ३ | सुकौरा, शेराटार, रामकोट र तामुङ | जमिनको चक्लाबन्दी | व्यावसायिक कृषिका लागि जमिनको चक्लाबन्दी गर्ने, चक्लाबन्दी गरी सिँचाइ र कृषि उपकरणमैत्री प्रविधिको प्रयोग गरिने, लागत कम गर्ने, एक चक्ला एक सङ्कलन केन्द्रको व्यवस्था गर्ने, सहकारी खेतीको अवधारणा अवलम्बन गर्ने, | |
| | सुकौरा, शेराटार, रामकोट र तामुङ | व्यावसायिक पशुपालन | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने | |
| | सुकौरा, शेराटार, रामकोट र तामुङ | कृषिफार्म सहयोग कार्यक्रम | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने | |
| | सुकौरा, शेराटार | चिस्यान केन्द्र स्थापना, कृषि सङ्कलन केन्द्र तथा बजार | | |
| | शेराटार, सुकौरा (राहुटार) | कृषि तथा पशुसेवा केन्द्र स्थापना | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | जुमडाँडा, भुमर्से, झप्री, बिरूवा | जमिनको चक्लाबन्दी | व्यावसायिक कृषिका लागि जमिनको चक्लाबन्दी गर्ने, चक्लाबन्दी गरी सिँचाइ र कृषि उपकरणमैत्री प्रविधिको प्रयोग गरिने, लागत कम गर्ने, एक चक्ला एक सङ्कलन केन्द्रको व्यवस्था गर्ने, सहकारी खेतीको अवधारणा अवलम्बन गर्ने, | |
| | जुमडाँडा, भुमर्से, झप्री, बिरूवा, लिङ्गेली, लोही | व्यावसायिक पशुपालन | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने | |
| | जुमडाँडा, भुमर्से, झप्री, बिरूवा | कृषिफार्म सहयोग कार्यक्रम | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने | |
| | | चिस्यान केन्द्र स्थापना, कृषि सङ्कलन केन्द्र तथा बजार | | |
| | बन्दीपुर | कृषि तथा पशुसेवा केन्द्र स्थापना | | |
| ५ | याम्पा, कल्चोक, थुम्का, चैनपुर, भुजेल गाउँ, बाहुनभञ्ज्याङ, खानीगाउँ, लुम्टे र फलामडाँडा, बरस्वाँरा, तिलाहार मुनिको फाँट, | जमिनको चक्लाबन्दी | व्यावसायिक कृषिका लागि जमिनको चक्लाबन्दी गर्ने, चक्लाबन्दी गरी सिँचाइ र कृषि उपकरणमैत्री प्रविधिको प्रयोग गरिने, लागत कम गर्ने, एक चक्ला एक सङ्कलन केन्द्रको व्यवस्था गर्ने, सहकारी खेतीको अवधारणा अवलम्बन गर्ने, | |
| | याम्पा, कल्चोक, थुम्का, चैनपुर, भुजेल गाउँ, कोरीखा, बाहुनभञ्ज्याङ, खानीगाउँ, झारगाउँ, मोहोरिया, फलामडाँडा, ढाँडगाउँ र चन्द्रकोट | व्यावसायिक पशुपालन | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने | |
| | याम्पा, थुम्का, कोरीखा, बाहुनभञ्ज्याङ, खानीगाउँ, झारगाउँ, मोहोरिया, फलामडाँडा, ढाँडगाउँ र चन्द्रकोट | कृषि फार्म सहयोग कार्यक्रम | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने | |
| | याम्पा, बाहुनभञ्ज्याङ, | चिस्यान केन्द्र स्थापना, कृषि सङ्कलन केन्द्र तथा बजार | | |
| | याम्पा, बाहुनभञ्ज्याङ | कृषि तथा पशुसेवा केन्द्र स्थापना | | |
| ६ | चिसापानी, खहरे, साराङ, साराङघाट, साम्दी, ग्याजाटार, धरमपानी, माझथर, | जमिनको चक्लाबन्दी | चक्लाबन्दी गरी सिँचाइ र कृषि उपकरणमैत्री प्रविधिको प्रयोग गरिने, लागत कम गर्ने, एक चक्ला एक सङ्कलन केन्द्रको व्यवस्था गर्ने, सहकारी खेतीको अवधारणा अवलम्बन गर्ने, | |
| | चिसापानी, खहरे, साराङ, साराङघाट, साम्दी, ग्याँजाटार, धरमपानी, माझथर, | व्यावसायिक पशुपालन | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने | |
| | खहरे, साराङ, ग्याजाटार, धरमपानी, घमलछाप | कृषिफार्म सहयोग कार्यक्रम | व्यावसायिक कृषि फार्म विकास, वार्षिक ५ लाखभन्दा बढी कारोवार गर्ने | |
| | धरामपानी, साराङघाट, माझथर, | चिस्यान केन्द्र स्थापना, कृषि सङ्कलन केन्द्र तथा बजार | | |
| | साराङघाट, बाक्से हटिया | कृषि तथा पशुसेवा केन्द्र स्थापना | | |

### ३.२.२ जनपर्यावरण मैत्री पर्यटन विकास उपक्षेत्र

**हालको अवस्था**

पर्यटन तथा सत्कार उद्योग क्षेत्रलाई बन्दीपुर गाउँपालिकाले आर्थिक समृद्धिको महत्वपूर्ण अवसरका रूपमा लिइएको छ । १८औँ शताब्दीतिर हालको गण्डकी प्रदेशमा रहेका विभिन्न स-सान राज्यले भोटदेखि भारतसम्म व्यापार गर्ने नाकाका रूपमा बन्दीपुर बजार विकास भएको मानिन्छ । भक्तपुरबाट आएका नेवारले आफ्ना परम्परागत मौलिक शैली र संस्कृतिलाई बन्दीपुरमा पनि अनुकरण गरेको पाइन्छ । विशेष गरेर २०० वर्षको हाराहारीमा निर्माण गरिएका घर सांस्कृतिक धरोहरका रूपमा रहेका छन् । यस स्थानबाट १६ वटा मनोरम हिमशृङ्खला अवलोकन गर्न सकिन्छ । यसैगरी मर्स्याङ्दी र चुँदी नदीले निर्माण गरेका विशाल फाँटले सबैलाई मन्त्रमुग्ध बनाउँछन् । बन्दीपुर र डुम्रे बजार देखिको करिब डेढ घण्टाको पैदलमार्गबाट एसियाकै दोस्रो ठूलो मानिएको सिद्ध गुफा र पातलीद्वार गुफा यसै स्थानमा रहेका छन् । धार्मिक ग्रन्थका अनुसार ऋषि पराशर र व्याससँग यी गुफाको इतिहास जोडिएको छ । दमौलीमा अवस्थित व्यास गुफादेखि यी गुफा हुँदै देवघाटको वशिष्ठ आश्रम र त्रिवेणीको वाल्मीकि आश्रम सम्मको करिडोर जोडी धार्मिक पर्यटन वृद्धि गर्न सकिन्छ । १८औँ शताब्दीतिर निर्माण भएका खड्गदेवी, विन्ध्यवासिनी, थानीमाई, महालक्ष्मी, नारायण, पारपानी महादेव, मुकुन्देश्वरी आदि मन्दिर र स्थानीय जातजाति सँगको सांस्कृतिक सम्बन्धलाई राम्ररी प्रस्तुत गर्न सकिन्छ । रानीवन, गढी, मालेथुम्का, बागेश्वरी, ओख्ले, हुस्लाङकोट, थिन, हर्कपुर, कुलुङ, मुकुन्देश्वरी, रामकोट जस्ता स्थानलाई पैदल मार्गले जोड्नुपर्छ । पर्यावरणीय अवलोकन गर्ने र जैविक विविधता हेर्ने पर्यटकलाई यस्ता स्थानमा मनोरञ्जनका साथै पैदलयात्रा गराउन सकिन्छ ।

वि.सं. २०२५ सालदेखि सुनसान बस्तीका रूपमा रहेको बन्दीपुरले वि.सं. २०३५ सालदेखि पर्यटनको सम्भावना खोजी गरेको पाइन्छ । केही उत्साही तथा व्यापार व्यवसायको सम्भावना खोजी गर्ने युवाको परिश्रम र निरन्तरको लगावपछि पर्यटनको नयाँ गन्तव्यका रूपमा हाल बन्दीपुरको विकास भएको पाइन्छ ।

**पर्यटनको अवस्था**

| क्र.स. | सूचक | राष्ट्रिय | प्रादेशिक | बन्दीपुर |
|---|---|---|---|---|
| ०१ | बाह्य पर्यटकको वार्षिक सङ्ख्या (२०१७) | ९४०२१८ | २९३२६३ | १४६६४ |
| ०२ | बिदा मनाउन/खुसी हुन वा रमाउने उद्देश्य | ३४.५% | | |
| ०३ | धार्मिक आस्था (पशुपतिनाथ र लुम्बिनी दर्शन) | ७०% | | |
| ०४ | ट्रेकिङ तथा साहसिक यात्रा गर्न | १३% | | |
| ०५ | अन्य प्रयोजनका लागि | १८% | | |
| ०६ | औसत नेपाल बसाइ | १२ दिन | | २ दिन |
| ०७ | औसत खर्च (यू.एस.डलर) | ५४ | | |
| ०६ | बिदा मनाउनेको रोजाइमा राष्ट्रिय निकुञ्ज | ५५% | | |
| ०७ | बिदा मनाउनेको रोजाइमा मुस्ताङ र अन्नपूर्ण क्षेत्र भ्रमण | ६६% | | |
| ०८ | बिदा मनाउनेको रोजाइमा मनास्लु पैदल यात्रा | ३०% | | |
| ०९ | ०-१५ वर्ष उमेर समूहका पर्यटक | ३.८% | | |
| १० | १६-३० वर्ष उमेर समूहका पर्यटक | २३.१% | | |
| ११ | ३१-४५ वर्ष उमेर समूहका पर्यटक | ३१.१% | | |

| | | | | |
|---|---|---|---|---|
| १२ | ४५-६० वर्ष उमेर समूहका पर्यटक | २६.०% | | |
| १३ | ६० वर्षमाथि उमेर समूहका पर्यटक | १५.०% | | |
| १४ | पर्यटकका लागि स्तरीय होटल (स्टारसहित) | ९७७ +१२५ | | ७ |
| १५ | पर्यटकका लागि बेड | ३९४३३ | | २४७ |
| १६ | होमस्टेमा आबद्ध घरधुरी | १०४५ | | १८७ |
| १७ | होमस्टेका कोठा | २०१४ | | ३१७ |
| १८ | होमस्टेका बेड | ३४७६ | | ३७२ |
| स्रोत : पर्यटन तथ्याङ्क सर्वेक्षण, पर्यटन मन्त्रालय, नेपाल सरकार र बन्दीपुर पालिका २०७५ | | | | |

बन्दीपुरलाई गण्डकी प्रदेशले पोखरा पछिको दोस्रो पर्यटन गन्तव्य स्थलका रूपमा प्रस्ताव गरेको सन्दर्भमा पर्यटन सेवाको क्षमता बढाउनुपर्ने अवस्था रहेको छ । प्रदेशमा आउने बाह्य पर्यटकमध्ये ३० प्रतिशत पर्यटकलाई बन्दीपुर गन्तव्यमा आकर्षित गर्न सकेको अवस्थामा करिब एक लाख पर्यटकले कम्तीमा पाँच दिन बन्दीपुर घुम्न सक्नेछन् ।

**प्रमुख समस्या**

पर्यटन तथा अतिथि सत्कार उद्योग क्षेत्र विकासका लागि बन्दीपुरको ऐतिहासिक, प्राकृतिक र मौलिक विशेषताको संरक्षण र प्रवर्द्धन राम्ररी हुन नसकेको अवस्था छ । ऐतिहासिक महत्वका सांस्कृतिक सम्पदाको संरक्षण पनि व्यवस्थित तवरले भएको पाइँदैन । यसका लागि सम्पदाको संरक्षण, अभिलेखन र पर्यटक गाईलाई अनुशिक्षण गर्न आवश्यक हुन्छ ।

यसैगरी जैविक विविधतामा आएको ह्रास र पर्यावरणीय असन्तुलनका कारण कतिपय जीव र वनस्पति क्रमशः लोप हुँदै गएका छन् । यिनको संरक्षण र संवर्द्धनका लागि सघन जैविक एवम् प्राङ्गारिक खेती प्रणालीको व्यावसायिक विकास गर्दै स्थानीय ज्ञान, सीप र अनुभवलाई प्रचारप्रसार गर्न आवश्यक देखिन्छ । हाल पर्यटन व्यवसायमा संलग्न होटल, लज, गेस्टहाउस, रेस्टुरेन्ट र होमस्टे वातावरणमैत्री हुन सकेका छैनन् । पर्यटन व्यवसायलाई गन्तव्य स्थान, पैदलमार्ग, होमस्टेसँगै कृषि संस्कृतिसँग जोड्दै, वन र जलाधार क्षेत्रमा रहेका जैविक विविधताको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गर्न आवश्यक छ ।

बन्दीपुर स्थानीय जातजाति, भेषभूषा, धर्म संस्कृति र मौलिक परम्पराको विविधताले भरिपूर्ण स्थान हो । यहाँका मौलिकतालाई व्यवसायीकरण गर्दै पर्यटन प्रवर्द्धन गर्न सकिन्छ । यस गाउँपालिकाका विभिन्न स्थानमा रहेका जातीय रहनसहन र संस्कृतिको संरक्षण र प्रवर्द्धन गरी पर्यटकको बसाइ लम्ब्याउन सकिन्छ । त्यसैगरी नयाँ गन्तव्य स्थानसम्म पर्यटकको पहुँच बढाउन सर्किट प्वाइन्ट तय गरेर प्याकेज निर्माण गर्ने योजना बनाउनु आवश्यक छ ।

**चुनौती तथा अवसर**

पर्यटन प्रवर्द्धनको प्रचुर सम्भावना हुँदाहुँदै पनि विभिन्न कारणबाट बन्दीपुरका सबै स्थानमा पर्यटकको पहुँच पुग्न सकेको छैन । नेपालको पर्यटन तथा सत्कार उद्योगको धमनीका रूपमा रहेको काठमाडौँ, पोखरा र चितवन जोड्ने पृथ्वी राजमार्गसँगै बन्दीपुर जोडिएको भए पनि आवश्यक पूर्वाधार र प्रचारप्रसारको अभावमा अपेक्षित पर्यटक भित्र्याउन र उनीहरूको बसाइ लम्ब्याउन सकिएको छैन ।

पर्यावरणीय सन्तुलन, जैविक विविधता र संस्कृति संरक्षणबाट बन्दीपुरको पर्यटन क्षेत्रको विकास हुन सक्छ । सिमसार क्षेत्र संरक्षण, जीवजन्तु तथा वनस्पति संरक्षण, प्राङ्गारिक एवम् सघन जैविक खेती प्रणालीका माध्यमबाट पर्यावरणीय पर्यटन विकास गर्न सकिन्छ । होमस्टेका सबै बस्तीलाई जातीय संस्कृति, मानव विकास, वातावरणमैत्री

पूर्वाधारको विकास गरी जनपर्यावरणमैत्री गाउँका रूपमा रूपान्तरण गर्दै सांस्कृतिक पर्यटनबाट आर्थिक विकासमा योगदान पुग्नेछ ।

### उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

हिमाली प्राकृतिक सुन्दरता, मौलिक सांस्कृतिक तथा पुरातात्विक सम्पदा र जैविक विविधता नै नेपालको पर्यटनमा सम्भावना बोकेका अमूल्य निधि हुन् । यस्ता स्थल र सम्पदाको संरक्षण, प्रवर्द्धन र विविधीकरण गर्दै पर्यटकीय स्थलका रूपमा विकास गरी अर्थतन्त्रमा जोड दिनसक्ने कुरामा विश्वास राख्दै बन्दीपुरलाई पर्यटकीय क्षेत्र बनाउन जोड दिइएको हो । पर्यटनको माध्यमबाट रोजगारीका अवसर वृद्धि गरी जनताको जीवनस्तर उकास्ने समग्र लक्ष्य लिइएको छ । हुनत नेपालको आन्तरिक र बाह्य राजनीतिको प्रत्यक्ष प्रभाव बाह्य पर्यटकको आगमनमा पर्दछ । विगत एक दशकदेखि बाह्य पर्यटकको आगमन दरमा निकै आरोह अवरोह आएको छ । सन् २०१० देखि २०१५ सम्मको समयमा ऋणात्मक वृद्धिदर रहेको आगमन दर सन् २०१५ पछि हालको आ.व.सम्ममा औसत २१ प्रतिशत वृद्धि देखिन्छ ।

बाह्य पर्यटकको सम्भावना अनुरूप वृद्धि हुने पोखरा र चितवन गन्तव्यलाई लक्षित गरी आउने पर्यटकमध्ये ३० प्रतिशतको अतिरिक्त गन्तव्यका रूपमा बन्दीपुरलाई पाँच दिनको पर्यटन बसाइ स्थलका रूपमा विकास गर्ने परिकल्पना राखिएको छ । आन्तरिक पर्यटकको पक्षबाट पनि बन्दीपुरलाई बिदा मनाउने स्थलका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ । पशुपतिनाथको दर्शन गर्न आउने वार्षिक धार्मिक पर्यटकमध्ये भारतीय र आन्तरिक पर्यटकको सङ्ख्या गरी दुई लाख पर्यटकलाई सिद्ध गुफा र पातलेद्वारको अवलोकन गराउने लक्ष्य राखिएको छ । त्यसैगरी पैदल यात्रा गर्ने, प्राकृतिक ध्यान, योग अभ्यास, चरा अवलोकन केन्द्र र प्राङ्गारिक कृषि प्रविधि केन्द्रका रूपमा विकास गर्न सकिन्छ । प्रदेश अन्तर्गतको रूटमा बन्दीपुर, दमौली, मिर्लुङकोट, गाउँसहर, दूधपोखरी र मनाङ सम्मको यात्रालाई राख्न सकिन्छ । बन्दीपुरका चार ऐतिहासिक कोटलाई स्थानीय रूटका रूपमा विकास गर्न सकिन्छ । पर्यटन क्षेत्रको विकासबाट यस गाउँपालिकाले निम्न अपेक्षा लिएको छ ।

क) पर्यटन र अतिथि सत्कार क्षेत्रको व्यावसायिक विकास गरी पाँच वर्षको अवधिमा कम्तीमा १०,००० मानिसका लागि थप प्रत्यक्ष रोजगारी सिर्जना हुनेछ र हालको आयमा वृद्धि हुनेछ ।

ख) औसत वार्षिक दुई लाख २४ हजार पर्यटकले बन्दीपुरमा औसत पाँच दिन बिताउनेछन् । उनीहरूले औसत दैनिक रू. पाँच हजार बराबर रकम खर्च गर्नेछन् ।

### कार्यान्वयन विधि

- निजी सार्वजनिक साझेदारीको विकास
- धार्मिक, सांस्कृतिक एवम् पुरातात्विक सम्पदाको सबलीकरण
- पदयात्रा, साहसिक खेल र जैविक विविधता अवलोकन
- कृषि, पर्यावरण र स्थानीय संस्कृतिको विकास ।

## प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (परिमाण तहको) | अनुमानित बजेट सुरु आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि | खर्चको स्रोत |
|---|---|---|---|---|---|---|---|
| २ | उपक्षेत्र : पर्यटन तथा अतिथि सत्कार कार्यक्रम | | | | | | |
| २.१ | होटल, रेस्टुराँ, अतिथि घर, होमस्टेको मापदण्ड निर्धारण र सहजिकरण | होटल, रेस्टुरेन्ट, खाजा घर, पाहुना र होमस्टेको दर्ता सङ्ख्या र व्यावसायिक स्तरको वर्गीकरण | ५० | पर्यटन र उद्यम विकास शाखा | चालू आ.व. | २०८० | बन्दीपुर गाउँपालिका |
| | | होमस्टे समूहको अनुशिक्षण सङ्ख्या | १२० | पर्यटन र उद्यम विकास शाखा | २०७६ | २०८० | पालिका |
| | | गाइडको सङ्ख्या र रोस्टर | २० | पर्यटन विकास शाखा/होटल सङ्घ | २०७६ | २०८० | पालिका |
| | | खाजाघर र स्ट्रिट फुडको मापदण्ड अनुगमन | २० | पर्यटन र उद्यम विकास शाखा | चालू आ.व. | निरन्तर | पालिका |
| | | खाजाघर र स्ट्रिट फुडको स्वास्थ्य र सफाइको अनुशिक्षण | ६० | पर्यटन र उद्यम विकास शाखा | २०७६ | २०८० | पालिका |
| २.२ | पर्यटकका लागि प्राकृतिक गन्तव्य स्थान विकास कार्यक्रम | समग्र बन्दीपुरको पर्यटन क्षेत्र विकासका लागि निजी सार्वजनिक साझेदारी कार्यक्रम | १०००० | बन्दीपुर पर्यटन विकास बोर्ड | २०७७ | २०७९ | पालिका प्रदेश सङ्घीय निजी क्षेत्र |
| | | प्राकृतिक हिमशृङ्खला अवलोकन स्थल र अवलोकनकर्ता सङ्ख्या | १००० | भौतिक पूर्वाधार /पर्यटन बोर्ड | चालू आ.व. | २०७८ | पालिका प्रदेश सङ्घीय निजी क्षेत्र |
| | | प्राकृतिक र अन्य मनोरम स्थलको विकास र अवलोकनकर्ता सङ्ख्या | १५०० | भौतिक पूर्वाधार /पर्यटन बोर्ड | २०७६ | २०८३ | पालिका प्रदेश सङ्घीय निजी क्षेत्र |
| | | चरा अवलोकनस्थलको क्षेत्रफल र अवलोकनकर्ता सङ्ख्या | ५०० | पर्यटक विकास शाखा/सामुदायिक वन | २०७७ | २०८५ | पालिका प्रदेश |
| | | पैदलयात्रा मार्गको सर्किट सङ्ख्या, लम्बाई र पैदलयात्री सङ्ख्या | २५०० | भौतिक पूर्वाधार /पर्यटन शाखा | २०७६ | २०८० | पालिका |
| | | साइकल मार्ग सर्किट लम्बाई र साइकलयात्री सङ्ख्या | ५००० | भौतिक पूर्वाधार /पर्यटन शाखा | २०७७ | २०८२ | पालिका |
| | | जनपर्यावरणीय मैत्री गाउँ सङ्ख्या | २५०० | कृषि विकास, पर्यटक विकास शाखा/सहकारी | २०८० | २०८३ | पालिका |
| | | जैविक विविधता संरक्षण उद्यान | ३००० | पर्यटक विकास शाखा, सामुदायिक वन | २०८२ | २०८५ | पालिका प्रदेश |
| | | बन्दीपुर संरक्षण र पुरातात्विक महत्वमा काम गरिरहेका सङ्घ/संस्थासँग सहकार्य | १००० | पर्यटन विकास शाखा | चालू आ.व. | निरन्तर | पालिका गैरसरकारी संस्था |
| | | जनजाति संस्कृति म्युजियम | १५०० | पर्यटन विकास बोर्ड | चालू आ.व. | २०७८ | पालिका |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.३ | साहसिक खेल प्रवर्द्धन कार्यक्रम | प्याराग्लाइडिङ उडान समय | १००० | पर्यटन विकास बोर्ड/पर्यटन व्यवसायी सङ्घ | चालू आ.व. | २०७९ | पालिका निजी क्षेत्र |
| | | रक क्लाइम्बिङ तालिम ब्याच र सङ्ख्या | ५०० | पर्यटन विकास बोर्ड/पर्यटन व्यवसायी सङ्घ | चालू आ.व. | २०८० | पालिका |
| | | एक्सपिडिसन टुर्नामेन्ट ब्याच र सङ्ख्या | ५०० | पर्यटन विकास बोर्ड/पर्यटन व्यवसायी सङ्घ | २०७८ | २०८२ | पालिका |
| | | बन्जीजम्पमा सहभागी सङ्ख्या | १००० | पर्यटन विकास बोर्ड/पर्यटन व्यवसायी सङ्घ | २०७८ | २०८५ | पालिका निजी क्षेत्र |
| | | टुँडीखेल सिसा भ्यू प्वाइन्ट अवलोकन गर्नेको सङ्ख्या | १०००० | पर्यटन विकास बोर्ड/पर्यटन व्यवसायी सङ्घ | चालू आ.व. | २०८५ | पालिका निजी क्षेत्र |
| २.४ | पर्यटकका लागि धार्मिक तथा सांस्कृतिक गन्तव्य स्थान विकास कार्यक्रम | बन्दीपुर (हेरिटेज साइट) संरक्षण र पुरातात्विक घर सङ्ख्या | १००० | भौतिक पूर्वाधार /पर्यटन वि.बोर्ड | चालू आ.व. | निरन्तर | पालिका प्रदेश निजी क्षेत्र |
| | | सिद्धगुफा संरक्षण र पुरातात्विक म्युजियम अवलोकनकर्ता सङ्ख्या | ५००० | भौतिक पूर्वाधार /पर्यटन वि.बोर्ड | चालू आ.व. | २०७९ | पालिका |
| | | मुकुन्देश्वरी, थानिमाई, खड्गदेवी लगायतका पुरातात्विक एवम् सांस्कृतिक क्षेत्रको संरक्षण र अवलोकनकर्ता सङ्ख्या | ५००० | पर्यटन विकास बोर्ड/पर्यटन व्यवसायी सङ्घ | चालू आ.व. | २०८० | पालिका प्रदेश |
| | | गुम्बा, रानीवन, तीनधारा,पहाडपानी, मन्दिरको संरक्षण | ३००० | पर्यटन विकास बोर्ड | चालू आ.व. | २०७९ | |
| | | पुराना बगैंचामा पिकनिक स्थलमा स्तरोन्नति सङ्ख्या | ५००० | भौतिक पूर्वाधार /पर्यटन बोर्ड | चालू आ.व. | २०८३ | पालिका |
| | | सांस्कृतिक केन्द्रमा अवलोकनकर्ता सङ्ख्या | २००० | पर्यटन व्यवसायी | २०७६ | २०७८ | पालिका |
| २.५ | सिमसार क्षेत्र विस्तार तथा ताल संरक्षणविकास कार्यक्रम | सिमसार क्षेत्र डिमार्केसन र ताल निर्माण क्षेत्र सङ्ख्या र क्षेत्रफल (हेक्टर) | १०००० | पालिका/प्रदेश | २०७६ | २०८४ | पालिका |
| | | तालपार्कमा भ्रमण गर्ने पर्यटक सङ्ख्या | ३००० | पर्यटन विकास शाखा/पर्यटन व्यवसायी सङ्घ | २०८० | निरन्तर | पालिका निजी क्षेत्र |
| | | माछा उत्पादन परिमाण | १००० | कृषि विकास, पर्यटक विकास शाखा/सहकारी | २०८० | निरन्तर | पालिका निजी क्षेत्र |
| | | जैविक विविधता संरक्षण प्रजाति | १००० | पर्यटन विकास शाखा/सामुदायिक वन | २०८५ | निरन्तर | पालिका प्रदेश सङ्घ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.६ | अतिथि सत्कार र पर्यटन उद्योगका लागि जनशक्ति विकास कार्यक्रम | हस्पिटालिटी विषयमा स्नातक युवा सङ्ख्या | ५०० | शिक्षा शाखा/पर्यटन व्यवसायी सङ्घ | २०७७ | निरन्तर | पालिका निजी क्षेत्र |
| | | पर्यटक गाइड जनशक्ति सङ्ख्या | ५०० | शिक्षा शाखा/पर्यटन व्यवसायी सङ्घ | २०७६ | निरन्तर | पालिका निजी क्षेत्र |
| | | कुक, वेटरको सङ्ख्या | २५०० | शिक्षा शाखा/पर्यटन व्यवसायी सङ्घ | चालू आ.व. | निरन्तर | पालिका निजी क्षेत्र |
| | | साहसिक खेलका गाइड सङ्ख्या | १५०० | शिक्षा शाखा/पर्यटन व्यवसायी सङ्घ | २०७६ | २०७८ | पालिका निजी क्षेत्र |
| | | लघु उद्यमी सङ्ख्या | २५०० | सहकारी/पर्यटन व्यवसायी सङ्घ | २०७६ | निरन्तर | पालिका प्रदेश सरकार निजी क्षेत्र |
| २.७ | पर्यटन, अतिथि सत्कार र लघु उद्योग विकास शाखाको सबलीकरण कार्यक्रम | पर्यटन प्रहरीको सङ्ख्या | २००० | पालिका/प्रदेश | चालू आ.व. | निरन्तर | पालिका प्रदेश सरकार |
| | | लघु उद्यम प्रवर्द्धक सङ्ख्या | २००० | पालिका/उद्योग वाणिज्य सङ्घ | २०७६ | निरन्तर | पालिका निजी क्षेत्र |
| | | गुणस्तर सुपरिवेक्षक सङ्ख्या | १००० | पालिका/प्रदेश | चालू आ.व. | निरन्तर | पालिका |
| | | पर्यटन सूचना केन्द्र | १००० | पालिका/प्रदेश | चालू आ.व. | निरन्तर | पालिका |
| | | पर्यटन र लघु उद्यम विकास अधिकृत | २००० | पालिका/प्रदेश | २०७६ | निरन्तर | पालिका प्रदेश सरकार |
| | | पर्यटन र उद्यमशीलता विकास अध्ययन केन्द्र, उद्यम प्रसार एवम् प्रवर्द्धन | ५०० | पर्यटन विकास शाखा | २०७७ | निरन्तर | पालिका प्रदेश सरकार |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

| क्र.स. | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षमा अनुमानित | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | पर्यटन र अतिथि सत्कार क्षेत्रको व्यावसायिक विकास गरी पाँच वर्षको अवधि कम्तीमा ५००० मानिसका लागि रोजगारी सिर्जना हुनेछ र हालको आयमा वृद्धि हुनेछ । | दर्तावाल फर्म/प्रतिष्ठान/होटल/यातायातमा संलग्न श्रमिक | | ५००० | आयोजनाको प्रभाव अध्ययन प्रतिवेदन | पालिका का.स. /विज्ञ | राष्ट्रिय पर्यटन भ्रमण वर्ष कार्यक्रमले थप सहयोग गर्नेछ । |
| | | लघु उद्यममा संलग्न सङ्ख्या | | | | | |
| | | होमस्टेको सङ्ख्या | | | | | |
| | | प्रतिव्यक्ति आय (रू) | ७५,०००/- | १६७,०००/- | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | स्थानीयभन्दा बाहिरका मानिस व्यवसायमा संलग्न हुन सक्नेछ । |
| | | प्रतिव्यक्ति खर्च गर्न सक्ने क्षमता (रू.) | ८६,०००/- | १८८,०००/- | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | प्रतिस्पर्धात्मक लगानी र मुनाफाका अवस्था |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ख) अति गरिबीको रेखामुनि भएका गाउँपालिकाको कुल परिवार मध्ये १० प्रतिशतले हाल प्रतिव्यक्ति प्रतिदिन १.५ डलर (वार्षिक रू. ५६,९४०) भन्दा कम आय लाई ३ यूएस डलर प्रतिदिन पुऱ्याउन सक्नेछन् । | लघुउद्यममा संलग्न सङ्ख्या | | १५०० | आयोजनाको प्रभाव अध्ययन प्रतिवेदन | पालिका का.स. /विज्ञ | पालिकाको अति गरिब लक्षित कार्यक्रमले थप सहयोग गर्नेछ । |
| | | प्रतिव्यक्ति आय (रू) | ५६,९४०/- | ७७,०००/- | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | अति गरिबीको दुश्चक्र वृद्धि हुने आर्थिक मन्दी, विपद्, |
| | | मानव विकास सूचकाङ्क | | गण्डकी प्रदेशका उत्कृष्ट दश निकायमा पुग्ने | मानव विकास प्रतिवेदन | तथ्याङ्क कार्यालय /विज्ञ | गरिब लक्षित कार्यक्रममा विनियोजन हुने बजेट, |
| ३ | पर्यटकको बन्दीपुरको बसाइ औसत तीन दिन लामो हुनेछ । उनीहरूले प्रतिदिन गरेको खर्चको हिस्सा स्थानीय समुदायमा पुग्नेछ । | स्थानीय रोजगारीको अवसर | | २५०० | श्रम सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय/विज्ञ | सीप विकास /युवा लक्षित कार्यक्रम |
| | | प्राकृतिक मनोरममा रमाउने पर्यटकको वार्षिक सङ्ख्या | | | पर्यटन विकास समिति/पर्यटन शाखाको वार्षिक प्रतिवेदन | पर्यटन विकास शाखा | देशको राजनीतिक अवस्था र शान्तिसुरक्षाको स्थिति |
| | | सांस्कृतिक/धार्मिक प्रतिष्ठानमा रमाउने पर्यटक वार्षिक सङ्ख्या | | | पर्यटन विकासको वार्षिक प्रतिवेदन | पर्यटन विकास शाखा | देशको राजनीतिक अवस्था र शान्तिसुरक्षाको स्थिति |
| | | साहसिक खेल, साइकल, घोड सवार, पैदल यात्रामा संलग्न पर्यटकको वार्षिक सङ्ख्या | | | पर्यटन विकास समिति/पर्यटन शाखाको वार्षिक प्रतिवेदन | पर्यटन विकास शाखा | देशको राजनीतिक अवस्था र शान्तिसुरक्षाको स्थिति |
| | | सुटिङ, क्याम्पिङ एवम् सामूहिक पिकनिक कार्यमा संलग्न पर्यटकको वार्षिक सङ्ख्या | | | पर्यटन विकास समिति/पर्यटन शाखाको वार्षिक प्रतिवेदन | पर्यटन विकास शाखा | देशको राजनीतिक अवस्था र शान्तिसुरक्षाको स्थिति |
| ४ | पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रको प्रभावकारी सहभागिता हुनेछ | पर्यटन महोत्सवको आयोजना सङ्ख्या | | | पर्यटन विकास समिति/पर्यटन शाखाको वार्षिक प्रतिवेदन | पर्यटन विकास समिति | देशको राजनीतिक अवस्था र शान्तिसुरक्षाको स्थिति |
| | | साहसिक खेलको प्रतियोगिता आयोजना सङ्ख्या | | | पर्यटन विकास समिति/पर्यटन शाखाको वार्षिक प्रतिवेदन | पर्यटन विकास समिति | देशको राजनीतिक अवस्था र शान्तिसुरक्षाको स्थिति |
| | | बन्दीपुरको प्रचार प्रसारमा संलग्न सरोकारवाला सँगको सहकार्य | | | बन्दीपुर विकास समिति/पर्यटन शाखाको वार्षिक प्रतिवेदन | बन्दीपुर विकास समिति | देशको राजनीतिक अवस्था र शान्तिसुरक्षाको स्थिति |
| | | राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्चार माध्यमबाट हुने प्रचार प्रसार | | | पर्यटन विकास समिति/पर्यटन शाखाको वार्षिक प्रतिवेदन | पर्यटन विकास समिति/ पर्यटन विकास बोर्ड | देशको राजनीतिक अवस्था र शान्तिसुरक्षाको स्थिति |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सेवा प्रदायक निकायको सेवाको अवस्थामा प्रभावकारी | प्राविधिकको सङ्ख्या | १ | ५ | कर्मचारी अभिलेख | गाउँपालिका | कर्मचारीमा हुने सरूवा र पदपूर्ति |
| | | सूचना र जनसम्पर्क शाखा | ० | १ | पर्यटन शाखाको वार्षिक प्रतिवेदन | पर्यटन शाखा | कर्मचारीको क्षमता, जनसम्पर्क सीप र पालिकाबाट हुने अनुगमन |
| | | पर्यटन प्रहरी एकाइ | १ | ६ | पर्यटन शाखाको वार्षिक प्रतिवेदन | नेपाल प्रहरी | पालिकाबाट हुने नियमित अनुगमन र कार्यान्वयनको इच्छाशक्ति |
| | | गाइड डाटाबेस रोस्टर र तालिमको आयोजना | ० | ५० | पर्यटन शाखाको वार्षिक प्रतिवेदन | पर्यटन विकास समिति | गाइडको क्षमता र सीप |
| | | हस्पिटालिटीको गुणस्तरीय र स्ट्रिट फुडको अनुगमन | ० | १ | पर्यटन शाखाको वार्षिक प्रतिवेदन | पर्यटन शाखा | कर्मचारीको क्षमता, ल्याब परीक्षण र पालिकाको अनुगमन |
| | | हेरिटेज र भौतिक पूर्वाधारको स्तरोन्नति | ३ | १० | भौतिक पूर्वाधार शाखाको वार्षिक प्रतिवेदन | भौतिक पूर्वाधार शाखा | निजी क्षेत्रको लगानीमा सहजीकरण र पालिकाका अनुगमन |

## खर्च संरचनाको प्रतिएकाइ लागत अनुमान

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रति एकाइ लागत (रू. लाखमा) | जम्मा लागत ३ वर्षको (रू.लाखमा) | जम्मा लागत ३ वर्षको (रू.लाखमा) |
|---|---|---|---|---|---|---|
| १ | होटल, रेस्टुराँ, अतिथि घर, होमस्टेको मापदण्ड निर्धारण र सहजीकरण | होटल, रेस्टुरेन्ट, खाजा घर, पाहुना र होमस्टेको दर्ता सङ्ख्या र व्यावसायिक स्तरको वर्गीकरण | दर्ता सङ्ख्या | ५ | १५ | २५ |
| | | होमस्टे समूहको अनुशिक्षण सङ्ख्या | | २ | ६ | १० |
| | | गाइडको सङ्ख्या र रोस्टर | | २ | ६ | ८ |
| | | खाजाघर र स्ट्रिट फुडको मापदण्ड अनुगमन | | २ | ६ | १० |
| | | खाजाघर र स्ट्रिट फुडको स्वास्थ्य र सफाइको अनुशिक्षण | | ६ | १८ | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | पर्यटकका लागि प्राकृतिक गन्तव्य स्थान विकास कार्यक्रम | प्राकृतिक हिमशृङ्खला अवलोकन स्थल र अवलोकनकर्ता सङ्ख्या | अवलोकनकर्ता सङ्ख्या | १०० | ३०० | ५०० |
| | | प्राकृतिक अन्य मनोरम स्थलको विकास र अवलोकनकर्ता सङ्ख्या | अवलोकनकर्ता सङ्ख्या | १५ | ४५ | ७५ |
| | | चरा अवलोकन स्थलको क्षेत्रफल र अवलोकनकर्ता सङ्ख्या | अवलोकनकर्ता सङ्ख्या | ५० | १५० | ल्ह |
| | | पैदलयात्रा मार्गको सर्किट सङ्ख्या, लम्बाई र पैदलयात्री सङ्ख्या | पैदलयात्री सङ्ख्या | २५० | ७५० | ल्ह |
| | | साइकल मार्ग सर्किट लम्बाई र साइकलयात्री सङ्ख्या | | ५० | १५० | २५० |
| | | जनपर्यावरणीय मैत्री गाउँ सङ्ख्या | | २५ | ७५ | १२५ |
| | | जैविक विविधता संरक्षण उद्यान | | ३० | ९० | १५० |
| | | बन्दीपुर संरक्षण र पुरातात्विक महत्वमा काम गरिरहेका सङ्घ/संस्थासँग सहकार्य | | १० | ३० | ५० |
| | | जनजाति संस्कृति म्युजियम | | १५ | ४५ | ७५ |
| ३ | साहसिक खेल प्रवर्द्धन कार्यक्रम | प्याराग्लाइडिङ उडान समय | उडान समय | १० | ३० | ५० |
| | | रक क्लाइम्बिङ तालिम ब्याच र सङ्ख्या | | ५ | १५ | ल्ह |
| | | एक्सपिडिसन टुर्नामेन्ट ब्याच र सङ्ख्या | | ५ | १५ | २५ |
| | | बन्जीजम्पमा सहभागी सङ्ख्या | सहभागी सङ्ख्या | १० | ३० | ५० |
| | | टुँडिखेल सिसा भ्यु पुल | अवलोकनकर्ता सङ्ख्या | १० | ३० | ५० |
| ४ | पर्यटकका लागि धार्मिक तथा सांस्कृतिक गन्तव्य स्थान विकास कार्यक्रम | बन्दीपुर हेरिटेज बस्ती संरक्षण र पुरातात्विक घर सङ्ख्या | घर सङ्ख्या | १० | ३० | ५० |
| | | सिद्ध गुफा संरक्षण र पुरातात्विक म्युजियम अवलोकनकर्ता सङ्ख्या | अवलोकनकर्ता सङ्ख्या | ५० | १५० | ल्ह |
| | | मुकुन्देश्वरी, थानिमाई लगायतका पुरातात्विक एवम् सांस्कृतिक क्षेत्रको संरक्षण र अवलोकनकर्ता सङ्ख्या | अवलोकनकर्ता सङ्ख्या | ५ | १५ | २५ |
| | | गुम्बा, रानीधारा, मन्दिरको संरक्षण | | ३ | ९ | १५ |
| | | पुराना बगैँचामा पिकनिक स्थलमा स्तरोन्नति सङ्ख्या | | ५ | १५ | २५ |
| | | सांस्कृतिक केन्द्रमा अवलोकनकर्ता सङ्ख्या | अवलोकनकर्ता सङ्ख्या | २ | ६ | १० |
| ५ | सिमसार क्षेत्र विस्तार तथा ताल संरक्षण विकास कार्यक्रम | सिमसार क्षेत्र डिमार्केसन र ताल निर्माण क्षेत्र सङ्ख्या र क्षेत्रफल (हेक्टर) | | १० | ३० | ५० |
| | | तालपार्कमा भ्रमण गर्ने पर्यटक सङ्ख्या | पर्यटकसङ्ख्या | ३० | ९० | १५० |
| | | माछा उत्पादन परिमाण | | १० | ३० | ५० |
| | | जैविक विविधता संरक्षण प्रजाति | | १० | ३० | ५० |
| ६ | अतिथि सत्कार र पर्यटन उद्योगका लागि जनशक्ति विकास कार्यक्रम | हस्पिटालिटी विषयमा स्नातक युवा सङ्ख्या | | ५ | १५ | २५ |
| | | पर्यटक गाइड जनशक्ति सङ्ख्या | | ५ | १५ | २५ |
| | | कुक, वेटरको सङ्ख्या | | २५ | ७५ | १२५ |
| | | साहसिक खेलका गाइड सङ्ख्या | | १५ | ४५ | NA |
| | | लघु उद्यमी सङ्ख्या | | २५ | ७५ | १२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | पर्यटन,अतिथि सत्कार र लघु उद्यम विकास शाखाको सबलीकरण कार्यक्रम | पर्यटन प्रहरीको सङ्ख्या | | २० | ६० | ल्ड |
| | | लघु उद्यम प्रवर्द्धक सङ्ख्या | | २० | ६० | १०० |
| | | गुणस्तर सुपरीवेक्षक सङ्ख्या | | १० | ३० | ५० |
| | | पर्यटन सूचना केन्द्र | | १० | ३० | ५० |
| | | पर्यटन र लघु उद्यम विकास अधिकृत | | २० | ६० | १०० |
| | | पर्यटन र उद्यमशील विकास अध्ययन केन्द्र, उद्यम प्रसार एवम् प्रवर्द्धन | | ५ | १५ | २५ |

## जोखिम अनुमान विश्लेषण

१. बन्दीपुरको मौलिकता संरक्षण र प्रवर्द्धन ।

२. शान्ति सुरक्षाको प्रत्याभूति

३. राजनीतिक स्थिरता ।

४. पर्यावरणीय सन्तुलन ।

५. यातातात र सञ्चार सुविधा ।

६. विद्युत् आपूर्ति

७. खानेपानी तथा ढल व्यवस्थापन

८. प्रचारप्रसार र समन्वय

९. अतिथि सत्कार र खाद्यान्न गुणस्तर ।

१०. होटलको क्षमता

| वडागत पर्यटन क्षेत्र विकास कार्यक्रम | | | | |
|---|---|---|---|---|
| वडा नं. | बस्ती वा टोल | प्रस्तावित मुख्य क्रियाकलाप | क्रियाकलापको सङ्क्षिप्त जानकारी | कैफियत |
| १ | नाहाला | भुत्याई रह पार्क | आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नेछ । | |
| | बागदले | रक गार्डेन पार्क | पिकनिक स्थल विकास गरिने । | |
| | शिखरडाँडा पार्क | सडक मोडमा पार्क | आकर्षक सडक निर्माण गरिनेछ । जनप्रतिनिधि पार्क, | |
| | | चिल्लोबाटो पिकनिक स्पोर्ट | | |
| | बस्ती | भुकभुके वराह क्षेत्र | घेराबेरा संरक्षण गर्ने । | |
| | भनडाँडा | झाँक्रीथान निर्माण | | |
| | | शहीद स्मारक पार्क | | |
| | | खड्गदेवी मन्दिर | | |
| | बराहाथान, छाप (कौसिनी छाप) | पर्यटन प्वाइन्ट<br>साइकल लेन निर्माण | | |
| | भुडाए रह | प्राकृतिक पौडी पोखरी | | |
| | नाहाला | फनपार्क | | |
| | बानियाटर<br>भुँडाटार, देउराली | बगैँचा | ३ वटा | |
| | प्यू घर | पार्क व्यवस्थापन | | |
| | | देवलटारी, सत्य सत्यसाई, | मन्दिर संरक्षण | |
| २ | | थानीमाई, मुकुन्दसेन सङ्ग्रहालय जानेबाटो, मिनी ग्रेटवाल | मिनी ग्रेटवाल र प्रचारप्रसार | |
| | | थानीमाई थान संरक्षण र प्रवर्द्धन गर्ने । | हिमाल शृङ्खला दृश्यावलोकन र पदयात्रा स्थलका रूपमा विकास गरिने । | |
| | | मुकुन्दसेन सङ्ग्रहालय | (टुँडीखेल, इनार, घोडाको तबेला, गोला दुर्ग आदि) | |
| | | मुकुन्देश्वरी संरक्षित क्षेत्र तथा बर्ड वाचिङ सेन्टर,<br>साइक्लिङ रूट | चरा, सुनाखरी तथा जैविक विविधता अवलोकन केन्द्रको रूपमा विकास गर्ने | |
| | | रक क्लाइम्बिङ, प्याराग्लाइडिङ | साहसिक खेल व्यवस्थापन गरिने । | |
| | | देवीथान सिमसार क्षेत्र तथा पार्क व्यवस्थापन, थारूवास । | जैविक विविधता संरक्षण । | |
| | चामुण्डा<br>कामीडाँडा | चामुण्डा थान र सिद्धको थान | | |
| | थारूवास, खहरे | बगैँचा संरक्षण | ४ वटा बगैँचा संरक्षण | |
| ३ | | रामकोट, असोबोटे होमस्टे, मगर संस्कृति | मगर संस्कृति प्रवर्द्धन | |
| | रानीओडार | रक क्लाइम्बिङ | साहसिक खेल व्यवस्थापन गरिने । | |
| | रामकोट | मगर सांस्कृतिक सङ्ग्रहालय | | |
| | सेराटार | सन्तानेश्वर महादेव | धार्मिक पर्यटन क्षेत्र विकास | |
| | रामकोट | बर्ड वाचिङ केन्द्र | चरा, सुनाखरी तथा जैविक विविधता अवलोकन केन्द्रको रूपमा विकास गर्ने | |
| | सन्तानेश्वर परिसर | तालपार्क | जैविक विविधता संरक्षण र पर्यटन विहार | |
| | सेराटार, | बगैँचा | ३ वटा | |

| | | | | |
|---|---|---|---|---|
| | रामकोट बुढाबरजु | भ्यु प्वाइन्ट | | |
| ४ | | बन्दीपुर हेरिटेज साइट<br>मुख्यमन्त्री नमूना गाउँ | बन्दीपुरको पुरानो बजारलाई पुरातात्विक महत्वका रूपमा विकास गर्दै संरक्षण गरिने छ । पुरानो बजारलाई पुरातात्विक महत्वको आधारमा संरक्षण गर्दै, १५० वर्षभन्दा पुराना घर, बाटो, धारो, पाटी, सिमसार र बगैँचा संरक्षण गर्ने । पुराना घरमध्ये एकलाई स्थानीय संस्कृति झल्कने गरी इथ्नोम्युजियमका रूपमा विस्तार गरिनेछ । | संस्कृति, भेषभूषा र पुराना रहन सहनको अध्ययन गर्न वा अवलोकन गर्न चाहने पर्यटकका लागि स्रोत केन्द्रका रूपमा विकास गरिनेछ |
| | | टुँडिखेल पार्क तथा जातीय भेषभूषा प्रदर्शनी स्थल, फोटोग्राफी र सिसाको भ्यु प्वाइन्ट निर्माण । | बन्दीपुरको ऐतिहासिक विरासत र महत्वलाई थप व्यवस्थित गर्न हालसम्म रहेका पुरातात्विक महत्वलाई संरक्षण र प्रवर्द्धन गर्दै, हालको टुँडिखेललाई पर्वतीय शृङ्खला दृश्य स्थल, सांस्कृतिक झाँकी स्थलका रूपमा स्तरोन्नति गरिन्छ । बन्दीपुरका लागि आउने बाह्य तथा आन्तरिक पर्यटकका लागि लक्षित गरी निजी तथा सार्वजनिक साझेदारी अवधारणाका आधारमा बन्दीपुर तालपार्कको निर्माण गरिन्छ । | |
| | | तालपार्क | वडा नं. २ अन्तर्गत निर्माण गर्न लागिएको यस तालपार्क नेपालका लागि नै पहिलो मानव निर्मित ताल हुनेछ । यस परियोजना निर्माण भएपछि धेरै पसल सञ्चालनमा आउनेछन् । जसमा धेरैले प्रत्यक्ष दैनिक रोजगारीको अवसर प्राप्त गर्नेछन् । दैनिक धेरै पर्यटकले यस क्षेत्रमा भ्रमण गर्नेछन् र एक जनाले कम्तीमा पाँच सय रुपियाँ खर्च गर्नेछन् । यसबाट प्राप्त हुने सेवाबाट बन्दीपुर गाउँ पालिकाका लागि कर उपलब्ध हुनेछ । | |
| | | केबुलकार | पीपीपी मोडेलमा निर्माण र सञ्चालन गरिनेछ । | |
| | | रानीवन भ्यु टावर लिजमा | पीपीपी मोडेलमा निर्माण र सञ्चालन गरिनेछ । | |
| | | तीनधारा र बगैँचा संरक्षण | पार्क व्यवस्थापन | |
| | | बगैँचा | उदय आश्रम शिवालय मन्दिर,<br>चुँदीदोभान<br>कालधारा बगैँचा | |
| | | कुन्टे खोला इन्द्रेणी पार्क | | |
| | | आदिवासी जनजाति सांस्कृतिक सङ्ग्रहालय | पीपीपी मोडेलमा निर्माण र सञ्चालन गरिनेछ । | |
| | | खड्गदेवी थान | सांस्कृतिक झाँकी प्रदर्शन | |
| | | शान्ति गुम्बा, | ध्यान केन्द्र विकास गर्ने । | |
| | | रक क्लाइम्बिङ | पीपीपी मोडेलमा निर्माण र सञ्चालन गरिनेछ । | |
| | | सिद्धगुफा बृहत कार्यक्रम | सिद्ध गुफा एसियाकै सबैभन्दा ठूलो गुफा मानिएको यस गुफाको पर्यटकीय व्यवस्थापनमा बाल उद्यान र पिकनिक स्थलको व्यवस्था गर्न पालिकाले गौरवको आयोजनाका रूपमा लिएको छ । यस आयोजनाभित्र पैदल यात्राबाट थानीमाईको यात्रा पूरा गरी रानी वनको डाँडामा निर्माण गरिने भ्यु टावरसम्म करिडोर पूरा गर्नेगरी धार्मिक क्षेत्र तयार गरिन्छ । यस करिडोरको यात्रालाई एकदिवसीय प्याकेजका रूपमा विकास गरिनेछ । गुफाको ऐतिहासिक र धार्मिक महत्व रहेको कुरा विभिन्न किंवदन्ती तथा पुरातात्विक दस्तावेजमा उल्लेख रहेको पाइन्छ । यस गुफालाई शिलाकृत कलाकारिता र मूर्तिको म्युजियम ढाँचामा | |

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्थापन गरिनेछ । | |
| | | मनकामना मन्दिर | भुमर्सेमा रहेको मनकामना मन्दिरको संरक्षण | |
| | | परेवाढाँड वाचिङ सेन्टर | | |
| | | छत्रे ढुङ्गा, पातलेद्वार, सेतो ढुङ्गा, ठूलो ढुङ्गा पैदल यात्रा | यस वडाभित्र पदयात्रा मनोरञ्जनका लागि अर्को परिक्रमा क्षेत्र निर्धारण गरिएको छ | |
| | | होमस्टेमा | हाल सञ्चालनमा रहेका १० वटा होमस्टे (विमलनगर, तीनधारा, बन्दीपुर सामुदायिक, मोहोरिया, कोरिखा, झारगाउँ, धरमपानी, धमलछाप, शेराटार, रामकोट र सुखौरा आदि) लाई विशेषता सहितको सुविधाको व्यवस्थापन गर्न प्रोत्साहित गरिनेछ । | होमस्टेलाई समूहलाई जनपर्यावरणनी य गाउँको रूपमा विकास गरिनेछ । |
| | | | यात्राको पैदल वा घोडा तथा साइकलबाट मनोरञ्जन लिने पर्यटक | |
| | | झप्रीको सिमसार क्षेत्र<br>बाँसपुरूवा धनबाँसे सिमसार | | |
| | | विमलनगर, सिद्ध गुफादेखि बन्दीपुर पदयात्रा | पदयात्रा मार्ग निर्माण गरिनेछ । | |
| | | पातलद्वारी गुफा | गुफा संरक्षण गरिने । | |
| | | जुमडाँडा झप्री सामुदायिक वन संरक्षण | | |
| | | कोलधारा बगैंचा, | | |
| | सिरथोक | ढुङ्गेविहार | | |
| | | बन्दीपुरे उकाली अजिङ्गरे ढुङ्गा | पैदलमार्ग | |
| ५ | | तातोपानी कुण्ड / ताल याम्पा | | |
| | | कोरिखा होम स्टे | | |
| | झारगाउँ माथि | लालीगुराँस क्षेत्र | लालीगुँरास संरक्षण र प्रचारप्रसार गर्ने । | |
| | | चन्द्रकोट गढी, | अवलोकन केन्द्र । | |
| | | चन्द्रकोट र झार गाउँ होम स्टे | | |
| | | सानो आँधीमूल संरक्षण पार्क | | |
| | कल्चोक | कल्चोक जलदेवी मन्दिर संरक्षण | | |
| | कल्चोक | कल्चोक बौद्ध विहार | | |
| | थुम्का भञ्ज्याङ | कालिका मन्दिर तथा पोखरी संरक्षण | | |
| | गोहोरे, बोकेखोलादेखि बाहुन भञ्ज्याङ, आनन्दपुरी जालभञ्ज्याङ, ढाँडगाउँ | हाइकिङ र चरा अवलोकन रूट | यस भेगमा विभिन्न ६२ जातिका चराको अवलोकन गर्न सकिनेछ । | |
| ६ | | धरमपानी होमस्टे गुरूङ संस्कृति | | |
| | | हुस्लाङकोट गढी | हुस्लाङकोट गढी सरक्षण गरिने । | |
| | | सेती नदि ऱ्याफ्टिङ | ऱ्याफ्टिङ सञ्चालन अनुमति दिने, नदीको व्यवस्थापन गर्ने । | |
| | | बागेश्वरी मन्दिर संरक्षण तथा भ्यु प्वाइन्ट । | | |
| | लेकस्वाँरा, | लालीगुराँस संरक्षण | | |
| | साम्दी | साम्दी महादेव स्थान | | |
| | कुचिला फेद | सिद्धबाबा | | |
| | लखनबारी | लखनथान | | |
| | | पोखरी भञ्ज्याङ संरक्षण | | सर्किट |
| | | आड सर्किट | | |

### ३.२.३ वित्तीय परिचालन र सहकारी विकास उपक्षेत्र

#### औचित्य

देशको अर्थतन्त्र चलायमान बनाउन र लगानीको वातावरण तयार गर्न वित्तीय परिचालन अपरिहार्य छ । वित्तीय परिचालनको माध्यमका रूपमा निजी क्षेत्रको योगदानलाई विश्वका धेरैजसो देशले स्वीकार गरेका छन् र सहकारीलाई अर्को भरपर्दो वित्तीय परिचालनको माध्यम मानिएको छ । नेपालमा पनि वि.सं.२०४८ सालदेखि सहकारीलाई अर्थतन्त्रको एक अवयवका रूपमा लिइएको छ । संविधानले निजी, सहकारी र सार्वजनिक क्षेत्रलाई अर्थतन्त्रका तीन खम्बाका रूपमा मानेको छ ।

र विकास बैङ्कका शाखा खोल्ने क्रम जारी छ । हालसम्म दुई सरकारी, चार निजी स्तरका र तीन विकास बैङ्कले यस स्थानबाट आर्थिक कारोवार गर्दै आएका छन् । त्यसैगरी तीनवटा लघुवित्त संस्थाले लघुवित्तको कारोवार गरेको पाइन्छ । स्थानीय स्तरमा गठन भएका बचत तथा ऋण सहकारी जम्मा १३ वटा रहेका छन् । जसमध्ये चारवटा गाउँपालिका स्तरमा दर्ता भएका छन् भने नौ वटा प्रदेशमा दर्ता भएका छन् । औसत एक सहकारीमा ४२ सेयर सदस्य रहेका छन् भने नियमित बचत गर्नेको सङ्ख्या पनि ५१ जनाको हाराहारीमा रहेको छ । सहकारीको संस्थागत अवस्था यसप्रकार रहेको छ ।

| क्र.स. | सूचक | एकाइ | राष्ट्रिय | प्रादेशिक | बन्दीपुर |
|---|---|---|---|---|---|
| ०१ | **बैङ्किङ कारोवार गर्ने संस्था (बैङ्क, लघुवित्त संस्था)** | **सङ्ख्या** | **१९,३४७** | | **७** |
| ०२ | ऋणीको सङ्ख्या | जना | | | |
| ०३ | जम्मा ऋण प्रवाह रकम | रू. लाख | | | |
| ०४ | खराब ऋणी सङ्ख्या | जना | | | |
| ०५ | जम्मा क्रियाशील बचत तथा ऋण सहकारी | सङ्ख्या | ३३,४८८ | | १३ |
| ०६ | सहकारीको सेयर सदस्य | सङ्ख्या | ५४ लाख | | ५४६ |
| ०७ | सेयर रकम | रू. लाख | ६७० | | |
| ०८ | बचतकर्ता | सङ्ख्या | | | ६६३ |
| ०९ | बचत रकम | रू. लाख | २३२० | | |
| १० | जम्मा लगानी सङ्ख्या | ऋणी सङ्ख्या | | | |
| ११ | जम्मा लगानी रकम | रू. लाख | २१०० | | |
| १२ | जम्मा सहकारीमा आबद्ध घरधुरी | परिवार | | | ५४६ |
| १३ | सहकारीको खुद नाफा | रू. लाख | | | |
| १४ | तरलताको अवस्था | प्रतिशत | | | |

तथ्याङ्क स्रोत : नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग । सन् २०१७

सरकारी तथा विकास बैङ्क, लघुवित्त संस्था, बचत तथा ऋण सहकारीको परिचालनलाई वित्तीय परिचालन उपक्षेत्रमा राखिएको छ । नेपाल सरकारले नयाँ सहरको विस्तार कार्यक्रम अन्तर्गत बन्दीपुरलाई पनि समेटेको छ । हालको अवस्थामा यो गाउँपालिका एक उदीयमान सहरका रूपमा विकास हुने सम्भावना देखिन्छ । यसै सम्भावनाको आधारमा सरकारी, निजी

#### प्रमुख समस्या

नेपालको संविधानले सहकारी क्षेत्रलाई देशको अर्थतन्त्रको एक स्तम्भका रूपमा लिएको छ । सहकारी संस्थाले सहकारीको नीति, सिद्धान्त र मान्यता अनुसार कार्यक्रम सञ्चालन गर्न र व्यवस्थापन गर्न कठिन भइराखेको अवस्था छ । सरकारको केन्द्रीय ट्रेजरीमा रहेको नगदलाई सीधै गाउँमा रहेका

गरिबको झुपडीसम्म पुऱ्याउने माध्यमका रूपमा मात्र सहकारीलाई लिएको छैन, गाउँमा छरिएर रहेको स-सानो पुँजी सङ्कलन गर्दै पुनः गाउँमा नै लगानी गर्ने सोचका साथ एक आर्थिक आधारका रूपमा लिएको छ । विश्वव्यापीकरण र खुला अर्थबजार नीतिका कारण गाउँको आत्मनिर्भरता स्खलन भएको छ । गाउँ अब उपभोक्ताको बस्तीका रूपमा विकास भइरहेको छ । सहकारीले सबैका लागि वित्तीय सेवामा पहुँच पुऱ्याउन सहयोग गरिरहेको छ तर पनि यस क्षेत्रमा तमाम विकृतिका कारण द्रुत गतिमा विकास हुन सकेको छैन । नेपालमा समूहमा आधारित सहकारीको प्रभाव सशक्तीकरणको राम्रो नमुना बनिरहेको अवस्थामा सङ्घीय सरकारको ऐन तथा नीतिले खासै यस दिशामा कार्य गर्न नसकेको अवस्थामा बन्दीपुर गाउँपालिकाले विगत दुई दशकको देशको मौलिक अभ्यासलाई आत्मसात गरेको छ । गाउँमा जानुपर्ने रेमिट्यान्स सहरमा केन्द्रित भएको छ । रेमिट्यान्सको प्रयोग मूल्य अभिवृद्धि गर्ने क्षेत्रमा भन्दा उपभोग गर्ने क्षेत्रमा भएको छ । त्यो रकमलाई सहकारीको माध्यमबाट गाउँमा नै परिचालन गर्न सकेको अवस्थामा आर्थिक वृद्धिमा योगदान पुग्न सक्नेछ ।

## चुनौती तथा अवसर

दिगो विकास लक्ष्य नं. ८ ले दिगो आर्थिक वृद्धि र उत्पादनशील रोजगारी र मर्यादित कामका लागि तोकिएका दुईवटा सूचकले क्रमशः वित्तीय सेवामा सबैको पहुँच र हरेक ३० मिनेटको पैदल यात्रामा सहकारी सेवाको सुविधालाई सुनिश्चित गर्ने कुरा उल्लेख गरेको छ ।

वास्तवमा सहकारी ऐन तथा नियमावलीले व्यक्तिगत सदस्यको आधारमा सहकारीको परिकल्पना मात्र गरेको छ तर लामो अनुभव र व्यावहारिक अभ्यासका आधारमा समूहमा आधारित बचत तथा ऋण सहकारी नै प्रभावकारी र सामूहिक लाभका लागि उपयोग र नतिजामुखी देखिएको छ । यसको नतिजा र प्रभावकारी भएका कारण नै यस्तो सहकारीलाई छलफलमा प्रस्तावित गरिएको हो । कम्तीमा २५ जनासँग छरिएर रहेको पुँजी सङ्कलन गरी बचत तथा ऋण सहकारीको गठन र परिचालन गर्न सकिने व्यवस्था कानुनमा उल्लेख छ । विपन्न र स्रोत साधनबाट पछाडि पर्न बाध्य समुदायलाई लक्षित गरी सरल तथा दिगो व्यवस्थापन र सबैको समान पहुँच निर्माण गर्न हाल सम्मको प्रभावकारी सहकारी सञ्चालनको मोडलमा समूहमा आधारित सहकारी नै रहेको पाइन्छ । समूहमा आधारित सहकारीलाई निम्न आधारमा पहिचान गर्न सकिन्छ । किनकि यस्ता सहकारीले समूह-समूहको सहकार्य, समान र निश्चित भूगोलमा बसोबास, बचत तथा ऋणको कारोवार गर्ने उद्देश्य, सङ्घीय संरचना, सहकारीको सदस्यताका लागि समूहको सिफारिस, समूहको जमानीका आधारमा कारोवार र सामूहिक नीति तथा नियमावलीको निर्माण जस्ता समावेशी लोकतन्त्रको अभ्यास गरेका हुन्छन् ।

## उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

वित्तीय पहुँच अभिवृद्धिका लागि मौद्रिक कारोवारको अनिवार्य सर्तका रूपमा मानिन्छ भने पारिवारिक आर्थिक सुरक्षाको ध्येय पनि मौद्रिक कारोवार हुन पुगेको छ । हरेक परिवारको आर्थिक सुरक्षा र वित्तीय स्रोतमा पहुँच अभिवृद्धि गर्न बन्दीपुर गाउँपालिकाले सबैलाई बचत तथा ऋण सहकारीमा आबद्ध गराउने लक्ष्य लिएको छ । हरेक वडामा कम्तीमा एक/एक वटा बचत तथा ऋण सहकारी परिचालन गर्ने लक्ष्य लिएको छ । आवश्यकता र क्षमताका आधारमा सहकारीका अन्य सेवा केन्द्र विस्तार गर्दै जान सकिन्छ । सहकारी विकासका विभिन्न मोडलमध्ये समूहमा आधारित बचत तथा ऋण सहकारीको मोडलबाट सबै घरधुरी समेट्न सकिने भएको हुँदा यस मोडेललाई अङ्गीकार गरिएको छ । बन्दीपुर गाउँपालिकाले हरेक वडामा एक एकवटा बचत तथा ऋण सहकारी परिचालन गरेर सबै परिवारलाई बचत तथा ऋण परिचालनमा आबद्ध गर्दै आर्थिक

कारोवारमा संलग्न गर्नेछ । वडाको भूगोल र जनसङ्ख्याको अवस्थालाई ध्यानमा राखी सेवाकेन्द्र मार्फत कारोवार गर्न सकिन्छ । बचत तथा ऋण सहकारी कार्यक्रम महिला लक्षित कार्यक्रम हो। हरेक बस्ती तथा टोलमा समूह गठन र परिचालन गरी बचत परिचालनलाई अभियानका रूपमा लगिनेछ । गरिबी निवारणका लागि सबैको पहुँमा वित्तीय संस्था नभई नागरिकले आर्थिक चलायमानको अवसर पाउन सक्दैनन् । गाउँको पैसालाई गाउँमा नै फर्काउने माध्यमका रूपमा बचत तथा ऋण सहकारीलाई लिइएको छ। सहरमा केन्द्रित रकम तथा रेमिट्यान्स गाउँबस्तीसम्म परिचालन गरिनेछ ।

गाउँपालिकाका सबै घरधुरीलाई बचत तथा ऋण सहकारीमा आबद्ध गर्न निम्न अनुसार कार्य गरि नेछ ।

- गाउँपालिकाका सबै बचत तथा ऋण सहकारीको डाटाबेस लगत तयार गरिनेछ । सहकारीको लगत तयार गर्दा चालू आ.व.देखि तीन वर्षको विवरण (सेयर सदस्य सङ्ख्या र रकम, बचत कर्ताको सङ्ख्या र रकम, ऋणी सङ्ख्या र लगानी रकम, लगानी असुली, ब्याज दर र अन्तर्राष्ट्रिय क्रेडिट युनियनका मापदण्ड अनुसार संस्थागत विकासका सूचक) को आधारमा गरि नेछ ।
- डाटाबेस विवरणका आधारमा सहकारीलाई आफ्नो सदस्यता र कारोवार वृद्धि गर्न व्यावसायिक योजना निर्माण गर्न सहजीकरण गरि नेछ । सहकारीको सञ्चालक समितिको इच्छा र व्यावसायिक योजनाका आधारमा दुई वर्षसम्म क्षमता अभिवृद्धि गर्न नसक्ने सहकारीलाई आपसी मिलानको (मर्जिङ स्किम) कार्यक्रम सञ्चालन गरिनेछ। मर्जिङ गर्दा पायक पर्ने वा सम्बन्धित वडामा मिल्ने गरी गरिनेछ । सहकारी नभएको वडामा समूहका आधारमा नयाँ सहकारी गठन गरिनेछ । सहकारी सिद्धान्त र मान्यताको आधारमा कारोवार गर्न सहजीकरण र अनुगमन गरिनेछ ।
- सहकारीको कारोवार, व्यावसायिक आत्मनिर्भरताका लागि भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्दै अनलाइन वा मोबाइल सेवामा कारोवार गर्न सक्नेगरी क्षमता अभिवृद्धि गरिनेछ ।

## कार्यान्वयन विधि

- हरेक बस्ती तथा टोलमा महिला आत्मनिर्भर समूहको गठन र परिचालन
- समूहलाई वडा स्तरको बचत तथा ऋण सहकारीमा आबद्ध गर्ने र आवश्यकता भएमा मर्ज गर्ने
- सहकारीको व्यावसायिक योजना निर्माण र डिजिटल अभिलेखनका लागि सहजीकरण
- सहकारी सिद्धान्त र अन्तर्राष्ट्रिय अभ्यासका आधारमा अनुगमन
- गाउँपालिकाका सबै घरधुरीलाई सहकारीमा आबद्ध गर्ने र गरिबीको स्तर अनुसार आयआर्जन वृद्धिका लागि गरिने सहयोग सहकारी मार्फत गर्ने ।

## प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (परिमाण तहको) | अ.ब. सुरू आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| ३ | उपक्षेत्र : वित्तीय परिचालन र सहकारी विकास कार्यक्रम | | | | | |
| | क) वित्तीय सेवामा सबैको पहुँच र हरेक ३० मिनेटको पैदल यात्रामा सहकारी सेवाको सुविधा सुनिश्चित गर्ने ख) हरेक नागरिकले अनिवार्य बचत गरी आपसमा लगानीका अवसर बढ्ने | | | | | |
| ३.१ | आत्मनिर्भर महिला समूहको परिचालन | आत्मनिर्भर महिला वा मिश्रित समूह गठन | १२० | महिला/सामाजिक शाखा | चालू आ.व. | २०७८ |
| | | आत्मनिर्भर समूहको संस्थागत क्षमता विकास अनुशिक्षण | १२० | महिला/सामाजिक शाखा | २०७६ | २०७८ |
| | | नियमित बैठक सञ्चालन र अनुगमन | ६० | सामाजिक शाखा | २०७६ | निरन्तर |
| | | बचत पास बुक, खाता, बक्सा, स्टेसनरी आदि प्रदान | २०० | महिला/सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| | | समूहको वार्षिक साधारण एवम् पारिवारिक सभा | ६० | महिला/सामाजिक शाखा | २०७६ | निरन्तर |
| ३.२ | समूहलाई सहकारीमा आबद्ध गर्ने | समूहलाई बचत तथा ऋण सहकारीको फाइदा र सञ्चालन विधि बारेमा अनुशिक्षण | १०० | महिला/सामाजिक शाखा | चालू आ.व. | २०८० |
| | | बचत तथा ऋण सहकारीका वार्षिक योजना र नीति नियम बारेमा छलफल | १०० | महिला/सामाजिक शाखा | २०७६ | २०८० |
| | | समूहका प्रतिनिधिको सहभागितामा विभिन्न विषयमा घुम्ती गोष्ठी सञ्चालन | १२० | महिला/सामाजिक शाखा | २०७६ | निरन्तर |
| | | सहकारीको वार्षिक प्रगति बारेमा छलफल | ६० | महिला/सामाजिक शाखा | २०७६ | निरन्तर |
| ३.३ | बचत तथा ऋण सहकारीको व्यावसायिक विकास | सहकारीको व्यावसायिक योजना निर्माण र अध्यावधि | १२० | महिला/सामाजिक शाखा | २०७८ | निरन्तर |
| | | सहकारी शिक्षा अभियान | ६० | महिला/सामाजिक शाखा | २०७६ | २०८० |
| | | शतप्रतिशत घरधुरीलाई सहकारी सदस्यमा आबद्ध | ६० | महिला/सामाजिक शाखा | २०७८ | २०८० |
| | | सहकारी कार्यालय एवम् सेवा केन्द्रको सबलीकरण | २४० | महिला/सामाजिक शाखा | २०७६ | निरन्तर |
| | | सहकारीको वार्षिक साधारण सभा र कार्यक्रम निर्माण | ३० | महिला/सामाजिक शाखा | २०७६ | निरन्तर |
| | | सञ्चालक समिति र कर्मचारीको क्षमता अभिवृद्धि | ६० | महिला/सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| ३.४ | पालिका भित्र लैङ्गिक समानता र सामाजिक शाखाको संस्थागत क्षमता अभिवृद्धि | लैङ्गिक समानता र सामाजिक समावेशीकरण फोकल व्यक्ति परिचालन | १२० | महिला/सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| | | सहकारी शिक्षा र ऋण परिचालन अनुगमन | ६० | महिला/सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| | | सहकारी ई व्यवस्थापन प्रणालीबाट कारोवारको नियमित अनुगमन | २०० | महिला/सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| | | सहकारी दर्ता र परिचालन ऐनको निर्माण | ३० | कार्यकारी समिति पालिका | २०७७ | २०७८ |
| | | सहकारी र समूहको प्रगतिका आधारमा अनुदान | १०० | महिला/सामाजिक शाखा | २०७८ | २०८० |
| | | सहकारी परिचालन र सामाजिक शाखा निर्माण | २०० | कार्यकारी समिति पालिका | २०७७ | २०७८ |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

| क्र.स. | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षमा अनुमानित | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | पालिकाका सम्पूर्ण घरधुरी सहकारीमा आबद्ध भई वित्तमाथिको पहुँच कायम हुनेछ । | घरधुरी | ५४६ | ४८५३ | सहकारी प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | सहकारीका विकासका लागि सङ्घीय र प्रदेश सरकारको सहयोग |
| | | सेयर सङ्ख्या | ५४६ | २०,०१३ | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | नेतृत्वले अभियान नै सञ्चालन गर्नु पर्ने हुन्छ |
| | | प्रतिव्यक्ति सेयर रकम (रू) | ६,०००/– | ३०,०००/– | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | प्रतिस्पर्धात्मक लगानी अवस्था |
| | | बचत कर्ता | ६६३ | २५,००० | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | प्रतिस्पर्धात्मक लगानीको अवस्था |
| | | प्रतिव्यक्ति बचत (रू) | ८०००/– | ६०,०००/– | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | प्रतिस्पर्धात्मक लगानीको अवस्था |
| | | ऋणी सङ्ख्या | ४४५ | १२००० | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | प्रतिस्पर्धात्मक लगानीको अवस्था |
| | | ऋण परिचालन (रू) | | | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | प्रतिस्पर्धात्मक लगानीको अवस्था |
| २ | बचत तथा ऋण सहकारीको दिगोरसीमान्त समूहमैत्री सेवा प्राप्त हुनेछ । | सहकारीमा आबद्ध समह | ११ | ३०० | आयोजनाको प्रभाव अध्ययन प्रतिवेदन | पालिका का.स. /विज्ञ | पालिकाको अति गरिब लक्षित कार्यक्रमले थप सहयोग गर्ने छ । |
| | | सहकारी सङ्ख्या | ९ | | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | अति गरिबीको दुश्चक्र वृद्धि हुने आर्थिकमन्दी, विपत्, |
| | | सहकारी समितिमा आबद्ध स्थानीय नेतृत्व सङ्ख्या | | | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | |
| | | सहकारीको भौतिक सम्पत्ति | | | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | |
| | | सहकारीको कुल सम्पत्ति | | | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | |
| | | वित्तीय तरलताको अवस्था | | १०% | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सहकारी तथा वित्तीय संस्थाको क्षमता विकास कार्यक्रम | सहकारीको बाह्य ऋण (रू) | | ८७५,०००/- | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | |
| | | बाह्य ऋण ग्रहण गर्ने संस्था | १ | | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | |
| | | संस्थागत लगानी (रू) | ७०० | ३०% | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | |
| | | व्यावसायिक सुरक्षा | | | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | |
| | | व्यावसायिक काउन्टर, कम्प्युटर प्रणालीबाट अभिलेखन | | | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | |
| | | सहकारीको खुद नाफा | | | सहकारी कार्यक्रम प्रतिवेदन | पालिका स. शाखा /विज्ञ | |
| ४ | सहकारीको संस्थागत विकासका लागि क्षमता अभिवृद्धि | सहकारी शाखाको गठन, परिचालन | | | वार्षिक उत्पादन प्रतिवेदन | कृषि विकास शाखा | |
| | | सहकारी परिचालक परिचालन | | | वार्षिक उत्पादन प्रतिवेदन | पशुविकास शाखा | |
| | | बचत कर्ता र ऋणी अनुगमन | | | वार्षिक उत्पादन प्रतिवेदन | पशुविकास शाखा | |
| | | त्रैमासिक अडिटको अभियान | | | वार्षिक उत्पादन प्रतिवेदन | कृषि विकास शाखा | |
| | | वार्षिक प्रतिवेदन प्रकाशन | | | वार्षिक उत्पादन प्रतिवेदन | कृषि विकास | |

## खर्च संरचनाको प्रति एकाइ लागत अनुमान

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रति लाख लागत | जम्मा लागत ३ वर्षको रू. लाखमा | लागत ५ वर्षको रू. लाखमा |
|---|---|---|---|---|---|---|
| ३.१ | आत्मनिर्भर महिला समूहको परिचालन | आत्मनिर्भर महिला वा मिश्रित समूह गठन | समूह सङ्ख्या | १.२ | ३.६ | ६ |
| | | आत्मनिर्भर समूहको संस्थागत क्षमता विकास अनुशिक्षण | अनुशिक्षण सङ्ख्या | १.२ | ३.६ | ६ |
| | | नियमित बैठक सञ्चालन र अनुगमन | अनुगमन सङ्ख्या | ०.६ | १.८ | ३ |
| | | बचत पास बुक, खाता, बक्सा, स्टेसनरी आदि प्रदान | स्टेसनरी प्याकेज | २ | ६.० | NA |
| | | समूहको वार्षिक साधारण एवम् पारिवारिक सभा | साधारण सभा पटक | ०.६ | १.८ | ३ |
| ३.२ | समूहलाई सहकारीमा आबद्ध गर्ने | समूहलाई बचत तथा ऋण सहकारीको फाइदा र सञ्चालन विधि बारेमा अनुशिक्षण | अनुशिक्षण सङ्ख्या | १ | ३.० | ५ |
| | | बचत तथा ऋण सहकारीको वार्षिक योजना र नीति नियम बारेमा छलफल | सहकारीमा आबद्ध समूह सङ्ख्या | १ | ३.० | ५ |
| | | समूहका प्रतिनिधिको सहभागितामा विभिन्न विषयमा घुम्ती गोष्ठी सञ्चालन | घुम्ती गोष्ठी सङ्ख्या | १.२ | ३.६ | ६ |
| | | सहकारीको वार्षिक प्रगति बारेमा छलफल | समूह बैठक सङ्ख्या | ०.६ | १.८ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.३ | बचत तथा ऋण सहकारीको व्यावसायिक विकास | सहकारीको व्यावसायिक योजना निर्माण र अध्यावधि | व्यावसायिक योजना सङ्ख्या | १.२ | ३.६ | ६ |
| | | सहकारी शिक्षा अभियान | सहकारी शिक्षा सङ्ख्या | ०.६ | १.८ | ३ |
| | | शतप्रतिशत घरधुरीलाई सहकारी सदस्यमा आबद्ध | घरधुरी सङ्ख्या | ०.६ | १.८ | ३ |
| | | सहकारी कार्यालय एवम् सेवा केन्द्रको सबलीकरण | सेवा केन्द्र सङ्ख्या | २.४ | ७.२ | १२ |
| | | सहकारीको वार्षिक साधारण सभा र कार्यक्रम निर्माण | साधारण सभा सङ्ख्या | ०.३ | १.० | १.५ |
| | | सञ्चालक समिति र कर्मचारीको क्षमता अभिवृद्धि | तालिम सङ्ख्या | ०.६ | १.८ | ३. |
| ३.४ | पालिका भित्र लैङ्गिक समानता र सामाजिक शाखाको संस्थागत क्षमता अभिवृद्धि | लैङ्गिक समानता र सामाजिक समावेशीकरण फोकल व्यक्ति परिचालन | फोकल व्यक्ति सङ्ख्या | १.२ | ३.६ | ६ |
| | | सहकारी शिक्षा र ऋण परिचालन अनुगमन | खराब ऋणी सङ्ख्या | ०.६ | १.८ | ३ |
| | | सहकारी ई व्यवस्थापन प्रणालीबाट कारोवारको नियमित अनुगमन | अनुगमन सङ्ख्या | २ | ६ | १० |
| | | सहकारी दर्ता र परिचालन ऐनको निर्माण | सहकारी दर्ता सङ्ख्या | ०.३ | १ | १.५ |
| | | सहकारी र समूहको प्रगतिका आधारमा अनुदान | अनुदान सङ्ख्या | १ | ३ | ५ |
| | | सहकारी परिचालन र सामाजिक शाखा निर्माण | सहकारी शाखाको वार्षिक योजना | २ | ६ | १० |

## जोखिम तथा अनुगमन विश्लेषण

१. बजारमा रहेका वित्तीय संस्था सँगको प्रतिस्पर्धा

२. सहकारी व्यवस्थापन

३. खराब ऋणीको अनुगमन

४. वित्तीय स्रोत सँगको समन्वय (राष्ट्र बैङ्क)

५. नेतृत्व होडमा हुने राजनीतिकरण

६. प्रभावकारी अनुगमन मूल्याङ्कन

७. प्रभावकारी सहकारी शिक्षा अभियान

८. मुद्रामा हुने तरलता

**वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि**

| वडा नं. | बस्ती स्तरीय समूह सङ्ख्या | सहकारी सङ्ख्या | प्रस्तावित मुख्य गतिविधि |
|---|---|---|---|
| १ | ६० | ६ | सम्पूर्ण घरपरिवारलाई सहकारीमा आबद्ध गराउने । वित्तसँग पहुँच वृद्धि । निष्क्रिय समूह र सहकारीलाई सक्रिय बनाउने । असङ्गठितलाई सङ्गठित गराउने । सङ्गठित संस्थालाई वस्तु तथा सेवाको उत्पादन र वितरणमा । |
| २ | ५० | ३ | ऐ.ऐ. |
| ३ | ३५ | ३ | ऐ.ऐ. |
| ४ | ५५ | ५ | ऐ.ऐ. |
| ५ | ४५ | ४ | ऐ.ऐ. |
| ६ | ४५ | ३ | ऐ.ऐ. |
| जम्मा | | | |

## ३.२.४ उद्योग व्यवसाय प्रवर्द्धन र उद्यमशील विकास उपक्षेत्र

### हालको अवस्था

आमनागरिक आफ्नो जीवनमा सधैँ खुसी र समृद्धि चाहन्छन् । खुसी र सुखी जीवनका लागि मानिसमा व्यावसायिक क्षमता विकास र व्यवसायको प्रवर्द्धन हुनसक्ने वातावरणको जरूरत पर्दछ । जीविकोपार्जनमा सुधार ल्याउन सामान्यतया आर्थिक, सामाजिक, सांस्कृतिक र प्राविधिक क्षेत्रमध्ये कुनै एक वा धेरै क्षेत्रसँग सम्बन्धित व्यवसाय गर्न आवश्यक हुन्छ । मानिसको ज्ञान, सीप, चहना, सीप, रूचि, अनुभव र स्रोतका आधारमा व्यवसायको छनौट गर्दछन् ।

यस उपक्षेत्र अन्तर्गत बन्दीपुर गाउँपालिकाको अवस्था र परिवेश अनुसार व्यापार, लघुउद्यम, घरेलु तथा साना उद्योग र वैदेशिक रोजगारीमा संलग्न भइरहेका जनशक्तिको अवस्थामा सुधार र प्रवर्द्धन गर्न खोजिएको हो । बन्दीपुर एक व्यापारिक इतिहास बोकेको बजार हो । भारतको ठोरी, बेतिया लगायतका पुराना बजार र मनाङ, धादिङ र रसुवा हुँदै तिब्बत सम्मको व्यापार सूत्रधार (पारागमन) वा ट्रान्जिट बजारका रूपमा विकास भएको इतिहास छ । वि.सं. २०२५ सालदेखि सुस्ताएको यो बजार अहिले लम्जुङ, तनहुँ, गोरखा र मनाङ जिल्लाका केही भागको व्यापारिक केन्द्रका रूपमा विकास हुँदै गइरहेको छ ।

नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय, तथ्याङ्क विभाग र आईएलओको अध्ययन र अभ्यासका आधारमा तुलनात्मक अध्ययन गर्न सजिलो होस् भनी लघु उद्यम, व्यापार र रोजगारमा जान तयार भइरहेका युवाको वार्षिक सङ्ख्यालाई यहाँ तुलनात्मक रूपमा राखिएको छ । मन्त्रालयले लघु उद्यमका केही सूचक राखेको छ जस अनुसार (क) घर, जग्गा लगायत भौतिक पूर्वाधार बाहेकमा रू.२००,००० सम्मको लगानी भएको (ख) आफैँले नै व्यवस्थापन हेर्ने (ग) नौ जनासम्म जनशक्ति परिचालन भएको (घ) १० किलोवाटभन्दा कम जलविद्युत् आपूर्तिको स्रोतमा सञ्चालन हुने रहेको छ । साना व्यापार भन्नाले वार्षिक रू. पाँच लाखदेखि एक करोड सम्मको व्यापार कारोवारलाई तोकिएको छ ।

श्रम बजारका लागि तयार युवा भन्नाले १५ वर्ष उमेर पूरा भएका कम गर्न इच्छुक उमेर समूहको जनसङ्ख्यालाई भनिएको हो । त्यसैगरी काम वा रोजगारीका लागि कम्तीमा छ महिनादेखि विदेशमा रहेको जनसङ्ख्यालाई वैदेशिक रोजगारमा संलग्न जनसङ्ख्या मानिएको छ ।

### व्यवसाय र आम्दानीको अवस्था

| क्र.स | सूचक | एकाइ | सङ्घीय | प्रदेश | बन्दीपुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | लघुउद्यम व्यवसाय | सङ्ख्या | ५३३४५ | | १८० | |
| ०२ | औसत आम्दानी (वार्षिक) | रू./व्यक्ति | ३५,००० | | | |
| ०३ | साना व्यापार | सङ्ख्या | ७७९००० | | ३७८ | |
| ०४ | औसत आम्दानी (वार्षिक) | रू./फर्म | २७,००० | | | |
| ०५ | वार्षिक श्रमबजारका लागि तयार युवा | सङ्ख्या | ५,१२,००० | | | |
| ०६ | वैदेशिक रोजगारमा संलग्न | सङ्ख्या | ३५४,००० | | | |
| ०७ | औसत रेमिट्यान्स (वार्षिक) | रू. | १,१७,५०० | | | |

## प्रमुख समस्या

विकासको अवधारणा अनुसार कृषि तथा पशुपालन क्षेत्रलाई प्रथम स्तम्भ, उद्योग तथा वाणिज्य क्षेत्रलाई दोस्रो स्तम्भ र सेवा क्षेत्रलाई तेस्रो स्तम्भका रूपमा विकास गर्नुपर्ने कुरामा विज्ञले जोड दिएको पाइन्छ । हाम्रो संविधानमा उल्लेख गरिएको राज्यका निर्देशक सिद्धान्तले आर्थिक विकासलाई समृद्धिको आधार मानेको छ । अधिकांश स्थानीय तहमा सञ्चालन हुने विकासका परियोजनाले सामाजिक तथा भौतिक पूर्वाधार क्षेत्रलाई मात्र प्राथमिकतामा राखेको र सामाजिक विकास तथा भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक लघुउद्यम विकास र साना व्यवसायको माध्यमबाट रोजगारी अभिवृद्धि गर्न पेसागत सीप र ज्ञानको विविधीकरण गर्न सकेको छैन । खुला र प्रतिस्पर्धात्मक अर्थ व्यवस्थाले विश्वको अर्थ राजनीतिमा प्रभाव पारिरहेको अवस्थामा स्थानीय माग र उत्पादनको आधारमा व्यावसायिक विकास गरी आपूर्ति सन्तुलन गर्न नसकेमा त्यसको प्रत्यक्ष असर गाउँमा पर्दछ । योजना बनाउँदा यस्ता विषयमा ध्यान दिन सकिएन भने गरिबीको खाडल गहिरिएर जानेगर्दछ । अहिले देशको अर्थतन्त्रको करिब २३ प्रतिशत हिस्सा रेमिट्यान्सले ओगटेको छ भने कुल ग्राईस्थ्यमा चौथो स्थानमा रही राष्ट्रिय अर्थतन्त्रमा सहयोग गरिरहेको छ । रेमिट्यान्सको ठूलो हिस्सा घरघडेरी, शिक्षा र घरायसी प्रयोजनमा प्रयोग भएको छ । रेमिट्यान्ससँगै सीप लिएर आउने युवालाई उद्योग तथा वाणिज्य क्षेत्रमा परिचालन गर्न सकेमा औद्योगीकरणको दिशामा जान सकिनेछ ।

## चुनौती तथा अवसर

दिगो विकास लक्ष्य नं. ८ अनुसार सबैका लागि समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने भन्ने रहेको छ । उक्त लक्ष्य अनुसार सरकारको कुल ग्राईस्थ्य उत्पादनमा लघु, साना र मझौला उद्योगको योगदान बढाउने र बेरोजगारी दर घटाउने कुरालाई सूचकका रूपमा लिएको छ ।

विश्व खुला बजारको सामना गरिरहेको हाम्रो समाजमा स्वरोजगार, व्यवसाय प्रवर्द्धन गर्न स्थानीय सरकारले योजनाबद्ध विकासको प्रयास गर्न खोजिएको छ । वास्तवमा बन्दीपुर गाउँपालिकाभित्र व्यक्तिगत तहबाट गरिरहेका आयआर्जनको प्रयासलाई स्थानीय सरकारका तर्फबाट सहयोग, साझेदारी र सहजीकरण गर्न खोजिएको छ । लघुउद्यमको विकासबाट कृषि, बागबानी, पशुपक्षी र मौरीपालनलाई मूल्य थप गर्न सहयोग गर्नुको अलावा पर्यटन क्षेत्रका लागि आवश्यक वस्तु तथा सेवा आपूर्ति गर्न सहयोग मिल्नेछ । व्यावसायिक प्रवर्द्धनले मानिसको उत्पादन गर्ने क्षमता अभिवृद्धि हुने र स्वरोजगार सिर्जना गर्न सहयोग गर्नेछ ।

## उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

रोजगार तथा व्यवसाय प्रवर्द्धन र उद्यमशील जनशक्तिको विकास गरी गाउँपालिकाभित्र स्वरोजगारको अवसर सिर्जना गर्नेगरी योजना निर्माण गर्न लागिएको हो । हाल गाउँपालिकामा

दर्ता भएका व्यवसायको आधारमा जम्मा घरधुरी सङ्ख्याको करिब ११ प्रतिशत सङ्ख्या लघु तथा घरेलु उद्योग र अन्य व्यवसायमा संलग्न देखिन्छ । आगामी दस वर्षभित्र यो सङ्ख्यामा वृद्धि गरी २५ प्रतिशत सङ्ख्या पुऱ्याउने र औसत कारोवारलाई हालको अङ्कमा दोब्बर गर्ने लक्ष्य लिइएको छ । यस उपक्षेत्रका उद्देश्य यस प्रकार छन् ।

- कुल घरधुरी सङ्ख्याको ६.७ प्रतिशत (३०९ घरधुरी) हिस्सामा रहेको लघु तथा साना उद्योगलाई दस वर्षको अन्त्यपछि दोब्बर गर्ने ।
- कुल घरधुरीको ८ प्रतिशत (३७८ घरधुरी) अंश रहेको व्यावसाय (व्यापार र सेवा) सङ्ख्या दोब्बर गरिने ।
- रेमिट्यान्सको पैसालाई उत्पादनशील क्षेत्रमा लगानी गरी गाउँको पैसा परिचालन गर्ने ।

## कार्यान्वयन विधि

- लघुउद्यम विकास कार्यक्रम
- स्थानीय बजारको माग र आपूर्तिको आधारमा व्यवसाय सञ्चालनमा सहजीकरण
- प्रविधि हस्तान्तरण र सबलीकरण
- लगानीका लागि सहजीकरण

### प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (परिमाण तहको) | अनुमानित बजेट सुरु आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| ४ | उपक्षेत्र : रोजगारी एवम् व्यवसाय प्रवर्द्धन र उद्यमशील विकास कार्यक्रम | | | | | |
| | क) प्रत्यक्ष रूपमा गैरकृषि क्षेत्रमा संलग्न नरहेका नागरिकको रोजगार एवम् व्यवसायको सङ्ख्यामा वृद्धि गरी दोब्बर पुऱ्याउने । ख) वैदेशिक रोजगारीबाट आर्जन भएको ज्ञान, सीप, क्षमता र पुँजीलाई उद्यमशील क्षेत्रमा लगानी गर्ने । | | | | | |
| ४.१ | लघुउद्यमशील विकास | लघु उद्योगको सम्भाव्यता अध्ययन गरी स्किम निर्माण | १२० | पर्यटन र उद्यम विकास शाखा | चालू आ.व. | निरन्तर |
| | | परम्परागत प्रविधिमा आधारित उत्पादनको स्तरोन्नति | ५०० | पर्यटन र उद्यम विकास शाखा | २०७६ | २०८६ |
| | | पर्यटन व्यवसायसँग सम्बन्धित लघु उद्यम स्किम | १००० | पर्यटन र उद्यम विकास शाखा | २०७६ | २०८० |
| | | कृषि उत्पादनको प्रोसेसिङ, प्याकिङ र ग्रेडिङलाई सहयोग गर्ने लघु उद्योग सञ्चालन सहयोग | २००० | पर्यटन र उद्यम विकास शाखा | २०७९ | २०८५ |
| | | लघुउद्यम व्यवसायी समूह गठन र व्यवसाय अनुगमन | ६० | पर्यटन र उद्यम विकास शाखा | २०७६ | निरन्तर |
| ४.२ | घरेलु तथा साना उद्योग विकास | उद्योग क्षेत्र निर्माण र भौतिक पूर्वाधार विकास | २००० | पूर्वाधार विकास शाखा | चालू आ.व. | २०८० |
| | | प्रविधिको विस्तार र सबलीकरण गर्न सहयोग | ३०० | पर्यटन र उद्यम विकास शाखा | २०७८ | २०८५ |
| | | वित्तीय सहयोगका लागि समन्वय | ५० | पर्यटन र उद्यम विकास शाखा | २०७८ | २०९५ |
| | | स्टल तथा सोरूमको व्यवस्थापन | ५०० | पर्यटन र उद्यम विकास शाखा | २०८० | २०८५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.३ | व्यापार व्यवसाय प्रवर्द्धन | विषयगत व्यवसायीको समूह निर्माण र परिचालन | १५० | उद्योग वाणिज्य सङ्घ र अन्य | चालू आ.व. | निरन्तर |
| | | व्यवसायी र वित्तीय संस्थाका बीच मध्यस्थता | १२० | उद्योग वाणिज्य सङ्घ र अन्य | २०७६ | निरन्तर |
| | | गोदामको पूर्वाधार विकास र व्यवस्थापन | २००० | पूर्वाधार विकास शाखा | २०८० | २०९० |
| | | उद्यम, उद्योग र व्यापार अध्ययन र व्यावसायिक योजना निर्माण गर्न सहजीकरण | ५०० | उद्योग वाणिज्य सङ्घ र अन्य | २०८० | निरन्तर |
| | | उद्यम, उद्योग र व्यापारको बिमा | १००० | पर्यटन र उद्यम विकास शाखा | २०७८ | निरन्तर |
| ४.४ | व्यवसाय विकास | निजी सार्वजनिक साझेदारी कार्यक्रम | १००० | पालिका कार्यकारी समिति | चालू आ.व. | निरन्तर |
| | | व्यावसायिक मेला तथा प्रदर्शनी | ८०० | उद्योग वाणिज्य सङ्घ र अन्य | चालू आ.व. | निरन्तर |
| | | असल र ठूला करदाताको सम्मान कार्यक्रम | ५०० | उद्योग वाणिज्य सङ्घ र अन्य | चालू आ.व. | निरन्तर |
| | | पालिका र उद्योग वाणिज्य सङ्घ संयुक्त बजार अनुगमन | २०० | पर्यटन र उद्यम विकास शाखा | २०७६ | निरन्तर |
| | | विकासका लागि करदाताको प्राथमिकता सर्वेक्षण | १०० | पर्यटन र उद्यम विकास शाखा | २०७८ | २०८० |
| ४.५ | रोजगार एवम् व्यवसाय प्रवर्द्धन तथा उद्यमशील विकासका लागि पर्यटन र उद्यम विकास शाखाको क्षमता अभिवृद्धि | पर्यटन गन्तव्य स्थल, पैदल मार्ग, हेरिटेज, व्यवसाय क्षेत्र, बजार क्षेत्र सबै उल्लेख भएको डिजिटल डाटाको वेब प्रसारण | ५०० | पर्यटन र उद्यम विकास शाखा | २०७६ | २०७९ |
| | | पर्यटन र उद्यम विकास शाखाको प्रभावकारी परिचालन | १००० | पर्यटन र उद्यम विकास शाखा | २०७६ | निरन्तर |
| | | पर्यटन र उद्यम विकास शाखाका कर्मचारीका लागि क्षमता अभिवृद्धि अवसर | ५०० | पर्यटन र उद्यम विकास शाखा | चालू आ.व. | निरन्तर |
| | | प्रदेश र सङ्घीय सरकार र निकायसँग समन्वय | १५० | पर्यटन र उद्यम विकास शाखा | २०७६ | निरन्तर |
| | | पर्यटकको सुझाव र रायको तत्कालीन सुनवाइ | १०० | पर्यटन र उद्यम विकास शाखा | २०८० | २०८५ |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

| क्र.स. | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षमा अनुमानित | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | हाल कुल घरधुरी सङ्ख्याको ११ प्रतिशतको पेसाका रूपमा रहेको लघु तथा साना उद्योग र व्यापार व्यवसायलाई २५ प्रतिशतमा पुऱ्याउने र हालको औसत आम्दानीलाई दोब्बर हुने छ । | घरधुरी | | २४७८ | आयोजनाको प्रभाव अध्ययन प्रतिवेदन | पालिका का.स. /विज्ञ | राष्ट्रिय कृषि जोन विकास कार्यक्रमले थप सहयोग गर्नेछ |
| | | प्रतिव्यक्ति आय (रू) | ७५,०००/- | १६७,०००/- | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | उत्पादन लागत र बजारमा प्रतिस्पर्धा गर्नुपर्ने वस्तु मूल्य |
| | | प्रतिव्यक्ति खर्च गर्न सक्ने क्षमता (रू.) | ८६,०००/- | १८८,००० | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | प्रतिस्पर्धात्मक लगानी र मुनाफाको अवस्था |
| २ | प्रतिव्यक्ति प्रतिदिन १.५ डलर (वार्षिक रू. ५६,९४०) भन्दा कम हुने १५ प्रतिशत परिवारको उत्पादकत्व वृद्धि भई आयमा दोब्बर हुनेछ । | घरधुरी प्रतिशत | १५ | ५ | आयोजनाको प्रभाव अध्ययन प्रतिवेदन | पालिका का.स. /विज्ञ | पालिकाको अति गरिब लक्षित कार्यक्रमले थप सहयोग गर्नेछ । |
| | | प्रतिव्यक्ति आय (रू) | ५६,९४०/- | ७७,०००/- | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | अति गरिबीको दुश्चक्र वृद्धि हुने आर्थिक मन्दी, विपत्, |
| | | व्यावसायिक सुरक्षा | | | आयोजनाको प्रभाव अध्ययन प्रतिवेदन | कार्यकारी प्रमुख /शाखा प्रमुख | बजारको माग र आपूर्तिको सन्तुलन |
| | | बजार सङ्कलन केन्द्र र प्रतिदिन क्षमता (मे.टन) | | ६ (२४० मे.टन) | वार्षिक माग तथा आपूर्ति प्रतिवेदन | कृषि विकास शाखा | |
| | | रोजगारी प्राप्त जनसङ्ख्या | | | आर्थिक सर्वेक्षण प्रतिवेदन | तथ्याङ्क कार्यालय | |

## खर्च संरचनाको प्रतिएकाइ लागत अनुमान

| क्र.स. | विषय | प्रतिफल | एकाइ | प्रतिलाख लागत | जम्मा लागत ३ वर्षको रू.लाखमा | लागत ५ वर्षको रू.लाखमा |
|---|---|---|---|---|---|---|
| १ | लघुउद्यमशील विकास | लघु उद्योगको सम्भाव्यता अध्ययन गरी स्किम निर्माण | स्किम सङ्ख्या | १.२ | ३.६ | ६ |
| | | परम्परागत प्रविधिमा आधारित उत्पादनको स्तरोन्नति | प्रविधिका प्रकार | ५ | १५.० | २५ |
| | | पर्यटन व्यवसायसँग सम्बन्धित लघुउद्यम स्किम | स्किम सङ्ख्या | १० | ३०.० | ५० |
| | | कृषि उत्पादनको प्रोसेसिङ, प्याकिङ र ग्रेडिङलाई सहयोग गर्ने लघुउद्योग सञ्चालन सहयोग | अनुदान प्राप्त गर्नेको सङ्ख्या | २० | ६०.० | १०० |
| | | लघुउद्यम व्यवसायी समूह गठन र व्यवसाय अनुगमन | समूह सङ्ख्या | ०.६ | १.८ | ३ |
| २ | घरेलु तथा साना उद्योग विकास | उद्योग क्षेत्र निर्माण र भौतिक पूर्वाधार विकास | उद्योग सङ्ख्या | २० | ६०.० | १०० |
| | | प्रविधिको विस्तार र सबलीकरण गर्न सहयोग | अनुदान रकम | ०.३ | १.० | १.५ |
| | | वित्तीय सहयोगका लागि समन्वय | समन्वय बैठक सङ्ख्या | ०.५ | १.५ | २.५ |
| | | स्टल तथा सोरूमको व्यवस्थापन | स्टल सङ्ख्या | ५ | १५.० | २५ |
| ३ | व्यापार व्यवसाय प्रवर्द्धन | विषयगत व्यवसायीको समूह निर्माण र परिचालन | विषयगत समूह सङ्ख्या | १.५ | ४.५ | ७.५ |
| | | व्यवसायी र वित्तीय संस्थाका बीच मध्यस्थता | वित्तीय लगानी रकम | १.२ | ३.६ | ६. |
| | | गोदामको पूर्वाधार विकास र व्यवस्थापन | गोदाम सङ्ख्या | २० | ६०.० | १०० |
| | | उद्यम, उद्योग र व्यापार अध्ययन र व्यावसायिक योजना निर्माण गर्न सहजीकरण | व्यावसायिक योजना सङ्ख्या | ५ | १५.० | २५ |
| | | उद्यम, उद्योग र व्यापारको बिमा | बिमा सङ्ख्या | १० | ३०.० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | व्यवसाय विकास | निजी सार्वजनिक साझेदारीता कार्यक्रम | निजी क्षेत्रको संलग्नता सङ्ख्या | १० | ३०.० | ५० |
| | | व्यावसायिक मेला तथा प्रदर्शनी | प्रदर्शनी सङ्ख्या | ८ | द्दद्ध | द्धण |
| | | असल र ठूला करदाताको सम्मान कार्यक्रम | सम्मनित हुनेको सङ्ख्या | ५ | १५.० | २५ |
| | | पालिका र उद्योग वाणिज्य सङ्घ संयुक्त बजार अनुगमन | अनुगमन सङ्ख्या | २ | ६.० | १० |
| | | विकासका लागि करदाताको प्राथमिकता सर्वेक्षण | प्राथमिकता सूची | १ | ३.० | ५ |
| ५ | रोजगार एवम् व्यवसाय प्रवर्द्धन तथा उद्यमशील विकासका लागि पर्यटन र उद्यम विकास शाखाको क्षमता अभिवृद्धि | पर्यटन गन्तव्य स्थल, पैदल मार्ग, हेरिटेज, व्यवसाय क्षेत्र, बजार क्षेत्र सबै उल्लेख भएको डिजिटल डाटाको वेब प्रसारण | वेब साइट सञ्चालन | ५ | १५.० | २५ |
| | | पर्यटन र उद्यम विकास शाखाको प्रभावकारी परिचालन | प्रगति विवरण | १० | ३०.० | ५० |
| | | पर्यटन र उद्यम विकास शाखाका कर्मचारीका लागि क्षमता अभिवृद्धि अवसर | तालिम सङ्ख्या | ५ | १५.० | २५ |
| | | प्रदेश र सङ्घीय सरकार र निकायसँग समन्वय | गतिविधि सङ्ख्या | १.५ | ४.५ | ७.५ |
| | | पर्यटकको सुझाव र रायको तत्कालीन सुनवाइ | प्रगति विवरण | १ | ३.० | ५ |

## जोखिम अनुमान विश्लेषण

१. बजार सँगको प्रतिस्पर्धा

२. उत्पादनको गुणस्तर र बजार माग

३. लगानी र वित्तीय प्रदायको चाहना र सुरक्षा

४. कच्चा पदार्थको उत्पादन

५. दक्ष जनशक्ति र आपूर्ति

६. राष्ट्रिय (सङ्घ र प्रदेश सरकारको) नीति

७. ऊर्जा आपूर्ति

८. राजनीतिक स्थिरता

### आ.व. २०७५/०७६ मा भएका वडा स्तरका व्यवस्थापनको अवस्था

| क्र.स. | विवरण | वडा नम्बर | | | | | | जम्मा | प्रस्तावित मुख्य गतिविधि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | | |
| १ | किराना तथा खाद्य स्टोर | ५० | ६ | ४ | ३२ | ७ | ४ | १०३ | नियमन गर्ने |
| २ | खाजाघर तथा चमृना गृह | २० | ४ | २ | ३४ | ७ | २ | ६९ | नियमन गर्ने |
| ३ | दूध, मासु, तरकारी र फलफूल पसल | १२ | २ | ३० | ७ | १ | १ | ५३ | अनुदान र नियमन |
| ४ | कपडा पसल, फेन्सी र कस्मेटिक | ३४ | १ | २ | १६ | ० | १ | ५४ | नियमन |
| ५ | कृषि, भेट. सामग्री पसल | २ | ० | ० | २ | ० | ० | ४ | वित्तीय लगानी समन्वय |
| ६ | इलेक्ट्रोनिक्स, इलेक्ट्रिक्स, भाँडाकुँडा | २६ | ० | ० | ६ | १ | ० | ३३ | नियमन |
| ७ | ऊर्जा, ग्याँस, तेल डिपो | २ | ० | ० | ० | ० | ० | २ | वित्तीय लगानी समन्वय, नियमन |
| ८ | हार्डवेयर तथा निर्माण सामग्री | १५ | ० | ० | ७ | ० | ० | २२ | नियमन |
| ९ | अटोमोबाइल र पार्टस् | ५ | ० | ० | ० | ० | ० | ५ | नियमन |
| १० | पेय पदार्थ तथा मदिरा जन्य | ४ | १ | ० | ३ | १ | १ | १० | नियमन |
| ११ | औषधी तथा सर्जरी | ५ | ० | ० | ३ | ० | ० | ८ | नियमन |
| १२ | हजाम, मसाज र ब्युटीपार्लर | १ | ० | ० | ० | ० | ० | १ | नियमन |
| १३ | पुस्तक पसल तथा स्टेसनरी | ८ | ० | ० | ३ | ० | ० | ११ | नियमन |
| १४ | डिपार्टमेन्टल स्टोर | २ | ० | ० | ० | ० | ० | २ | नियमन |
| १५ | अन्य (कवाडी आदि) | १ | ० | ० | ० | ० | ० | १ | स्थान छुट्याउने र नियमन |
| १६. | लघु तथा घरेलु उद्योग | ६६ | ११ | ६ | ३६ | ८ | २ | १२९ | वित्तीय लगानी समन्वय, तालिम, अनुदान र नियमन |
| १७ | कृषि तथा पशुपक्षीपालन फर्म | २२ | ४१ | २३ | २० | ४१ | ३२ | १७९ | वित्तीय लगानी समन्वय, तालिम, अनुदान र नियमन |
| १८ | होटल, रेस्टुरेन्ट र लज | ११ | १४ | ५ | ४० | ६ | ३ | ७९ | वित्तीय लगानी समन्वय, तालिम, अनुदान र नियमन |
| | जम्मा | २८६ | ८० | ७२ | २०९ | १७ | ४६ | ७६५ | |

## ३.३. सामाजिक विकासका लागि सार्वजनिक उत्तरदायित्व क्षेत्र

### औचित्य

नेपालको संविधान २०७२ को अनुसूची ८ अन्तर्गतको स्थानीय तहको अधिकार सूची अन्तर्गत कार्यक्रमलाई सामाजिक विकासका क्षेत्र मातहत राखिएको छ । स्थानीय तहको सरकारलाई शिक्षा, स्वास्थ्य, संस्कृति र खानेपानी तथा सरसफाइका कार्यक्रम प्रति प्रमुख जिम्मेवार तोकिएको छ । प्रभावकारी सेवा प्रवाह र विकासको व्यवस्थापनको आधार केन्द्रका रूपमा रहेका सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाइलाई अभियानका रूपमा सार्वजनिक सेवा दिनु प्रमुख भूमिका हुने कुरा १५औँ योजनाको आधारपत्रले स्पष्ट गरेको छ । स्थानीय सरकारले दिने सामाजिक विकासको सेवालाई व्यावसायिक, प्रतिस्पर्धी, समावेशी र स्वावलम्बी बनाउँदै सुशासन कायम गर्न आधारपत्रले आग्रह गरेको छ । दिगो विकास लक्ष्य नं. ३ आरोग्य तथा कल्याण, लक्ष्य नं. ४ गुणस्तरीय शिक्षा, लक्ष्य नं. ६ सफा पानी तथा सरसफाइका १६ वटा प्रभाव तहका सूचक हासिल गर्नेगरी गुरूयोजना तयार गरिएको छ । नेपालको हालको अवस्था तल प्रस्तुत तालिकाले देखाउँछ र गुरूयोजनाको कार्यान्वयन पछि प्राप्त हुने लक्ष्य पनि प्रस्तावित गरिएको छ ।

### सामाजिक विकासको अवस्था र पालिकाको लक्ष्य

| क्र.स. | सूचक | एकाइ | राष्ट्रिय स्तर | पालिका स्तर | पालिकाले लिएको लक्ष्य |
|---|---|---|---|---|---|
| १ | बहुआयामिक गरिबीको रेखा मुनिको दर | प्रतिशत | २८.६ | १५.१ | ३ |
| २ | मानव विकास सूचकाङ्क | | ०.५६ | ०.६५ | ०.८६ |
| ३ | अपेक्षित औसत आयु | वर्ष | ६९.७ | ७३ | ८० |
| ४ | मातृ मृत्युदर | प्रतिलाख | २३९ | २० | १० |
| ५ | बाल मृत्युदर | प्रतिलाख | ३९ | ९ | ५ |
| ६ | ५ वर्ष मुनिका बालबालिकामा कम तौल | प्रतिशत | २७ | १८ | २ |
| ७ | साक्षरता दर (१५ वर्ष माथिको उमेर समूह) | प्रतिशत | ५८ | ७८ | ९८ |
| ८ | माध्यमिक तहमा खुद भर्ना दर | प्रतिशत | ४३.९ | ८८ | ९८ |
| ९ | व्यावसायिक शिक्षामा कुल भर्ना दर | प्रतिशत | ३.७ | ४.१ | ५० |
| १० | उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | ९.५ | १७.० | ४० |
| ११ | उच्च मध्यम स्तरको खानेपानीमा पहुँच | प्रतिशत | २० | ३७ | ९५ |
| १२ | हरेक घरमा धारा र चर्पी | प्रतिशत | | | १०० |
| तथ्याङ्क स्रोत : १५औं पञ्चवर्षीय योजना आधारपत्र, राष्ट्रिय योजना आयोग र बन्दीपुर गाउँपालिका घरधुरी सर्वेक्षण २०७५ | | | | | |

## प्रमुख समस्या

बन्दीपुर गाउँपालिकाको समग्र मानव विकास सूचकाङ्क देशको औसत सूचकाङ्कभन्दा निकै बढी रहेको छ । एकीकृत विकासको रणनीतिक योजनाले तोकेका रणनीतिक विकासका क्षेत्रलाई, १५औं पञ्चवर्षीय योजनाका आधारपत्र र दिगो विकासले दिएको नतिजाको क्षेत्रलाई आधार मानिएको छ । समग्र मानव विकासको सङ्कटग्रस्त एवम् कमजोर आयाममा बाँचिरहेका हालका नागरिक २० प्रतिशत नागरिकको पहुँचमा राज्यले दिने शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाइका सेवा पुऱ्याउन विशेष पहल गर्नुपर्ने अवस्था छ । शतप्रतिशत साक्षरता, शून्य मातृ मृत्युदर र शून्य कुपोषणको अवस्थामा लान गाउँपालिकाको योजनाले सेवा प्रदायक संस्थाको क्षमता अभिवृद्धिबाट मात्र सम्भव छ । सेवा प्रदायकका लागि आवश्यक भौतिक संयन्त्रको व्यवस्थापन, एजेन्सीले चुस्तदुरूस्त राख्न नसक्नु प्रमुख समस्याका रूपमा रहेको छ ।

## चुनौती तथा अवसर

दिगो विकास लक्ष्य नं. २ मा भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने विषयलाई विभिन्न परिमाणात्मक सूचकमा राखी योजना तर्जुमा गरिएको छ । पाँच वर्ष मुनिका बालबालिकामा हुने पुड्कोपन र कम तौलको समस्यालाई निर्मूल गरिनुपर्दछ । महिलाको प्रसूतिका कारण हुने मृत्युलाई शून्य बनाउने र रक्तअल्पताको समस्याबाट मुक्त गर्नु चुनौती र अवसर रहेको छ । समग्र सामाजिक विकासका लागि शिक्षा, स्वास्थ्य तथा पोषण र खानेपानी तथा व्यक्तिगत सरसफाइ विषय मात्र समेटेर क्षेत्रगत सोच र लक्ष्य तथा उद्देश्य तोकिएका छन् ।

## क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य

समग्रमा सामाजिक विकास क्षेत्रको लक्ष्य भनेको मानव विकास गरिबीका सबै सूचकमा उच्च प्रगति हासिल

गर्दै सूचकाङ्क ०.८६ नतिजा कायम गर्नु रहेको छ । सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा र युवा, स्वास्थ्य र पोषण लगायत खानेपानी र व्यक्तिगत सरसफाइ विषयमा छुट्टाछुट्टै व्यवस्था गरी लक्ष्य तथा उद्देश्य निर्धारण गरिएको छ । योजनाले लिएको लक्ष्य अनुसार तीन उपक्षेत्रका बेग्लाबेग्लै दुई/दुई वटाका दरले छ वटा प्रमुख उद्देश्य राखिएको छ ।

- योजना अवधिपछि बन्दीपुर गाउँपालिका पूर्णसाक्षर र १५-२४ वर्ष उमेर समूहका सबैले नि:शुल्क माध्यमिक शिक्षा पूरा गरेका हुनेछन् ।
- उक्त उमेर समूहका कुल सङ्ख्याको ३० प्रतिशत जनसङ्ख्याले व्यावसायिक विषयमा माध्यमिक शिक्षा हासिल गर्ने अवसर पाएका हुनेछन् ।
- गाउँपालिकामा सबै आमाले सुनौला हजार दिनको सेवा लिन र स्वास्थ्य संस्थामा सुत्केरी सेवा लिनेछन् । पूर्णखोप क्षेत्र घोषणा हुनेछ र कुनै बालबालिका पोषणको अभावमा पुड्को र ख्याउटे हुने छैनन् ।
- गाउँपालिकाका सबै नागरिकले स्वास्थ्य उपचारको अभावमा रोग बोकेर बाँच्नुपर्नेछैन । दीर्घ जीवनका लागि उपचार बिमा हुनेछ ।
- पाँच वर्ष भित्रमा सबै घरधुरीमा सफा खानेपानीको पहुँच पुग्ने र हात धुने आदतका साथ सबैले चर्पीको प्रयोग गरेका हुनेछन् ।
- सामाजिक क्षेत्रका सेवा तथा सुविधा सबै जातजाति, महिला, बालबालिका मैत्री हुनेछन् ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सबैका लागि अनिवार्य माध्यमिक शिक्षा र गुणस्तरीय सिकाइ पद्दति | नमुना विद्यालयमा रूपान्तरण (लगानी, प्रक्रिया, उपलब्धि र विद्यार्थीको सङ्ख्या लगायत सूचकका आधारमा)<br>स्कुल मिलान र साझा कक्षा पद्दति<br>असहाय, गरिब र जेहेनदार विद्यार्थीका लागि छात्रवृत्ति र छात्रावास<br>शैक्षिक गुणस्तर परीक्षण र शिक्षण विधि अनुगमन<br>प्राविधिक तथा व्यावसायिक विशेष शिक्षण कार्यक्रम<br>स्कुल व्यवस्थापन सबलीकरण<br>विषयगत वा विधा अनुसार शिक्षक शिक्षण सेमिनार |
| विद्यार्थी भर्ना, टिकाउ र सिकाइ दर बढाउने | पूर्व प्राथमिक शिक्षा अनुभवसहित विद्यालय भर्ना अभियान<br>विद्यालयका लागि खाजा तथा यातायात व्यवस्था<br>बालमैत्री शिक्षण विधिको अनुसरण<br>अपाङ्गता मैत्री कक्षा निर्माण र शिक्षण विधिको अनुसरण<br>पढाइ सीप प्रवर्द्धन र आईसीटी विधिको प्रयोग |
| औसत आयु दर वृद्धि (मातृमृत्यु र शिशु मृत्युदर शुन्यमा झरेको हुनेछ) | सुनौला लाख दिन संरक्षण (बाल बचाउ)<br>मातृ शिशु स्वास्थ्य तथा पोषण अभिवृद्धि<br>स्वास्थ्य उपचार बिमा<br>महिला स्वास्थ्य अभिवृद्धि (प्रजनन स्वास्थ्य, पोषण र परिवार नियोजन सेवा) |

| | |
|---|---|
| स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि | सहरी क्लिनिकको सेवा स्तरोन्नति<br>स्वास्थ्य चौकीको स्तरोन्नति<br>अस्पताल सेवाको स्तरोन्नति<br>जेरियाटिक केयर र अर्थोटिक सेवा |
| सबैका लागि सधैँ स्वच्छ पिउने पानी | खानेपानी तथा सरसफाइ बोर्ड परिचालन<br>एक घर एक धारा, आवश्यकता अनुसार सबै सार्वजनिक निकाय पानी<br>पिउने पानीको शुद्धीकरण र नियमित जाँच |
| फोहरमुक्त बस्ती, स्वस्थ रहने बानी | खुला दिसामुक्त पालिका हरेक घरमा हात धुने स्थान<br>पालिकामा फोहोरको पुनः प्रयोगका लागि प्लान्ट<br>सफा र अपाङ्गमैत्री सार्वजनिक शौचालयको व्यवस्थापन |

### ३.३.१ शिक्षा : (सबैका लागि अनिवार्य माध्यमिक शिक्षा र गुणस्तरीय शिक्षण पद्दति)

#### हालको अवस्था

शिक्षाको अवसरलाई समावेशी र समन्यायका आधारमा सबैको पहुँचमा पुऱ्याई आर्थिक, सामाजिक रूपान्तरणको संवाहकका रूपमा विकास गर्ने राष्ट्रिय उद्देश्य रहेको छ । विद्यालय शिक्षालाई अनिवार्य एवम् निःशुल्क बनाउने र उच्च शिक्षालाई अनुसन्धानात्मक र प्रवर्द्धनात्मक बनाउने कुरा १५औँ पञ्चवर्षीय योजनाको आधारपत्रमा उल्लेख छ । प्राविधिक शिक्षा मार्फत सक्षम जनशक्ति उत्पादन गर्दै शिक्षालाई प्रतिस्पर्धी बनाउने कुरामा जोड दिइएको छ । निजी वा कम्पनी ऐन अन्तर्गत स्थापित संस्थागत विद्यालयलाई गुठी वा सहकारी मार्फत सञ्चालन गर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षालाई मूलधारको शिक्षामा विकास गर्न खोजिएको छ । दिगो विकास लक्ष्य नं. ४ अनुरूप समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र जीवनपर्यन्त सिकाइका अवसर प्रवर्द्धन गर्न सबै तह र विधामा केन्द्रित गर्न व्यवस्थापकीय क्षमता र सिकाइ उपलब्धिमा सुधार गर्ने विषयलाई प्राथमिकतामा राखिएको छ ।

#### प्रमुख समस्या

बन्दीपुर कुनै समयमा यस भेगको शिक्षाको केन्द्रका रूपमा स्थापित थियो । शिक्षाको निजीकरणसँगै बन्दीपुरको शिक्षाको अवस्था पनि खस्किँदै गएको पाइन्छ । निजी स्तरमा सञ्चालन भएका स्कुलले अङ्ग्रेजी माध्यमबाट दिइने शिक्षालाई आधार बनाई कतिपय अभिभावक आफ्ना बालबालिकाको शिक्षाका लागि बसाइँ सरेको र अन्यत्र बसोबासको बन्दोबस्त गरेको पाइन्छ । पालिकाभित्र हाल दुई सामुदायिक कलेज, छ सामुदायिक मावि र २ संस्थागत मावि रहेका छन् । हाल २५ वटा आधारभूत विद्यालय रहेका छन् । जसमा नौ वटा विद्यालयका विद्यार्थीको भर्नादर साह्रै कम प्रतिशत रहेको छ । तुलनात्मक रूपमा सामुदायिक विद्यालयको औसत सिकाइ दर त्यति उत्साहजनक देखिँदैन । अभिभावकको चाहना र प्रतिस्पर्धात्मक श्रम बजारमा अङ्ग्रेजी माध्यमका माध्यमिक तहको माग देखिएको हुँदा नमुना स्कुलमा नेपाली र अङ्ग्रेजी माध्यमबाट शिक्षण विधि सञ्चालन गरिनेछ । माध्यमिक तहलाई प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिनुपर्ने माग छ ।

#### चुनौती तथा अवसर

बन्दीपुर गाउँपालिकाको समग्रमा विद्यायल शिक्षाको चुनौती भनेको संस्थागत र सामुदायिक विद्यालयको स्तर र मापदण्डलाई समान गर्ने र व्यावसायिक एवम् प्राविधिक शिक्षा प्रदान गर्नु नै रहेको छ । पालिकाले

संस्थागत विद्यालयलाई सहकारी मार्फत सञ्चालन गर्ने र सामुदायिक विद्यालयलाई निश्चित मापदण्डका आधारमा सञ्चालन गर्न निम्न अनुसारका सूचक आधार मानेको छ । यी सूचकाङ्कका आधारमा हरेक वर्ष कम्तीमा एक विद्यालयलाई नमुना विद्यालयका रूपमा स्तरोन्नति गर्ने योजना राखेको छ । सामुदायिक विद्यालयको स्तरोन्नति गर्न र गुणस्तरीय शिक्षा कायम गर्न विद्यालयका, भौतिक, शिक्षण व्यवस्थापन, समुदायको सहभागिता र शिक्षण सहयोगी क्रियाकलापमा सुधार गर्नुपर्दछ । समग्र रूपमा विद्यालयको विकासलाई शिक्षा उपक्षेत्रको विकासको प्रारम्भिक कडीका रूपमा ग्रहण गरिएको छ ।

### उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

बन्दीपुर गाउँपालिकाले गुणस्तरीय शिक्षा अभिवृद्धि गरी रोजगारी र उद्यमशील बानी विकास गर्ने प्राविधिक र व्यावसायिक युवा तयार गर्ने परिकल्पना गरी आयआर्जनको स्तर उकास्न खोजिएको छ । शिक्षालाई जीवनपर्यन्त र अनिवार्य बनाउन शतप्रतिशत साक्षरता अभियान सञ्चालन गर्ने र माध्यमिक तह सम्मको शिक्षालाई अनिवार्य बनाउने सोच राखिएको छ । संस्थागत र सामुदायिक विद्यालयमा रहेको शिक्षाको गुणस्तर समान बनाइनेछ ।

**सङ्घ, प्रदेश र बन्दीपुरको शिक्षाको स्थिति**

| क्र.स | सूचक | सङ्घीय स्तर | प्रदेश स्तर | बन्दीपुर |
|---|---|---|---|---|
| ०१ | १५-२५ वर्ष उमेर समूहको साक्षरता दर | ८५% | | |
| ०२ | भर्नादर-पूर्व प्राथमिक तथा बाल शिक्षा | ८४.९% | | |
| ०३ | भर्ना दर-आधारभूत तह बाल शिक्षाको पछि | ६६.३% | | |
| ०४ | भर्ना दर-माध्यमिक तह | ४३.९% | | |
| ०५ | स्कुल टिकाउ दर-आधारभूत तह | ७७% | | |
| ०६ | स्कुल टिकाउ दर-माध्यमिक तह | ४८% | | |
| ०७ | माध्यमिक तहमा प्राविधिक शिक्षामा सहभागी सङ्ख्या | | | |
| ०८ | माध्यमिक तहको प्राविधिक शिक्षामा छात्रा सङ्ख्या | | | |
| ०९ | एसईईको नतिजा (माध्यमिक तह)मा विद्यार्थीले हासिल गर्ने औसत हासिल प्रतिशत | | | |
| १० | उच्च माध्यमिक शिक्षा बोर्डको परीक्षा नतिजामा हासिल गरेको विद्यार्थीको नतिजा | | | |
| ११ | विद्यार्थीलाई प्रत्यक्ष प्रदान गरिएको सहयोग बजेट | | | |
| १२ | पालिकाको मापदण्ड पूरा गर्ने स्कुल सङ्ख्या | | | |

स्रोत : पन्ध्रौं योजनाको आधारपत्र, २०७७

### कार्यविधि

- बृहत् सूचकमा आधारित स्कुल सुधार कार्यक्रम
- व्यावसायिक र प्राविधिक माध्यमिक शिक्षा
- निर्धारित मापदण्डका आधारमा बालमैत्री शिक्षण विधि अवलम्बन
- प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभवसहित शतप्रतिशत विद्यार्थी भर्ना
- विशेष सामाजिक र शारीरिक अवस्थाका बालबालिकाका लागि विशेष सहयोग कार्यक्रम (खाजा, पोसाक,

छात्रवृत्ति, यातायातका साधन आदि)

- गाउँपालिका स्तरीय परीक्षा बोर्ड परिचालन गरी शिक्षण विधि र नतिजा गुणस्तरीय बनाउने
- बन्दीपुर गाउँपालिकाले विद्यालयको गुणस्तर अभिवृद्धिका लागि निम्न अनुसारका सूचकमा आधारित विद्यालय सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

## प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

(क) मानव विकास सूचकाङ्कको वर्गीकरणमा उच्च स्तरको कम्तीमा २०औं स्थानीय सरकारभित्र पुग्ने ।

(ख) सामुदायिक विद्यालयको हालको नतिजामा शतप्रतिशत सुधार ल्याउने

(ग) २०-२५ वर्ष उमेर समूहका विद्यार्थीले माध्यमिक स्तरको शिक्षा हासिल गर्ने

(घ) माध्यमिक विद्यालय पूरा गर्ने विद्यार्थीमध्ये ५० प्रतिशतले व्यवसायिक शिक्षाको अवसर प्राप्त गर्ने

| आयोजना कार्यक्रम | उपलब्धि सूचक (नतिजा तहको) | अनुमानित बजेट सुरु आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|
| १. विद्यालयको भौतिक संरचना सुधार कार्यक्रम | विद्यालयको हाता कम्पाउन्ड वा तारबार | ६०० | पूर्वाधार विकास शाखा | चालू आ.व. | २०८५ |
| | विपद्मा तुरुन्त विद्यार्थी जम्मा हुन सक्नेगरी सुरक्षित स्थानको व्यवस्थापन | १५० | पूर्वाधार विकास शाखा | चालू आ.व. | २०८५ |
| | खेलमैदान कम्तीमा २ रोपनी माविका लागि र १ रोपनी जग्गा आधारभूत तहका लागि | ५०० | वि.व्य.स. / प्रदेश सरकार | २०७७ | २०९० |
| | कक्षाकोठा २५ देखि ४० विद्यार्थी अट्न सक्ने वा एक विद्यार्थी बराबर<br>३X३ वर्ग फिट क्षेत्रफलको व्यवस्थापन | ५०० | वि.व्य.स. /पूर्वाधार विकास शाखा / प्रदेश सरकार | २०७७ | २०९० |
| | कक्षा कोठामा दुई ढोका र दुई झ्यालको व्यवस्था भएको उज्यालो र ह्वाइट बोर्डको प्रयोग | ३०० | वि.व्य.स. / पूर्वाधार विकास शाखा / प्रदेश | २०७७ | २०९० |
| | बालमैत्री फर्निचरको प्रयोग | २५० | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | २०८५ |
| | पानीको व्यवस्थापनसहित बालमैत्री शौचालय, हात धुने स्थान र फोहोर उत्सर्जनको व्यवस्था | ३०० | वि.व्य.स. /पूर्वाधार विकास शाखा | चालू आ.व. | २०८० |
| | मावि स्तरमा महिलामैत्री शौचालय र इन्सिलेटरको व्यवस्था | २५० | वि.व्य.स. /पूर्वाधार विकास शाखा | चालू आ.व. | २०८० |
| | माध्यमिक तहमा पुस्तकालय र विज्ञान एवम् प्राविधिक विषयको प्रयोगशाला | ३०० | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | २०८५ |
| | आधारभूत तहमा बाल वाचनालय | १०० | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | २०८२ |
| | मावि तहका विद्यालयमा छात्रावास निर्माण | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. शिक्षण विधि र शिक्षकका पेसागत विकास कार्यक्रम | शिक्षक विद्यार्थी अनुपात १:२० हुनेगरी दरबन्दीको व्यवस्थापन | | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | २०७८ |
| | प्रअको व्यवस्था | | प्रदेश/शिक्षा शाखा | चालू आ.व. | २०८५ |
| | प्रत्येक तहमा न्यूनतम योग्यता पुगेका शिक्षकको व्यवस्था | | प्रदेश/शिक्षा शाखा | चालू आ.व. | २०८५ |
| | विषयगत शिक्षण विधि तालिम सञ्चालन | २०० | शिक्षा शाखा | चालू आ.व. | २०९० |
| | विषयगत शिक्षकको कार्यशाला, सेमिनारको आयोजना | १०० | शिक्षा शाखा | चालू आ.व. | २०९५ |
| | नियमित र प्रभावकारी शिक्षणविधि र विद्यार्थीको नतिजाका आधारमा शिक्षकको कार्य सम्पादन मूल्याङ्कन | १०० | शिक्षा शाखा | चालू आ.व. | २०९५ |
| | शैक्षिक क्यालेन्डर निर्माण र कार्यान्वयन | २०० | शिक्षा शाखा | चालू आ.व. | २०९५ |
| | विषयगत शिक्षण समिति गठन र बैठक | १०० | शिक्षा शाखा | चालू आ.व. | २०९५ |
| | विषयगत शिक्षण सन्दर्भ सामग्री र प्रयोगशालाको स्रोत व्यवस्थापन | २०० | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | २०९५ |
| | वर्ष शिक्षक पुरस्कार र ग्रेड थपको व्यवस्थाको नीतिगत व्यवस्था | १०० | शिक्षा शाखा | चालू आ.व. | २०९५ |
| | विद्यालय सुधार योजना निर्माण र अध्यावधिक | ५० | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | हरेक ३ वर्ष |
| | वि.व्य.स. गठन र कार्य विभाग अनुसार जिम्मेवारी बाँडफाँड | | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | शि.अ.सङ्घ गठन र नियमित सामाजिक परीक्षणको अभ्यास | | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | वार्षिक कार्ययोजना निर्माण र समीक्षाको अभ्यास | १०० | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| ३.विद्यालय व्यवस्थापन, जनसहभागिता र नेतृत्व विकास कार्यक्रम | विद्यालयका सबै सरोकारवालाले पालना गर्नुपर्ने आचारसंहिताको निर्माण र सार्वजनिक प्रवाह र पालना | ५० | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | ३ वर्षमा अध्यावधि |
| | विद्यालयका सम्पत्ति, विद्यार्थी अभिलेख, नतिजा र कार्य सम्पादन आदिको व्यवस्थित अभिलेख | ५० | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | केन्द्र, प्रदेश र पालिका तहमा आयोजना गरिने प्रतियोगिताका विद्यालयको सहभागिता | ५०० | प्रदेश सरकार /शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | बालक्लब, विद्यार्थी सदन, रेडक्रस, स्काउट आदिको परिचालन | १०० | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | विद्यार्थीका परिवारसंग वार्षिक भेटघाट | ५० | शि.अ.सघ /वि.व्य.स | चालू आ.व. | नियमित |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. विद्यार्थीको सिकाइ तथा नतिजा सुधार कार्यक्रम | कक्षाको नियमित (वार्षिक कक्षा सञ्चालन दिन) | | प्र.अ. / शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | CBEGRA कार्यान्वयन | ५० | प्र.अ. / शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | २०८५ |
| | आधारभूत शिक्षा पूरा नगर्ने विद्यार्थी वा स्कुल बाहिरका बालबालिकाका लागि प्रोत्साहन र भर्ना अभियान | १०० | प्र.अ. / शि.अ.सङ्घ /वि.व्य.स | चालू आ.व. | नियमित |
| | जेहेनदार छात्रवृत्तिको सुविधा प्रदान | २०० | प्र.अ. / शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | दिवाखाजाको व्यवस्था | १००० | शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | कक्षा ५ र ८ मा गणित, अङ्ग्रेजी र नेपाली विषयमा अघिल्लो तीन आर्थिक वर्षको उपलब्धिका आधारमा नतिजा मापन | | प्र.अ. / शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | कक्षा ९ देखि ऐच्छिक प्राविधिक विषय व्यवस्था | | प्र.अ. / शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | मावि स्कुलमा साप्ताहिक तालिका अनुसार वाइफाई सेवा सञ्चालन र आईसीटी बेस प्रोजेक्ट वर्कको अभ्यास | ३०० | प्र.अ. / शिक्षा शाखा /विषयगत समिति | चालू आ.व. | २०८० |
| | तीन आ.व.को एसईईको औसत नएब्का आधारमा विद्यालयको शिक्षकलाई प्रोत्साहन भत्ता | ५०० | प्र.अ. / शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | विज्ञान विषयमा कक्षा ११ मा भर्ना हुने विद्यार्थीलाई छात्रवृत्ति | २०० | प्र.अ. / शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| ५.सन्तुष्टि मापन कार्यक्रम | अभिभावक र शिक्षकको सन्तुष्टि सर्वेक्षणअनुसार तीन आ.व.को सन्तुष्टि स्तर मापन | | प्र.अ. / शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | हरेक ३ वर्ष |
| | विद्यार्थीबाट शिक्षकलाई गरिने वार्षिक मूल्याङ्कन तीन आ.व.को स्तर | | प्र.अ. / शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | हरेक ३ वर्ष |
| ६. खुला एवम् दूरशिक्षा कार्यक्रम | विविध कारणवस विद्यालय छाड्न बाध्य युवा र विशेष गरी बुहारीका लागि बहुकक्षा केन्द्र सञ्चालन | १००० | शिक्षा शाखा /शिक्षा समिति | २०७८ | २०८५ |
| | खुला एवम् दूरशिक्षा परीक्षा सञ्चालन | २०० | शिक्षा शाखा /शि.स | २०७८ | २०८५ |
| ७. विशेष लक्षित कार्यक्रम | विपन्न र जेहेनदार विद्यार्थीका लागि छात्रवृत्ति | ५०० | प्र.अ. / शिक्षा शाखा /वि.व्य.स | चालू आ.व. | नियमित |
| | आर्थिक र भौगोलिक रूपमा विद्यालय बाहिर हुनसक्ने जोखिमका विद्यार्थीका लागि यातायात वा छात्रावास | ८०० | शिक्षा शाखा/ वि.व्य.स/शि.स. | चालू आ.व. | २०८५ |
| | विशेष समुदायका छात्राका लागि प्रोत्साहन कार्यक्रम | ३०० | शिक्षा शाखा/ वि.व्य.स /शि.स. | चालू आ.व. | २०८५ |
| | प्राविधिक शिक्षालय प्रवर्द्धन | १००० | शिक्षा शाखा/ वि.व्य.स | चालू आ.व. | २०८० |
| ८. सामुदायिक कलेज सञ्चालन कार्यक्रम | सामुदायिक कलेज सञ्चालन | १००० | शिक्षा समिति | चालू आ.व. | २०८० |
| | कलेजको भौतिक पूर्वाधार विकास | २००० | शिक्षा समिति | चालू आ.व. | २०८५ |

## खर्च संरचनाको प्रति एकाइ लागत अनुमान

| क्र.स. | विषय | प्रतिफल | एकाइ | लागत प्रति रू.लाखमा | जम्मा लागत तीन वर्षको रू.लाखमा | लागत पाँच वर्षको रू.लाखमा |
|---|---|---|---|---|---|---|
| १.१ | १. विद्यालयको भौतिक संरचना सुधार कार्यक्रम | विद्यालयको हाता कम्पाउन्ड वा तारबार | विद्यालय सङ्ख्या | ६ | १८.० | ३० |
| १.२ | | विपत्मा तुरुन्त विद्यार्थी जम्मा हुन सक्नेगरी सुरक्षित स्थानको व्यवस्थापन | विद्यालय सङ्ख्या | १.५ | ४.५ | ७.५ |
| १.३ | | खेलमैदान कम्तीमा २ रोपनी माविका लागि र १ रोपनी जग्गा आधारभूत तहका लागि | विद्यालय सङ्ख्या | ५ | १५.० | २५ |
| १.४ | | कक्षाकोठा २५ देखि ४० विद्यार्थी अट्न सक्ने वा एक विद्यार्थी बराबर | कक्षा कोठाको सङ्ख्या | ५० | १५०.० | २५० |
| | | प्रति विद्यार्थी ३x३ वर्ग फिट क्षेत्रफलको व्यवस्थापन | | | | |
| १.५ | | कक्षा कोठामा दुई ढोका र दुई झ्यालको व्यवस्था भएको उज्यालो र ह्वाइट बोर्डको प्रयोग | स्तरीय कक्षा कोठाको सङ्ख्या | ३ | ९.० | १५ |
| १.६ | | बालमैत्री फर्निचरको प्रयोग | प्रतिवेदन | २.५ | ७.५ | १२.५ |
| १.७ | | पानीको व्यवस्थापनसहित बालमैत्री शौचालय, हात धुने स्थान र, फोहोर उत्सर्जनको व्यवस्था | विद्यालय सङ्ख्या | ३ | ९.० | १५ |
| १.८ | | मावि स्तरमा महिलामैत्री शौचालय र इन्सिलेटरको व्यवस्था | शौचालय सङ्ख्या | २.५ | ७.५ | १२.५ |
| १.९ | | माध्यमिक तहमा पुस्तकालय र विज्ञान एवम् प्राविधिक विषयको प्रयोगशाला | विद्यालय सङ्ख्या | ३ | ९.० | १५ |
| १.१० | | आधारभूत तहमा बाल वाचनालय | वाचनालय सङ्ख्या | १ | ३.० | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१ | २.शिक्षण विधि र शिक्षकका पेसागत विकास कार्यक्रम | शिक्षक विद्यार्थी अनुपात १:२० हुने गरी दरबन्दीको व्यवस्थापन | शिक्षक विद्यार्थी सङ्ख्या | | | |
| २.२ | | प्र.अ.को व्यवस्था | प्र.अ.सङ्ख्या | | | |
| २.३ | | प्रत्येक तहमा न्यूनतम योग्यता पुगेका शिक्षकको व्यवस्था | तालिम प्राप्त शिक्षक सङ्ख्या | | | |
| २.४ | | विषयगत शिक्षण विधि तालिम सञ्चालन | तालिम सङ्ख्या | २ | ६.० | १० |
| २.५ | | विषयगत शिक्षकको कार्यशाला, सेमिनारको आयोजना | प्रतिवेदन | १ | ३.० | ५ |
| २.६ | | नियमित र प्रभावकारी शिक्षणविधि र विद्यार्थीको नतिजाका आधारमा शिक्षकको कार्य सम्पादन मूल्याङ्कन | मूल्याङ्कन प्रतिवेदन | १ | ३.० | ५ |
| २.७ | | शैक्षिक क्यालेन्डर निर्माण र कार्यान्वयन | क्यालेन्डर प्रकाशन | २ | ६.० | १० |
| २.८ | | विषयगत शिक्षण समिति गठन र बैठक | बैठक सङ्ख्या | १ | ३.० | ५ |
| २.९ | | विषयगत शिक्षण सन्दर्भ सामग्री र प्रयोगशालाको स्रोत व्यवस्थापन | प्रतिवेदन | २ | ६.० | १० |
| २.१० | | वर्ष शिक्षक पुरस्कार र ग्रेड थपको व्यवस्थाको नीतिगत व्यवस्था | प्रतिवेदन | १ | ३.० | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१ | ३.विद्यालय व्यवस्थापन, जनसहभागिता र नेतृत्व विकास कार्यक्रम | विद्यालय सुधार योजना निर्माण र अध्यावधिक | योजना सङ्ख्या | ०.५ | १.५ | २.५ |
| ३.२ | | वि.व्य.स. गठन र कार्य विभाग अनुसार जिम्मेवारी बाँडफाँड | विद्यालय सङ्ख्या | | | |
| ३.३ | | शि.अ.सङ्घ गठन र नियमित सामाजिक परीक्षणको अभ्यास | प्रतिवेदन | | | |
| ३.४ | | वार्षिक कार्ययोजना निर्माण र समीक्षाको अभ्यास | प्रतिवेदन | १ | ३.० | ५ |
| ३.५ | | विद्यालयका सबै सरोकारवालाले पालना गर्नुपर्ने आचारसंहिताको निर्माण र सार्वजनिक प्रवाह र पालना | विद्यालय सङ्ख्या | ०.५ | १.५ | २.५ |
| ३.६ | | विद्यालयको सम्पत्ति, विद्यार्थी अभिलेख, नतिजा र कार्य सम्पादन आदिको व्यवस्थित अभिलेख | प्रतिवेदन | ०.५ | १.५ | २.५ |
| ३.७ | | केन्द्र, प्रदेश र पालिका तहमा आयोजना गरिने प्रतियोगितामा विद्यालयको सहभागिता | विद्यालय सङ्ख्या | ५ | १५.० | २५ |
| ३.८ | | बाल क्लब, विद्यार्थी सदन, रेडक्रस, स्काउट आदिको परिचालन | प्रतिवेदन | १ | ३.० | ५ |
| ३.९ | | विद्यार्थीका परिवारसँग वार्षिक भेटघाट | प्रतिवेदन | ०.५ | १.५ | २.५ |
| ४.१ | ४.विद्यार्थीको सिकाइ तथा नतिजा सुधार कार्यक्रम | नियमित कक्षा (वार्षिक कक्षा सञ्चालन दिन) | प्रतिवेदन | | | |
| ४.२ | | CBEGRA कार्यान्वयन | प्रतिवेदन | ०.५ | १.५ | २.५ |
| ४.३ | | आधारभूत शिक्षा पूरा नगर्ने विद्यार्थी वा स्कुल बाहिरका बालबालिकाका लागि प्रोत्साहन र भर्ना अभियान | भर्ना सङ्ख्या | १ | ३ | ५ |
| ४.४ | | जेहेनदार छात्रवृत्तिको सुविधा प्रदान | विद्यार्थी सङ्ख्या | २ | ६.० | १० |
| ४.५ | | दिवा खाजाको व्यवस्था | | १० | ३०.० | ५० |
| ४.६ | | कक्षा ५ र ८ मा गणित, अङ्ग्रेजी र नेपाली विषयमा अघिल्लो तीन आर्थिक वर्षको उपलब्धिको आधारमा नतिजा मापन | प्रतिवेदन | | | |
| ४.७ | | कक्षा ९ देखि ऐच्छिक प्राविधिक विषय व्यवस्था | विद्यार्थी सङ्ख्या | | | |
| ४.८ | | मावि स्कुलमा साप्ताहिक तालिका अनुसार वाइफाई सेवा सञ्चालन र आईसीटी बेस प्रोजेक्ट वर्कको अभ्यास | विद्यालय सङ्ख्या | ३ | ९.० | १५ |
| ४.९ | | तीन आ.व.को एसईईको औसत GPA का आधारमा विद्यालयका शिक्षकलाई प्रोत्साहन भत्ता | प्रतिवेदन | ५ | १५.० | २५ |
| ४.१० | | विज्ञान विषयमा कक्षा ११ मा भर्ना हुने विद्यार्थीलाई छात्रवृत्ति | विद्यार्थी सङ्ख्या | २ | ६.० | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.१ | ५.सन्तुष्टि मापन कार्यक्रम | अभिभावक र शिक्षकको सन्तुष्टि सर्वेक्षण अनुसार तीन आ.व.को सन्तुष्टि स्तर मापन | प्रतिवेदन | | | |
| ५.२ | | विद्यार्थीबाट शिक्षकलाई गरिने वार्षिक मूल्याङ्कन तीन आ.व.को स्तर | प्रतिवेदन | | | |
| ६.१ | ६. खुला एवम् दूरशिक्षा कार्यक्रम | विविध कारणवस विद्यालय छाड्न बाध्य युवा र विशेषगरी बुहारीका लागि बहुकक्षा केन्द्र सञ्चालन | केन्द्र र विद्यार्थी सङ्ख्या | १० | ३०.० | ५० |
| ६.२ | | खुला एवम् दूरशिक्षा परीक्षा सञ्चालन | प्रतिवेदन | २ | ६.० | १० |
| ७.१ | ७. विशेष लक्षित कार्यक्रम | विपन्न र जेहेनदार विद्यार्थीका लागि छात्रवृत्ति | विद्यार्थी सङ्ख्या | ५ | १५.० | २५ |
| ७.२ | | आर्थिक र भौगोलिक रूपमा विद्यालय बाहिर हुन सक्ने जोखिमका विद्यार्थीका लागि यातायात वा छात्रावास | विद्यार्थी सङ्ख्या | ८ | दद्ध | ४० |
| ७.३ | | विशेष समुदायका छात्राका लागि प्रोत्साहन कार्यक्रम | विद्यार्थी सङ्ख्या | ३ | ९.० | १५ |
| ७.४ | | प्राविधिक शिक्षालय प्रवर्द्धन | विद्यालय सङ्ख्या | १० | ३०.० | ५० |
| ८.१ | ८. सामुदायिक कलेजसञ्चालन कार्यक्रम | सामुदायिक कलेज सञ्चालन | विद्यार्थी सङ्ख्या | १० | ३०.० | ५० |
| ८.२ | | कलेजको भौतिक पूर्वाधार विकास | प्रतिवेदन | २० | ६०.० | १०० |

## जोखिम अनुमान विश्लेषण

१. संस्थागत विद्यालय सँगको प्रतिस्पर्धा

२. शिक्षक दरबन्दी र क्षमता विकास

३. पर्याप्त लागानी तथा बजेट विनियोजन

४. नियमित अनुगमन र मूल्याङ्कन

५. शिक्षा क्षेत्रमा हुने राजनीतिकरण

६. सङ्घ र प्रदेश सरकारको नीति तथा कार्यक्रम

७. विद्यालय व्यवस्थापन समितिको नेतृत्व

## वडास्तरमा प्रस्तावित मुख्य गतिविधि :

| वडा नं. | विद्यालय सङ्ख्या | विद्यार्थी सङ्ख्या | प्रस्तावित मुख्य गतिविधि |
|---|---|---|---|
| १ | ६ | ११८० | पवित्र उमावि र विष्णु माविलाई नमुना विद्यालय कार्यक्रममा समावेश गर्ने । |
| २ | ९ | ८६८ | भानु मावि र कालिका आधारभूत विद्यालयलाई नमुना विद्यालय कार्यक्रममा समावेश गर्ने । |
| ३ | ३ | २४१ | शिव माविलाई आधारभूत विद्यालयलाई नमुना विद्यालय कार्यक्रममा समावेश गर्ने । |
| ४ | ५ | ३९३ | जगदीश्वर नमुना विद्यालय कार्यक्रममा समावेश गर्ने । |
| ५ | ६ | ३०७ | चन्द्रोदय र अन्य कुनै एक आधारभूत विद्यालयलाई नमुना विद्यालय कार्यक्रममा समावेश गर्ने । |
| ६ | ८ | ५५२ | अरूण मावि र जनजागृति आधारभूत विद्यालयलाई नमुना विद्यालय कार्यक्रममा समावेश गर्ने । |
| जम्मा | | | |

### ३.३.२ स्वास्थ्य : स्वास्थ्य शरीर दीर्घ जीवन उपक्षेत्र

#### औचित्य

लोककल्याणकारी राज्यको अवधारणाले नागरिकको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गर्न लगानी गर्नुपर्ने कुरालाई केन्द्रित गर्दछ । नेपालको संविधान २०७२ मा आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क दाबी गर्न सक्नेगरी मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । स्थानीय तहले एकल र साझा अधिकारका रूपमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कर्तव्य तोकिएका छ । सङ्घीयताको मर्म अनुरूप तीनै तहका समन्वयात्मक प्रयासले सबै नागरिकलाई गुणस्तरीय पूर्वाधार तथा दक्ष जनशक्ति मार्फत भरपर्दो वित्तीय व्यवस्थापन गरी गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा ल्याउनुपर्ने देखिन्छ ।

दिगो विकास लक्ष्य नं. २ ले उन्नत पोषणको सुनिश्चित गर्ने र लक्ष्य नं.३ अन्तर्गत सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने भनी तोकिएको छ ।

#### प्रमुख समस्या

सबै वर्ग तथा समुदायका व्यक्तिलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन नसक्नु, स्वास्थ्य सेवा लिने अभ्यास कम देखिनु, सङ्क्रमण र महामारीजन्य रोगको समुचित नियन्त्रण नहुनु, प्राकृतिक विपत् र दुर्घटना वा चोटपटकबाट समग्र स्वास्थ्यमा पर्ने जोखिम न्यूनीकरण गर्ने प्रयास, अव्यवस्थित बसाइँ सराइ र आश्रित जनसङ्ख्याको बढ्दो अनुपात स्वास्थ्य तथा पोषण क्षेत्रमा देखापरेका प्रमुख समस्या हुन् ।

नागरिकले संवैधानिक हक अन्तर्गत प्राप्त गर्ने स्वास्थ्य सेवाप्रति उत्तरदायी एवम् पर्याप्त जनशक्ति विकास गर्न नसक्नु, आवश्यकता अनुसार आधुनिक उपकरण र विशेषज्ञको अभाव, विश्वव्यापी रूपमा परिवर्तन हुँदै आएको खानपान तथा जीवनशैलीबाट उत्पन्न समग्र स्वास्थ्य हक बढ्दै जानु अर्को समस्याका पाटा हुन् ।

## चुनौती तथा अवसर

निःशुल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहबाट सर्वसुलभ रूपमा प्रदान गर्न, गरिब तथा सीमान्तकृत समुदायलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा प्रवाह गर्न र स्वास्थ्य उपचारमा लाग्ने खर्च घटाउन पहिलो चुनौतीका रूपमा रहेको छ । स्वास्थ्य उपचार तथा सेवालाई राज्य सेवाको प्रमुख लोककल्याणकारी दायित्व क्षेत्रमा रूपान्तरण गरी मानवीय स्वास्थ्यप्रति जिम्मेवार बनाउन र गुणस्तरीय जीवन सुनिश्चित गर्नु हालको अर्को चुनौतीका रूपमा रहेको छ ।

## उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

मानव स्वास्थ्यका लागि आवश्यक प्रतिकारात्मक, प्रवर्द्धनात्मक, पुनर्स्थापनात्मक र उपचारात्मक स्वास्थ्य सेवालाई सबै नागरिकको पहुँचमा सुनिश्चित गर्नु योजनाले मुख्य परिकल्पना रहेको छ । स्वास्थ्य तथा पोषण उपक्षेत्रका उद्देश्य निम्नानुसार रहेका छन् ।

- आधारभूत रूपमा सामान्य चिकित्सा सेवाको शीघ्र र प्रभावकारी सेवा प्रदान गर्ने
- जीवनपथको अवधारणा अनुरूप बहुपक्षीय पोषण नीतिको कार्यान्वयन गरी सर्वाङ्गीण विकास र परिवार व्यवस्थापन सेवालाई थप विस्तार गर्ने
- सीमान्तकृत एवम् गरिबी अवस्थामा रहेका समुदायलाई दीर्घ जीवन सहयोग
- अस्पतालमा ज्येष्ठ नागरिक स्वास्थ्य, मातृशिशु स्वास्थ्य र दुर्घटनाबाट हुने चोटपटक उपचार लाई विशिष्ट सेवा (जेरियाटिक केयर र अर्थोटिक सेवा) का रूपमा स्तरोन्नति गर्ने
- स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै एकीकृत गर्दै तुरून्त प्रतिकार्य योजनाको कार्यान्वयन गर्ने संयन्त्र निर्माण गर्ने
- निजी तथा सहकारी क्षेत्रको संलग्नतामा सञ्चालनमा रहेका अस्पताल, पोलिक्लिनिक आदि लाई मापदण्ड अनुसार सञ्चालन गर्न सहजीकरण गर्ने
- आयुर्वेदिक र प्राकृतिक चिकित्सा पद्दतिलाई योजनाबद्ध विकास गरी प्राकृतिक चिकित्सा केन्द्रका रूपमा विकास गर्ने

### स्वास्थ्य सूचकका आधारमा गण्डकी प्रदेशमा बन्दीपुर गाउँपालिका उच्च तीन शीर्ष स्थानमा रहने

| क्र.स | सूचक | एकाइ | सङ्घीय | प्रदेश | बन्दीपुर गाउँपालिका |
|---|---|---|---|---|---|
| ०१ | जन्मँदाको अपेक्षित आयु | वर्ष | ७० | | |
| ०२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्म) | जना | २३५ | | |
| ०३ | बाल मृत्युदर (प्रति लाख जीवित जन्म) | जना | ३९ | | |
| ०४ | ५ वर्षभन्दा मुनिका पुड्कोपन | प्रतिशत | ३५.८ | | |
| ०५ | स्वास्थ्य संस्था मार्फत प्रसूति सेवा लिने | प्रतिशत | ५७.४ | | |
| ०६ | चौथो पटक गर्भवती जाँच गर्ने महिला | प्रतिशत | ५८.८ | | |
| ०७ | सम्पूर्ण खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | ८६ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ०८ | अस्पतालमा सेवा लिने वार्षिक जनसङ्ख्या | जना | | | |
| ०९ | स्वास्थ्य बिमा लिने जनसङ्ख्या | जना | | | |
| १० | विशिष्ट स्वास्थ्य सेवा लिने जनसङ्ख्या | जना | | | |
| ११ | जनसङ्ख्या र स्वास्थ्यकर्मी अनुपात | जना | | | |
| १२ | कुल प्रजनन दर | प्रतिशत | २.३ | | |
| स्रोत : १५औँ पञ्चवर्षीय योजना आधारपत्र, राष्ट्रिय योजना आयोग र  बन्दीपुर गाउँपालिका घरधुरी सर्वेक्षण २०७६ | | | | | |

## कार्यान्वयन विधि

- सबै स्वास्थ्य चौकीमा सुत्केरी सेवा
- सबैका लागि सधैँ पूर्ण खोप
- प्रभावकारी सुनौला लाख दिन कार्यक्रम कार्यान्वयन
- सबैका लागि सहज स्वास्थ्य सेवा
- बन्दीपुर अस्पतालको सेवामा स्तरोन्नति
- मापदण्डका आधारमा सहकारी तथा निजी क्षेत्रको संलग्नतामा सञ्चालन भएका स्वास्थ्य संस्थाको नियमन र सामाजिक उत्तरदायित्व
- अस्पतालको आवश्यकता अनुसार प्रविधि, उपकरण र भौतिक पूर्वाधारको व्यवस्थापन

## प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना /कार्यक्रम | उपलब्धि सूचक (परिमाण तहको) | अनुमानित बजेट सुरू आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | उपक्षेत्र : आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क मौलिक हकका रूपमा स्थापित गर्ने । | | | | | |
| | क) सीमान्तकृत समुदायको दीर्घजीवन सहयोग, ख) अस्पताललाई ज्येष्ठ नागरिक जेरियाटिक केयर, चोटपटकको उपचार सेवा केन्द्र र सुत्केरी सेवा केन्द्रका रूपमा प्रवर्द्धन गर्ने । ग) बाल तथा मातृ मृत्यु शुन्य बनाउने । | | | | | |
| १ | वडास्तरका स्वास्थ्य संस्थालाई प्रसूति केन्द्र सेवा दिने तहमा स्तरोन्नति | कम्तीमा ४ वटा कोठा सहितको भौतिक पूर्वाधार | ५००० | पूर्वाधार समिति | २०७७ | २०८७ |
| | | प्रसूति केन्द्रको लागि आवश्यक मेडिकल सामग्री आपूर्ति | १००० | सामाजिक विकास समिति | २०७७ | २०८७ |
| | | प्रसूति केन्द्रको लागि आवश्यक मेडिकल औषधी आपूर्ति | ३०० | स्वास्थ्य शाखा | २०७७ | २०८७ |
| | | एक केन्द्रमा कम्तीमा २ जना तालिम प्राप्त एसबीए कर्मचारी व्यवस्थापन । | १०० | स्वास्थ्य शाखा | २०७७ | २०८७ |
| | | एक वडा एक एबुलेन्स | १००० | सामाजिक विकास समिति | २०७६ | २०८२ |
| | | सामुदायिक औषधी भण्डारण कोष स्थापना । | ५०० | सामाजिक विकास समिति | २०७७ | २०८७ |
| २ | सुनौला हजार दिन कार्यक्रम | सबै गर्भवतीको स्वास्थ्य सङ्ख्यामा जाँच सेवा | १००० | स्वास्थ्य शाखा | चालू आ.व. | निरन्तर |
| | | बालबालिकालाई पूर्ण खोप सेवा | १५०० | स्वास्थ्य शाखा | चालू आ.व. | निरन्तर |
| | | पूर्णखोप वडा घोषणा गर्ने | ५०० | सामाजिक विकास समिति | २०७७ | द्दण्डण |
| | | सेवा केन्द्रमा सुत्केरी हुने महिलाका लागि अनुदान | ५०० | स्वास्थ्य शाखा | चालू आ.व. | निरन्तर |
| | | कुपोषित बालबालिकाका लागि पोषण कार्यक्रम | १००० | स्वास्थ्य शाखा | चालू आ.व. | निरन्तर |
| | | जोखिमपूर्ण प्रसूति व्यथा लागेकाको लागि रिफरल अनुदान | ५०० | स्वास्थ्य शाखा | चालू आ.व. | निरन्तर |
| | | परिवार नियोजन सेवा | १०० | स्वास्थ्य शाखा | चालू आ.व. | निरन्तर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | बन्दीपुर अस्पतालको स्तरोन्नति | जेरियाटिक केयर सेन्टर स्थापना | १०००० | अस्पताल सञ्चालन समिति | २०७८ | २०८२ |
| | | अर्थोटिक सेवा केन्द्र स्थापना | १०००० | अस्पताल सञ्चालन समिति | २०८० | २०८५ |
| | | प्रसूति सेवा केन्द्र स्थापना | ५००० | अस्पताल सञ्चालन समिति | २०७७ | २०८० |
| | | सेवा केन्द्रका लागि आवश्यक मेडिकल उपकरणको व्यवस्था । | १०००० | अस्पताल सञ्चालन समिति | २०७७ | २०८५ |
| | | अपरेसन थेएटर | ५००० | पूर्वाधार समिति | २०७७ | निरन्तर |
| | | आईसीयू कक्षको स्थापना | | | २०८० | २०८५ |
| | | ब्लड बैङ्कको स्थापना | १००० | अस्पताल सञ्चालन समिति | २०७७ | २०८० |
| | | डाइलाइसिस सेन्टर तथा चेस्ट | | | | |
| ४ | आयुर्वेदिक र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना | जडीबुटी नर्सरी स्थापना | १०० | आयुर्वेद केन्द्र । वन समिति | २०७८ | निरन्तर |
| | | जडिबुटी प्रशोधन केन्द्र स्थापना | १०० | आयुर्वेद केन्द्र | २०८५ | द्दण्ढण |
| | | योगा ध्यान केन्द्र सञ्चालन | १०० | आयुर्वेद केन्द्र | २०७८ | निरन्तर |
| | | पञ्चकर्म सेवा सञ्चालन | ३०० | आयुर्वेद केन्द्र | २०८० | निरन्तर |
| ५ | स्वास्थ्य बिमा अभियान | सामान्य स्वास्थ्य बिमा | ५०० | सामाजिक विकास समिति | चालू आ.व. | निरन्तर |
| | | वृद्धवृद्धाको स्वास्थ्य बिमा | ३०० | सामाजिक विकास समिति | चालू आ.व. | निरन्तर |
| | | गर्भवती बिमा | १५० | सामाजिक विकास समिति | चालू आ.व. | निरन्तर |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

| क्र.स | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षको अन्त्यमा अनुमान | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान जोखिम |
|---|---|---|---|---|---|---|---|
| ०१ | जन्मँदाको अपेक्षित आयु | वर्ष | ७० | ७५ | स्वास्थ्य गणना प्रतिवेदन | के.त.वि. | |
| ०२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्म) | जना | २३५ | १७५ | स्वास्थ्य गणना प्रतिवेदन | के.त.वि. | |
| ०३ | बाल मृत्युदर (प्रतिलाख जीवित जन्म) | जना | ३९ | १८ | स्वास्थ्य गणना प्रतिवेदन | के.त.वि. | |
| ०४ | ५ वर्षभन्दा मुनिका पुड्कोपन | प्रतिशत | ३८.८ | १८ | स्वास्थ्य प्रतिवेदन | स्वास्थ्य शाखा | |
| ०५ | स्वास्थ्य संस्था मार्फत प्रसूति सेवा लिने | प्रतिशत | ५८.८ | ७० | स्वास्थ्य प्रतिवेदन | स्वास्थ्य शाखा | |
| ०६ | चौथोपटक गर्भवती जाँच गर्ने महिला | प्रतिशत | ९२ | १०० | स्वास्थ्य प्रतिवेदन | स्वास्थ्य शाखा | |
| ०७ | सम्पूर्ण खोप प्राप्त गर्ने बालबालिका | प्रतिशत | ८२ | १०० | स्वास्थ्य प्रतिवेदन | स्वास्थ्य शाखा | |
| ०८ | अस्पताल र स्वास्थ्यमा सेवा लिने वार्षिक जनसङ्ख्या | जना | १५६३१ | १९००० | स्वास्थ्य प्रतिवेदन | स्वास्थ्य शाखा | |
| ०९ | स्वास्थ्य बिमा लिने जनसङ्ख्या | जना | ३०० | १००० | स्वास्थ्य प्रतिवेदन | स्वास्थ्य शाखा | |
| १० | विशिष्ट स्वास्थ्य सेवा लिने जनसङ्ख्या | जना | | | स्वास्थ्य प्रतिवेदन | स्वास्थ्य शाखा | |
| ११ | स्वास्थ्यकर्मी अनुपात (प्रति हजार जनसंख्या) | जना | | | स्वास्थ्य प्रतिवेदन | स्वास्थ्य शाखा | |
| १२ | कुल प्रजनन दर | प्रतिशत | २.३ | २ | स्वास्थ्य प्रतिवेदन | स्वास्थ्य शाखा | |

## खर्च संरचनाको प्रतिएकाइ लागत अनुमान

| क्र.स. | विषय | प्रतिफल | एकाइ | आधार वर्ष प्रतिलाख लागत | लागत तीन वर्षको रू.लाखमा | पाँच वर्षको लागत रू.लाखमा |
|---|---|---|---|---|---|---|
| १ | वडा स्तरका स्वास्थ्य संस्थालाई प्रसूति केन्द्र सेवा दिने तहमा स्तरोन्नति | कम्तीमा ४ वटा कोठा सहितको भौतिक पूर्वाधार | वर्ग फिट | ५० | १५० | २५० |
| | | प्रसूति केन्द्रका लागि आवश्यक मेडिकल सामग्री अपूर्ति | सेट | १० | ३० | ५० |
| | | प्रसूति केन्द्रका लागि आवश्यक मेडिकल औषधी आपूर्ति | औषधीको मापदण्ड | ३ | ९ | १५ |
| | | एक केन्द्रमा कम्तीमा दुई जना तालिम प्राप्त एसबीए कर्मचारी व्यवस्थापन । | कर्मचारी तालिम सङ्ख्या | १ | ३ | ५ |
| | | एक वडा एक एबुलेन्स | सङ्ख्या | १० | ३० | ५० |
| | | सामुदायिक औषधी भण्डारण कोष स्थापना । | रूपियाँ | ५ | १५ | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | सुनौला लाख दिन कार्यक्रम | सबै गर्भवतीको स्वास्थ्य सङ्ख्यामा जाँच सेवा | सङ्ख्या | १० | ३० | ५० |
| | | बालबालिकालाई पूर्ण खोप सेवा | सङ्ख्या | १५ | ४५ | ७५ |
| | | पूर्णखोप वडा घोषणा गर्ने | प्रतिवेदन | ५ | १५ | २५ |
| | | सेवा केन्द्रमा सुत्केरी हुने महिलाका लागि अनुदान | सङ्ख्या | ५ | १५ | २५ |
| | | कुपोषित बालबालिकाको लागि पोषण कार्यक्रम | लाभग्राही सङ्ख्या | १० | ३० | ५० |
| | | जोखिमपूर्ण प्रसूति व्यथा लागेकाको लागि रिफरल अनुदान | रिफरल सङ्ख्या | ५ | १५ | २५ |
| | | परिवार नियोजन सेवा | लाभग्राही सङ्ख्या | १ | ३ | ५ |
| | बन्दीपुर अस्पतालको स्तरोन्नति | जेरियाटिक केयर सेन्टर स्थापना | प्राविधिक प्रतिवेदन | १० | ३० | ५० |
| ३ | | अर्थोटिक सेवा केन्द्र स्थापना | प्राविधिक प्रतिवेदन | १०० | ३०० | ५०० |
| | | प्रसूति सेवा केन्द्र स्थापना | प्राविधिक प्रतिवेदन | ५० | १५० | २५० |
| | | सेवा केन्द्रका लागि आवश्यक मेडिकल उपकरणको व्यवस्था । | प्राविधिक प्रतिवेदन | १० | ३० | ५० |
| | | अपरेसन थिएटर र आईसीयू कक्षको स्थापना | प्राविधिक प्रतिवेदन | ५० | १५० | NA |
| | | ब्लड बैङ्कको स्थापना | प्राविधिक प्रतिवेदन | १० | ३० | ५० |
| ४ | आयुर्वेदिक र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना | जडीबुटी नर्सरी स्थापना | क्षेत्रफल | १ | ३ | ५ |
| | | जडीबुटी प्रशोधन केन्द्र स्थापना | प्राविधिक प्रतिवेदन | १ | ३ | ५ |
| | | योगा ध्यान केन्द्र सञ्चालन | सङ्ख्या | १ | ३ | ५ |
| | | पञ्चकर्म सेवा सञ्चालन | लाभग्राही सङ्ख्या | ३ | ९ | १५ |
| | स्वास्थ्य बिमा अभियान | सामान्य स्वास्थ्य बिमा | लाभग्राही सङ्ख्या | ५ | १५ | २५ |
| | | वृद्धवृद्धाको स्वास्थ्य बिमा | लाभग्राही सङ्ख्या | ३ | ९ | १५ |
| | | गर्भवती बिमा | लाभग्राही सङ्ख्या | १.५ | ४.५ | ७.५ |

### जोखिम अनुमान विश्लेषण

१. प्राविधिक गुणस्तर

२. बजेट व्यवस्थापन

३. जग्गाका लागि स्थानीय सहभागिता

४. दक्ष जनशक्ति

## वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि

| वडा नं. | स्वास्थ्य संस्थाको सङ्ख्या | घरधुरी सङ्ख्या | प्रस्तावित मुख्य गतिविधि |
|---|---|---|---|
| १ | | ११६७ | सहरी क्लिनिकलाई प्रसूति केन्द्रमा स्तरोन्नति<br>स्वास्थ्य बिमा<br>पूर्णखोपको घोषणा |
| २ | | ७९१ | सहरी क्लिनिकलाई प्रसूति केन्द्रमा स्तरोन्नति<br>स्वास्थ्य बिमा<br>पूर्णखोपको घोषणा |
| ३ | | ५५२ | सहरी क्लिनिकलाई प्रसूति केन्द्रमा स्तरोन्नति<br>स्वास्थ्य बिमा<br>पूर्णखोपको घोषणा |

| | | | |
|---|---|---|---|
| ४ | | ८८५ | सहरी क्लिनिकलाई प्रसूति केन्द्रमा स्तरोन्नति<br>स्वास्थ्य बिमा<br>पूर्णखोपको घोषण<br>आयुर्वेदिक केन्द्र र अस्पतालको सेवामा स्तरोन्नति |
| ५ | | ६८१ | सहरी क्लिनिकलाई प्रसूति केन्द्रमा स्तरोन्नति<br>स्वास्थ्य बिमा<br>पूर्णखोपको घोषण |
| ६ | | ६८६ | सहरी क्लिनिकलाई प्रसूति केन्द्रमा स्तरोन्नति<br>स्वास्थ्य बिमा<br>पूर्णखोपको घोषणा<br>धरमपानीमा ल्याब र डाक्टर सहितको व्यवस्था |

### ३.३.३ खानेपानी, सरसफाइ तथा स्वच्छता उपक्षेत्र

#### हालको अवस्था

आधारभूत खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधा सबै नागरिकलाई प्रदान गर्नु लोककल्याणकारी राज्यको अर्को मौलिक जिम्मेवारी हो । नेपालको संविधान २०७२ ले खानेपानी तथा सरसफाइलाई मौलिक हक र मानव अधिकारका रूपमा स्वीकार गरेको छ । खानेपानी तथा सरसफाइ क्षेत्रको सुधारबाट मात्र बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुग्न सक्छ । नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा अनुकूल सुधार गर्न योगदान गर्न सक्दछ । बन्दीपुर गाउँपालिकाको जम्मा कुल घरधुरीमध्ये करिब २३ प्रतिशत घरधुरीमा अझै खानेपानीको सुविधा पुग्न सकेको छैन । खानेपानीको पहुँच भएका घरधुरीमा खानेपानीको निरन्तर आपूर्ति र पर्याप्त परिमाण सेवा (प्रतिव्यक्ति ४५ लि.) का विषयमा स्पष्ट मापदण्ड तयार गर्न सकिएको छैन ।

जनघनत्वका आधारमा सबैभन्दा धेरै घरधुरी भएको वडा नं. १ मा खानेपानीको आपूर्ति स-साना आयोजनाबाट भएको पाइन्छ । वडा नम्बर १ आफैँमा सहरीकरण हुँदै गएको वडा हो । यस वडामा  प्रति आयोजना औसत ४७ घरधुरी देखिन्छ भने एकभन्दा बढी आयोजनाबाट गुजारा निर्भ हुन घरपरिवारको सङ्ख्या धेरै नै छ । यस वडामा बृहत् खानेपानी आयोजनाको आवश्यकता देखिन्छ । वडा नं. ६ मा बस्तीको घनत्व पातलो छ भने खानेपानीका आयोजना धेरै छन् । यस वडामा औसत प्रति आयोजनाका उपभोक्ता ४० घरधुरी देखिन्छन् । वडा नं. ४ मा एउटै आयोजनाबाट धेरै घरपरिवारले निर्वाह गर्नुपरेको अवस्था छ । यस वडाले अर्को बृहत् खानेपानी आयोजनाको तयारी गर्नुपर्ने देखिन्छ ।  वडा नं. ५ मा तुलनात्मक रूपमा खानेपानीका आयोजनाले उपभोक्तामा दोहोरो सेवा प्रदान गरेको देखिन्छ ।  खानेपानीको रासायनिक र जैविक तत्वको जाँच हुन सकेको छैन । बजार र बस्तीमा ढल निकासको व्यवस्था नाजुक रहेको छ ।

#### प्रमुख समस्या

जनसङ्ख्याको बसाइँ सराइको चाप र जनसङ्ख्याको वृद्धिसँगै बस्ती तथा सहरमा प्रदूषण वढ्दो छ । पर्यावरणीय असन्तुलन, प्लास्टिकजन्य फोहोरले सहरलाई कुरूप बनाउँदै गएको अवस्था छ । फोहोरमैलाको विसर्जन र पुनः प्रयोग प्रणाली कार्यान्वयन गर्न नसक्नु समग्र सहरी विकासको विकराल समस्याका रूपमा रहेको छ ।

बन्दीपुरसहित तनहुँ जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा भइसकेको छ । समग्र सरसफाइ योजनाको कार्यान्वयन गर्नुपर्ने अवस्था विद्यमान छ । खानेपानीको स्वच्छता र पानी जाँच गरी खानेपानी आपूर्ति हुन सकिरहेको छैन । खानेपानीको ट्रिटमेन्ट प्लान्टको योजना बनाउन आवश्यक देखिन्छ । बस्ती तथा बजारको ढल निकासको बृहत् योजना र डीपीआर निर्माण गर्नुपर्दछ । खानेपानीलाई स्वच्छ र मध्यम स्तरको पिउनयोग्य मापदण्डको आपूर्ति हुन सकेको छैन भने आयोजनाको लाभग्राहीमा दोहोरोपना देखिन्छ । आयोजनाको प्रभावकारिता र दूरगामी प्रभावलाई आधार मानी अब खानेपानी आयोजनाको तर्जुमा गरिनुपर्दछ ।

### चुनौती तथा अवसर

राष्ट्रिय तथ्याङ्कलाई आधार मान्ने हो भने ९० प्रतिशत जनसङ्ख्याले आधारभूत खानेपानीको लाभ लिएको देखिए पनि मध्यम स्तरको खानेपानी आयोजनाबाट लाभ लिने जनसङ्ख्या जम्मा २० प्रतिशतको हाराहारीमा रहेको कुरा १५औँ योजनाको आधारपत्रमा उल्लेख छ । दिगो विकास लक्ष्य नं. ६ ले सबैका लागि सरसफाइ तथा खानेपानीको उपलब्धता र दिगो व्यवस्थापनको प्रत्याभूति गर्ने कुरा उल्लेख गरेको छ । खानेपानीको अवस्था हेर्दा पानीको ट्रिटमेन्ट र रासायनिक तथा जैविक जाँच गरी प्रारम्भिक स्वच्छता सुनिश्चित गर्न सकिएको छैन । खानेपानी निरन्तर आपूर्ति र गुणस्तरीय  पानी उपलब्ध गराउनु यस उपक्षेत्रका चुनौती हुन् । त्यसैगरी ढल निकास सीधै खोलामा मिसाइएको अवस्था छ । तिनीहरूको ट्रिटमेन्ट गरिएको छैन ।

### उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

बन्दीपुर गाउँपालिकाले एक घर एक धाराको राष्ट्रिय प्रतिबद्धता पूर्णरूपमा कार्यान्वयन गर्नेछ । हाल आपूर्ति गर्दै आएको खानेपानीको मध्यम स्तरको गुणस्तर सुनिश्चित गर्न खानेपानी, सरसफाइ तथा स्वच्छ कार्यक्रम जनस्वास्थ्यको प्रमुख सरोकारको विषय भएको हुँदा पालिका स्तरको बोर्ड गठन गरी व्यवस्थित अभिलेखनका साथ कमसेकम नेपाल सरकारले तोकेको मध्यम स्तरको खानेपानीको गुणस्तरका मापदण्डका आधारमा आयोजनाको स्तरोन्नति र नयाँ आयोजनाको निर्माण गरिनेछ । खानेपानी तथा सरसफाइ बोर्डले सबैका लागि सफा पिउने पानी र सरसफाइ कार्यको अभियान सञ्चालन गर्नेगरी जिम्मेवारी दिन सकिन्छ । बोर्डले खानेपानीको चुस्त आपूर्ति, शुद्ध र गुणस्तरको नियमन र एकीकृत पानी व्यवस्थापनको कार्यलाई कार्य योजना निर्माण गरी सम्पादन गर्दछ ।

**खानेपानी तथ सरसफाइको अवस्था**

| क्र.स | सूचक | सङ्घीय स्तर | प्रदेश स्तर | पालिका |
|---|---|---|---|---|
| ०१ | आधारभूत खानेपानीमा पहुँच हुने घरधुरी | ९० प्रतिशत | | ९८ प्रतिशत |
| ०२ | सुरक्षित मध्यम स्तर खानेपानीमा पहुँच हुने घरधुरी | २० प्रतिशत | | |
| ०३ | चर्पीको प्रयोग गर्ने घरधुरी सङ्ख्या | ८३ प्रतिशत | | ९४ प्रतिशत |
| ०४ | खानेपानीको मुहान, जलभण्डार र सूक्ष्म जलाधार संरक्षणको क्रियाकलाप सङ्ख्या | | | |
| ०५ | एकीकृत जलस्रोत व्यवस्थापन स्किम सङ्ख्या | | | |
| ०६ | प्रतिव्यक्ति प्रतिदिन उपलब्ध हुने पानी (लि) | ४५ लि. | | |
| ०७ | खानेपानीको सुधार वा प्रशोधन गरिएको अनुपात | १५ प्रतिशत | | |
| ०८ | खानेपानी तथा सरसफाइमा स्थानीय समुदायको उपभोक्ता समितिको सङ्ख्या | | | |

स्रोत : १५औँ योजनाको आधारपत्र, २०७६, राष्ट्रिय योजना आयोग, सिंहदबार, काठमाडौँ र घरधुरी सर्वेक्षण २०७६

## कार्यान्वयन विधि

- खानेपानी उपभोक्ता समिति र गाउँपालिकाको समन्वय र सहकार्यमा (खानेपानी बोर्ड) मार्फत मध्यम स्तरमा खानेपानीको स्तरोन्नतिको कार्यक्रम सञ्चालन
- एक घर एक मिटरसहित धाराको आपूर्ति
- खुला दिसा मुक्तपछि अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप शतप्रतिशत स्वच्छ अभियान सञ्चालन
- सबै स्कुलमा इन्सिलेटरसहित पूर्णरूपमा सुरक्षित फोहोर विसर्जनको व्यवस्था
- मावि स्कुलमा छात्रालाई नि:शुल्क सेनेटरी प्याड वितरणसहित आराम कक्षको व्यवस्था
- ढलको ट्रिटमेन्टपछि मात्र खोलामा विसर्जन

### प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| | उद्देश्यः क) शतप्रतिशत घरधुरीमा खानेपानीको धारा र चर्पी हुने । ख) नेपाल सरकारले तोके बमोजिम मध्यम स्तरको मापदण्डको आधारमा खानेपानी आयोजनाको स्तरोन्नति गर्ने । ग) पूर्णसरसफाइ कायम गर्ने । | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (नतिजा तहको) | अनुमानित बजेट सुरु आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
| १.१ | १. खानेपानी आयोजनाको व्यवस्थापन | ठूला खानेपानी आयोजना डीपीआर तयार | ६०० | पूर्वाधार विकास शाखा | चालू आ.व. | २०८५ |
| १.२ | | मध्यम स्तरका खानेपानी आयोजना सञ्चालन | ३००० | पूर्वाधार विकास शाखा | चालू आ.व. | २०८५ |
| १.३ | | लघु खानेपानी आयोजना | ५००० | पूर्वाधार विकास शाखा | २०७७ | २०९० |
| १.४ | | खानेपानीको स्रोत संरक्षण | १००० | पूर्वाधार विकास शाखा | २०७७ | २०९० |
| २.१ | पूर्ण सरसफाई कार्यक्रम | शौचालय निर्माणमा सहयोग | १००० | पूर्वाधार विकास शाखा | चालू आ.व. | २०७८ |
| २.२ | | सार्वजनिक शौचालय निर्माण | १९०० | पूर्वाधार विकास शाखा | चालू आ.व. | २०८५ |
| २.३ | | मुख्य बजारमा ढलको व्यवस्था | ३००० | पूर्वाधार विकास शाखा | चालू आ.व. | २०८५ |
| २.४ | | ल्यान्डफिल्ड साइटको व्यवस्था | २०० | पूर्वाधार विकास शाखा | चालू आ.व. | २०९० |
| ३.१ | स्वच्छ कार्यक्रम | मावि स्कुल तथा कलेजमा नि:शुल्क सेनिटरी प्याड वितरण | १०० | शिक्षा शाखा | चालू आ.व. | नियमित |
| ३.२ | | सबै सरकारी तथा गैरसरकारी प्रतिष्ठानमा इन्सिलेटर सहितको फोहोरमैला विसर्जन व्यवस्थापन | १००० | पूर्वाधार विकास शाखा | चालू आ.व. | नियमित |
| ३.३ | | सूक्ष्म जलाधार तथा जलाशयको सरसफाइ | १८०० | पूर्वाधार विकास शाखा | चालू आ.व. | नियमित |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

| क्र.स | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षको अन्त्यमा अनुमान | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान जोखिम |
|---|---|---|---|---|---|---|---|
| ०१ | आधारभूत खानेपानीमा पहुँच हुने घरधुरी | प्रतिशत | ९८ | १०० | प्रतिवेदन | खानेपानी बोर्ड | लगानी र समन्वय |
| ०२ | सुरक्षित मध्यम स्तर खानेपानीमा पहुँच हुने घरधुरी | प्रतिशत | २० | ५० | प्रतिवेदन | खानेपानी बोर्ड | लगानी र समन्वय |
| ०३ | चर्पीको प्रयोग गर्ने घरधुरी सङ्ख्या | प्रतिशत | ९४ | १०० | प्रतिवेदन | खानेपानी बोर्ड | लगानी र समन्वय |
| ०४ | खानेपानीको मुहान, जलभण्डार र सूक्ष्म जलाधार संरक्षणका क्रियाकलाप सङ्ख्या | | | | प्रतिवेदन | खानेपानी बोर्ड | लगानी र समन्वय |
| ०५ | एकीकृत जलस्रोत व्यवस्थापन स्किम सङ्ख्या | स्किम सङ्ख्या | | | प्रतिवेदन | खानेपानी बोर्ड | लगानी र समन्वय |
| ०६ | प्रतिव्यक्ति प्रतिदिन उपलब्ध हुने पानी (लि) | लिटर | ३३ | ४५ | प्रतिवेदन | खानेपानी बोर्ड | लगानी र समन्वय |
| ०७ | खानेपानीको सुधार वा प्रशोधन गरिएको अनुपात | प्रतिशत | १५ | | प्रतिवेदन | खानेपानी बोर्ड | लगानी लगानी र समन्वय |
| ०८ | खानेपानी तथा सरसफाइमा स्थानीय समुदायको उपभोक्ता समिति सङ्ख्या | समिति सङ्ख्या | ६३ | | प्रतिवेदन | खानेपानी बोर्ड | लगानी र समन्वय |

## खर्च संरचनाको प्रतिएकाइ लागत अनुमान

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रारम्भिक वर्ष लागत लाखमा | जम्मा लागत ३ वर्षको लागि रू. लाखमा | लागत ५ वर्षको लागि रू लाखमा |
|---|---|---|---|---|---|---|
| १.१ | १. खानेपानी आयोजनाको व्यवस्थापन | ठूला खानेपानी आयोजना डीपीआर तयार | प्रतिवेदन सङ्ख्या | ६ | १८ | ३० |
| १.२ | | मध्यम स्तरका खानेपानी आयोजना सञ्चालन | आयोजना सङ्ख्या | ३० | ९० | ३० |
| १.३ | | लघु खानेपानी आयोजना | आयोजना सङ्ख्या | ५० | १५० | २५० |
| १.४ | | खानेपानीको स्रोत संरक्षण | आयोजना सङ्ख्या | १० | ३० | ५० |
| २.१ | पूर्ण सरसफाई कार्यक्रम | शौचालय निर्माणमा सहयोग | सङ्ख्या | १० | ३० | ५० |
| २.२ | | सार्वजनिक शौचालय निर्माण | सङ्ख्या | १९ | ६० | ३० |
| २.३ | | मुख्य बजारमा ढलको व्यवस्था | लम्बाई | ३० | ९० | १५० |
| २.४ | | ल्यान्डफिल्ड साइटको व्यवस्थापन | क्षेत्रफल | २ | ६ | १० |
| ३.१ | स्वच्छ कार्यक्रम | मावि स्कुल तथा कलेजमा नि:शुल्क सेनिटरी प्याड वितरण | छात्रा सङ्ख्या | १ | ३ | ५ |
| ३.२ | | सबै सरकारी तथा गैरसरकारी प्रतिष्ठानमा इन्सिलेटर सहितको फोहोरमैला विसर्जन व्यवस्थापन | प्लान सङ्ख्या | १० | ३० | ५० |
| ३.३ | | सूक्ष्म जलाधार तथा जलाशयको सरसफाइ | क्षेत्रफल | १८ | ५४ | ९० |

#### जोखिम अनुमान विश्लेषण

१. प्राकृतिक स्रोतसाधन र पर्यावरणको सन्तुलन

२. लगानी

३. गुणस्तर

४. जनसङ्ख्या वृद्धि

### वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि

| वडा नं. | जम्मा घरधुरी | आयोजना सङ्ख्या | समेटिएको घरधुरी | सम्भावित आयोजना | प्रस्तावित मुख्य गतिविधि |
|---|---|---|---|---|---|
| १ | ११६७ | २८ | १३२५ | १० | साना खानेपानीका स्रोत सङ्कलन गरी एकीकृत गर्ने, ठूला खानेपानी सञ्चय पोखरी निर्माण गर्ने ।<br>खानेपानी मुहान संरक्षण र सेडिमेन्टेसन प्लान्ट निर्माण<br>मध्यम स्तरको राष्ट्रिय मापदण्डमा स्तरोन्नति गर्नुपर्ने । |
| २ | ७९१ | ९ | ३४० | ३ | प्रदेश समन्वयमा सञ्चालित आयोजना गोलडाँडा भुमर्से जुमडाँडा खानेपानी आयोजना लगायत पालिकाका चार वटा आयोजनाले वडाका सबै घरधुरी समेट्ने देखिन्छ र मध्यम स्तरको राष्ट्रिय मापदण्डमा स्तरोन्नति गर्नुपर्ने । |
| ३ | ५५२ | २ | ७०६ | २ | मध्यम स्तरको राष्ट्रिय मापदण्डमा स्तरोन्नति गर्नुपर्ने ।<br>आ.व. २०७५/७६ मा ४ वटा प्रदेश सरकारको समन्वयमा सञ्चालित र ९ वटा पालिकाद्वारा सञ्चालित गरिएका छन् । |
| ४ | ८८५ | १ | ८०० | ६ | मध्यम स्तरको राष्ट्रिय मापदण्डमा स्तरोन्नति गर्नुपर्ने ।<br>आ.व. २०७५/७६ मा एक वटा प्रदेश सरकारको समन्वयमा सञ्चालित र पाँच वटा पालिकाद्वारा सञ्चालित छन् । |
| ५ | ६८१ | १० | १४६७ | ६ | मध्यमस्तरको राष्ट्रिय मापदण्डमा स्तरउन्नति गर्नुपर्ने ।<br>आ.व. २०७५/७६ मा ६ वटा पालिकाद्वारा सञ्चालित छन् । |
| ६ | ६८६ | १३ | ५१५ | ११ | मध्यम स्तरको राष्ट्रिय मापदण्डमा स्तरोन्नति गर्नुपर्ने ।<br>आ.व. २०७५/७६ मा ३ वटा प्रदेश सरकारको समन्वयमा र ९ वटा पालिकाद्वारा सञ्चालित छन् । |
| जम्मा | ४७६२ | ६३ | ५१५३ | ३८ | पूर्णस्वच्छ कार्यक्रम सबै वडामा आयोजना गर्ने । |

### ३.३.४ युवा, खेलकुद र संस्कृति उपक्षेत्र

#### हालको अवस्था

युवा उमेर (२५ देखि ४० वर्षको उमेर समूह) भनेको ऊर्जावान् अवस्था हो । हरेक मानिसको जीवनको आधार नै युवा अवस्थामा नागरिकले प्राप्त गर्ने अवसर र हासिल गरेको सफलता वा नतिजाबाट तयार हुने गर्दछ । परम्परागत धारणा अनुसार युवा लक्षित कार्यक्रम अन्तर्गत खेलकुद र अनुशासनका गतिविधि तयार गर्ने गरिन्थ्यो । अब त्यस्ता अवधारणामा परिवर्तन आइसकेको अवस्था छ । हाल वैदेशिक रोजगारीका लागि आर्थिक क्षमता अनुसार तीन किसिमका देशमा युवा जाने गरेको पाइन्छ । गरिबी न्यूनीकरणका लागि रेमिट्यान्सको योगदानबारे गरिएको अध्ययन अनुसार गरिबीको रेखा मुनिको आर्थिक अवस्थामा रहेका परिवारबाट भारत

लगायत नेपालका अन्य सहरमा कामका लागि बसाइँ सर्ने गरेको पाइन्छ । यिनीहरूको प्रतिव्यक्ति वार्षिक औसत रेमिट्यान्स रू. २७,०००/- रहेको पाइन्छ भने केही पढेका वा साक्षर र केही जग्गा धितो दिन सक्नेको रोजाइमा मलेसिया लगायतका खाडी देश पर्दछन् । यस्तो समूहको प्रतिव्यक्ति वार्षिक औसत रेमिट्यान्स रू.४२,०००/- देखाइएको छ । नेपालभित्र केही तयारी गरी वा केही लगानी गर्न सक्ने वा उच्च शिक्षा हासिल गर्ने अवसर पाएका युवाको रोजाइमा कोरिया, जापान, पूर्वी युरोपका देश रहेको पाइन्छ । यिनीहरूको वार्षिक प्रतिव्यक्ति औसत रेमिट्यान्स रू. ४५,०००/- आम्दानी गर्न सकेको बताइएको छ । अमेरिका, अस्ट्रेलिया, पश्चिम युरोपलाई गन्तव्य बनाई बसाइँ सर्नेको रेमिट्यान्सलाई गाउँघरमा लगानी भएको त्यति उल्लेख्य सङ्ख्यामा पाइँदैन । उनीहरू सहरतर्फ हानिने गरेको पाइन्छ । राष्ट्रिय रूपमा युवा भविष्यका कर्णधार त हुँदै हुन् त्यसभन्दा अगाडि उनीहरू वर्तामानका साझेदार पनि हुन् । सामाजिक विकासका प्रयासले युवाको मन छुने र क्षमता बढाउन सहयोग गर्ने हुनुपर्दछ । खेलकुदमा स्थानीय सरकारले प्रतियोगिताको आयोजना गर्ने, कभर्ड हल र मैदान बनाउन लगानी गरेका छन् तर खेलाडीको क्षमता एवम् वृत्ति विकास गर्ने योजना निर्माण गर्न सकिएको छैन । जातीय संस्कृतिका लागि पोसाक, गरगहना, सामूहिक चाडपर्व मनाउन र भाषा एवम् साहित्य प्रकाशनका लागि केही काम भइरहेको पाइन्छ । सामाजिक विकासको यो क्षेत्रले उत्साहजनक सरकारी साझेदारी प्राप्त गर्न सकेको अवस्था छैन ।

## प्रमुख समस्या

युवा, खेलकुद र संस्कृतिलाई सामाजिक विकासको एक उपक्षेत्रका रूपमा प्रस्तुत गरिएको छ । युवाको अहिलेको प्रमुख रोजाइ भनेको रोजगारी प्राप्त गर्नु र परिवारलाई कृषिमा आधारित निर्वाहमुखी अवस्थाबाट व्यावसायिक एवम् सङ्गठित क्षेत्रमा स्थापित गराउनु रहेको छ । योजना आयोगले प्रकाशन गर्ने नीति पत्रमा हाल दैनिक रूपमा वैदेशिक रोजगारीका लागि ५००० युवाले काठमाडौँको विमानस्थल मार्फत देश छाड्ने गर्दछन् । युवाको रोजाइमा वैदेशिक रोजगार पर्नु रहर मात्र होइन बाध्यता पनि छ । विदेश वा गन्तव्य देशको आवश्यकता अनुसार सीपको विकास गर्ने अवसर प्राप्त नहुनुलाई एक समस्याका रूपमा लिन सकिन्छ भने रोजगारीमा जानेक्रम वा दैनिक काम गर्दा वा घरमा पैसा पठाउँदा वा घर फर्किसकेको अवस्थामा भोग्नुपर्ने समस्या अर्कै किसिमका पाइन्छन् ।

खेलकुदलाई व्यवसायका रूपमा भन्दा मनोरञ्जन र व्यक्तित्व विकासको माध्यमका रूपमा मात्र लिने अभ्यास रहेको पाइन्छ । विश्व परिवेशमा खेलकुदप्रति आएको धारणागत परिवर्तनले व्यावसायिक खेलको दायरा विकास हुँदै गएको पाइन्छ । युवाको रूचि अनुसार खेलकुदलाई व्यावसायिक धारबाट हेरेर योजना गरिनुपर्दछ ।

जातीय पहिचान, भाषिक विकासप्रति नागरिक निकै संवेदनशील भएका छन् । पालिकाभित्र रहेका विभिन्न जातीय समूहलाई सांस्कृतिक विकासका योजनामा आबद्ध गर्दै जातीय सहिष्णुता, पहिचान र सम्मानको अनुभूति गर्दै राष्ट्रिय एकता र अखण्डता बलियो बनाउनुपर्दछ । जातीय मौलिक संस्कृतिको जगेर्ना गर्ने, भाषा र साहित्यको विकास गर्ने योजना तय गरिएका छन् ।

## चुनौती तथा अवसर

रेमिट्यान्सलाई आर्थिक क्षेत्रका रूपमा मात्र लिने कामले युवाको क्षमता र कामका लागि हुनुपर्ने तयारी जस्ता मूल विषयमा सरकारको ध्यान हट्न जाने काम हुँदोरहेछ । रेमिट्यान्स आर्थिक क्षेत्रका रूपमा रहे पनि युवाको क्षमता अभिवृद्धिलाई सामाजिक क्षेत्रभित्र राखी सरकारी दायित्व अन्तर्गत स्वीकार गरिएको छ । करिब २५ वर्षदेखि यो क्षेत्र धेरै युवाको

रोजाइमा पर्न बाध्य भएको हुँदा यहाँ राखिएको हो । वैदेशिक रोजगारीमा जानु पूर्वको तयारीलाई युवाको क्षमता विकास अन्तर्गत राखिएको छ भने फर्किए पछिको रेमिट्यान्सको लगानीलाई आर्थिक क्षेत्र अन्तर्गत राखिएको छ । युवालाई हातमा सीप, मनमा आँट वा दृढता, हृदयमा स्वदेश प्रेम लिएर विदेशमा रोजगारीका लागि जान र विदेशमा जानुभन्दा आफ्नै गाउँमा उद्यमी बन्नसक्ने गरी उनीहरूलाई तयार गर्नु अहिलेको आवश्यता हो ।

युवाको अर्को आकर्षणको क्षेत्र भनेको खेलकुद हो । खेलकुदलाई मनोरञ्जनभन्दा पनि व्यावसायिक र विश्व परिवेश अनुरूप प्रतिस्पर्धाका रूपमा जागरण गर्न सक्नुपर्दछ । खेलकुदका लागि आधार तयार गर्न वा भौतिक पूर्वाधार तयार गर्न, प्रशिक्षण कक्षा र प्रतियोगिताको आयोजनालाई अवसरका रूपमा लिइएको छ ।

बन्दीपुर गाउँपालिका आफैँमा विविध जातीय समूहको मौलिक संस्कृतिको विकास र समन्वय भूमिको रूपमा स्थापित छ । यस्तो स्थापित विरासतलाई अक्षुण्ण राख्न र समन्वयको क्षेत्र अझ विशाल बनाउनुलाई अवसरका रूपमा लिइएको छ ।

### उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

युवाको रोजाइका विषयमध्ये वैदेशिक रोजगारी, खेलकुद, कला, साहित्य, विज्ञान र मौलिक संस्कृतिका विविध क्षेत्रमा उनीहरूभित्र रहेको क्षमता र सम्भावनालाई व्यवस्थित रूपमा उजागर गर्दै पहुँच स्थापित गर्नु यस उपक्षेत्रको समग्र परिकल्पना रहेको छ । उक्त परिकल्पनाका आधारमा केही निर्दिष्ट र समूल उद्देश्य प्रस्तावित गरिएको छ र ती उद्देश्यका आधारमा लक्ष्य निर्धारण गरिएको छ ।

युवाभित्र रहेका असीमित सम्भावना र क्षमताको पूर्ण रूपमा सम्मान गर्दै, उनीहरूको आत्म सम्मानयुक्त र प्रतिस्पर्धात्मक रोजगारी र सामाजिक जीवनका अवसरमा पहुँच स्थापित गर्नु मुख्य उद्देश्य रहेको छ भने अन्य उद्देश्य यस प्रकार रहेका छन् ।

- हरेक वडामा एक/एक वटा युवा रोजगार र शिक्षा सूचना केन्द्रको स्थापना गर्ने
- हरेक वडामा एक/एक वटा कभर्डहल र खेल चउरको स्थापना गर्ने ।
- स्थानीय ऐतिहासिक, पुरातात्विक र जैविक महत्वका सम्पदाको स्थानीय भाषा (गुरूङ, मगर, नेवारी र नेपाली) मा खोज अनुसन्धान र अनुवाद गर्ने ।
- जातीय मौलिक संस्कृति संरक्षण र प्रवर्द्धन गर्न पुस्तामा हस्तान्तरण गर्ने ।
- बन्दीपुरको इतिहास र गौरवका रूपमा रहेका पाटीपौवा, फलैँचा, गुठी, पुस्तकालयको संरक्षण गर्ने
- बन्दीपुरको जैविक तथा मानव निर्मित मौलिकतालाई दर्ता गर्ने, अभिलेखन गर्ने र पेटेन्ट अधिकारका लागि जागरण ल्याउने ।

समग्र रूपमा यस क्षेत्रको लक्ष्य यस प्रकार रहेका छन् ।

## युवा केन्द्रित गतिविधिको अवस्था

| क्र.स | सूचक | राष्ट्रिय स्तर | प्रदेश स्तर | पालिका स्तर |
|---|---|---|---|---|
| १. | वैदेशिक रोजगारीमा संलग्न सङ्ख्या | ३५,००,००० | | |
| २. | वैदेशिक रोजगारीका क्रममा हुने ठगी र दुर्घटना | | | |
| ३. | रोजगार सम्बन्धी सूचना प्राप्त गर्ने सङ्ख्या | | | |
| ४. | खेलकुद चउरको मापदण्ड र सङ्ख्या | | | |
| ५. | कभर्डहल सङ्ख्या र प्रशिक्षक सङ्ख्या | | | |
| ६. | वार्षिक खेलकुद प्रतियोगिता सङ्ख्या | | | |
| ७. | व्यावसायिक खेलाडी सङ्ख्या | | | |
| ८. | स्थानीय मौलिक भाषामा प्रकाशित कृति सङ्ख्या | | | |
| ९. | स्थानीय अध्ययन केन्द्रमा उपलब्ध कृति सङ्ख्या | | | |
| स्रोत : वार्षिक प्रतिवेदन : श्रम तथा रोजगार मन्त्रालय, काठमाडौँ र प्रतिवेदन : बन्दीपुर गाउँपालिका | | | | |

### कार्यान्वयन विधि :

- सुरक्षित र सम्मानयुक्त रोजगारी सिर्जना गर्नु सबैको जिम्मेवारी हो भन्ने अवधारणा स्थापित गर्ने ।
- व्यावसायिक खेलकुदको विकासमा पालिकाको साझेदारी कार्यक्रम लागू गर्ने ।
- बन्दीपुरको मौलिकता, जातीय संस्कृतिको सम्मान र भाषामा समृद्धिसहितको युवा विकास कार्यक्रम लागू गर्ने ।

## प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (नतिजा तहको) | अ. बजेट सुरु आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| १.१ | वैदेशिक रोजगारमा जानेयुवाको सुरक्षा | वैदेशिक रोजगारीमा जानुपूर्व लिनु पर्ने सूचना केन्द्र सञ्चालन | ६०० | सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| १.२ | | वैदेशिक रोजगारीका क्रममा हुने ठगी र दुर्घटना उद्धार | १५० | सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| १.३ | | युवा रोजगार तथा सूचना केन्द्र सञ्चालन | ५०० | सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| २.१ | खेलकुद विकास कार्यक्रम | खेलकुद चउरको निर्माण | २०० | पूर्वाधार शाखा | चालू आ.व. | २०७८ |
| २.२ | | कभर्डहल निर्माण | १००० | प्रदेश/पूर्वाधार शाखा | चालू आ.व. | २०८५ |
| २.३ | | प्रशिक्षकको व्यवस्थापन | १०० | सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| २.४ | | वार्षिक खेलकुद प्रतियोगिता आयोजना | २०० | सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| २.५ | | व्यावसायिक खेलाडी सहयोग | १०० | सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| ३.१ | स्थानीय मौलिक संस्कृति संरक्षण कार्यक्रम | स्थानीय मौलिक भाषामा कृति प्रकाशित | ५०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ३.२ | | स्थानीय अध्ययन केन्द्र सञ्चालन | २०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ३.३ | | स्थानीय जातीय भाषामा गीत प्रतियोगिता | ५०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ३.४ | | मौलिक भाषामा कृति सर्जक मण्डल परिचालन | १०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ३.५ | | पुरातात्विक सम्पदाको अन्वेषण र अभिलेखन | ५०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

| क्र.स | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षको अन्त्यमा अनुमान | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान जोखिम |
|---|---|---|---|---|---|---|---|
| ०१ | वैदेशिक रोजगारीमा संलग्न युवा | सङ्ख्या | १७०० | | प्रतिवेदन | सामाजिक समिति | लगानी र समन्वय |
| ०२ | वैदेशिक रोजगारीका क्रममा हुने ठगी र दुर्घटना | सङ्ख्या | ४ | २ | प्रतिवेदन | सामाजिक समिति | लगानी र समन्वय |
| ०३ | रोजगार सम्बन्धी सूचना प्राप्त गर्ने सङ्ख्या | सङ्ख्या | | | प्रतिवेदन | सामाजिक समिति | लगानी र समन्वय |
| ०४ | खेलकुद चउर कभर्डहलको मापदण्ड र सङ्ख्या | क्षेत्रफल | | ६ | | सामाजिक समिति | लगानी र समन्वय |
| ०५ | प्रशिक्षक सङ्ख्या र विधा | सङ्ख्या | | १० | प्रतिवेदन | सामाजिक समिति | लगानी र समन्वय |
| ०६ | वार्षिक खेलकुद प्रतियोगितामा संलग्न सहभागी सङ्ख्या | प्रतियोगिताको विधा सङ्ख्या | | १२ | प्रतिवेदन | सामाजिक समिति | लगानी र समन्वय |
| ०७ | व्यावसायिक खेलाडी सङ्ख्या | प्रतिशत | | ५० | प्रतिवेदन | सामाजिक समिति | लगानी र समन्वय |
| ०८ | स्थानीय मौलिक भाषामा प्रकाशित कृति सङ्ख्या | विधा सङ्ख्या | | | कृति सङ्ख्या | सामाजिक समिति | लगानी र समन्वय |
| ०९ | स्थानीय सम्पदा, प्रविधि र महत्वमा प्रकाशित कृति | विधा र कृति सङ्ख्या | | | कृति सङ्ख्या | सामाजिक समिति | लगानी र समन्वय |

## खर्च संरचनाको प्रतिएकाइ लागत अनुमान

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रारम्भिक वर्ष लागत रु लाखमा | लागत ३ वर्षको रू. लाखमा | लागत ५ वर्षको रू. लाखमा |
|---|---|---|---|---|---|---|
| १.१ | वैदेशिक रोजगारमा जाने युवाको सुरक्षा | वैदेशिक रोजगारीमा जानुपूर्व लिनुपर्ने सूचना केन्द्र सञ्चालन | सूचना लिने व्यक्तिको सङ्ख्या | ६ | १८ | ३० |
| १.२ | | वैदेशिक रोजगारीका क्रममा हुने ठगी र दुर्घटना उद्धार | घटना सङ्ख्या | १.५ | ४.५ | ७.५ |
| १.३ | | युवा रोजगार तथा सूचना केन्द्र सञ्चालन | प्रतिवेदन | ५ | १५.० | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१ | खेलकुद विकास कार्यक्रम | खेलकुद चउरको निर्माण | चउरको सङ्ख्या | २ | ६.० | १० |
| २.२ | | कभर्डहल निर्माण | कभर्डहल सङ्ख्या | १० | ३०.० | ५० |
| २.३ | | प्रशिक्षकको व्यवस्थापन | तालिम प्राप्त प्रशिक्षक सङ्ख्या | १ | ३.० | ५ |
| २.४ | | वार्षिक खेलकुद प्रतियोगिता आयोजना | प्रतियोगिता सङ्ख्या | २ | ६.० | १० |
| २.५ | | व्यावसायिक खेलाडी सहयोग | सहयोग प्राप्त गर्ने सङ्ख्या | १ | ३.० | ५ |
| ३.१ | स्थानीय मौलिक संस्कृति संरक्षण कार्यक्रम | स्थानीय मौलिक भाषामा कृति प्रकाशित | प्रकाशनका प्रकार | ५ | १५.० | २५ |
| ३.२ | | स्थानीय अध्ययन केन्द्र सञ्चालन | प्रतिवेदन | २ | ६.० | १० |
| ३.३ | | स्थनीय जातीय भाषामा गीत प्रतियोगिता | प्रतियोगिता सङ्ख्या | ५ | १५.० | २५ |
| ३.४ | | मौलिक भाषामा कृति सर्जक मण्डल परिचालन | प्रतिवेदन | १ | ३.० | ५ |
| ३.५ | | पुरातात्विक सम्पदाको अन्वेषण र अभिलेखन | प्रतिवेदन | ५ | १५.० | २५ |

## जोखिम अनुमान विश्लेषण

१. अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षक उपलब्ध गराउने

२. लगानी

३. प्रतियोगिताको गुणस्तर

## वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि

| वडा नं. | बस्ती वा टोल | प्रस्तावित मुख्य गतिविधि |
|---|---|---|
| **नोट : सबै वडाका खेल मैदानको सूचीकृत गरी खेल विधाका लागि पूर्वाधार विकास गर्ने ।** | | |
| १ | | युवा रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन<br>बस्ती स्तरमा खेलकुद चउर निर्माण (चुँदी र नाहाला खोलाको दोभान, छपेली युवा क्लब खेल मैदान, तल्लोटार खेल मैदान, भुँडाटार खेल मैदान, बानियाटार खेल मैदान)<br>वडा स्तरीय कभर्डहल<br>वार्षिक अन्तर वडा खेलकुद तथा सांस्कृतिक कार्यक्रम प्रतियोगिताको आयोजना |
| २ | रानीचउर | वडा नं.२ र ४ मा रानीचउरमा पालिका स्तरको कभर्डहल<br>युवा रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन<br>बस्ती स्तरमा खेलकुद चउर निर्माण<br>वडा स्तरीय कभर्डहल<br>वार्षिक अन्तर वडा खेलकुद तथा सांस्कृतिक कार्यक्रम प्रतियोगिताको आयोजना |

| | | |
|---|---|---|
| ३ | | युवा रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन<br>बस्ती स्तरमा खेलकुद चउर निर्माण<br>वडा स्तरीय कभर्डहल<br>वार्षिक अन्तर वडा खेलकुद तथा सांस्कृतिक कार्यक्रम प्रतियोगिताको आयोजना |
| ४ | ढाप्रे | युवा रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन<br>बस्ती स्तरमा खेलकुद चउर निर्माण<br>वडा स्तरीय कभर्डहल<br>वार्षिक अन्तर वडा खेलकुद तथा सांस्कृतिक कार्यक्रम प्रतियोगिताको आयोजना |
| ५ | | युवा रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन<br>बस्ती स्तरमा खेलकुद चउर निर्माण<br>वडा स्तरीय कभर्डहल<br>वार्षिक अन्तर वडा खेलकुद तथा सांस्कृतिक कार्यक्रम प्रतियोगिताको आयोजना |
| ६ | | युवा रोजगार सूचना केन्द्र स्थापना र सञ्चालन<br>बस्ती स्तरमा खेलकुद चउर निर्माण<br>वडा स्तरीय कभर्डहल<br>वार्षिक अन्तर वडा खेलकुद तथा सांस्कृतिक कार्यक्रम प्रतियोगिताको आयोजना |

## ३.४ मापदण्ड युक्त भौतिक पूर्वाधार विकास र बस्ती व्यवस्थापन क्षेत्र

**औचित्य**

भौतिक पूर्वाधार विकासलाई बन्दीपुर गाउँपालिकाको विकासको मेरूदण्डका रूपमा लिइएको छ । १०२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस पालिकाको उत्तरतर्फ पृथ्वी राजमार्ग र दक्षिणतर्फ बुद्धसिं राजमार्ग रहेको छ । गण्डकी प्रदेशको राजधानी पोखराबाट दक्षिण तराई लगायत प्रदेश नं. ३ को राजधानी हेटौँडा (नारायणगढ हुँदै) जोड्ने छोटो दूरी राजमार्गका रूपमा बुद्धसिं राजमार्ग रहेको छ । यस राजमार्गबाट नारायणगढसम्म जोड्दा हालको ७७ कि.मि. बाट ३० कि.मि. छोटो भई ४७ कि.मि.मा पुग्न सकिन्छ । बन्दीपुर भौगोलिक रूपमा उत्तरभन्दा दक्षिणतर्फ भिरालो र उठेका पहाडले बनेको छ । सडक निर्माण र सञ्चार लाइन विस्तारको हिसाबबाट दक्षिणतर्फ (वडा नं. ६, ३ र ५ का केही क्षेत्र) लगानी बढाउनुपर्ने क्षेत्रमा पर्दछन् । यद्यपि तनहुँ जिल्लाका अन्य स्थानीय तह र तराई जोड्ने भूगोलका रूपमा लिन सकिन्छ ।

### ३.४.१ मापदण्ड युक्त सडक, पुल आदिको निर्माण र विस्तार उपक्षेत्र

समग्रमा राजमार्ग एवम् सडक सञ्जालको हिसाबबाट बन्दीपुरले प्रादेशिक र राष्ट्रिय महत्व राख्दछ । सडक सञ्जालको दृष्टिकोणबाट बन्दीपुरका सबै बस्ती एकआपसमा जोडिएका छन् । राष्ट्रिय राजमार्गसँग उत्तर तर्फका वडा क्रमशः १, ४ र ५ जोडिन्छन् भने दक्षिणतर्फ जिल्ला एवम् प्रदेश मार्गसँग वडा नं. ६ का केही भूभागले जोड्दछ । वडा नं. २ र ३ अन्तर्गत गाउँपालिकाले सबै बस्तीमा औसत २० मिनेटको पैदल यात्रामा मोटर बाटोको पहुँच कायम गर्न सफल भएको छ । गाउँपालिका भित्रका बस्ती, वडा कार्यालय र ग्रामीण बजार जोड्न निम्न सडक सञ्चालनमा रहेका छन् ।

| क्र.सं | सडक खण्डको नाम |
|---|---|
| १ | दमौली- पोखरी भञ्ज्याङ - केशवटार- धरमपानी - बन्दीपुर मार्ग |
| २ | छिपछिपे नाल्दीघाट हुँदै साराङघाटसम्म जोड्ने मार्ग |
| ३ | शहीद दीपेश मार्ग |
| ४ | बन्दीपुर झारगाउँ छिम्केश्वरी मार्ग |
| ५ | शेराटार राउटार हुँदै सुखौरा मार्ग |
| ६ | बन्दीपुर कुवादी कुर्कुदी मार्ग |
| ७ | बन्दीपुर धरमपानी सडक |
| ८ | बन्दीपुर ढाँडखोला सडक कालोपत्रे |
| ९ | बन्दीपुर सहरी सडक |
| १० | बन्दीपुर मुच्चोक रामकोट कुलुङ छाब्दी पर्यटन मार्ग |

## प्रमुख समस्या

नेपालको राष्ट्रिय सडक सञ्जाललाई १९ प्रतिशत रणनीतिक र ८१ प्रतिशत स्थानीय तहमा निर्माण गरी बस्तीको सम्बन्ध विस्तार गर्नेगरी दुई किसिमले वर्गीकरण गरेको पाइन्छ । वडा र बस्तीको सञ्जाल निर्माणलाई स्थानीय तहको जिम्मेवारीमा राखिएको छ भने अन्तरप्रदेश एवम् अन्तरपालिकाको सडक सञ्जाललाई सङ्घीय र प्रादेशिक सडकका रूपमा वर्गीकरण गरेको पाइन्छ । बन्दीपुर गाउँपालिकामा नयाँ ट्रयाक खोल्न सडकको नयाँ योजना निर्माण गर्न आवश्यक छैन बरू भएका सडकको गुणस्तरमा वृद्धि गर्दै स्तरोन्नतिको कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिन्छ । केही स्थानमा सङ्घीय तथा प्रदेश सरकारको अग्रसरता वा पुल तथा कल्भर्टको निर्माण गर्न आवश्यक छ । गाउँपालिका क्षेत्रभित्र हाल सम्ममा १४३ कि.मि. ग्राभेल सडक तयार छ भने अन्य ठाउँमा माटो भर्ने र सडकको सीमाङ्कन गर्ने कार्य भइसकेको छ । दमौलीदेखि धरमपानी हुँदै घुमाउने दह सम्मको ट्रयाक खोल्ने र डुम्रे बन्दीपुर हुँदै धरमपानी सम्मको बाटोलाई बन्दीपुर गाउँपालिकाको आन्तरिक जीवन्त सडक मार्गका रूपमा स्तरोन्नतिको कार्य भइसकेको छ । सबै वडा कार्यालयसम्म गाउँपालिकाको सम्पर्क सडक सञ्जाल विस्तार भइसकेको छ । पालिकाले तोकेको चार वर्गका सडकको स्तर स्तरोन्नति गर्न सकिएको छैन । ५० प्रतिशतभन्दा बढी सडक वर्षा याममा बन्द हुने गर्दछन् । सबै सडकलाई बाह्रै महिना वा निरन्तर सञ्चालनमा आउने गरी तयार गर्न सकिएको अवस्था छैन ।

## चुनौती तथा अवसर

सडकलाई राष्ट्रिय राजमार्गको मापदण्डका आधारमा वर्ग (क), प्रदेश स्तरका राजमार्गका मापदण्डका आधारमा वर्ग (ख), पालिकाका वडा तथा मुख्य बजार जोड्ने सडक सञ्जाललाई वर्ग (ग) र बस्ती जोड्ने सडक सञ्जाललाई वर्ग (घ) मा राखिएको छ । सडकको कुल डिमार्केसन, सडकको चौडाई र गुणस्तर निर्धारण गरिएको छ । बन्दीपुर गाउँपालिकाले (ग) र (घ) मापदण्डका सडकलाई दुई लेन वा ३२ फिट र एक लेनका लागि १६ फिटको चौडाई हुनेगरी मापदण्ड तोकेको छ । हालका बस्ती जोड्ने वर्ग घ र वडा कार्यालय जोड्ने एवम् राष्ट्रिय राजमार्ग जोड्ने सडक सञ्जालमा सडकपेटी र अपाङ्गता मैत्री मार्ग निर्माण गर्न सकिएको अवस्था छैन । बाटोका जोखिम कम वा न्यून गर्नुपर्ने थप कार्य गर्न सकिएको छैन ।

## क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

- बन्दीपुर गाउँपालिकाले परिकल्पना गरेका सडक सञ्जाललाई मापदण्ड युक्त र वातावरण मैत्री बनाउने सोच राखिएको छ ।
- सडक सञ्जालको लक्ष्य भनेको हरेक नागरिकलाई कम्तीमा आफ्नो घरबाट २० मिनेटको पैदल यात्रापछि मोटर यात्राको अवसर प्रदान गर्नु रहेको छ । सडक सञ्जालको निर्माणका उद्देश्य निम्न अनुसार रहेका छन् ।
- बन्दीपुर गाउँपालिकामा निर्माण गरिने भौतिक पूर्वाधारलाई मापदण्ड अनुसार बनाउने ।
- बन्दीपुर गाउँपालिकामा निर्माण गरिने सडकलाई चार किसिमका मापदण्डका आधारमा निर्माण गर्ने ।
- योजनाको अवधि सम्ममा सबै सडकलाई पक्की, पैदल मार्ग र वातावरणमैत्री बनाइने

| क्र.स. | रणनीति | कार्यनीति |
|---|---|---|
| ०१ | सङ्घीय तथा प्रदेश सरकारसँग साझेदारी | पृथ्वी राजमार्गको स्तरोन्नति गर्न सहजीकरण गर्ने<br>राष्ट्रिय र प्रदेश राजमार्गमा पैदल मार्गको निर्माण गर्ने<br>अपाङ्ग मैत्री पूर्वाधार निर्माण गर्न सहजीकरण गर्ने |
| २ | बन्दीपुर गाउँपालिकाभित्र निर्माण हुने सडकलाई चार किसिमका मापदण्डमा निर्माण गर्ने (क.३० मिटर, ख.१६ मिटर, ग.१० मिटर, घ. ८ मिटर र ङ. ६ मिटर चौडाईका सडक) | शहीद बुद्धसिं मार्ग र बन्दीपुर -ढाँडखोला - घुमाउने सडकलाई स्तर क सडक निर्माण गर्ने ।<br>सबै वडा केन्द्र जोड्ने सडकलाई स्तर ख मा निर्माण गर्ने ।<br>बस्ती र उत्पादन केन्द्रलाई राष्ट्रिय र प्रदेश राजमार्गसम्म जोड्ने स्तर ग का सडक निर्माण गर्ने<br>बस्ती र वडा केन्द्रलाई जोड्ने घ स्तरका सडक निर्माण गर्ने ।<br>बस्ती र बस्ती जोड्ने ङ. स्तरका सडक निर्माण गर्ने । |

स्रोत : बन्दीपुर गाउँपालिकाको एमटीएमपी २०७४

## प्रस्तावित आयोजना

१) स्तर "क" अन्तर्गत ३० मिटर चौडाई र लेन निर्माण हुने सडक :

१) शहीद बुद्धसिं मार्ग (बन्दीपुर, पार्चे, ढाँडखोला)

२) ढाँडखोला-घुमाउने सडक खण्ड

२) स्तर "ख" अन्तर्गत १६ मिटर चौडाई र लेन निर्माण हुने सडक :

१) बन्दीपुर बाहिरी चक्रपथ - बेलभञ्ज्याङ, सुखौरा, ढाँडखोला, साराङघाट, धरमपानी, बाहुन भञ्ज्याङ र याम्पा

२) वडा नं. ३ वडा नं. १ र ३ जोड्ने : बेलभञ्ज्याङ, तामुङ, रामकोट, शेराटार, सुखौरा

३) स्तर "ग" अन्तर्गत १० मिटर चौडाई र लेन निर्माण हुने सडक : वडा नं. १

१. जनता मोटरमार्ग - नाहाला उपल्लो फाँट हुँदै तामुङ (वडा नं १)

२. गुरूङटार खेलमैदान, उपल्लो फाँट, नाहाला, भुँडाटार, रिमाली

३. रिमाली हुँदै डम्पिङसाइट जाने बाटो

२) (वडा नं. २)

१. धारापानी - सिलटार, कुकुर्दी-सुखौरा मार्ग

२. सिन्दुरेआँप, खहरे वरटार , शेराटार, सुखौरा मार्ग

३. बन्दीपुर मुच्चुक रामकोट मार्ग

४. बाखाफर्म - कौसैनीछाप

(वडा नं ३) :

१. बन्दीपुर, खहरे, बट्टार, शेराटार, सुखौरा,

२. छिर्कने, गहते डाँडा, तामुङ

३. रातमाटे, कोलपाटा, आँप कटहरे, बगुवा, केशवटार

(वडा नं ४) : १. बोकेखोला, लोही, कामीगाउँ, कालीखोला हुँदै वडा नं ५ जोड्ने ।

२. बन्दीपुर - झप्री - जुमडाँडा - चिसापानी

३. विमलनगर, ढाप्रे, फेदीचौतारा, खहरे हुँदै गुरूङटार

४. विमलनगरदेखि उदय आश्रम चुँदी दोभान

५. पिप्ले – जुमडाँडा हुँदै भुमरसे
५) वडा नं. ५
१. शहीद दीपेश मार्ग (याम्पा थुम्का बाहुन भञ्ज्याङ
२. सहकारी मार्ग याम्पा
३. डेलडाँडा, फलाम डाँडा, लेम्टे तमुङखोला
४. गेहोरे चापपानी वाचेगाउँ मार्ग
६) वडा नं. ५
१. छैन ।
४) स्तर "घ" अन्तर्गत ८ मिटर चौडाई र लेन निर्माण हुने सडक :
१) वडा नं १
१. बाख्राफार्म छाप हुँदै ठकुरी डाँडा तामुङ जोड्ने
२. शहीदपार्क चिसापानी हुँदै डुम्रे जोड्ने
३. बेलभञ्ज्याङ तल्लोटार हुँदै उपल्लो फाँट
४. नयाँबस्ती सुर्केटार भैँसी गोठ हुँदै बेलभञ्ज्याङ
५. चेपाङ मार्ग (शिखरडाँडा, भेन्टाबारी, आहाले, बाँझोगरा, बढीसरा हुँदै तिरतिरे)
२) वडा नं. २
१. थारूवास, सिलटार खहरे मार्ग
२. थारूवास, धनबाँसे, झप्री मार्ग
३. पार्चे कामीडाँडा कुवादी मार्ग
४. पार्चे मोहरिया ढड्यान कुकुर्दी सुखौरा मार्ग
५. वरथुम्की, कुमलटारी कुसुमपानी मार्ग
६. थाम्केडाँडा, कुकुर्दी, रामथुम्की, कुसुमपानी, बेलचौतारा
७. पौवा, मन चौतारा धारापानी मार्ग
८. गोलडाँडा, कामीडाँडा, सिद्धथान मार्ग
९. गोलडाँडा, सिमलटार मार्ग
३) वडा नं. ३
१. आरूथुम्का, बेलकुना, फारम, खरडाँडा, छबिसे, कलमुडा
२. अन्य भित्री बाटा
४) वडा नं. ४
१. बन्दीपुर खानेपानी – प्रहरी चौकी
२. टुँडीखेल लुङ्गेली
३. टुँडिखेल, बरालथोक, सुल्थोक, गुम्बा तीनधारा
४. टुँडिखेलदेखि सतनले
५. वडा नं. ५
१. फलाम डाँडा सालथान, भदौरे
२. झारगाउँ , भँगेरी खोला मार्ग
३. झारगाउँ रिपानी मार्ग
४. शहीद मार्ग (गोहोरे, कल्चोक, बाचे गाउँ)
५. रैकरे, फेदीखोला मार्ग
६. बराह फाँट मार्ग
७. कुमलटारी, बगालेडाँडा थुम्का मार्ग
८. सानो आँधी थुम्का, सातदोबाटे
९. खानी गाउँ ढाँडगाउँ, फलामेडाँडा
६. वडा नं ६
१. बाक्से – हटिया – माझथर – हुस्लाङ
५) स्तर "ङ."अन्तर्गत ६ मिटर चौडाई हुने सडक :
१. वडा न.४
१. नयाँपुल पातलेद्वार
२. विमलनगर मरनघाट
३. चुनेडाँडा बिरूवा खहरे हुँदै शिखरडाँडा, पानी ट्याङ्की
६. वडा नं. ६
१. घमलछाप – ज्यामिरे स्वाँरा साम्दी
२. चिसापानी डाँडा – लखनबारी
३. ज्यामिरे – साम्दी
४. डाँडाछाप – आँगटारी
५. काफल स्वाँरा – ओख्ले – कल्लेरी

*विशेष नोट : बन्दीपुर गाउँपालिकाले गत आ.व.मा पालिकाभित्र बनाउने साना ठूला सडकको विस्तृत विवरण सहितको MPMT तयार भइसकेको हुँदा यहाँ दोहारिने हुनाले छुट्टै योजना बनाइएको छैन । त्यसकारण वडा अनुसार आएका प्रस्तावलाई माथि सूचीकृत गरिएको छ । उक्त सडकको MPMT गर्नुपर्ने सुझाव दिइएको छ ।*

## ३.४.२ आर्थिक विकासका लागि भौतिक पूर्वाधार विकास उपक्षेत्र

### कार्यक्रम

- उद्योग, वाणिज्य क्षेत्र सँगको साझेदारी तथा समन्वयमा पर्यटन क्षेत्र निर्माणका लागि बाटो, बिजुली, सुरक्षा संयन्त्र विस्तार

- गण्डकी प्रदेशको क्षेत्रीय यातायात टर्मिलन व्यवस्थापन र नगर बसपार्क विकास
- बृहत् एकीकृत गोदाम क्षेत्र निर्माण
- पालिका स्तरको स्टेडियम निर्माण
- बन्दीपुरको मौलिकता झल्काउने घर निर्माण
- साहसिक खेलका लागि खुला स्थान, पैदल मार्ग र पूर्वाधार विकास
- हिमाल तथा प्राकृतिक सुन्दरता अवलोकन स्थल, सिटीहल र टावरको निर्माण

***नोट :** सङ्घ र प्रदेश सरकार सँगको समन्वयमा डीपीआर तयार गर्नुपर्ने ।*

### ३.४.३ सूचना तथा सञ्चार उपक्षेत्र

#### हालको अवस्था

नेपालको संविधानले प्रत्याभूत गरेको वाक तथा प्रकाशन स्वतन्त्रताको प्रत्याभूत गर्न, प्रेस स्वतन्त्रताको उपभोग गर्न र सूचना तथा सञ्चारको हक उपभोग गरी शासन पद्दतिलाई जवाफदेही र जिम्मेवार बनाउन सूचना तथा सञ्चारको क्षेत्र विकास गर्न यस उपक्षेत्रमा स्थानीय सरकारले लगानी गर्नेछ । विश्वव्यापी रूपमा तीव्र विकास भइराखेको सूचना र सञ्चार प्रविधिलाई सबै नागरिकको पहुँचमा पुऱ्याउन विशेष गरी डिजिटल सेवा बिस्तार गरिनेछ । हाल गाउँपालिकामा टेलिफोन र मोबाइल सेवा लिने सङ्ख्यालाई इन्टरनेट सेवामा आबद्ध गरी प्रेस, फिल्म, शिक्षण सामग्री र सञ्चार जगत्को नवीनतम सूचना र शिक्षालाई हातहातमा पुऱ्याउन सहजीकरण गरिनेछ ।

#### प्रमुख समस्या

हाल नागरिकले सीमित रूपमा प्रयोग गर्दै आएको मोबाइल सेवालाई जीवन उपयोगी र सशक्तीकरणको माध्यमका रूपमा प्रयोग गर्नुको अलावा विभिन्न विकृतिजन्य क्षेत्रमा युवा तथा बालबालिकाले प्रयोग गर्दा विभिन्न प्रकारका अपराध बढेका छन् ।

#### चुनौती तथा अवसर

हाल नेपालको ७२ प्रतिशत जनसङ्ख्याको पहुँचमा टेलिभिजन, ८३ प्रतिशतमा रेडियो र ५५ प्रतिशतको पहुँचमा ब्रोड ब्यान्डको सेवा पुगेको अवस्था छ । कुल जनसङ्ख्याको ३१ प्रतिशतमा डिजिटल साक्षरताको अवस्था रहेको छ । बन्दीपुर पालिकाको अवस्था राष्ट्रिय आँकडाभन्दा खासै फरक देखिँदैन । करिब ५७ प्रतिशत नागरिकका हातमा मोबाइल र रेडियोको पहुँच रहेको पालिकाको विवरणले देखाउँछ । नेपाल सरकारले लिएको डिजिटल नेपालको अवधारणा अनुसार डिजिटल साक्षरता दर वढाउनु चुनौतीका रूपमा रहेको छ । नागरिकमा डिजिटल एवम् भर्चुयल प्रणालीमा आकर्षण देखिनुलाई अवसरका रूपमा लिन सकिन्छ । साथै, कृषि, व्यापार र पर्यटन क्षेत्रको विकास र बजार प्रवर्द्धनका लागि इन्टरनेट र सामाजिक सञ्जालको प्रयोगलाई गाउँपालिकाले उपयोग गरेर समृद्धि हासिल गर्न सक्नेछ ।

#### उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

बन्दीपुरका सबै बस्तीमा डिजिटल प्रणालीमा आधारित सूचना, शिक्षा र सञ्चार सेवा उपलब्ध हुनेछ । पालिकाका सबै अभिलेख डिजिटल प्रणाली मार्फत आम नागरिकको पहुँचमा रहने लक्ष्य राखिएको छ । पालिकाले सञ्चार क्षेत्रको विकासका लागि निम्न उद्देश्य लिएको छ ।

- सबै बस्तीमा इन्टरनेट सेवाको विस्तार गर्ने ।
- पालिकाका सबै अभिलेखलाई डिजिटल प्रणालीमा राख्ने ।
- पालिकाभित्र सञ्चालन हुने एफएम, टेलिभिजन, लगायत प्रिन्ट तथा अनलाइन सञ्चारका माध्यमको क्षमता अभिवृद्धि गर्ने
- पर्यटन, कृषि तथा पशुपालन, लघु उद्यम र अन्य व्यवसायीका लागि आवश्यक प्रविधि र सूचना ई-प्रणाली मार्फत सबै नागरिकको पहुँचमा पुऱ्याउने ।

- कार्यान्वयन विधि
- निजी साझेदारीको प्रवर्द्धन गर्ने ।
- सञ्चार परिचालन नीति तथा ऐनको व्यवस्थापन गर्ने ।
- ई-लर्निङ केन्द्रको स्थापना गर्ने ।
- वैदेशिक रोजगारीमा जान चाहनेका लागि सूचना केन्द्रको स्थापना गर्ने ।

### प्रस्तावित कार्यक्रम/ आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (नतिजा तहको) | अनुमानित बजेट सुरू आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| १.१ | सबै वडा कार्यालय तथा सेवा केन्द्रमा उच्च गतिका इन्टरनेट सेवा | वडा कार्यालयलाई पालिका सँगको नेटवर्क कनेक्ट गर्ने | ५०० | प्रशासकीय प्रमुख | चालू आ.व. | निरन्तर |
| १.२ | | कार्यालय, सेवा केन्द्र र अस्पतालमा सीसी क्यामरा/मोनिटरको व्यवस्था गर्ने | ५०० | प्रशासकीय प्रमुख | चालू आ.व. | निरन्तर |
| १.३ | | सबै सेवा केन्द्रमा सूचना, शिक्षा र सञ्चारको व्यवस्था गर्न इन्टरनेटको व्यवस्था गर्ने | ५०० | प्रशासकीय प्रमुख | चालू आ.व. | निरन्तर |
| २.१ | पालिकाका सबै अभिलेख तथा डाटालाई डिजिटल रूपमा व्यवस्थापन गर्ने | पालिकामा सूचना र प्रविधि शाखाको व्यवस्थापन गर्ने | ५०० | प्रशासकीय प्रमुख | चालू आ.व. | ह्ण्ठड |
| २.२ | | पुराना अभिलेखलाई फोटो फिल्म मार्फत डिजिटल रूपमा अभिलेखन गर्ने | १०० | प्रशासकीय प्रमुख | चालू आ.व. | ह्ण्डछ |
| २.३ | | बन्दीपुरको इतिहास, सम्पदाको वर्णन, जैविक विविधताको चर्चा र फोटोलाई फोटो फिल्म तयार गरी डिजिटल अभिलेख राख्ने | १०० | प्रशाशकिय प्रमुख | चालू आ.व. | निरन्तर |
| ३.१ | पत्रकार, अनलाइन खबर र एफएमको क्षमता अभिवृद्धि गर्ने | पत्रकारका लागि व्यावसायिक क्षमता अभिवृद्धिमा सहयोग | २०० | प्रशासकीय प्रमुख | चालू आ.व. | नियमित |
| ३.२ | | बन्दीपुरका सम्पदा, पर्यटन, विकास र असल अभ्यासको प्रचार प्रसार | ६०० | पालिका प्रमुख | चालू आ.व. | नियमित |
| ३.३ | | एफएम रेडियो, पत्रिका, अनलाइन पत्रिका प्रकाशन तथा प्रसारण सहयोग | ३०० | पालिका प्रमुख | चालू आ.व. | नियमित |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

*नोट : यस शीर्षक अन्तर्गतका क्रियाकलाप हालको निरन्तरता मात्र भएको हुनाले नयाँ नतिजा खाका बनाउन नपर्ने ।*

- सबै बस्तीमा इन्टरनेट सेवा पुगेको हुनेछ ।
- सेवाको विस्तार गर्ने ।
- पालिकाका सबै अभिलेखलाई डिजिटल प्रणालीमा राख्ने ।
- अभिलेखलाई डिजिटल प्रणालीमा प्रविष्टीकरण हुनेछ ।
- पालिकाभित्र सञ्चालन हुने एफएम, टेलिभिजन, लगायत प्रिन्ट तथा अनलाइन सञ्चार माध्यमको क्षमता अभिवृद्धि गर्ने

## खर्च संरचनाको प्रतिएकाइ लागत अनुमान

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | मात्रा/संख्या | प्रारम्भिक वर्ष लागत रू लखमा | लागत ३ वर्षको रू. लाखमा | लागत ५ वर्षको रू. लाखमा |
|---|---|---|---|---|---|---|
| १.१ | सबै वडा कार्यालय तथा सेवा केन्द्रमा उच्च गतिका ईन्टरनेट सेवा | वडा कार्यालयलाई पालिका सँगको नेटवर्क कनेक्ट गर्ने | प्रतिवेदन | ५ | १५.० | २५ |
| १.२ | | कार्यालय, सेवा केन्द्र र अस्पतालमा सीसी क्यामरा /मोनिटरको व्यवस्था गर्ने | सीसी क्यामरा सङ्ख्या | ५ | १५.० | २५ |
| १.३ | | सबै सेवा केन्द्रमा सूचना, शिक्षा र सञ्चारको व्यवस्था गर्न इन्टर नेटको व्यवस्था गर्ने | इन्टरनेको क्षमता | ५ | १५.० | २५ |
| २.१ | पालिकाका सबै अभिलेख तथा डाटालाई डिजिटल रूपमा व्यवस्थ पन गर्ने | पालिकामा सूचना र प्रविधि शाखाको व्यवस्थापन गर्ने | प्रतिवेदन | ५ | १५.० | २५ |
| २.२ | | पुराना अभिलेखलाई फोटो फिल्म मार्फत डिजिटल रूपमा अभिलेखन गर्ने | अभिलेख सङ्ख्या | १ | ३.० | ५ |
| २.३ | | बन्दीपुरको इतिहास, सम्पदाको वर्णन, जैविक विविधताको चर्चा र फोटालाई फोटो फिल्म तयार गरी डिजिटल अभिलेख राख्ने | डिजिटल फोटो फिल्म | १ | ३.० | ५ |
| ३.१ | पत्रकार, अनलाइन खबर र एफ.एम.को क्षमता अभिवृद्धि गर्ने | पत्रकारका लागि व्यावसायिक क्षमता अभिवृद्धिमा सहयोग | सहभागी | २ | ६.० | १० |
| ३.२ | | बन्दीपुरका सम्पदा, पर्यटन, विकास र असल अभ्यासको प्रचार प्रसार | सूचना सामग्री | ६ | १८.० | ३० |
| ३.३ | | एफएम रेडियो,पत्रिका, अनलाइन पत्रिका प्रकाशन तथा प्रसारण सहयोग | प्रतिवेदन | ३ | ९.० | १५ |

## जोखिम अनुमान विश्लेषण

१. प्रविधिमा आउने परिवर्तन

२. लागत र निजी क्षेत्रको आकर्षण

३. सूचना प्रविधिको दुरूपयोग

४. सूचनामा आउने परिवर्तन अद्यावधिक गर्ने

### वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि :

| वडा नं. | प्रस्तावित मुख्य गतिविधि |
|---|---|
| १ | वडा कार्यालयमा तीव्र गतिको वाइफाई सहितको इन्टरनेट सेवा उपलब्ध गर्ने ।<br>हरेक माविमा इन्टरनेट सेवा प्रदान ।<br>वैदेशिक रोजगार जानु पूर्वको सूचना केन्द्र स्थापना ।<br>युवा तथा रोजगार सूचना केन्द्र स्थापना । |
| २ | वडा कार्यालयमा तीव्र गतिको वाइफाई सहितको इन्टरनेट सेवा उपलब्ध गर्ने ।<br>हरेक माविमा इन्टरनेट सेवा प्रदान ।<br>वैदेशिक रोजगार जानु पूर्वको सूचना केन्द्र स्थापना ।<br>युवा तथा रोजगार सूचना केन्द्र स्थापना । |
| ३ | वडा कार्यालयमा तीव्र गतिको वाइफाई सहितको इन्टरनेट सेवा उपलब्ध गर्ने ।<br>हरेक माविमा इन्टरनेट सेवा प्रदान ।<br>वैदेशिक रोजगार जानु पूर्वको सूचना केन्द्र स्थापना ।<br>युवा तथा रोजगार सूचना केन्द्र स्थापना । |
| ४ | वडा कार्यालयमा तीव्र गतिको वाइफाई सहितको इन्टरनेट सेवा उपलब्ध गर्ने ।<br>हरेक माविमा इन्टरनेट सेवा प्रदान ।<br>वैदेशिक रोजगार जानु पूर्वको सूचना केन्द्र स्थापना ।<br>युवा तथा रोजगार सूचना केन्द्र स्थापना । |
| ५ | वडा कार्यालयमा तीव्र गतिको वाइफाई सहितको इन्टरनेट सेवा उपलब्ध गर्ने ।<br>हरेक माविमा इन्टरनेट सेवा प्रदान ।<br>वैदेशिक रोजगार जानु पूर्वको सूचना केन्द्र स्थापना ।<br>युवा तथा रोजगार सूचना केन्द्र स्थापना । |
| ६ | वडा कार्यालयमा तीव्र गतिको वाइफाई सहितको इन्टरनेट सेवा उपलब्ध गर्ने ।<br>हरेक माविमा इन्टरनेट सेवा प्रदान ।<br>वैदेशिक रोजगार जानु पूर्वको सूचना केन्द्र स्थापना ।<br>युवा तथा रोजगार सूचना केन्द्र स्थापना । |

## ३.४.४ बस्ती विकास तथा आवास व्यवस्थापन

### औचित्य

सुरक्षित आवासको हकलाई नेपालको संविधान २०७२ ले मौलिक हकका रूपमा स्थापित गरेको छ । सुरक्षित आवास र सहरको योजना कार्यान्वयन गर्न नेपाल सरकारले एकीकृत सहरी विकास आयोजना सञ्चालन गरी २० स्थानमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । जसमध्ये एक बन्दीपुर र भानु नगरपालिकाका केही क्षेत्रलाई एकीकरण गरी सञ्चालन गरिएको डुम्रे एकीकृत सहरी विकास आयोजना हो । हाल बन्दीपुर गाउँपालिका अन्तर्गत वडा नं १, ४ र ५ का बस्ती उक्त एकीकृत सहरी विकास आयोजनाले समेटेको छ । विद्यमान बजारक्षेत्र तथा बस्तीको भौतिक पूर्वाधार, वातावरणीय सुधार र सामाजिक तथा आर्थिक आधार

तयार गर्न अन्तर स्थानीय तह, प्रदेश र स्थानीय तह, सङ्घीय सरकार र स्थानीय तह एवम् प्रदेश र सङ्घीय सरकार बीचमा समन्वय, सहकार्य र सबैको सहमतिमा कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । नेपाल सरकारको बस्ती विकास नीति, सहरी विकास ऐन, भूमि अधिग्रहण ऐन (जमिनको एकीकरण), भवन निर्माण मापदण्ड ऐन तथा निर्देशिकाले आवास तथा सहरी विकासलाई व्यवस्थित गर्ने काम गरेको छ ।

## हालको अवस्था

बन्दीपुर गाउँपालिका आफैँमा नेपाली ग्रामीण मौलिक प्रविधियुक्त पुरातात्विक बस्ती हो । यहाँ प्रयोग गरिएका स्लेटका छाना, काठका कौसी तथा कलात्मक झ्याल ढोका, ढुङ्गा र माटाको गाह्रोमा प्रयोग गरिने छपनी, पुरानो इँटा र माटो एवम् नालको प्रयोग मौलिक प्रविधिका रूपमा रहेका छन् । पालिकाले बन्दीपुरको पुरानो बजार क्षेत्रलाई मौलिक रूपमा संरक्षण गरिरहेको छ ।

हाल विस्तार भएका नयाँबस्ती तथा बजार क्षेत्रमा आरसीसी र जस्ताका छाना र ढुङ्गा एवम् इँटामा सिमेन्टको प्रयोग भएको पाइन्छ । बस्ती भित्रका बाटो तथा सडकलाई मापदण्डका आधारमा निर्माण गर्ने, ढल निकास, खानेपानी, हरियाली पार्कको व्यवस्था गर्ने, फोहोरमैलाको उचित विसर्जन गर्ने र एकीकृत विकासका लागि जग्गाको एकीकरण वा विकास गर्ने कार्य गरिरहेको छ । विशेष गरी बस्तीका लागि जग्गाको विकास गर्ने कार्यमा निजी क्षेत्रको आकर्षण देखिन्छ ।

बन्दीपुरमा हाल विद्युतीकरण नभएका घरधुरी धेरै सङ्ख्यामा छैनन् । ग्रामीण विद्युतीकरण कार्य राष्ट्रिय प्रसारण लाइन तथा मर्स्याङ्दी आयोजनाको प्रसारण लाइनबाट सम्पन्न गरिएको हो ।

## प्रमुख समस्या

बसाइँ सराइ गरी आउनेको चाप वडा नं. १, २, ४ र ५ का केही बस्तीमा छ भने बसाइँ सराई गरी जानेको कारण वडा नं. ३, ५ र ६ का केही बस्तीमा जग्गा बाँझो र खाली देखिन्छ । वडा नं. १ र ४ मा खानेपानी तथा बाटो तथा सडकको विस्तार गर्न आवश्यक छ भने ढल तथा फोहोरमैला व्यवस्थापनको तत्कालीन आवश्यकता छ । बस्ती विस्तार तथा सहरी विकासका लागि जमिनको विकास वा एकीकरण अर्को समस्याका रूपमा रहेको छ । पालिकाको माथि उल्लेखित चार वडाका अतिरिक्त अन्य दुईवटा वडामा कम्तीमा एक/एक स्थानमा बस्ती विकासका लागि जमिन विकास तथा एकीकरणको कार्य गर्नुपर्दछ ।

## चुनौती तथा अवसर

दिगो विकास लक्ष्य नं. ११ ले बस्ती वा सहर र मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने कुरामा जोड दिइएको छ । सबैलाई धान्न सक्ने, सुरक्षित र पर्याप्त मात्रामा आवास तथा आधारभूत सेवामा पहुँच सुनिश्चित गर्ने तथा अव्यवस्थित बस्तीको स्तरोन्नति गर्ने, सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र सुरक्षणका प्रयास सुदृढ गर्ने र सहरी, अर्धसहरी र ग्रामीण क्षेत्रमा सकारात्मक आर्थिक, सामाजिक र पर्यावरणीय सम्बन्धलाई सहयोग गर्ने विकास योजनालाई सुदृढ गर्ने उद्देश्यका साथ दिगो विकास लक्ष्य तयार गरिएका हुन् । बन्दीपुर गाउँपालिकाको भौगोलिक अवस्थिति र बसाइँ सराईको अवस्थालाई ध्यानमा राखी बस्ती विकासका योजनाको आवश्यकता र महत्वलाई अवसरका रूपमा लिइएको छ ।

## क्षेत्रगत सोच, लक्ष्य, रणनीति र कार्यनीति र उद्देश्य

भूगोलको हिसाबबाट बन्दीपुर गाउँपालिका गण्डकी प्रदेशको रणनीतिक अवस्थामा रहेको छ । यो पोखरापछि बसाइँ सराईको आधारमा केन्द्रीय भागमा रहेको छ । प्रदेशको केन्द्रीय भू–भागमा रहेको सहरका

रूपमा सर्वसुलभ, समृद्ध, दिगो र सुन्दर बन्दीपुरको विकास गर्ने सोचका साथ वातावरण मैत्री सहरका लागि सामाजिक, भौतिक र आर्थिक पूर्वाधारको व्यवस्था गर्ने लक्ष्य राखिएको छ । वातावरणमैत्री सहर विकासका लागि निम्न अनुसार उद्देश्य राखिएका छन् । वातावरणमैत्री सहर विकासका लागि बन्दीपुर गाउँपालिकाका वडामा स्थानीय समुदायको सहकार्यमा जमिनको विकास वा एकीकरण गर्ने । वडामा जमिनको वर्गीकरण अनुसार जग्गाको चक्लाबन्दी गर्ने, खानेपानी, सडक, ढल, विद्युत्, सार्वजनिक पार्क, सामुदायिक भवन, बसपार्क, सार्वजनिक शौचालय सहितको पूर्वाधार विकासको व्यवस्था गर्ने ।

वडा नं. १ लाई नयाँ सहर विकासमा केन्द्रित गर्ने र वडा नं. २, ३, ४, ५ र ६ का केही बस्ती समेटेर व्यवस्थित बस्ती विकासका योजना सञ्चालन गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| सङ्घीय, प्रदेश र सहरी विकास आयोजना सँगको समन्वय, सहकार्य र साझेदारी | हाल सञ्चालन मा रहेको नयाँ सहर विकास आयोजना सँगको समन्वय र सहकार्य<br>केन्द्रीय आयोजनाका स्रोत, सीप, विज्ञता र कार्यविधिलाई पालिकाभरि निर्माण गर्न लागिएको बस्ती विकास योजनामा परिचालन |
| निजी, सहकारी, सार्वजनिक साझेदारी | जमिनको विकास तथा एकीकरणको लागि निजी क्षेत्र, लगानीकर्ता तथा जग्गाधनीको सहकारीसँग साझेदारी कार्यक्रम सञ्चालन<br>जमिन एकीकरणको सम्भाव्यता, वातावरणीय प्रभाव र स्रोत साधनको लेखाजोखा<br>सहरी विकासका योजनामा स्थानीयवासीको जनसहभागिताको प्रतिशतका आधारमा योजना कार्यान्वयनको प्राथमिकता निर्धारण<br>सबै बस्तीमा विद्युतीकरण |

*नोट : नेपाल सरकारबाट २० वटा सम्भावित सहर विकास परियोजना अन्तर्गत कार्य भइरहेकाले सो सम्बन्धी कार्य योजना निर्माण गर्न परेन र गरिएको छैन ।*

## ३.५ वातावरण संरक्षण र विपद् व्यवस्थापन क्षेत्र

### औचित्य

जैविक विविधताका दृष्टिकोणबाट नेपाल एक सम्पन्न मुलुक हो । नेपालभित्र ११८ किसिमका इकोसिस्टम अस्तित्वमा रहेका छन् । २२,६०० भन्दा बढी सामुदायिक वन र ३५ प्रकारका वन सम्पदा विद्यमान रहेको पाइन्छ । ११,९७१ प्रजातिका वनस्पति र ११,८६१ प्रजातिका प्राणीले नेपालको जैविक विविधतालाई समृद्ध बनाएको छ । विश्वमा पाइने प्रजातिमध्ये वनस्पति र प्राणी गरी ३ प्रतिशत प्रजाति नेपालमा पाइन्छन् । नेपाल सरकारले सन् २०१५ मा सम्झौता गरेको जनवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता र क्योटो प्रोटोकलका आधारमा आफ्नो कार्यक्रम कार्यान्वयन र स्थानीयकरण गर्ने बाध्यता छ । स्थानीय तहको सरकारले वन नीति २०७१, जैविक विविधता रणनीति २०१४–२० लाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । दिगो विकास लक्ष्य नं. १३ ले जलवायु परिवर्तनको प्रभावलाई सम्बोधन गर्न स्थानीय सरकारले गर्ने काम, कर्तव्यका बारेमा निर्देश गर्दछ । लक्ष्य नं. १५ ले वनको दिगो व्यवस्थापन, जैविक विविधताको संरक्षण र भूक्षयको नियन्त्रणका लागि स्थानीय तहले निर्माण गर्नुपर्ने योजना र कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख छ ।

### हालको अवस्था

बन्दीपुर गाउँपालिकाको कुल भू-भागमध्ये ४८.१५ प्रतिशत हिस्सा कृषि भूमिमा प्रयोग भएको छ भने ४२.२६ प्रतिशत भू-भाग वन जङ्गलले ढाकेको छ । झाडी, बुट्यान, खरबारी चरन क्षेत्रले ४.३३ प्रतिशत हिस्सा ओगटेको छ भने खोलानाला, खोल्सा लगायत सिमसार क्षेत्रका रूपमा ३.९ प्रतिशत क्षेत्रफल जमिन रहेको छ । आवास क्षेत्रका रूपमा १.३६ प्रतिशत भू-भाग प्रयोग भइराखेको देखिन्छ । जैविक विविधताका आधारमा बन्दीपुरमा ६२ प्रजातिका चरा, २० थरिका

पुतली, ४ थरिका गुराँस, १४ जातका सुनाखरी, ९ प्रजातिका माछा र ४ प्रजातिका बाँदर पाइन्छन् । पहरे प्रजातिको बाँदर लोपोन्मुख प्रजाति हो ।

यो प्रजाति सीमित सङ्ख्यामा नेपालको अरूण उपत्यका र बन्दीपुरमा मात्र पाइन्छ । वि.सं. २०७४ मा बन्दीपुर गाउँपालिकाद्वारा तयार पारिएको पार्श्वचित्रमा उल्लेख गरिए अनुसार कुल ३,५५१ हेक्टर वन क्षेत्रलाई ३८ वटा सामुदायिक वन उपभोक्ता समितिलाई ३,३९८ हेक्टर हस्तान्तरण गरिएको छ । २८८ घरधुरीलाई १५१ हेक्टर क्षेत्रफल वन जमिनलाई ४३ वटा कबुलियत वन उपभोक्ता समिति मार्फत हस्तान्तरण गरिएको छ । हालको वडाका हिसाबले हेर्ने हो भने निम्न अनुसार सामुदायिक वनको उपभोक्ता रहेको पाइन्छ ।

| वडा नं. | सा.वन उ.स. सङ्ख्या | वडा नं. | सा.वन उ.स. सङ्ख्या | वडा नं. | सा.वन उ.स. सख्या |
|---|---|---|---|---|---|
| १ | ७ | २ | ५ | ३ | ५ |
| ४ | ६ | ५ | ३ | ६ | १३ |

स्रोत : बन्दीपुर गाउँपालिका सर्वेक्षण २०७६

सबैभन्दा बढी सामुदायिक वन उपभोक्ता समिति रहेको वडा नं. ६ मा मात्र १३ वटा समिति रहेका छन् भने कम रहेको वडा नं. ५ मा ३ वटा समिति रहेका छन् । नाल डाँडा सामुदायिक वनलाई वडा नं. १ र ३ का बासिन्दाले संयुक्त रूपमा प्रयोग गरिरहेका छन् । वडा नं. १ को छपेली (२४३ हे.), वडा नं. ३ को वासेगरा ठकुरी डाँडा (२३३ हे.), वडा नं. ६ को सिमल डाँडा (२४६ हे.) र वडा नं. ६ कै सिद्धथानी (१९६ हे.) धेरै क्षेत्रफल ओगटेका ठूला सामुदायिक वन हुन् । मझौला सामुदायिक वनका रूपमा ११२ हेक्टरदेखि १५४ हेक्टर क्षेत्रफल ओगट्ने सामुदायिक वन रहेका छन् । वडा नं. ६ मा चारवटा सामुदायिक वन ११२ हे. देखि १५० हे. सम्म क्षेत्रफलमा फैलिएका छन् । वडा नं. ४ मा रहेका दुईवटा सामुदायिक वनले ११३ र १५४ हे. क्षेत्रफल ओगटेका छन् । वडा नं. ३ को देवी थुम्का र वडा नं. २ को मुच्चुक सामुदायिक वन क्रमशः १४३ र १५० हे. क्षेत्रफलमा फैलिएका छन् ।

विपद् व्यवस्थापनका दृष्टिकोणबाट बर्खे पानीको सङ्कलन पोखरी, सिमसार क्षेत्रको जमिनको संरक्षण जस्ता अभ्यास भइराखेको अवस्था छ । हाल गाउँपालिकाभित्र स-साना कृत्रिम तालको निर्माण गरी, सिमसार क्षेत्रको विस्तार गर्ने, सूक्ष्म जलाधार क्षेत्रको संरक्षण गर्ने, गरा सुधार कार्यक्रम सञ्चालन गर्ने कार्य भइराखेको अवस्था छ । यस्ता कार्यक्रमले विपद्को जोखिमबाट समुदायलाई सुरक्षा प्रदान गर्न सक्दछ । परम्परागत रूपमा बर्खे पानी सङ्कलन गर्ने पोखरीको पुनर्स्थापना गरी वातावरणीय शुष्कता घटाउने काम भएको देखिन्छ ।

## प्रमुख समस्या

यस गाउँपालिकामा ठूलो सङ्ख्यामा धेरै क्षेत्रफल ओगट्ने सामुदायिक वन छन् । यो पालिका जैविक विविधताका हिसाबबाट सम्पन्न छ । आर्थिक रूपमा सामुदायिक वन, वनबाट उत्पादन हुने काष्ठजन्य र गैरकाष्ठजन्य पैदावारबाट आम नागरिकले रोजगारी सिर्जना हुने वा गरिबी हटाउने क्रियाकलाप गर्न सकेको पाइँदैन । जनसङ्ख्याको बसाइँ सराइ र कृषि व्यवसाय प्रतिको रूचि नहुँदा विशेष गरी पाखो जमिन बाँझो रहने र झाडीका रूपमा विकास हुँदै गएको छ । समग्रमा वन क्षेत्रको आयतन बढ्दै गएको छ तर वन पैदावारलाई आयआर्जनसँग जोड्न सकिएको अवस्था छैन ।

विपद् जोखिमका हिसाबबाट हेर्दा वडा नं. ६ मा पहिरो र अन्य क्षेत्रमा आगलागी, असिना, हावाहुरी, चट्याङ, भुईंचालो र जङ्गली जनावरबाट आतङ्कित हुनुपरेको अवस्था छ । पछिल्लो समयमा जङ्गली जनावरमध्ये बाँदरको सङ्ख्या वृद्धि भई कृषि फसलमा नोक्सानी गरेको पाइन्छ । चितुवाको आतङ्क र दुम्सीले खेतबारीमा पुऱ्याउने नोक्सानीको परिमाण पनि ठूलै रहेको छ ।

## चुनौती तथा अवसर

वातावरण संरक्षण र विपद् व्यवस्थापन क्षेत्रका चुनौती

र अवसरका रूपमा सरकार पक्ष भई हस्ताक्षर गरेको दिगो विकास लक्ष्य र जलवायु अनुकूलन सम्बन्धी दस्तावेजलाई स्थानीयकरण गर्ने कार्यक्रमको जनसहभागितामूलक कार्यान्वयन हो । सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्यको वातावरण निर्माण गरी वन, वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र व्यवस्थापन कार्य गर्दै आर्थिक विकास तथा उत्पादनको बाँडफाँडलाई सामाजिक न्यायका आधारमा बाँडफाँड गर्नु नै मुख्य चुनौती रहेको छ । नेपालको विशिष्ट हावापानी र यहाँ पाइने विविधतापूर्ण वनस्पति र जीव नै यहाँको विकास र समृद्धिका लागि अवसरको रूपमा लिन सकिन्छ ।

### क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति

वातावरणीय न्यायका हिसाबले मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायु अनुकूलन गराउँदै समुदायमा जोखिम, सङ्कट आइपरेमा त्यससँग लड्न सक्ने क्षमता अभिवृद्धि गर्ने सोचका साथ वन, वातावरण, जलाधार क्षेत्र संरक्षण गर्दै विपद् व्यवस्थापन गर्ने लक्ष्य राखिएको छ । समग्र क्षेत्रगत रूपमा वन, जलाधार संरक्षण र विपद् व्यवस्थापन क्षेत्रलाई निम्न अनुसार उद्देश्य राखी विकास गर्न खोजिएको छ ।

- सामुदायिक वनको संरक्षण गर्दै सामुदायिक आय आर्जन वृद्धि गर्ने
- बन्दीपुर गाउँपालिका क्षेत्रभित्र रहेका सूक्ष्म तथा लघु जलाधार क्षेत्रको संरक्षण गर्दै जल उत्पन्न समस्याको न्यूनीकरण गर्ने ।
- कृत्रिम सिमसार क्षेत्रको विस्तार गर्दै जैविक विविधताको संरक्षण गर्ने ।
- जलवायु अनुकूलन विधिद्वारा विपद् व्यवस्थापन गर्दै समुदायको जोखिम एवम् सङ्कट सहने क्षमता अभिवृद्धि गर्ने ।

| रणनीति | कार्यनीति |
|---|---|
| सामुदायिक वन उपभोक्ता समिति सँगको साझेदारिता | गैह्र काष्ठजन्य पदार्थको व्यावसायिक उत्पादनमा जोड दिने<br>जैविक विविधताको संरक्षण गर्ने<br>पर्यटन व्यवसायसँग समन्वय विस्तार गर्ने<br>लघु तथा सूक्ष्म जलाधार क्षेत्रको संरक्षण गर्ने |
| कृत्रिम सिमसार क्षेत्रको विस्तार गर्ने | परम्परागत रूपमा अभ्यास गर्दै आएका बर्खे पानी सङ्कलन पोखरीको सुधार र संरक्षण<br>कृत्रिम बाँधको निर्माण गरी पोखरी निर्माण<br>पर्यटन व्यवसायसँग समन्वय विस्तार गर्ने<br>पुराना धारा तथा सिमसार क्षेत्रको संरक्षण |
| जलवायु अनुकूलन विधिद्वारा विपद् व्यवस्थापन | जैविक विधिद्वारा पहिरो तथा जमिन कटान नियन्त्रण<br>गरा सुधार र जमिनको चक्लाबन्दी<br>विपद् पूर्व तयारी योजना निर्माण<br>विपद् व्यवस्थापनमैत्री पूर्वाधार निर्माण अनुशिक्षण अभियान |

### ३.५.१ वन तथा वातावरण संरक्षण र संवर्द्धन उपक्षेत्र

#### हालको अवस्था

बन्दीपुर गाउँपालिकाको ७३ प्रतिशत जनसङ्ख्याको प्रमुख पेसाका रूपमा कृषि तथा पशुपालन रहेको छ । पालिकाको कृषि उत्पादकत्वको औसत २.०४ मेट्रिकटन प्रतिहेक्टर रहेको छ । पालिकाभित्र अधिकांश कृषकले कृषि तथा पशुपालनलाई निर्वाहमुखी व्यवसायका रूपमा प्रयोग गर्दै आएका छन् । कृषि वनको आधारमा नै विकासको सम्भावना रहेको यस बन्दीपुर पालिकामा हाल उपलब्ध स्रोतको अवस्थालाई राष्ट्रिय तथ्याङ्कसँग तुलना गर्दा निम्न अनुसारको अवस्था विद्यमान रहेको देखिन्छ ।

| क्र.स. | शीर्षक | राष्ट्रिय | बन्दीपुर |
|---|---|---|---|
| १ | वन क्षेत्रले ओगटेको कुल क्षेत्रफल प्र. | ४४.७४ | ४८.१५ |
| २ | कृषि तथा पशुपालन भूमि | २१% | ४२.२६ |
| ३ | वन क्षेत्र संरक्षण प्रतिशत | २९% | ४२.२६ |
| ४ | सिमसार र जल क्षेत्र प्रतिशत | २.६% | ३.९ |
| ५ | बाँझो जमिन प्रतिशत | ७% | ४.३ |
| ४ | कबुलियत वनको क्षेत्रफल (हेक्टर) | | १५१.५ |
| ५ | वनस्पति प्रजाति सङ्ख्या | ११,८६१ | १९६ |
| ६ | फूल प्रजाति सङ्ख्या | ६,५०० | ९४ |
| ७ | सुनाखरी प्रजाति सङ्ख्या | १५०० | १४ |
| ८ | गुराँस प्रजाति सङ्ख्या | ३२ | ४ |
| ९ | चरा प्रजाति सङ्ख्या | ८६२ | ६२ |
| १० | पुतली प्रजाति सङ्ख्या | ९४५ | २१ |

*स्रोत : १५औं पञ्चवर्षीय योजना आधारपत्र, राष्ट्रिय योजना आयोग र बन्दीपुर गाउँपालिका घरधुरी सर्वेक्षण २०७६ वनस्पति विभाग, वन तथा वातावरण मन्त्रालय र बन्दीपुरका स्थानीय अगुवा सँगको छलफल*

कतिपय जडीबुटी प्रशोधन र व्यवस्थापनको अभावमा त्यसै खेर गइराखेको अवस्था छ भने उचित संरक्षणको अभावमा लोप हुँदै गइराखेको अवस्था छ । साना सरिसृप जातका प्राणी लेपोन्मुख अवस्थामा रहेका छन् भने केही चरा अब देखिन छाडेका छन् । जङ्गलमा खानेपानीको अभाव र वातावरणीय प्रदूषणका कारण चराको प्रजनन क्षमताको अभाव मात्र होइन आगन्तुक चरा आउन छाडेको अवस्था छ ।

#### प्रमुख समस्या

वन तथा वातावरणका हिसाबबाट देखिएको प्रमुख समस्या भनेको वन पैदावारलाई गरिबी निवारणको साधनका रूपमा प्रयोग गर्दै स्थानीय समुदायलाई उद्यमशील बनाउन नसक्नु रहेको छ । कार्बन उत्सर्जनको क्षमता अभिवृद्धि गरे बापत प्राप्त हुने (रेड परीक्षण) रकममा स्थानीय समुदायको पहुँच स्थापना गर्नु र गैह्रकाष्ठ पैदावार पकेट क्षेत्रका रूपमा विकास गर्न नसक्नु हाल स्थानीय तहमा देखिएका समस्या हुन् । वन क्षेत्रभित्र रहेका पानीका मुहान, पोखरी र सिमसार क्षेत्रको संरक्षण गर्न नसक्नु अन्य कोटिका समस्याका रूपमा लिन सकिन्छ ।

## चुनौती तथा अवसर

वन, जैविक विविधता तथा जलाधारको दिगो र सहभागीमूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन ल्याउन सकिन्छ । दिगो विकास गर्न वनजन्य उद्यम खोल्नुपर्छ । पर्यटनको विकास, वनजन्य वस्तु तथा सेवा उत्पादन गर्ने राष्ट्रिय लक्ष्य अनुसार वन क्षेत्रको पूर्णक्षमताको उपयोग हुनेगरी वस्तु तथा सेवा विविधीकरण गर्ने चुनौती तथा अवसर रहेको छ ।

बन्दीपुरको एकीकृत विकासका लागि कृषि तथा पशुपालन र पर्यटनको व्यावसायिक विकासमा सामुदायिक वन भित्रको जैविक विविधता परिचालन गरी वातावरण सन्तुलन अक्षुण्ण राख्ने प्रयास गरिएको छ ।

## उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

वन तथा वातावरणको संरक्षण गरी दिगो विकासका अवधारणा अनुसार वन, जैविक विविधता र जलाधारको संरक्षण, पुनर्स्थापना र प्राप्त लाभको न्यायोचित वितरण गर्ने सोचका साथ एकीकृत विकासको कार्यक्रम सञ्चालन गर्न खोजिएको छ । वन क्षेत्रलाई जैविक विविधताका आधारमा करिडोरको (जैविक मार्ग) निर्माण गरी मानव तथा वन्यजन्तुको द्वन्द्व न्यूनीकरण गर्ने र सूक्ष्म तथा लघु जलाधार क्षेत्रको संरक्षण र संवर्द्धन गर्न सार्वजनिक तथा निजी जग्गामा जल पुनर्भरणका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिइएको छ । माथि उल्लेखित सोच तथा लक्ष्यका आधारमा निम्न अनुसारका उद्देश्य लिइएको छ ।

- सबै संरक्षित क्षेत्र, सामुदायिक वन र समुदायमा आधारित व्यवस्थित वनलाई प्रकृतिमा आधारित पर्यटन गन्तव्य बनाउँदै पर्यटकको सङ्ख्यामा वृद्धि गर्ने ।
- व्यावसायीकरण हुन सक्ने जडीबुटी एवम् गैरकाष्ठ वन पैदावारको पकेट क्षेत्र निर्धारण गरी व्यावसायिक योजनासहित उत्पादन गर्ने ।
- सामुदायिक वन व्यवस्थापन मार्फत वन नर्सरी, कृषि वन र वनजन्य उद्यम विकासमा जोड दिने ।
- कृत्रिम सिमसार क्षेत्र र बर्खे पानी सङ्कलन पोखरी सङ्ख्या बढाउँदै जैविक विविधता संरक्षण गर्ने ।

## कार्यान्वयन विधि :

क) वनजन्य उत्पादन पकेट क्षेत्रको निर्माण र विस्तार

ख) सामुदायिक वनको संस्थागत क्षमता विकास

ग) प्रविधि हस्तान्तरण र सबलीकरण

घ) जन पर्यावरणीय सन्तुलन केन्द्रित कार्यक्रम

## प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (क) सामुदायिक वन उपभोक्ता समितिको संस्थागत क्षमता अभिवृद्धि हुनेछ । | | | | | | |
| | (ख) जैविक विविधता संरक्षण क्षेत्रको विस्तार हुनेछ । | | | | | | |
| | (ग) वन पैदावर विशेष गरी गैरकाष्ठ, पर्यटन गन्तव्यको व्यावसायिक विकास हुनेछ । | | | | | | |
| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (नतिजा तहको) | अनुमानित बजेट सुरू आ.व. रू. हजारमा | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्ने अवधि | खर्चको स्रोत |
| १.१ | वनजन्य उत्पादन पकेट क्षेत्रको निर्माण र विस्तार | वनजन्य गैर काष्ठजन्य उत्पादन (जडीबुटी, कच्चा पदार्थ) हुने वनको चक्लाबन्दी गर्ने | १०० | सा.वन/वन तथा वातावरण समिति | चालू आ.व. | २०८५ | |
| १.२ | | वृक्षरोपण | १५० | सा.वन /कबुलियत | चालू आ.व. | २०८५ | |
| १.३ | | जैविक विविधताको अभिलेखन र संरक्षण | २०० | वन तथा वातावरण समिति | २०७७ | २०९० | |
| १.४ | | चरा, वन्यजन्तु र लालीगुराँस संरक्षित प्रवर्द्धन | ५०० | सा.वन/वन तथा वातावरण समिति | २०७७ | २०९० | |
| २.१ | सामुदायिक वनको संस्थागत क्षमता विकास | वन संरक्षण योजना सञ्चालन | ६०० | सा.वन/वन तथा वातावरण समिति | चालू आ.व. | २०७८ | |
| २.२ | | सामुदायिक वन उपभोक्ता समितिसँग साझेदारी कार्यक्रम सञ्चालन | १००० | सा.वन/वन तथा वातावरण समिति | चालू आ.व. | २०८५ | |
| २.३ | | उत्कृष्ट सामुदायिक वन उपभोक्ता समितिलाई सम्मान र प्रोत्साहन | १०० | वन तथा वातावरण समिति | चालू आ.व. | २०८५ | |
| २.४ | | वन नर्सरी व्यवस्थापन | २०० | सा. वन | चालू आ.व. | २०९० | |
| ३.१ | प्रविधि हस्तान्तरण र सबलीकरण | वन पैदावरमा आधारित लघु उद्योग विकास कार्यक्रम | ५० | सा.वन/वन तथा वातावरण समिति | चालू आ.व. | हरेक ३ वर्ष | |
| ३.२ | | जडीबुटी प्रशोधन कार्यक्रम | | सा.वन /वन तथा वातावरण समिति | चालू आ.व. | नियमित | |

## अपेक्षित नतिजा खाका तथा अनुगमन मूल्याङ्कन

| क्र.स. | प्रमुख नतिजा क्षेत्र | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षमा | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | वन क्षेत्रले ओगटेको कुल क्षेत्रफल प्रतिशत | प्रतिशत | ४८.१५ | ४८.१५ | वातावरण प्रतिवेदन | वन तथा वातावरण समिति | वातावरणमा आउने परिवर्तन |
| २ | कृषि तथा पशुपालन भूमि | प्रतिशत | ४२.२६ | ४२.२६ | वातावरण प्रतिवेदन | वन तथा वातावरण समिति | वातावरणमा आउने परिवर्तन |
| ३ | वन क्षेत्र संरक्षण प्रतिशत | प्रतिशत | ३८.२६ | ३८.२६ | वातावरण प्रतिवेदन | वन तथा वातावरण समिति | वातावरणमा आउने परिवर्तन |
| ४ | सिमसार र जल क्षेत्र प्रतिशत | प्रतिशत | ३.९ | ३.९ | वातावरण प्रतिवेदन | वन तथा वातावरण समिति | वातावरणमा आउने परिवर्तन |
| ५ | बाँझो जमिन प्रतिशत | प्रतिशत | ४.३६ | ४.३६ | वातावरण प्रतिवेदन | वन तथा वातावरण समिति | वातावरणमा आउने परिवर्तन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | कबुलियत वनको क्षेत्रफल | हेक्टर | १५१.५ | १५१.५ | वातावरण प्रतिवेदन | वन तथा वातावरण समिति | वातावरणमा आउने परिवर्तन |
| ७ | सामुदायिक वनको क्षेत्रफल | हेक्टर | ३,३९८ | ३,३९८ | वातावरण प्रतिवेदन | वन तथा वातावरण समिति | वातावरणमा आउने परिवर्तन |
| ८ | वनस्पति प्रजाति सङ्ख्या | प्रजाति | १९६ | १९६ | वातावरण प्रतिवेदन | वन तथा वातावरण समिति | वातावरणमा आउने परिवर्तन |
| ९ | फूल प्रजाति सङ्ख्या | प्रजाति | ९४ | ९४ | वातावरण प्रतिवेदन | वन तथा वातावरण समिति | वातावरणमा आउने परिवर्तन |
| १० | चरा प्रजाति सङ्ख्या | प्रजाति | ६२ | ६२ | वातावरण प्रतिवेदन | वन तथा वातावरण समिति | वातावरणमा आउने परिवर्तन |
| स्रोत : बन्दीपुर पालिकाको प्रोफाइल २०७६ र सामुदायिक छलफलमा आधारित | | | | | | | |

## खर्च संरचनाको प्रतिएकाइ लागत अनुमान

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रारम्भिक वर्ष लागत रू. लाखमा | लागत ३ वर्षको रू. लाखमा | लागत ५ वर्षको रू. लाखमा |
|---|---|---|---|---|---|---|
| १.१ | वनजन्य उत्पादन पकेट क्षेत्रको निर्माण र विस्तार | वनजन्य गैर काष्ठजन्य उत्पादन (जडीबुटी, कच्चा पदार्थ) हुने वनको चक्लाबन्दी गर्ने | वर्ग कि.मि. | १ | ३.० | ५ |
| १.२ | | वृक्षरोपण | वटा | १.५ | ४.५ | ७.५ |
| १.३ | | जैविक विविधताको अभिलेखन र संरक्षण | प्रतिवेदन | २ | ६.० | १० |
| १.४ | | चरा, वन्यजन्तु र लालीगुराँस संरक्षित प्रवर्द्धन | वन वटा | ५ | १५.० | २५ |
| २.१ | सामुदायिक वनको संस्थागत क्षमता विकास | वन संरक्षण योजना सञ्चालन | आयोजना सङ्ख्या | ६ | १८.० | ३० |
| २.२ | | सामुदायिक वन उपभोक्ता समितिसँग साझेदारी कार्यक्रम सञ्चालन | कार्यक्रम सङ्ख्या | १० | ३०.० | ५० |
| २.३ | | उत्कृष्ट सामुदायिक वन उपभोक्ता समितिलाई सम्मान र प्रोत्साहन | सम्मानित हुने व्यक्ति तथा समूह | १ | ३.० | ५ |
| २.४ | | वन नर्सरी व्यवस्थापन | वटा | २ | ६.० | १० |
| ३.१ | प्रविधि हस्तान्तरण र सबलीकरण | वन पैदावारमा आधारित लघु उद्योग विकास कार्यक्रम | उद्योग सङ्ख्या | ५ | १.५ | २५ |
| ३.२ | | जडीबुटी प्रशोधन कार्यक्रम | प्रतिवेदन | | | |

## जोखिम अनुमान विश्लेषण

क) जलवायु परिवर्तन र अनुकूलन अभ्यास

ख) प्राकृतिक प्रकोप जस्तै भू-क्षय, पहिरो आदि

ग) सङ्घीय र प्रदेश सरकारका नीति तथा ऐन

घ) बसाइँ सराई र बस्ती विकास

ङ) लगानी र नागरिकको अभ्यास

### वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि

| वडा नं. | सामुदायिक वन उपभोक्ता समिति सङ्ख्या | कबुलियत वन सङ्ख्या | प्रस्तावित मुख्य गतिविधि |
|---|---|---|---|
| १ | ६ | १५ | सामुदायिक वन उपभोक्ता समितिसँग पर्यटन, जैविक विविधता संरक्षण, लघु उद्यम सञ्चालन गर्न साझेदारी कार्यक्रम |
| २ | ५ | | सामुदायिक वन उपभोक्ता समितिसँग पर्यटन, जैविक विविधता संरक्षण, लघु उद्यम सञ्चालन गर्न साझेदारी कार्यक्रम |
| ३ | ५ | १३ | सामुदायिक वन उपभोक्ता समितिसँग पर्यटन, जैविक विविधता संरक्षण, लघु उद्यम सञ्चालन गर्न साझेदारी कार्यक्रम |
| ४ | ६ | | सामुदायिक वन उपभोक्ता समितिसँग पर्यटन, जैविक विविधता संरक्षण, लघु उद्यम सञ्चालन गर्न साझेदारी कार्यक्रम |
| ५ | ३ | १५ | सामुदायिक वन उपभोक्ता समितिसँग पर्यटन, जैविक विविधता संरक्षण, लघु उद्यम सञ्चालन गर्न साझेदारी कार्यक्रम |
| ६ | १३ | | सामुदायिक वन उपभोक्ता समितिसँग पर्यटन, जैविक विविधता संरक्षण, लघु उद्यम सञ्चालन गर्न साझेदारी कार्यक्रम |

## ३.५.२ विपद् व्यवस्थापन उपक्षेत्र

### हालको अवस्था

नेपालको भू-वनोट, भू-धरातल, विषम मौसमी अवस्था, जलवायुमा आएको परिवर्तन र अव्यवस्थित पूर्वाधारको विकास जस्ता कारणबाट उत्पन्न प्राकृतिक र गैरप्राकृतिक विपद्को जोखिम अत्यधिक रहेको छ । नेपाल भूकम्पीय जोखिमका दृष्टिले ११औँ र बाढीपहिरोको दृष्टिकोणबाट ३०औँ अति जोखिम मुलुकका रूपमा रहेको छ । औसत वार्षिक ५०० भन्दा बढी विपद्का घटना नेपालीले व्यहोर्नुपरेको छ । २०७२ सालको महाभूकम्प, २०५० सालको बाढीपहिरो र कोसी बाँध भत्किएर पूर्वी नेपाल र भारतको विहार राज्यमा पुऱ्याएको क्षतिलाई कुनै नेपालीले बिर्सन सक्दैनन् । प्राकृतिक तथा गैरप्राकृतिक विपद्का घटनाका कारण नेपालको भौतिक, आर्थिक, सामाजिक विकास प्रगतिमा समेत प्रतिकूल प्रभाव परिरहेको छ ।

नेपालको संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयार, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा प्रदेश एवम् सङ्घ सँगको साझा अधिकारका रूपमा तोकेको छ ।

सरकारले विपद् व्यवस्थापनको योजना निर्माण गर्न र कार्यान्वयनका लागि सेन्डाई फ्रेमवर्क २०१५-३०, जलवायु परिवर्तन अनुकूलन सम्बन्धी पेरिस सम्झौता, अदिसअबाबा कार्ययोजना र दिगो विकास लक्ष्य लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई आधार मानिन्छ । विपद् जोखिमसँग सम्बन्धित पर्याप्त सूचना र ज्ञानको कमी हुनु, जोखिम न्यूनीकरण र विकास निर्माणका कार्यमा समन्वय नहुनु र विपद् उत्थानशील विकास प्रक्रियाको कमजोर अवलम्बन र न्यून मूलप्रवाहीकरण हुनु तत्कालीन समस्या हुन् ।

## प्रमुख समस्या

विपद् जोखिमको पहिचान तथा नक्साङ्कन हुन नसक्नु, प्राकृतिक स्रोतको अत्यधिक एवम् अव्यवस्थित दोहन हुनु, विकास आयोजनाले पार्ने प्रभाव र असरको आँकलन गरी सम्भावित जोखिमको रोकथामको योजना निर्माण गर्न नसक्नु विपद् व्यवस्थापनका प्रमुख समस्या हुन् । सेन्डाई फ्रेमवर्क अनुसार विपद् उत्थानका लागि लापा कार्ययोजनालाई स्थानीय तहको योजना बनाई कार्यान्वयन गर्न नसक्नु र समुदाय स्तरमा कापा कार्ययोजना बारेमा जानकारी नहुनु पनि अर्को समस्याका रूपमा लिन सकिन्छ ।

## चुनौती तथा अवसर

नेपालको संविधानमा उल्लेख भएको संवैधानिक व्यवस्था, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना सन् २०१८-३० लगायतका कानुनी र नीतिगत व्यवस्थाले विपद् व्यवस्थापनका सवाललाई विकास योजनाको प्राथमिकतामा राखेको छ ।

दिगो विकास लक्ष्य नं. १३ ले जलवायु उत्पन्न जोखिम र प्राकृतिक प्रकोपको समानुकूलन तथा अनुकूलनको क्षमता अभिवृद्धि गर्ने, जलवायु परिवर्तन अल्पीकरण, अनुकूलन, असर न्यूनीकरण र पूर्वसूचना सम्बन्धी शिक्षामा सुधार गर्ने, चेतना अभिवृद्धि गर्ने र त्यस सम्बन्धी मानवीय तथा संस्थागत क्षमता वृद्धि गर्ने कुरालाई तोकेको छ । विपद् जोखिमबाट सुरक्षित र उत्थानशील कामका लागि समुदायको क्षमता अभिवृद्धि गर्न सहजीकरण गर्नु नै अहिलेको अवस्थामा पालिकाको चुनौती रहेको छ । विपद् जोखिमको पूर्वानुमान, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ सम्बन्धी क्षमता विकाससँगै विपद् जोखिम संवेदनशील योजना तथा पूर्वाधार निर्माण प्रक्रियाको सुनिश्चित गर्नु अर्को चुनौती रहेको छ ।

## उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

बन्दीपुर पालिकामा रहेका विपद् जोखिम स्थान, समय र सम्भावनालाई नक्साङ्कन गर्दै जोखिम न्यूनीकरणको कार्यमा जनसहभागिता परिचालन गरी समुदायको उत्थानशील क्षमता अभिवृद्धि गर्ने परिकल्पना गरिएको छ । हरेक वडामा विपद् पूर्व तयारीका योजना, मानव संसाधन, भौतिक पूर्वाधार र आवश्यक उपकरणको व्यवस्थापन गर्ने, विपद्का समयमा खोज तथा उद्धार कार्य प्रभावकारी र चुस्त दुरूस्त राख्ने, विपद् पछिका समयमा पुनर्लाभ तथा पुनर्स्थापनाको विशेष व्यवस्था गर्ने लक्ष्यसहित निम्न अनुसारका उद्देश्य राखिएका छन् ।

- विपद् जोखिमका अवस्थालाई ध्यानमा राखी सूचना, सञ्चार  र शिक्षाको अभियान सञ्चालन गर्ने
- फायर लाइन, वन्यजन्तु नियन्त्रण लाइन र पहिरो तथा बाढी प्रभाव लाइनको किटान गर्ने
- विपद्का समयमा एवम् आपत्कालीन अवस्थामा खोज तथा उद्धार कार्यका लागि आवश्यक दक्ष जनशक्ति (पालिका प्रहरी, अग्नि नियन्त्रक, उद्धारकर्मी आदि) को क्षमता अभिवृद्धि गर्ने ।
- आपत्कालीन सामूहिक आश्रयस्थल, अति आवश्यक सामग्रीको सञ्चय, उपकरण (वारूण यन्त्र, उद्धार उपकरण, आपत्कालीन सञ्चार  सामग्री आदि), खाद्यान्न सञ्चय गर्ने ।
- पुनर्लाभ तथा पुनर्स्थापना कोषको स्थापना र परिचालन गर्ने ।

### कार्यान्वयन विधि

(क) विपद् जोखिम स्थान बोर्ड र क्यालेन्डरको निर्माण र प्रसार

(ख) सामुदायिक वन उपभोक्ता समिति सँगको साझेदारी

(ग) सामुदायिक भवन, आपत्कालीन सामग्री सञ्चय, उद्धार सामग्रीको सुलभ र सहज पहुँच

(घ) पालिका प्रहरी वा उद्धार दलको स्थापना र क्षमता अभिवृद्धि

(ङ) विपद् प्रभावितका लागि तुरुन्तै पुनर्स्थापना स्किम वा पुनर्लाभ योजनाको कार्यान्वयन

#### प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना /कार्यक्रम | उपलब्धि सूचक (नतिजा तहको) | अनुमानित बजेट सुरु आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| | (क) समुदायमा विपद् जोखिम समन गर्ने क्षमता अभिवृद्धि हुनेछ । | | | | | |
| | (ख) समुदायमा विपद् पूर्वको तयारी गर्ने क्षमता बढ्नेछ । | | | | | |
| १.१ | विपद् पूर्वको तयारी कार्यक्रम | समुदायको विपद् जोखिमसँग सामना गर्ने क्षमताको लेखाजोखा गर्ने र विपद् जोखिम न्यूनीकरण योजना निर्माण गर्ने | २०० | सा.वन/वन तथा वातावरण समिति | चालू आ.व. | २०८५ |
| १.२ | | सम्भावित विपद् स्थल र समय उल्लेख गरी सावधानको सूचना, शिक्षा र सञ्चार कार्यक्रम सञ्चालन | १५० | सा.वन /कबुलियत | चालू आ.व. | २०८५ |
| १.३ | | विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि कार्यक्रम | १०० | वन तथा वातावरण समिति | २०७७ | २०९० |
| १.४ | | जङ्गली जनावर (बाँदर, चितुवा आदि) लाई मन पर्ने खानेकुराको वन क्षेत्रभित्र व्यवस्थापन कार्यक्रम | ५०० | सा.वन/वन तथा वातावरण समिति | २०७७ | २०९० |
| १.५ | | वन्य जन्तुको सीमा निर्धारण गर्ने कार्यक्रम | ५०० | सा.वन | | |
| २.१ | विपद्का समयमा गर्नुपर्ने उद्धार खोज कार्यका लागि विपद् व्यवस्थापन समितिको संस्थागत क्षमता विकास | खोज तथा उद्धार समूह (शिक्षक, प्रहरी, भूपू आर्मी) लाई तालिम र परिचालन | ४०० | सा.वन/वन तथा वातावरण समिति | चालू आ.व. | २०७८ |
| २.२ | | विपद्का समयमा बस्न सक्ने गरी सामुदायिक घर तथा गोदामको व्यवस्थापन कार्यक्रम | १००० | सा.वन/वन तथा वातावरण समिति | चालू आ.व. | २०८५ |
| २.३ | | उद्धार तथा खोज सामग्रीको व्यवस्थापन | १०० | वन तथा वातावरण समिति | चालू आ.व. | २०८५ |
| २.४ | | मनसुन, हेमन्त ऋतु पूर्व तयारी बैठक (बाढी र आगलागीको प्रकोप) | १०० | सा. वन | चालू आ.व. | २०९० |
| ३.१ | विपद् पछाडिको पुनर्स्थापना र पुनर्लाभ कार्यक्रम | विपद्बाट प्रभावितका लागि तत्कालीन राहत | ५०० | पालिका प्रमुख | चालू आ.व. | हरेक ३ वर्ष |
| ३.२ | | विपद् पछाडि पुनर्स्थापना र पुनर्वासका लागि सहयोग | ५०० | पालिका प्रमुख | चालू आ.व. | नियमित |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

| क्र.स. | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षमा अनुमानित | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् जोखिमका अवस्थालाई ध्यानमा राखी सूचना, सञ्चार र शिक्षामा नागरिकको पहुँच | प्रतिशत | ६८ | ९५ | विपद् व्यवस्थापन प्रतिवेदन | वन तथा वातावरण समिति | जलवायु परिवर्तन |
| २ | फायर लाइन, वन्यजन्तु नियन्त्रण लाइन र पहिरो तथा बाढी प्रभाव लाइनको व्यवस्थापन | कि.मि. | ० | ५५ | विपद् व्यवस्थापन प्रतिवेदन | वन तथा वातावरण समिति | जलवायु परिवर्तन |
| ३ | विपद्का समयमा एवम् आपत्कालीन अवस्थामा खोज तथा उद्धार कार्यमा परिचालित दक्ष जनशक्ति (पालिका प्रहरी, अग्नि नियन्त्रक, उद्धारकर्मी आदि) | सङ्ख्या | १५ | १५० | विपद् व्यवस्थापन प्रतिवेदन | वन तथा वातावरण समिति | जलवायु परिवर्तन |
| ४ | आपत्कालीन उपकरण (वारुण यन्त्र, उद्धार उपकरणको व्यवस्थापन | उपकरण सङ्ख्या | १ | ६ | विपद् व्यवस्थापन प्रतिवेदन | वन तथा वातावरण समिति | जलवायु परिवर्तन |
| ५ | आपत्कालीन सामूहिक आश्रयस्थल, अति आवश्यक सामग्रीको व्यवस्थापन | सामुदायिक घर /गोदाम सङ्ख्या | ० | ६ | विपद् व्यवस्थापन प्रतिवेदन | वन तथा वातावरण समिति | जलवायु परिवर्तन |
| स्रोत : बन्दीपुर पालिकाको प्रोफाइल २०७६ र सामुदायिक छलफल | | | | | | | |

## खर्च संरचनाको प्रतिएकाइ लागत अनुमान

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रारम्भिक वर्ष लागत रू. लाखमा | लागत ३ वर्षको रू. लाखमा | लागत ५ वर्षको रू. लाखमा |
|---|---|---|---|---|---|---|
| १.१ | विपद् पूर्वको तयारी कार्यक्रम | समुदायको विपद् जोखिम र दु:खको सामना क्षमताको लेखाजोखा गर्ने र विपद् जोखिम न्यूनीकरण योजना निर्माण गर्ने | योजना तथा प्रतिवेदन | २ | ६.० | १० |
| १.२ | | सम्भावित विपद् स्थल र समय उल्लेख गरी सावधानका सूचना, शिक्षा र सञ्चार कार्यक्रम सञ्चालन | प्रतिवेदन | १.५ | ४.५ | ७.५ |
| १.३ | | विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि कार्यक्रम | तालिम | १ | ३.० | ५ |
| १.४ | | जङ्गली जनावर (बाँदर, चितुवा आदि) लाई मन पर्ने खानेकुराको वन क्षेत्रभित्र व्यवस्थापन कार्यक्रम | प्रतिवेदन | ५ | १५.० | २५ |
| १.५ | | वन्य जन्तुको सीमा निर्धारण गर्ने कार्यक्रम | पटक | ५ | १५.० | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१ | विपद्का समयमा गर्नुपर्ने उद्धार खोज कार्यका लागि विपद व्यवस्थापन समितिको संस्थागत क्षमता विकास | खोज तथा उद्धार समूह (शिक्षक, प्रहरी, भूपू आर्मी) लाई तालिम र परिचालन | तालिम | ल | | २० |
| २.२ | | विपद्का समयमा बस्न सक्ने गरी सामुदायिक घर तथा गोदामका व्यवस्थापन कार्यक्रम | घर तथा गोदाम सङ्ख्या | १० | ३०.० | ५० |
| २.३ | | उद्धार तथा खोज सामग्रीको व्यवस्थापन | सामगी | १ | ३.० | ५ |
| २.४ | | मनसुन, हेमन्त ऋतु पूर्व तयारी बैठक (बाढी र आगलागीको प्रकोप) | बैठक सङ्ख्या | १ | ३.० | ५ |
| ३.१ | विपद् पछाडिको पुनर्स्थापना र पुनर्लाभ कार्यक्रम | विपद्बाट प्रभावितका लागि तत्कालीन राहत | सेवाग्राही सङ्ख्या | ५ | १५.० | २५ |
| ३.२ | | विपद् पछाडि पुनर्स्थापना र पुनर्वासका लागि सहयोग | सेवा प्राप्त गर्ने सङ्ख्या | ५ | १५.० | २५ |

## जोखिम अनुमान विश्लेषण

१. जलवायु परिवर्तन र मौसममा आउने उतारचढाव

२. सङ्घ र प्रदेश सरकारको नीति तथा कार्यक्रम

३. जनसहभागिता

४. लगानी

## वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि

| वडा नं. | बस्ती वा टोल | प्रस्तावित मुख्य गतिविधि |
|---|---|---|
| १ | | पूर्वतयारी सूचना केन्द्र<br>विपद् व्यावस्थापन समिति गठन र परिचालन<br>आपत्कालीन सामग्री भण्डारण स्थापन |
| २ | | पूर्वतयारी सूचना केन्द्र<br>विपद् व्यवस्थापन समिति गठन र परिचालन<br>आपत्कालीन सामग्री भण्डारण स्थापन |
| ३ | | पूर्वतयारी सूचना केन्द्र<br>विपद् व्यवस्थापन समिति गठन र परिचालन<br>आपत्कालीन सामग्री भण्डारण स्थापन |
| ४ | | पूर्वतयारी सूचना केन्द्र<br>विपद् व्यवस्थापन समिति गठन र परिचालन<br>आपत्कालीन सामग्री भण्डारण स्थापन |
| ५ | | पूर्वतयारी सूचना केन्द्र<br>विपद् व्यवस्थापन समिति गठन र परिचालन<br>आपत्कालीन सामग्री भण्डारण स्थापन |
| ६ | | पूर्वतयारी सूचना केन्द्र<br>विपद् व्यवस्थापन समिति गठन र परिचालन<br>आपत्कालीन सामग्री भण्डारण स्थापन |

## ३.६ प्राकृतिक स्रोत सम्पदाको संरक्षण र भू-उपयोग क्षेत्र

### ३.६.१ बस्ती व्यवस्थापन, कृषि र वनका लागि भू-उपयोग नीति उपक्षेत्र

(क) व्यवस्थित बस्तीका लागि चक्लाबन्दी

(ख) कृषि क्षेत्रको चक्लाबन्दी

(ग) वन क्षेत्रको संरक्षण

**औचित्य**

विकासका आर्थिक, सामाजिक, सांस्कृतिक पक्षको मूल आधार भनेको भूमि नै हो । नेपाली समाजको उत्पादनको प्रमुख साधन भनेको नै भूमि हो र भूमि माथिको उत्पादन सम्बन्धले सामाजिक र आर्थिक अवस्थालाई निर्धारण गर्दछ । भूमि सँगको सम्बन्ध निर्धारण गर्ने सेतुका रूपमा सांस्कृतिक पक्ष रहेको छ ।

सूचना, शिक्षा, सञ्चार र प्रविधिमा आएको परिवर्तन एवम् जनसङ्ख्याको बसाइँ सराईले विकासका मूल आधारमा रूपान्तरण भएको छ । जमिनको परम्परागत प्रयोगमा बस्ती विकास तथा सहरीकरणले अतिक्रमण गरिरहेको अवस्थामा अब जमिनको प्रयोगमा रणनीतिक सोचका आधारमा वर्गीकरण गर्न आवश्यक छ । अन्तर्राष्ट्रिय अभ्यास एवम् मान्यताका आधारमा जमिनलाई कृषि, वन, बस्ती एवम् सहरीकरण, भौतिक पूर्वाधार निर्माण, खानी र जल क्षेत्रका रूपमा विभाजन गर्ने गरेको पाइन्छ । बन्दीपुरको परिप्रेक्ष्यमा कृषि, वन र बस्ती एवम् सहरी क्षेत्र गरी तीन किसिमले वर्गीकरण गरिएको छ । विशेष गरी कृषि, जमिनको चक्लाबन्दी र खण्डीकृत जमिनको चक्लाबन्दी गर्ने तरिकालाई योजनाबद्ध तरिकाले राखिएको छ । जमिनको चक्लाबन्दीपछि कृषि क्षेत्रमा पालिकाले गर्ने लगानीलाई केन्द्रित गर्न सहयोग मिल्ने र उत्पादकत्व वृद्धि गर्न सकिन्छ । पालिकाभित्र विस्तार हुँदै गएको बस्ती विकास क्षेत्र वा सहरीकरणलाई व्यवस्थापन गर्न आवश्यक जमिनको विकास गर्न पालिकाले निर्धारण गर्ने सीमा तथा योजनालाई प्रस्तावित गरिएको छ । नेपालको संविधानले पनि जमिनको चक्लाबन्दी गरी उत्पादकत्व वृद्धि गर्ने कुरालाई जोड दिएको छ ।

**हालको अवस्था**

नेपालको संविधान २०७२ को अनुसूची ८ मा स्थानीय तहको अधिकार सूची अन्तर्गत स्थानीय अभिलेखन गर्ने, कृषि तथा पशुपालन व्यवसायलाई व्यावसायिक व्यवस्थापन गर्ने, जलाधार, वन्यजन्तु तथा खानी एवम् खनिज पदार्थको व्यवस्थापन गर्ने विषय राखिएको छ । स्थानीय तहले सरकारी जमिनको स्वामित्व हस्तान्तरण र खारेजी गर्न सक्ने अधिकार नभए पनि व्यवस्थापन गर्ने अधिकार राख्दछ । त्यसैगरी दिगो विकास लक्ष्य नं. १५ ले दिगो वन व्यवस्थापन, जैविक विविधताको संरक्षण, मरूभूमीकरणविरूद्ध लड्न र माटोमा आएको ह्रासलाई सुधार गर्ने विषयलाई स्थानीय योजना निर्माण गरी कार्यान्वयन गर्ने विषयलाई किटान गरेको छ । दिगो विकास लक्ष्य नं. ११ ले सहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउन पूरक १० वटा उद्देश्य निर्धारण गरेको छ । विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण र सुरक्षणका प्रयास सुदृढ गर्दै सहभागितामूलक एकीकृत र दिगो मानव बस्तीको योजना र व्यवस्थापनका लागि क्षमता बढाउने विषयमा स्थानीय तहलाई आग्रह गरेको छ ।

समग्र रूपमा जमिनको विविध प्रयोगलाई व्यवस्थित गरेर जैविक विविधताको संरक्षण गरी जमिनको उत्पादकत्व बढाउने र मानव बस्तीलाई थप व्यवस्थित गर्न यस क्षेत्रको विकासलाई प्राथमिकतामा राख्ने कोसिस गरिएको छ ।

## प्रमुख समस्या

बन्दीपुर पालिकाको समग्र भूमिको नक्साङ्कन र व्यवस्थित अभिलेखनको अभाव छ । पहिलेका विभिन्न तीन स्थानीय निकाय जोडेर समग्रमा एउटै गाउँपालिकाको निर्माण गरिएको हो । भूगोलको हिसाबले सबै स्थानीय निकायको तथ्याङ्क पालिकामा अभिलेखन गर्न सकिएको छैन ।

बन्दीपुरको खेतीयोग्य जमिनको करिब ७ प्रतिशत हिस्सा हाल बाँझो रहन पुगेको छ । जग्गा बाँझो रहनुमा जमिनको उत्पादकत्वमा आएको ह्रास र खेतीभन्दा अन्य व्यवसायबाट हुने लाभको कारण हो । एकातिर कृषिमा संलग्न जनशक्तिसँग जमिन छैन भने लाभको हिसाबले कृषि उत्पादनमा हुने कम लाभका कारण जमिन बाँझो राख्ने घरधुरीको सङ्ख्या दिन प्रतिदिन बढ्दो क्रममा छ । सहरीकरण र बस्ती विकासको बढ्दो चापले केही निश्चित भूभागमा कृषियोग्य जमिनलाई गैरकृषि कार्यमा प्रयोग गरिएको छ । परम्परागत सन्तुलनमा रहेको पर्यावरण असन्तुलन हुन जाँदा त्यसको प्रत्यक्ष असर जैविक विविधतामा पर्न गएको छ । अतः अबको दिगो विकासका प्रयासले व्यवस्थित बस्ती तथा सहर विकास, उत्पादनशील जमिनको कृषि व्यवसायमा प्रयोग र जैविक विविधता संरक्षणका लागि वन तथा सिमसार क्षेत्रका जमिनको संरक्षण गर्न सक्नुपर्दछ ।

## चुनौती र अवसर

दिगो विकास लक्ष्य नं. १२ अनुसार जमिनको दिगो उपभोग तथा उत्पादन प्रणालीको सुनिश्चित गर्न विकासोन्मुख देशले दिगो खपत तथा उत्पादन उन्मुख वैज्ञानिक र प्राविधिक क्षमतालाई बलियो बनाउन जोड दिइएको छ । नेपाल सरकारले दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न वन क्षेत्रले कार्बन उत्सर्जन शोषण गर्न सक्ने गरी विकास गरी पर्यावरणीय साझेदारी विकास गर्ने, माटो जैविक पदार्थलाई संरक्षण गर्ने, उपभोक्ताको तहमा गरिने खाद्यान्न उपभोगका क्रममा हुने नोक्सानी कम गर्ने र प्लास्टिकजन्य फोहोर घटाउने र औद्योगिक क्षेत्रबाट निस्कने ठोस फोहोर पदार्थ विसर्जनको व्यवस्थापन गर्ने योजना प्रस्तावित गरेको छ । जमिनको वर्गीकरण तथा संरक्षण योजनाका चुनौती भनेका जमिनको एकीकरण गर्नु र विकास गर्नु रहेको छ ।

## क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य

समग्रमा आर्थिक तथा सामाजिक विकासले पुँजीको विकास गर्न सहयोग गर्दछ । आर्थिक पुँजी, मानवीय पुँजी, मौद्रिक पुँजी, प्राकृतिक पुँजी, सामाजिक पुँजीको सङ्ग्रह र सञ्चयलाई उन्नत र प्रगतिशील बनाउनु नै विकास हो । प्राकृतिक पुँजीका रूपमा रहेको जङ्गल, जमिन, जल र जैविक विविधताको संरक्षण गरी भावी पुस्ताका लागि हस्तान्तरण गर्न र दिगो प्रयोग गर्ने सोच लिइएको छ । जनसङ्ख्याको वृद्धि र असन्तुलित बसाइँ सराईले प्राकृतिक स्रोत साधनमाथि तीव्र दबाब दिने हुँदा प्राकृतिक स्रोत साधनको संरक्षण गरी आफू पछिका सन्तानलाई सुरक्षित पृथ्वी एवम् वातावरण हस्तान्तरण गर्नु नैतिक धरातल रहेको छ । यस उपक्षेत्रका उद्देश्य यस प्रकार रहेका छन् ।

- बन्दीपुर पालिकाका सबै भूभागलाई रणनीतिक रूपमा चार समूहमा (कृषि, वन, बस्ती र जल वा सिमसार क्षेत्र) विभाजन गरिने ।
- कृषि योग्य भूमिलाई बाँझो राखिनेछैन र कृषि क्षेत्रमा गैरहाजिर हुने भूमिपतिको जग्गालाई बन्दीपुर पालिकाले उपभोग प्रयोजनका लागि मात्र ग्रहण गर्ने ।
- पालिकामा रहेका सबै वन क्षेत्रको संरक्षण गरी जैविक विविधताको संरक्षण गर्ने ।

- पालिकाको जनसङ्ख्या वृद्धि र बस्ती विस्तारको अनुपातका आधारमा बस्ती विस्तार र सहर विकास क्षेत्रका लागि जमिनको एकीकरण र विकास गर्ने ।
- बन्दीपुर पालिकाको जैविक संरक्षण र पर्यावरण सन्तुलनका लागि सिमसार क्षेत्र विस्तार गर्ने ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| जमिनको प्रयोग र सम्भावनाको आधारमा वर्गीकरण गर्ने | जमिनको वर्गीकरण गर्ने सम्बन्धी नीति बनाउने<br>जमिनको प्रयोगका आधारमा वन, कृषि र सिमसार क्षेत्र संरक्षण सम्बन्धी कानुन निर्माण गर्ने |
| जमिनको प्रयोगका आधारमा जमिनको चक्लाबन्दी गर्ने | कृषि जमिनको चक्लाबन्दी गर्ने<br>वन संरक्षित जमिनको सीमा निर्धारण गर्ने<br>सिमसार क्षेत्रको संरक्षण गर्ने |
| भूमिहीन र सहकारी खेतीका लागि जमिन एकीकरण वा भूमि बैङ्क | कृषिमा आधारित तथा भूमिहीनको लागि व्यावसायिक खेतीका लागि जमिनको व्यवस्थापन |
| | व्यावसायिक सहकारी खेतीका लागि भूमि बैङ्कको व्यवस्थापन |
| बस्ती विकास तथा सहरीकरणका लागि जमिनको एकीकरण | सहरीकरण र बस्ती विकासको क्षेत्र निर्धारण गर्ने |
| | सहरीकरण तथा बस्ती विकासका लागि जमिन विकास गर्ने |

### क्षेत्रगत लक्ष्य

बन्दीपुर गाउँपालिकाले जमिनको वर्गीकरण गरी सोही अनुसार संरक्षण गर्ने उद्देश्य अनुसार जमिनको वर्गीकरण गर्ने, सहभागीमूलक किसिमबाट एकीकरण गर्ने र नापजाँच गरिनेछ ।

### विधि

- प्रयोगमा आधारित बृहत् भूमि वर्गीकरण र संरक्षण कार्यक्रम
- कृषि तथा पशुपालन, बस्ती विकास एवम् सहर विस्तार र वन क्षेत्रको किटानी सहितको चक्लाबन्दी
- निर्धारित मापदण्डका आधारमा चक्लाबन्दी खेतको एकीकरण
- कृषि तथा पशुपालन चक्ला अन्तर्गत जग्गाधनीबाट कुतको स्व-निर्धारण गर्ने र कुत समितिको सिफारिससहित वार्षिक जग्गा भाडा वा कुत तय गर्ने ।
- बस्ती विकास तथा सहर विस्तारका लागि जमिनको एकीकरण

## भूमि व्यवस्थापन क्षेत्रका लागि प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स | आयोजना /कार्यक्रम | उपलब्धि सूचक (नतिजा तहको) | अनुमानित बजेट सुरू आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| | (क) कृषि, बागबानी र पशुपालन क्षेत्र र चक्ला क्षेत्रफल तोकिनेछ ।<br>(ख) बस्ती, सहर तथा प्रशासकीय क्षेत्र निर्धारण हुनेछ ।<br>(ग) वन तथा सिमसार क्षेत्र तोकिने र संरक्षण हुनेछ । | | | | | |
| १.१ | कृषि, बागबानी र पशुपालन क्षेत्रको चक्लाबन्दी कार्यक्रम | पहिलो पाँच वर्षमा उत्पादन गरिने १२ उत्पादन (विधा को किटान गर्न टोल विकास संस्थासँग छलफल र कार्य योजना निर्माण | १०० | पालिका | चालू आ.व. | २०८५ |
| १.२ | | एक वडामा कम्तीमा दुई स्थानमा एकै उत्पादनमा काम गर्ने घरधुरी र जग्गाको एकीकरण प्रस्ताव | १०० | सा.वन /कबुलियत | चालू आ.व. | २०८५ |
| १.३ | | एकीकरण गरिएको जग्गामा भौतिक पूर्वाधार विकास (बाटो, पानी, सङ्कलन स्थल र सेवा उपकेन्द्र स्थल आदि) | १००० | वन तथा वातावरण समिति | २०७७ | २०९० |
| १.४ | | जमिनमा गैर हाजिर घरधुरी सँग १० वर्षे कुत वा तत्कालीन उब्जनी प्रदान गर्ने सम्झौता | ५०० | सा.वन /वन तथा वातावरण समिति | २०७७ | २०९० |
| २.१ | बस्ती तथा सम्भावित सहर क्षेत्रका लागि जमिनको एकीकरण | वडाका हालको घना बस्तीका आधारमा त्यसको आसपासमा जग्गाको एकीकरण | २०० | सा.वन /वन तथा वातावरण समिति | चालू आ.व. | २०७८ |
| २.२ | | एकीकरण गरिएको जग्गामा भौतिक पूर्वाधार विकास (बाटो, पानी, ढल, बजार स्थल र पार्क आदि) | १००० | सा.वन /वन तथा वातावरण समिति । | चालू आ.व. | २०८५ |
| २.३ | | विकसित जमिनको प्लट निर्माण गर्ने र नक्सा निर्माण गर्ने | ४०० | वन तथा वातावरण समिति | चालू आ.व. | २०८५ |
| २.४ | | जम्मा जमिनबाट पूर्वाधार निर्माणमा खर्च भएका जमिन घटाई अनुपातका आधार जग्गाधनीलाई जमिन फिर्ता | १०० | सा. वन | चालू आ.व. | २०९० |
| ३.१ | वन तथा सिमसार क्षेत्रको संरक्षण | वन तथा सिमसार क्षेत्र निर्धारण गर्ने र सीमास्तम्भ, जैविक बारको व्यवस्थापन | १००० | पालिका प्रमुख | चालू आ.व. | हरेक ३ वर्ष |
| ३.२ | | चरन निषेध गर्ने | ५० | पालिका प्रमुख | चालू आ.व. | नियमित |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

| क्र.स. | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षमा अनुमानित | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ०१ | साना किसानको सङ्ख्या (आधा हेक्टरभन्दा कम जमिन) | प्रतिशत | ४३.८ % | ३५ | प्रतिवेदन | पालिका | विश्वास गर्न सक्ने वातावरण |
| ०२ | भूमिहीनको परिवार | प्रतिशत | ३.७ % | १ | प्रतिवेदन | पालिका | विश्वास गर्न सक्ने वातावरण |
| ०३ | चक्लाबन्दी जग्गाका आबद्ध परिवार सङ्ख्या | परिवार | | १५०० | प्रतिवेदन | पालिका | विश्वास गर्न सक्ने वातावरण |
| ०४ | सहकारी खेती अभ्यास गर्ने समूह सङ्ख्या | सङ्ख्या | | २४ | प्रतिवेदन | पालिका | विश्वास गर्न सक्ने वातावरण |
| ०५ | भूमिहीनले प्रयोग गर्ने कबुलियत जमिन | हेक्टर | | १५०० | प्रतिवेदन | पालिका | विश्वास गर्न सक्ने वातावरण |
| ०६ | पालिकासँग भूमि स्वामीले सम्झौता गरेको जमिन | हेक्टर | | २००० | प्रतिवेदन | पालिका | विश्वास गर्न सक्ने वातावरण |
| ०७ | पालिकासँग सम्झौता गर्न सकिने उपलब्ध जमिन | हेक्टर | | ३००० | प्रतिवेदन | पालिका | विश्वास गर्न सक्ने वातावरण |
| ०८ | जमिनको उत्पादकत्व (मेट्रिक टन) | प्रति हेक्टर | २.७ | ४.१ | प्रतिवेदन | पालिका | विश्वास गर्न सक्ने वातावरण |

स्रोत : समुदायसँग गरिएको छलफल र प्रोफाइल

## खर्च संरचनाको प्रतिएकाइ लागत नक्साङ्कन

| क्र.स | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रारम्भिक वर्ष लागत रू. लाखमा | लागत ३ वर्षको रू. लाखमा | लागत ५ वर्षको रू. लाखमा |
|---|---|---|---|---|---|---|
| १.१ | कृषि, बागबानी र पशुपालन क्षेत्रको चक्लाबन्दी कार्यक्रम | पहिलो पाँच वर्षमा उत्पादन गरिने १२ उत्पादन (विधा को किटान गर्न टोल विकास संस्थासँग छलफल र कार्य योजना निर्माण | योजना | १ | ३.० | ५ |
| १.२ | | एक वडामा कम्तीमा दुई स्थानमा एकै उत्पादनमा काम गर्ने घरधुरी र जग्गाको एकीकरण प्रस्ताव | प्रतिवेदन | १ | ३.० | ५ |
| १.३ | | एकीकरण गरिएको जग्गामा भौतिक पूर्वाधार विकास (बाटो, पानी, सङ्कलन स्थल र सेवा उपकेन्द्र स्थल आदि) | पूर्वाधारका प्रकार | १० | ३०.० | ५० |
| १.४ | | जमिनमा गैर हाजिर घरधुरीसँग १० वर्ष कुत वा तत्कालीन उब्जनी प्रदान गर्ने सम्झौता | सम्झौता पत्र | ५ | १५.० | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.१ | बस्ती तथा सम्भावित सहर क्षेत्रका लागि जमिनको एकीकरण | वडाको हालको घना बस्तीका आधारमा त्यसको आसपासमा जग्गाको एकीकरण | वर्ग कि.मि. | २ | ६.० | १० |
| २.२ | | एकीकरण गरिएको जग्गामा भौतिक पूर्वाधार विकास (बाटो, पानी, ढल, बजार स्थल र पार्क आदि) | पूर्वाधारका प्रकार | १० | ३०.० | ५० |
| २.३ | | विकसित जमिनको प्लट निर्माण गर्ने र नक्सा निर्माण गर्ने | प्लट | ४ | १२.० | २० |
| २.४ | | जम्मा जमिनबाट पूर्वाधार निर्माणमा खर्च भएको जमिन घटाई अनुपातका आधार जग्गाधनीलाई जमिन फिर्ता | फिर्ता भएको जमिनको क्षेत्रफल | १ | ३.० | ५ |
| ३.१ | वन तथा सिमसार क्षेत्रको संरक्षण | वन तथा सिमसार क्षेत्र निर्धारण गर्ने र सीमा स्तम्भ, जैविक बारको व्यवस्थापन | क्षेत्रफल | १० | ३०.० | ५० |
| ३.२ | | चरन निषेध गर्ने | क्षेत्रफल | ०.५ | १.५ | २.५ |

## जोखिम अनुमान विश्लेषण

कानुन तथा कार्यक्रम

राजनीतिक दल सँगको विश्वास र समझदारी

नेतृत्वको इच्छाशक्ति

लगानी र लगानीकर्ताको चाहना

विप्रेषणको लगानी गर्ने अवसर

### वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि

| क्र.स. | वडा नं. | प्रस्तावित मुख्य बस्ती वा टोलमा सञ्चालन गरिने गतिविधि |
|---|---|---|
| १ | १ | सार्वजनिक सूचना जारी, जग्गावालासँग छलफल, कुत निर्धारण समितिको बैठक, गयल भूमिपतिको लगत, भूमिपतिसँग सम्झौता, पकेट क्षेत्रको चक्लाको नक्साङ्कन |
| २ | २ | सार्वजनिक सूचना जारी, जग्गावालासँग छलफल, कुत निर्धारण समितिको बैठक, गयल भूमिपतिको लगत, भूमिपतिसँग सम्झौता, पकेट क्षेत्रको चक्लाको नक्साङ्कन |
| ३ | ३ | सार्वजनिक सूचना जारी, जग्गावालासँग छलफल, कुत निर्धारण समितिको बैठक, गयल भूमिपतिको लगत, भूमिपतिसँग सम्झौता, पकेट क्षेत्रको चक्लाको नक्साङ्कन |
| ४ | ४ | सार्वजनिक सूचना जारी, जग्गावालासँग छलफल, कुत निर्धारण समितिको बैठक, गयल भूमिपतिको लगत, भूमिपतिसँग सम्झौता, पकेट क्षेत्रको चक्लाको नक्साङ्कन |
| ५ | ५ | सार्वजनिक सूचना जारी, जग्गावालासँग छलफल, कुत निर्धारण समितिको बैठक, गयल भूमिपतिको लगत, भूमिपतिसँग सम्झौता, पकेट क्षेत्रको चक्लाको नक्साङ्कन |
| ६ | ६ | सार्वजनिक सूचना जारी, जग्गावालासँग छलफल, कुत निर्धारण समितिको बैठक, गयल भूमिपतिको लगत, भूमिपतिसँग सम्झौता, पकेट क्षेत्रको चक्लाको नक्साङ्कन |

### ३.६.२ गयल भूमिपतिको जमिन व्यवस्थापन र भूमि बैङ्कको सिर्जना

#### पृष्ठभूमि

नेपालमा रोजगारी र जमिनको बाँझो रहने समस्या सधैँ चर्चामा रहिरहने विषय हुन् । कृषि जमिनमा गयल भूमिपतिका कारण जमिनको उत्पादकत्वमा कमी आएको अवस्था छ भने कृषिमा आश्रित कृषि मजदुर (खेताला, गोठाला, हलिया आदि)को रोजगारीको अवसर खुम्चिएको अवस्था छ । जमिनको उत्पादकत्व वृद्धि गर्न भूमिपतिसँग रहेको जग्गाको भोगचलन, कृषि मजदुरको श्रमको प्रयोग र पालिकाले कृषि उत्पादनमा गर्ने लगानीलाई एकीकृत गर्दै र तिनै पक्षको सुरक्षालाई ध्यानमा राख्दै एकीकृत चक्लाबन्दी जमिनको परिकल्पना गरिएको छ । यस पद्दतिबाट मात्र जमिनको उत्पादकत्व बढाउन सकिन्छ ।

बन्दीपुर २०२५ सालदेखि मानिसले छाडेको बस्तीका रूपमा परिचित थियो । करिब २०४० सालदेखि यसको पुनर्स्थापना हुँदै गएको हो । हाल पनि कतिपय जमिन बाँझै रहेका छन् । वडा नं. ४, १ र ५ मा सहरीकरणको विकास भएको छ । खेतीयोग्य जमिनमध्ये पनि बारीमा खेती गर्न छाडिएको छ भने पछिल्ला दिनमा सिँचाइ हुने खेत पनि बाँझो देखिन थालेका छन् । सुन्तला र दालका लागि प्रख्यात बन्दीपुरमा अब ती उत्पादन कमजोर हुन थालेका छन् । कुखुरा, बाख्रा, गाईभैँसीपालन व्यवसायमा केही युवाको उत्साह देखिए पनि जमिनको अभावका कारण पकेट क्षेत्रका रूपमा विकास गर्न सकिएको छैन । सरकारले कृषि क्षेत्रमा विकास गर्न ठूलो धनराशि लगानी गरेको भए पनि किसानबाट खासै लाभ लिन सकिराखेको अवस्था छैन । खेर गइराखेको वा बाँझो जमिन र कृषि पेसामा संलग्न श्रमलाई जोड्दै सरकारले छिट्टै प्रतिफल दिन सक्नेगरी लगानी गर्न सकेको अवस्था छैन । उत्पादन बढाउन पालिकाले लगानीलाई थप व्यवस्थित गर्न चक्लाबन्दी खेतीको अवधारणा अगाडि सारेको छ ।

#### औचित्य

नेपालको कुल जनसङ्ख्याको करिब ६६ प्रतिशत जनसङ्ख्या कृषिमा आधारित जनसङ्ख्या हो । १५औँ पञ्चवर्षीय योजनाको आधारपत्र अनुसार आ.व. २०७४/७५ अनुसार कृषि क्षेत्रको वृद्धिदर ४.३ प्रतिशत रहेको छ । सरकारले यो वृद्धिदरलाई करिब दोब्बर बनाउन खोजेको छ । कृषिमा आश्रित जनसङ्ख्यालाई व्यवसायी र प्रविधियुक्त बनाउन कृषि क्षेत्रको समग्र विकासलाई ध्यान दिइएको छ ।

कृषिलाई संस्कृति मान्ने वा व्यवसायको आधार मान्ने हो भन्ने विषयमा विज्ञदेखि सामान्य नागरिकमा द्विविधा रहेको अवस्था छ । कृषिलाई व्यवसायका रूपमा विकास गर्न औद्योगिकीकरणका रूपमा लगानी गर्न र सामूहिक उत्पादन एवम् बजारीकरण गर्न आवश्यक हुन्छ । संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थ व्यवस्थाको सिर्जना गर्न राज्यले कृषि क्षेत्रको सुधारका लागि लगानी गर्न आवश्यक हुन्छ । उद्योग क्षेत्रमा जस्तो तुरुन्तै उत्पादन वृद्धि हुने क्षेत्र कृषि होइन बरू यसमा केही समय पर्खनुपर्ने बाध्यता रहेको हुन्छ । एक पटकको लगानीले केही समय सम्मको उत्पादनमा सहजीकरण गर्न सक्दछ ।

कृषियोग्य जमिनलाई भूस्वामीले पालिकाको मध्यस्थतामा केही समयका लागि सम्झौता गरी स्थानीय सरकारलाई भोगचलनको अधिकार दिन सक्छन् । भूमिहीनले निश्चित समयको भोगाधिकार र सरकारको लगानीमा उत्पादन गर्न सक्छन् भने कृषि तथा पशुपालन सहकारीले आफ्ना सदस्यको मागका आधारमा पालिका सँगको साझेदारीमा जमिनको प्रयोग गर्न सक्दछन् ।

#### जमिनको एकीकरण गर्ने तरिका र विधि

बन्दीपुर गाउँपालिकाले जमिनको गुणस्तर अभिवृद्धि गरी रोजगारी र उद्यमशील विकासका लागि तयार भएका प्राविधिक एवम् व्यावसायिक जनशक्तिलाई उत्पादनको साधन र अवसर प्रदान गर्ने परिकल्पना

गरी जमिनको एकीकरण गर्न खोजिएको छ । एकीकरण जमिनलाई चक्लाबन्दीका रूपमा अन्न, दाल, तरकारी, बागबानी र पशुपालन एवम् पक्षीपालन पकेट क्षेत्र निर्धारण गरी भौतिक पूर्वाधार (बाटो, नहर, कुलो, कृषि जमिनमा गरा सुधार, कम्पोस्ट मल निर्माण प्रविधि, कोल्डस्टोर स्थापना, कृषि थोक बजार, सङ्कलन केन्द्र भेटनरी क्लिनिकको व्यवस्था आदि) को विकासमा पालिकाले लगानी गर्नेछ ।

**जमिनको एकीकरण गर्नुपूर्व पकेट क्षेत्रको घोषण गर्ने ।**

- बाख्रापालनको पकेट क्षेत्र निर्धारण गरी जमिनको एकीकरण ।
- गाईभैंसीपालन पकेट क्षेत्र निर्धारण गरी जमिनको एकीकरण ।
- कुखुरा लगायत पक्षीपालनको क्षेत्र निर्धारण ।
- अन्न र दाल बालीको उत्पादन क्षेत्र निर्धारण गरी जमिनको एकीकरण ।
- तरकारी (मौसमी तथा बेमौसमी) बालीको उत्पादन क्षेत्र निर्धारण गरी जमिन एकीकरण ।
- बागबानी उत्पादन क्षेत्र निर्धारण गरी जमिन एकीकरण ।
- मौरी तथा कीराजन्य उत्पादन क्षेत्र निर्धारण ।
- अन्य विशेष उत्पादन क्षेत्र निर्धारण ।

**जमिनको काम गर्न नसक्ने भूमिपतिलाई स्वयम् कुत निर्धारण गर्ने अवसर**

- आफ्नो जमिनमा विभिन्न कारणवश खेती गर्न नसक्ने भूमिपतिलाई आफ्नो जग्गाको क्षेत्रफल सहित वार्षिक उत्पादन हुने बालीको लिस्ट र आम्दानी हुने रकमको वास्तविक लगतका आधारमा पालिकालाई कम्तीमा १० वर्षका लागि उपभोग अधिकार दिनेगरी सम्झौता गर्न आह्वान गर्नेछ ।
- भूमिपतिबाट आएको प्रस्तावलाई वास्तविक रूपमा छानबिन गर्न सम्बन्धित वडाका वडाध्यक्ष सहितको समूहले वास्तविक कुतको दर वा परिमाण नगद वा जिन्सीका रूपमा निर्धारण गरी पालिकाका विज्ञ सहितको समूहमा पठाउनेछ ।
- भूमिपति र वडाको सिफारिसका आधारमा स्पष्ट कुतको दर परिमाण तोकी सम्झौतापत्र तयार गरिन्छ । सम्झौता पत्रमा जग्गाको कित्ता नं. नक्सा र चार किल्ला स्पष्ट तोक्नुपर्दछ । अमिनले नक्सा र कित्ता नं. का आधारमा जमिनको एकीकरण गर्दै उपभोग प्लटको नं. तयार गर्नेछन् ।
- पालिकाले यसरी आह्वान गरेको जग्गाको उपभोग प्लटलाई भूमि बैङ्क भनिनेछ ।
- पालिकाले आह्वान गर्दाको समयमा आफ्नो कुत सहितको प्रस्ताव लिएर नआउने तर जग्गा लगातार तीन आर्थिक वर्षसम्म पनि बाँझो जग्गा छाड्ने भूमिपतिलाई सार्वजनिक सूचना जारी गरी आउन अनुरोध गरिन्छ र अनुरोध गर्दाको पहिलो सूचनाबाट तीन महिना भित्रसम्म नआउनेको हकमा पालिकाले स्वयम् कुत निर्धारण गर्नेछ ।
- पालिकाले आफू पनि खेती नगर्ने र कुतको सम्झौता पनि गर्न नआउने भूमिपतिलाई दण्ड सहितको मालपोत दर तोक्नेछ । कानुन बनाई यस्तो मालपोत असुल गरिनेछ ।

**व्यवसाय गर्न चाहने व्यक्ति, समूह वा सहकारीले पालिकासँग जमिनको माग गर्न सक्ने**

- पालिकाले आफूसँग आबद्ध भएका उत्पादन समूह वा सहकारीलाई मात्र आफ्नो भूमि बैङ्कबाट निश्चित समय (कम्तीमा दस वर्षको भोगाधिकार) का लागि व्यवसाय सञ्चालन गर्न सम्झौता गरी चक्लाबन्दीका आधारमा जग्गा उपलब्ध गराउनेछ ।
- जग्गामा भाडामा लिने समूहले प्राप्त गर्ने जग्गामा जुन प्रयोजनका लागि सम्झौता गरिएको हो सोही

अनुसार उपभोग नगरेको देखिएको अवस्थामा पालिकाले सम्झौता रद्ध गर्नेछ ।

- पहिलो पाँच वर्ष वा पालिकाको कार्यकारिणीको विशेष निर्णयबाट पालिकाको बसोबास नगर्ने नागरिकको ५० प्रतिशतभन्दा कमको हिस्सेदारी रहेका समूह वा कम्पनी वा सहकारीलाई पनि सम्झौता गर्न सक्नेछ ।

## ३.७ निजी, सहकारी र सार्वजनिक साझेदारी र सामाजिक परिचालन क्षेत्र

### औचित्य

नेपाली समाजको विद्यमान असमानतालाई मसिनो गरी केलाउने हो भने ठोस स्वरूपमा दुई पक्ष देख्न सकिन्छ । पहिलो उत्पादनका स्रोत एवम् साधनमाथि र सामाजिक उत्पादकत्वमाथि केही समूहको समूल बहिष्करण हो भने, दोस्रोमा जीविकोपार्जन र उत्पादनका साधन, वस्तु तथा सेवामा हुने शोषण तथा सामाजिक बचतमा एक वर्गले अधिक लिने र अर्को वर्गलाई कम हिस्सा दिने प्रपञ्च वा हरण गर्नु हो । आर्थिक उत्पादन र उत्पादनका साधनमा ठगिने वर्ग वा शोषित र उत्पादन तथा उत्पादनका साधनमा आधिपत्य जमाउने वर्गका बीचको सामाजिक तथा राजनीतिक सम्बन्धको रूपान्तरण भनेको शासित र शासक वर्ग हो । वास्तवमा राज्यले सकारात्मक हस्तक्षेपकारी भूमिका नखेल्ने हो भने एक वर्गले सामाजिक स्वामित्वमा नियन्त्रण गर्दै जाँदा हुँदा खाने र हुने खाने बीचको दूरी वा खाडल गहिरिएर जानेगर्दछ । समाजवाद भनेको उत्पादन क्षमता, सामाजिक बचत र पुँजीको सञ्चितीमाथि सामाजिक स्वामित्व स्थापित गर्ने प्रवन्ध गर्नु हो । साधारणतया उत्पादन पद्दति, आर्थिक शक्ति एवम् सम्बन्ध र सामाजिक अन्तरविरोधमा सामूहिक निर्णय निर्धारण गर्ने कार्यविधिलाई मिहीन ढङ्गले कार्यान्वयन गर्ने व्यवस्था गर्नु समाजवादी योजना मानिन्छ ।

लोकतन्त्रिक समाजवादको अवधारणा भनेको राजनीतिक रूपमा नागरिकलाई राज्य सञ्चालन प्रक्रियामा निरन्तर रूपमा जिम्मेवार र सहभागी गराउनु हो भने आर्थिक रूपमा उत्पादन र उत्पादनका साधनको बाँडफाँडमा पहुँच स्थापित गर्नु तथा निर्णय प्रक्रियामा संलग्न गराउनु हो । निर्वाहमुखी कृषिमा आधारित नेपाली समाजलाई समाजवादी अवधारणा अनुरूप रुपान्तरण गर्न सरकारका योजनाले कृषिको उत्पादनमा सामूहिक सीप, सामूहिक योजना र सामूहिक इच्छा शक्ति जागृत गराउन सक्नुपर्दछ । कृषि उत्पादनलाई बजारमा प्रतिस्पर्धी बनाउन कृषि उत्पादनको लागत कम गर्ने वा सरकारको अनुदान बढाउने वा कृषकलाई प्रभावकारी उत्पादन सीप एवम् व्यावसायिक बन्न अभिवृद्धि गर्ने कुरामा जोड दिनुपर्दछ । निर्वाहमुखी कृषकको क्षमता अभिवृद्धि गर्न कृषि उत्पादन गर्ने सीपमा विकास, बजारमा माग अनुसार आपूर्ति गर्न सक्ने क्षमता, प्रविधिमा सबलीकरण र लागत कम गर्ने क्षमता जस्ता विषयमा कृषकलाई परिचालन गर्न खोजिएको छ । समुदायको आर्थिक समृद्धिका लागि साझा योजना, साझा प्रयास र समान क्रियाशील बनाउनुलाई नै समाजवादको प्रस्थान विन्दुका रूपमा ठहर गरिएको छ । अवधारणाका हिसाबले सहकारितामा आधारित समाजवादको अभ्यास गर्न खोजिएको छ । सहकारीको पद्दतिलाई समूह केन्द्रित गर्ने अवधारणा अगाडि सारिएको छ । सरल भाषामा भन्ने हो भने समाजमा विद्यमान ऐतिहासिक विरासतलाई आर्थिक तथा प्राविधिक रूपमा रूपान्तरण गर्न वा निर्धारण गर्न आर्थिक नीति र संस्थागत परिचालनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस्ता परिचालनले श्रमजीवीको आत्म स्वाभिमान जगाउन र सबै प्रकारका शोषण र उत्पीडनबाट मुक्त हुन प्रोत्साहन गर्ने प्रयास गर्दछ ।

नेपालको संविधानले नेपाली समाजको आर्थिक, सामाजिक संरचना, मौजुदा राज्यसत्ताको प्रकृति एवम् प्रवृत्तिको अवस्था र सामाजिक अन्तरविरोधको ठोस विश्लेषण गरी समाजवाद उन्मुख अर्थ व्यवस्थाको परिकल्पना गरेको छ । राज्यका निर्देशक सिद्धान्तले

सहकारी र निजी क्षेत्रलाई सरकारको साझेदारका रूपमा स्वीकार गरिसकेको अवस्थामा हाम्रो जस्तो सामाजिक अवस्था विद्यमान रहेको समाजमा सहकारी र निजी क्षेत्रको सिर्जना र प्रवर्द्धन गर्ने जिम्मेवारी पनि सरकारको रहेको छ । यस खण्डमा सहकारी, निजी क्षेत्र, राज्य संयन्त्रमा समावेशीकरण र बालमैत्री वातावरण सिर्जना गर्ने विषयलाई योजनाबद्ध रूपमा विकास गर्नेगरी योजना निर्माण गर्न खोजिएको छ । उत्पादन, आयआर्जन र बचत तथा परिचालनका कुरालाई समान रूपमा अगाडि बढाउने कोसिस गरिएको छ । उत्पादनका साधन र परिवारको क्षमताका आधारमा परिवारको वर्गीकरण, वर्गका आधारमा स्थानीय सरकारको सहयोग, सीप विकासमा सबैको समान अवसर र बचतलाई सामाजिक सुरक्षाका विधिका रूपमा ग्रहण गरिएको छ ।

### ३.७.१ निजी क्षेत्र सँगको साझेदारी

नेपालको संविधानले तीनखम्बे आर्थिक नीतिलाई राज्यको निर्देशक सिद्धान्तका रूपमा स्वीकार गरेको छ । निजी क्षेत्रलाई विकासको साझेदारका रूपमा स्वीकार गरी व्यवस्थित परिचालन गर्ने योजनासमेत निर्माण गरिसकेको अवस्था छ । बन्दीपुर गाउँपालिकाले पनि विगतदेखि नै निजी क्षेत्र सँगको साझेदारीमा कतिपय भौतिक पूर्वाधारका संरचना र पर्यटन व्यवसायको स्तरोन्नतिका कार्यक्रम सञ्चालन गर्दै आएको छ । विगतका सफलताका आधारमा यस गुरूयोजनाले निम्न अनुसारका विषयगत क्षेत्रमा निजी क्षेत्रको साझेदारीमा आयोजना तथा कार्यक्रम सञ्चालन गर्नेछ ।

#### (क) नीतिगत प्रावधान

- पर्यटन क्षेत्र तथा व्यवसायको विस्तारका लागि निजी क्षेत्रको संलग्नतामा बोर्ड गठन
- पर्यटन तथा सत्कारका लागि निजी क्षेत्रको परिचालन नीति तथा ऐन
- वन, कृषि तथा पशुपक्षी जन्य कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन नीति
- विद्युत् (जल, सौर्य) ऊर्जा उत्पादन, सिँचाइ आयोजना व्यवस्थापन नीति
- प्राविधिक स्कुल लगायतका विशेष गरी गुणस्तरीय शिक्षाका लागि नीति

#### (ख) संरचनागत निर्माणमा साझेदारी

- पर्यटन करिडोर निर्माणका लागि जग्गा अधिग्रहण र भौतिक संरचना निर्माण
- सांस्कृतिक तथा पुरातात्विक महत्वका स्थानको संरक्षण, पुनर्निर्माण र स्तरोन्नति
- प्राकृतिक स्रोत साधनको संरक्षण, प्रवर्द्धन र विस्तार (कृत्रिम सिमसार, चरा प्रजनन केन्द्र, विशेष प्रजातिका जडीबुटी, फूल, खाद्यान्न, वन्य जन्तु, सरिसृप आदि)
- सार्वजनिक स्थान, खेलमैदान, हल, पिकनिक स्थल आदिको निर्माणका लागि जग्गा अधिग्रहण र निर्माण
- साप्ताहिक हाटबजार, सङ्कलन केन्द्र आदिका लागि जग्गा अधिग्रहण र निर्माण

#### (ग) व्यवस्थापन र सञ्चालनमा साझेदारी

- पालिकाको स्वामित्वमा रहेको अचल सम्पत्ति, जग्गा, वन, चरन, पुरातात्विक, सांस्कृतिक महत्वका स्थान
- प्राकृतिक स्रोत साधनको संरक्षण, प्रवर्द्धनार्थ, सार्वजनिक स्थल, पिकनिक स्थलको संरक्षण र सरसफाइ
- साप्ताहिक हाटबजार र सङ्कलन केन्द्र
- जैविक विविधता संरक्षण, म्युजियम, चिडियाघर र चरा प्रजनन केन्द्र संरक्षण
- हिंसा प्रभावित, बेसहारा, असक्त र वृद्धवृद्धाको संरक्षण गृह

## (घ) निजी क्षेत्र सँगको साझेदारीका उद्देश्य

- सामुदायिक विकासका आयोजनाको दिगोपनाका लागि निजी क्षेत्रबाट व्यवस्थापन गर्न
- निजी क्षेत्रको व्यावसायिक क्षमताको विकास गर्न
- पालिकाको प्रशासनिक खर्च घटाउँदै आन्तरिक आय वृद्धि गर्न
- पालिकाको विकासको अभियानका सहभागिता बढाउन

## (ङ) साझेदारीको विधि

पालिकाले सहकारीलाई जस्तै निजी क्षेत्रलाई परिचालन गरी आय वृद्धिको अवसर प्रदान गर्नेछ । विशेष गरेर पर्यटन तथा अतिथि सत्कारको क्षेत्रमा सबैभन्दा बढी निजी क्षेत्रको लगानी गर्ने वातावरण तयार गर्न खोजिएको छ । पर्यटकको गन्तव्य स्थलको भौतिक पूर्वाधारमा विकास गर्न र दिगो व्यवस्थापन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिन्छ । वन, कृषि र पशुपक्षीजन्य कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन, ढुवानी, प्याकिङ, भण्डारणका लागि निजी क्षेत्रसँग साझेदारी गरिनेछ । पालिकाले सञ्चालन गर्ने विभिन्न आयोजना तथा कार्यक्रमको गुणस्तर कायम गर्नसमेत निजी क्षेत्रको विज्ञतालाई परिचालन गरिनेछ । निम्न बमोजिमको उद्देश्यका लागि साझेदारीका विधिलाई तल उल्लेख गरिएको छ ।

### १. सामुदायिक विकासका आयोजनाको दिगोपनका लागि निजी क्षेत्रबाट व्यवस्थापन गर्न

- पर्यटन गन्तव्य स्थलको दिगो सञ्चालनका लागि निम्न अनुसारका विधि अवलम्बन गरिनेछ ।
- बन्दीपुरको पर्यटन विकास र व्यवस्थापनका लागि पर्यटन बोर्ड गठन गरिनेछ । सञ्चालक समितिमा सात सदस्य रहनेछन् । उक्त समितिमा चार सदस्य पालिकाले मनोनीत गर्नेछ भने बाँकी सदस्य पर्यटन व्यवसायी तथा उद्योग वाणिज्य सङ्घले चयन गर्नेछ । बोर्डको अध्यक्ष र कोषाध्यक्षको छनौट कार्य समितिको बहुमतबाट गरिनेछ । कार्यकारी सचिव पालिकाको कर्मचारी हुनेछन् ।
- बोर्डको आर्थिक स्रोतको व्यवस्थापन पालिकाको निर्णय अनुसार हुनेछ । बोर्डले पर्यटन स्थल र व्यवसायबाट हुने वार्षिक आय र मर्मत, सम्भारको अनुमानित खर्च बजेट पालिकामा पेस गर्नेछ ।
- बोर्डले पुरातात्विक महत्वका स्थान, सांस्कृतिक सम्पदा जस्तै मन्दिर, कोट, किल्ला, करिडोर आदिको संरक्षण गर्न र त्यस्ता स्थानको सरसफाइ, मर्मत र सम्भार गर्न लाग्ने अक्षय कोषको स्थापना गर्नेछ ।
- नयाँ गन्तव्य स्थलको सम्भाव्यताको खोजी गर्ने, लगानीकर्तासँग समन्वय गर्ने ।
- होमस्टे समिति, व्यवसायीसँग समन्वय गर्ने, व्यावसायिक गुणस्तरको अनुगमन गर्ने ।
- वन, कृषि र पशुपक्षी कच्चा पदार्थमा आधारित उद्योग सञ्चालन गर्न विषयगत सहकारीको समन्वय समिति गठन गरिनेछ । उक्त समन्वय समितिले सम्भाव्यता अध्ययन गर्नेछ । लगानीकर्तासँग समन्वय गर्ने कार्य गर्नेछ र पालिकालाई सिफारिस गर्नेछ ।
- पालिकाले लगानीकर्तासँग आन्तरिक निर्णय गरी अन्तिम स्वीकृति प्रदान गर्ने, सम्झौता गर्ने र कार्यादेश प्रदान गर्नेछ ।

### २. निजी क्षेत्रको व्यावसायिक क्षमताको विकास गर्न

- निजी क्षेत्रको व्यावसायिक क्षमता अभिवृद्धिका लागि पर्यटन बोर्ड, विषयगत सहकारीको सिफारिस र राय अनुसार वार्षिक कार्यक्रम निर्माण गर्नेछ ।
- पालिकाले विषयगत विज्ञ तथा संस्थाको रोस्टर तयार गर्ने र समन्वय गर्ने छ ।
- पालिकाले आवश्यकता अनुसार प्रदेश र सङ्घीय सरकारसँग समन्वय गर्नेछ ।

**३. पालिकाको प्रशासनिक खर्च घटाउँदै आन्तरिक आयमा वृद्धि गर्ने**

- पालिकाको आन्तरिक प्रशासन खर्च घटाउन पर्यटन बोर्डका कार्यकारी सचिव र विषयगत सहकारीको समन्वय समितिको सचिवको मात्र व्यवस्था गर्नेछ ।
- पर्यटन स्थलको व्यवस्थापन, हाटबजार स्थल र सङ्कलन केन्द्रको व्यवस्थापन गर्ने कार्य निश्चित अवधिका लागि बोलकबोल दरमा भाडामा दिनेछ ।

**४. पालिकाको विकासको अभियानमा सहभागिता बढाउन**

- पालिकाले ऐतिहासिक महत्व, पुरातात्विक महत्व, स्थान र क्षेत्र बाहेकका अन्य पर्यटकीय स्थानमा भौतिक संरचना निर्माण गर्दा लगानीकर्ताको चाहनाका आधारमा स्मारक, स्मृति निर्माण गर्न प्रोत्साहन गर्ने र स्थानीय समुदायलाई विशेष सहुलियतको व्यवस्था गर्नेछ ।
- पालिकाले बचत तथा ऋण सहकारी र विषयगत सहकारीलाई लगानी गर्न कर विशेषमा छुट दिन सक्नेछ ।

**३.७.२ सहकारी प्रवर्द्धनका लागि सामाजिक परिचालन**

**(क) पृष्ठभूमि**

बन्दीपुर गाउँपालिकाका अधिकांश घर परिवारको मुख्य आय आर्जनको स्रोत कृषि, पशुपक्षीपालन र साना व्यवसाय रहिआएका छन् । गाउँमा छरिएर रहेका घरधुरीलाई कुनै न कुनै रूपमा सङ्गठित गर्नु र उत्पादनमूलक व्यवसायमा संलग्न गराउनुपर्ने मुख्य चुनौतीलाई सम्बोधन गर्न सामाजिक परिचालन र सहकारीको विधि ग्रहण गरिएको छ ।

सामाजिक परिचालन सामुदायिक विकासको मेरूदण्ड हो । सामाजिक परिचालन पद्दतिबाट मात्र गाउँपालिकाले परिकल्पना गरेका नीति, कार्यक्रम र आयोजनालाई नागरिकले अपनत्व ग्रहण गर्दछन् । बन्दीपुर गाउँपालिकाले सञ्चालन गर्ने हरेक कार्यक्रम नागरिकमा हक, अधिकार, समृद्धि र कल्याणमा समर्पित रहेका छन् । गाउँपालिकाका हरेक नागरिकलाई विकासका कार्यक्रमसँग जोड्ने उद्देश्यले असङ्गठित नागरिकलाई समूहमा सङ्गठित गर्ने र समूहलाई सहकारीमा समेट्दै आर्थिक समृद्धिको अभियानमा जोडिनेछ । समूहलाई विकासका सवाल र व्यक्तिगत क्षमता अभिवृद्धि क्रियाकलापमा संलग्न गरिनेछ । समूहमा आधारित सहकारी मार्फत नागरिकलाई वित्तीय पहुँचमा जोडिनेछ । सहकारीले समूहको उत्पादन, उत्पादनका साधन र बजार सम्बन्धको व्यवस्थापन गर्नेछ ।

**(ख) सामाजिक परिचालन र सहकारीको विकासको उद्देश्य**

- आ.व. २०७८ सम्ममा गाउँपालिकाका सम्पूर्ण घरधुरीलाई समूहमा आबद्ध गर्ने ।
- आ.व. २०७८ सम्ममा पालिकाका सम्पूर्ण घरधुरीलाई मापदण्डका आधारमा चार वर्गमा वर्गीकरण गरी आयआर्जनका कार्यक्रमको स्किम तयार गर्ने ।
- आ.व. २०७९ सम्ममा सम्पूर्ण समूहलाई वडा स्तरका बचत तथा ऋण सहकारीमा आबद्ध गर्ने ।
- आ.व. २०७८ सम्ममा सबै वडामा उत्पादन क्षेत्र पहिचान गरी उत्पादन समूह गठन गर्ने ।
- आ.व. २०८२ सम्ममा पालिका स्तरको उत्पादन सहकारीमा उत्पादन समूहलाई आबद्ध गरी सक्ने ।

**(ग) सामाजिक परिचालन र सहकारीको प्रवर्द्धन विधि**

**उद्देश्य नं. १,** आ.व. २०७८ सम्ममा गाउँपालिकाका सम्पूर्ण घरधुरीलाई समूहमा आबद्ध गर्ने ।

वडा कार्यालयले हरेक बस्तीमा रहेका विभिन्न आमा समूह, महिला समूह, बचत समूहको विवरण तयार गर्ने र नसमेटिएका घरधुरीको लगत निकाल्ने ।

नसमेटिएका घरधुरीलाई समेटेर नयाँ समूह गठन गर्ने । कुनै बस्ती वा टोलमा समूह गठन भइसकेको रहेछ तर केही घरधुरी नसमेटिएका रहेछन् भने पुरानै समूहमा समेट्ने कोसिस गर्नुपर्दछ ।

नयाँ गठन गरिएका र पुराना समूहका सबै घरधुरीलाई आयआर्जन, स्रोत तथा अन्य तोकिएको मापदण्ड अनुसार चार वर्गमा विभाजन गर्ने र सामाजिक नक्सा तयार गर्ने । (नोटमा हेर्नुहोस्)

समूहको विवरण तयार गर्ने, विवरण तयार गर्दा हरेक सदस्यका सम्पूर्ण विवरण (नाम, ठेगाना, नागरिकता नम्बर, बचत कम, ऋण कम)लाई अभिलेखन गर्ने । ती समूह कुनै सहकारी वा वित्तीय संस्थामा आबद्ध रहेछन् भने सदस्यता नं. वा ऋणी लगत नं. समेतको विवरण राख्नुपर्दछ ।

सबै समूहलाई वडाका टोल/बस्ती विकास संस्थामा आबद्ध गर्ने । ती संस्था सबै गाउँपालिकामा दर्ता गर्ने र वार्षिक कार्ययोजना तयार गर्न सहजीकरण गर्ने । वार्षिक कार्ययोजनामा घुम्ती गोष्ठीको कार्यक्रम आयोजना गर्ने कुरा अनिवार्य रूपमा समावेश गर्ने ।

गाउँपालिका भरिमा क्रियाशील विभिन्न बचत तथा ऋण सहकारी वा वित्तीय संस्थाको लगत तयार गर्ने र टोल स्तरका समूह वा आबद्ध भएका सदस्य जम्मा सहकारीमा कति आबद्ध भएका छन् विवरण तयार गर्ने । सहकारीमा आबद्ध हुन छुटेका घरधुरीलाई आ.व. २०७९ सम्ममा आबद्ध गर्नेगरी अभियान सञ्चालन गर्ने ।

समूहलाई वडा स्तरको बचत तथा ऋण सहकारीमा आबद्ध गर्ने, समूहमा आधारित बचत तथा ऋण सहकारी पद्दतिमा सबै वडामा एक/एक वटाका दरले सहकारी निर्माण गर्ने । वडामा रहेका पुराना सहकारी पहिलेदेखि नै क्रियाशील भएको अवस्थामा सोही सहकारीलाई प्रवर्द्धन गर्ने ।

एक वडामा एकभन्दा बढी सहकारी रहेको अवस्थामा त्यस्ता सहकारीलाई एक सहकारीमा आबद्ध गर्न सहजीकरण गर्ने ।

**उद्देश्य नं. २,** आ.व. २०७८ सम्ममा गाउँपालिकाका सम्पूर्ण घरधुरीलाई मापदण्डका आधारमा चार वर्गमा वर्गीकरण गरी आयआर्जनको कार्यक्रमको स्किम तयार पार्ने *(घरधुरी वर्गीकरणको तरिका र स्कोरलाई अनुसूची १ मा दिइएको छ)* ।

नेपालको संविधानले देशलाई समाजवादी मार्गमा लैजाने निर्देश गरेको छ । राज्यको निर्देशक सिद्धान्तले नेपालको विकासको संयन्त्रलाई समाजवाद उन्मुख गर्दै लैजाने कुरा उल्लेख गरेको छ । समाजवादको मुख्य ध्येय भन्नु नै सामाजिक न्यायमा आधारित स्रोत तथा साधनको उपभोग गर्ने अवसर नागरिकमा सुनिश्चित गर्नु रहेको छ । अतः बन्दीपुर गाउँपालिकाले आफ्ना विकासका प्रयासलाई सामाजिक न्यायका आधारमा स्रोतविहीन नागरिक समक्ष पुऱ्याउने प्रयास स्वरूप आफ्ना सबै घरधुरीलाई चार वर्गमा वर्गीकरण गरेको छ । माथि उद्देश्य नं. १ अनुसार वर्गीकरण गरिएका घरधुरीको समूहलाई लक्षित हुनेगरी आयआर्जन र लघु पूर्वाधार विकासका स्किमको आयोजना गरिन्छ । यस्ता स्किमका साथसाथै स्वास्थ्य बिमा, बचतसँग जोडपुँजी वृद्धि कार्यक्रम र सामाजिक सुरक्षाका कार्यक्रम गरिन्छ । गरिबी न्यूनीकरण कार्यक्रम गरी अति गरिबीको रेखामुनि रहेको परिवारलाई गरिबीको दुष्चक्रबाट उठ्न सहयोग गरिन्छ । समूह 'क' र 'ख'लाई क्रमशः विशेष लक्षित कार्यक्रम र समूह 'ग' र 'घ'लाई सामुदायिक सशक्तीकरणको प्रक्रियामा आबद्ध गरिनेछ । 'क' र 'ख' वर्गका समूहलाई कार्यक्रममा समेट्न निम्न अनुसारको प्रक्रिया अवलम्बन गरि नेछ ।

- समूह 'क' र 'ख' सङ्केत राखी समूहको सामाजिक

नक्सा र स्रोत नक्सा तयार गरिन्छ ।

- छिटो प्रतिफल दिने र स्थानीय बजारको माग अनुसार उपलब्ध स्रोतको परिचालन हुन सक्नेगरी लद्यु उद्यमको कार्यक्रम तर्जुमा गरिनेछ ।
- स्थानीय बजारको माग बमोजिम सेवा दिन सक्नेगरी प्राविधिक सीप र बीउ पुँजीको व्यवस्था गरिनेछ । उनीहरूका लागि गाउँपालिकाको सहजीकरणमा वित्तीय पहुँचको विशेष कार्यक्रम आयोजना गरिनेछ ।
- स्वास्थ्य बिमा, दुर्घटना बिमा, वस्तु बिमा, शिक्षा बिमा र सामाजिक सुरक्षा बिमाका विशेष कार्यक्रम लागु गरिनेछ ।
- पालिकाको सामाजिक शाखाले विशेष अनुगमन र फलोअपको कार्यक्रम राख्नेछ ।

**उद्देश्य नं. ३, आ.व. २०७९ सम्ममा सम्पूर्ण समूहलाई वडा स्तरका बचत तथा ऋण सहकारीमा आबद्ध गर्ने ।**

वर्तमान अवस्थामा नेपाली परम्परागत समाजको रूपान्तरण मौद्रिक कारोवारमा आधारित भइराखेको छ । वित्तीय पहुँच अभिवृद्धिका लागि मौद्रिक कारोवारको अनिवार्य सर्तका रूपमा मानिन्छ भने पारिवारिक आर्थिक सुरक्षाको ध्येय पनि मौद्रिक कारोवार हुन पुगेको छ । हरेक परिवारको आर्थिक सुरक्षा र वित्तीय स्रोतमा पहुँच अभिवृद्धि गर्न बन्दीपुर गाउँपालिकाले सबैलाई बचत तथा ऋण सहकारीमा आबद्ध गराउने लक्ष्य लिएको छ । हरेक वडामा कम्तीमा एक/एक वटा बचत तथा ऋण सहकारी परिचालन गर्ने लक्ष्य लिइएको छ । आवश्यकता र क्षमताका आधारमा सहकारीका अन्य सेवा केन्द्र विस्तार गर्दै जान सकिन्छ । सहकारी विकासका विभिन्न मोडलमध्ये समूहमा आधारित बचत तथा ऋण सहकारीको मोडलबाट सबै घरधुरी समेट्न सकिने भएको हुँदा यस मोडेललाई अङ्गीकार गरिएको छ । पालिकाका सबै घरधुरीलाई बचत तथा ऋण सहकारीमा आबद्ध गर्न निम्न अनुसार कार्य गरिनेछ ।

- पालिकाका सबै बचत तथा ऋण सहकारीको डाटाबेस लगत तयार गरिनेछ । सहकारीको लगत तयार गर्दा चालू आ.व. देखि तीन वर्षको विवरण (सेयर सदस्य सङ्ख्या र रकम, बचत कर्ताको सङ्ख्या र रकम, ऋणी सङ्ख्या र लगानी रकम, लगानी असुली, ब्याज दर र अन्तर्राष्ट्रिय क्रेडिट युनियनका मापदण्ड अनुसार संस्थागत विकासका सूचक) का आधारमा गरि नेछ ।
- डाटाबेस विवरणका आधारमा सहकारीलाई आफ्नो सदस्यता र कारोवार वृद्धि गर्न व्यावसायिक योजना निर्माण गर्न सहजीकरण गरिनेछ । सहकारीका सञ्चालक समितिको इच्छा र व्यावसायिक योजनाका आधारमा दुई वर्षसम्म क्षमता अभिवृद्धि गर्न नसक्ने सहकारीलाई आपसी मिलानको (मर्जिङ स्किम) कार्यक्रम सञ्चालन गरिनेछ । मर्जिङ गर्दा पायक पर्ने वा सम्बन्धित वडामा मिल्ने गरी गरिनेछ । सहकारी नभएका वडामा समूहका आधारमा नयाँ सहकारी गठन गरिनेछ । सहकारी सिद्धान्त र मान्यताका आधारमा कारोवार गर्न सहजीकरण र अनुगमन गरिनेछ ।
- सहकारीको कारोवार, व्यावसायिक आत्मनिर्भरताका लागि भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्दै अनलाइन वा मोबाइल सेवामा कारोवार गर्न सक्नेगरी क्षमता अभिवृद्धि गरिनेछ ।
- पालिकाले सञ्चालन गर्ने आयआर्जनको व्यावसायिक स्किममा सहयोग गर्दा हरेक परिवारको बचत रकममा आवश्यकता अनुसार क' वर्गलाई शतप्रतिशत, 'ख' वर्गलाई ५० प्रतिशत, ' ग' वर्गलाई २५ प्रतिशत र 'घ' वर्गलाई प्रोत्साहन स्वरूप कर वा राजस्वमा छुट जस्ता कार्यक्रम अख्तियार गर्नेछ ।

**१. समूहमा आधारित बचत तथा ऋण सहकारीका सामान्य अवधारणा :**

वास्तवमा सहकारी ऐन तथा नियमावलीले व्यक्तिगत सदस्यताका आधारमा सहकारीको परिकल्पना मात्र गरेका छन् तर व्यावहारिक अभ्यासका आधारमा समूहमा आधारित बचत तथा ऋण सहकारी नै प्रभावकारी र सामूहिक लाभका लागि उपयोग र नतिजामुखी देखियो । यसको नतिजा र प्रभावकारिताको कारण नै यस्तो सहकारीलाई छलफलमा प्रस्तावित गरिएको हो । कम्तीमा २५ व्यक्तिसँग छरिएर रहेको पुँजी सङ्कलन गरी बचत तथा ऋण सहकारीको गठन र परिचालन गर्न सकिने व्यवस्था कानुनमा उल्लेख छ । तर विपन्न र स्रोत साधनबाट पछाडि पर्न बाध्य समुदायलाई लक्षित गरी सरल तथा दिगो व्यवस्थापन र सबैको समान पहुँच निर्माण गर्न हाल सम्मको प्रभावकारी सहकारी सञ्चालनको मोडलमा समूहमा आधारित सहकारी नै रहेको पाइन्छ । समूहमा आधारित सहकारीलाई निम्न आधारमा पहिचान गर्न सकिन्छ । किनकि यस्ता सहकारीले समूह समूहको सहकार्य, समान र निश्चित भूगोलमा बसोबास, बचत तथा ऋणको कारोवार गर्ने उद्देश्य, सङ्घीय संरचना, सहकारीको सदस्यताका लागि समूहको सिफारिस, समूहको जमानीका आधारमा कारोवार र सामूहिक नीति तथा नियमावलीको निर्माण जस्ता समावेशी लोकतन्त्रको अभ्यास गरेका हुन्छन् ।

**२. समूहमा आधारित बचत तथा ऋण सहकारीको गठन तरिका :**

धेरै समूहमा फरक विचार र आपसी आशङ्का रहेको हुँदा यस्ता सहकारीको गठन गर्ने तरिका केही समय लाग्ने र सबैमा धारणागत एकरूपता ल्याउने प्रयास गर्नुपर्ने हुन्छ । गठन भइसकेपछि यस्ता सहकारीको दिगोपना र संस्थागत विकास राम्रोसँग हुने कुरामा सबै सहमत छन् । यस्ता सहकारी गठन गर्दा निम्नलिखित आधारमा गरिन्छ ।

- सबै टोल तथा बस्तीमा समूहको गठन गर्ने र समूहका सदस्यबीच जिम्मेवारी बाँडफाँड गर्ने
- नियमानुसारको एकै भूगोलमा सञ्चालनमा रहेका समूहको एकीकरण गर्ने
- समान उद्देश्य र चाहना राख्ने समूहको बीचमा सहकार्य गर्दै जाने
- समूहको बीच राम्रा र सकारात्मक पक्षलाई स्वीकार गर्ने
- पुँजी सञ्चयमा असमानता भए समानता ल्याउने दृढताका साथ काम गर्ने
- पुँजी परिचालन र तरलताका आधारमा सहकारीको आकार तोक्न सकिने
- नेतृत्वको क्षमता र व्यवस्थापनको कुशलतामा विकास गर्ने
- सहकारी र समूहको दिगोपनको विश्लेषण र आँकलन गर्ने

**३. समूह सहकारीमा जाने विधि :**

- प्रत्येक समूहले साधारण सभा गरी सहकारीमा जाने निर्णय गर्ने
- प्रत्येक समूहबाट अन्तरसमूह भेलामा जाने प्रतिनिधिको चयन गर्ने
- अन्तरसमूह भेलामा सहकारीको किसिम, औचित्य, परिकल्पनाका बारेमा स्पष्ट भइसकेपछि मात्र दर्ता गर्ने
- कम्तीमा आवश्यक सङ्ख्या बराबरका सदस्य तयार गर्ने र अन्य सदस्यमा क्रमशः जाने
- बचत नीति, ऋण नीति र पाँच वर्षे व्यावसायिक योजनाको निर्माण गर्ने । तदर्थ समिति लगायत विभिन्न उप-समितिको गठन गरी कामको विभाजन गर्ने र सामूहिक नेतृत्वको अभ्यास गर्ने ।

- नियमित साधारण सभाको तयारी राम्ररी गर्ने र सञ्चालक समितिले समूहमा प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धी छलफल गर्न दस्तावेजसहित प्रतिनिधि पठाउने र समूहको राय तथा सुझाव पेस गर्ने ।
- सहकारीको आर्थिक अवस्थाको लेखाजोखा नाफा नोक्सानको मापदण्डका आधारमा अध्ययन गर्ने
- सहकारीको स्किम र सदस्यलाई अतिरिक्त लाभ के हुन सक्छ ? छलफल गर्ने ।
- सहकारीको संरचना र सुशासनको अवस्था बारेमा छलफल गर्ने ।

**४. सहकारीले समूहलाई ग्रहण गर्ने विधि :**

- ऐन र नियमावली अनुरूप कार्यक्षेत्रभित्र पर्छ कि पर्दैन ? एकिन गर्ने ।
- समूहको उद्देश्य वा लक्ष्य र सहकारीको विषयगत क्षेत्र मिल्ने वा नमिल्ने एकिन गर्ने ।
- समूहको विगतको आर्थिक कारोवार कस्तो छ ? हेर्ने ।
- समूहका सदस्यको प्रतिबद्धता कस्तो छ ? लेखाजोखा गर्ने ।
- समूहका पदाधिकारीमा त्याग वा स्वयंसेवाको अवधारणाको लेखाजोखा गर्ने ।
- समूहले सहकारीमा आबद्ध हुन राखेका सर्त सान्दर्भिक छन् छैनन् अध्ययन गर्ने ।
- सहकारीका नियम, नीति र व्यावसायिक योजना तथा कार्यक्रमको पालना गर्न तयार भए नभएको हेर्ने

**५. समूहमा आधारित बचत तथा ऋण सहकारीको बचत तथा ऋण परिचालन पद्दति**

समूहमा आधारित सहकारीको सबैभन्दा सकारात्मक पक्ष भनेको भाखा म्यादभित्रै ऋण असुली हुनु हो । ऋण लगानीका क्रममा समूहको जमानी र निगरानी तथा निर्णयबाट मात्र गरिन्छ । बचत जम्मा गर्ने र ऋणको लगानी गर्दा निम्न अनुसारको प्रक्रिया अवलम्बन गरिन्छ ।

- समूहको बैठक बसी बचत गरेकै दिनमा ऋणको मागसमेत सङ्कलन गरिन्छ ।
- पहिले नै ऋण लिएका वा ऋण जमानीमा बसेकाको निवेदन ग्रहण गरिँदैन ।
- ऋणको माग गर्ने सदस्यका प्राथमिकता र सिफारिसको निर्णय समूहले गर्दछ ।
- समूहबाट सिफारिस भइआएका ऋण माग निवेदनउपर ऋण उपसमितिले प्रक्रिया तथा प्राथमिकता हेरी सञ्चालक समितिमा पेस गर्दछ ।
- सञ्चालक समितिले कोषको अवस्था र मागको प्राथमिकता अनुसार निर्णय गर्दछ ।
- सञ्चालक समितिको निर्णय अनुसार आवश्यक अभिलेख तयार गरी व्यवस्थापकबाट भुक्तानी हुन्छ ।
- विपन्नता, राम्रो सम्भावना भएको स्किम, उद्यमशील र प्रस्तावित अवसरलाई सञ्चालक समितिले निर्णय गर्दा ग्राह्यतामा राख्दछ ।

**६. समूहमा आधारित सहकारीका फाइदा :**

- समूहबीच साझा सञ्जाल निर्माण हुने ।
- सामाजिक रूपमा उठेका साझा सवालमा सबैको ऐक्यबद्धता रहने ।
- अति विपन्न, दलित, गरिब वित्तीय सेवाका आबद्ध हुन सक्ने ।
- सामूहिक नेतृत्वको विकास हुने र सबैलाई नेतृत्व विकासको अवसर रहने ।
- बचत सङ्कलन ठीक समयमा हुने र सदस्यको

समय बचत हुने ।

- ऋण असुलीमा समूहको पनि जिम्मेवारी हुनेहुँदा सहकारीमा कम जनशक्ति लाग्ने ।
- सहकारीको पुँजीको वृद्धि छिटो हुने ।
- ऋणको भाखा म्याद नाघ्ने सम्भावना कम हुने ।
- सबै टोल बस्तीका घरधुरीलाई सहकारी अभियानमा समेट्न सकिने ।
- समुदायमा सूचनाको आदानप्रदान छिटो हुने ।
- समुदायमा आधारित दिगो वित्तीय संस्था तयार हुने ।

**७. समूहमा आधारित सहकारीका केही सीमा :**

- समूहमा आबद्ध हुन छुटेका मानिसलाई समेट्न नसकिने
- ऋण दिन र लिन केही समय लाग्न सक्ने
- बचत दरमा एकरूपता ल्याउनुपर्ने हुँदा तुलनात्मक रूपमा कम दरको बचत सङ्कलन हुने ।
- समूहको सञ्जालका रूपमा सहकारी विकास हुनेहुँदा नेतृत्वलाई दबाब र झन्झट लाग्न सक्ने
- प्रारम्भमा समूहबीच शङ्का उपशङ्का हुने र पछि नेतृत्व गर्न होडबाजी हुने । गुट निर्माण हुन सक्ने ।
- प्रारम्भमा समूहबाट ऋणको माग बढी आउन सक्ने तर पछि पुँजीको आकार बढ्नेहुँदा व्यवस्थापनमा कुशलताको आवश्यकता पर्ने ।
- पुँजीगत क्षमतासँगै नेतृत्वका लागि दलगत राजनीतिको टकरावको सम्भावना रहने ।

**८. नेतृत्व प्रणालीमा मनन गर्नैपर्ने पक्ष**

सहकारीमा नेतृत्व विकासको अवसर सबैलाई भए पनि धेरै समूहको सञ्जाल भएकाले नेतृत्व विकासका लागि केही मनन गर्नैपर्ने प्रणाली विकास गर्नुपर्दछ । नेतृत्वमा निर्वाचनभन्दा सर्वसम्मत प्रणालीलाई प्राथमिकता दिइन्छ तर पनि केही मान्यता निर्वाचन वा मनोनीत गर्दा मनन गर्नुपर्दछ ।

- सबै भूगोल वा वडाको प्रतिनिधित्व गर्ने
- समावेशी आधारमा जातीय प्रतिनिधित्व गर्ने सिमाना
- सहकारी विकासमा विगतदेखि योगदान दिँदै आएको नेतृत्वलाई बाहिर पार्नुहुँदैन
- धेरैभन्दा धेरै समूहको विश्वास आर्जन गर्न सक्ने व्यक्तिको प्रतिनिधित्व गर्ने
- सदस्य सङ्ख्या र कारोवारको आयतन अनुसार नेतृत्व दिन सक्ने नेता नछुटाउने
- सहकारीका समृद्धि र सुशासनका लागि दूर दृष्टि, व्यावसायिक योजना निर्माण गर्न सक्ने व्यक्तिलाई राख्ने
- सबैलाई समान रूपमा व्यवहार गर्ने, समय दिन सक्ने र स्वस्फूर्त समाज सेवाको भावना भएका व्यक्ति राख्ने ।

**उद्देश्य नं. ४, आ.व. २०७८ सम्ममा सबै वडामा उत्पादन क्षेत्र पहिचान गरी उत्पादन समूह गठन गर्ने ।**

बन्दीपुर गाउँपालिकाले विशेषज्ञको राय, राष्ट्रिय बजारको माग, किसानको इच्छा र चाहनालाई ध्यानमा राखी भूगोलका आधारमा पाँच विशेष उत्पादन वस्तुको प्राथमिकताका आधारमा वडालाई विभाजन गर्नेछ । पाँच विशेष उत्पादन वस्तुमध्ये तीनवटा परम्परागत उत्पादनलाई व्यावसायिक र सामूहिक उत्पादनमा स्तरोन्नति गर्दै लगिनेछ भने दुईथरि उच्च मूल्यका बालीलाई उत्पादन गर्न प्रोत्साहन गरिनेछ । पालिकाले कृषि, बागबानी, पशुपक्षीपालनको व्यावसायिक विकासका लागि

दीर्घकालीन व्यावसायिक नीति निर्माण गर्नेछ । उक्त व्यावसायिक नीतिले अनुदान, ऋण, मेसिन, बीउका जात, नश्ल, बजार प्रवर्द्धनका लागि निजी क्षेत्रको लगानी र व्यावसायिक उत्प्रेरणा गर्नेगरी प्राविधिक विषयमा सिफारिस गर्नेछ । व्यावसायिक नीति तयार गर्दा बीउदेखि उपभोक्ताको जिउसम्म वा आलीदेखि थाली सम्मको चक्र वा सिखीमा संलग्न पक्षको लेखाजोखा गरिन्छ । पाँच विशेष उत्पादनका आधारमा वडा स्तरका उत्पादन समूह गठन गरिन्छ । एक उत्पादन क्षेत्रभित्र विभिन्न उत्पादन समूह रहन सक्दछन् । उत्पादकको चाहना र कारोवारको परिमाण अनुसार निज कुनै पनि उत्पादन समूहमा रहन वा वस्न सक्दछन् तर उत्पादन समूहका लागि कृषि विकास शाखाबाट प्रसार शिक्षाको नियमित रूपमा सञ्चालन हुने अनुशिक्षण कक्षामा अनिवार्य सहभागिता हुनुपर्दछ । अनुशिक्षण कक्षालाई आधारभूत तह वा श्रेणी एक, मध्यम स्तरीय दक्षता हासिल तह वा श्रेणी दुई र विषयगत विज्ञता तह वा श्रेणी तीन गरी विभाजन गरिएको छ । अनुशिक्षणलाई सहभागिताको क्रेडिट समय र विषयगत अभ्यास परीक्षण अनुसार तय गरिनेछ । उत्पादकको सीप परीक्षण जाँचलाई कृषि तथा पशुपक्षीपालन विकास समितिले प्रदेश सरकार, शिक्षा मन्त्रालय, सीप परीक्षण बोर्डसँग समन्वय गरी स्तर वा श्रेणी मापन गरिनेछ । आधारभूत तह वा श्रेणी एक सबै उत्पादकको अनिवार्य सर्त हो भने त्यस पछिका तहगत परीक्षण उत्पादनकर्ताको विशेष चाहना र इच्छा अनुसार व्यवस्था गरिनेछ । यी उत्पादन समूह उत्पादक सहकारीका मुख्य साझेदार पनि हुन् । पालिकाले आ.व. २०७८ सम्ममा सबै वडामा उत्पादन क्षेत्र निर्धारण गरी सक्नेछ । उत्पादनका आधारमा हरेक उत्पादनकर्ता सदस्य रहनेगरी पालिका स्तरीय विषयगत सहकारी गठन गरिनेछ ।

**(क) उत्पादन समूहको गठन र परिचालन विधि**

पालिकाले निर्धारण गरेको उत्पादन पकेट क्षेत्रभित्र जग्गा, जमिन भएको कम्तीमा दसदेखि बढीमा तीस व्यक्तिको समूह गठन गरिन्छ ।

उत्पादन सम्बन्धी आधारभूत प्रशिक्षणको सैद्धान्तिक कक्षामा कम्तीमा ७५ प्रतिशत सहभागिता रहन्छ ।

एक उत्पादन समूहमा एक वर्षमा कुनै एक कृषि, बागबानी, पशुपक्षीपालन सम्बन्धी आधारभूत वा स्तर एकको प्राविधिक सीप विकास प्रशिक्षण सञ्चालन गरिन्छ ।

बहु उत्पादन समूह बनाउन सकिन्छ तर एक वर्षमा बढीमा दुई विषयमा मात्र अनुशिक्षणमा सहभागी हुन सक्ने ।

हरेक टोल वा बस्तीमा बचत समूह अनिवार्य गठन गरिने भएको हुँदा उत्पादन समूहलाई बचत अनिवार्य गरिनेछैन ।

उत्पादन समूहमा संयोजक, उपसंयोजक र व्यवस्थापकको व्यवस्था गरिन्छ भने अन्य सहभागी व्यावसायिक सदस्यका रूपमा रहनेछन् ।

प्रशिक्षार्थीको हाजिरी र ग्रेड परीक्षणको नतिजा अभिलेख समूहको व्यवस्थापक र स्रोत व्यक्तिसँग रहन्छ ।

उत्पादन समूहलाई सीप र व्यावसायिक योजनाका आधारमा क्रमशः उत्पादनलाई प्रतिस्पर्धी, बजारमुखी र नाफाको आधारमा स्तरोन्नति गर्दै जाने लक्ष्यमा केन्द्रित गरिन्छ ।

समूहले विषयगत रूपमा आपसी सहमतिमा घुम्ती गोष्ठीको आयोजना गर्नेछन् र गोष्ठीमा समूहका तर्फबाट संयोजक, उपसंयोजक र व्यवस्थापकमध्ये एक जनाले प्रतिनिधित्व गर्नेछन् ।

घुम्ती गोष्ठीमा उत्पादनको गुणस्तर, बजार माग, ढुवानी प्रणाली, प्रशोधन र भण्डारण जस्ता विषयमा नियमित व्यवस्थापनका विषयमा छलफल

हुनेछ । गोष्ठीको निर्णयलाई प्रतिनिधि मार्फत समूहमा जानकारी दिने वा कार्यान्वयन गरिनेछ ।

समूहले अनुशिक्षणपछि कम्तीमा दुई वर्षको व्यावसायिक योजना निर्माण गर्नेछन् र त्यसको जानकारी कृषि तथा पशुपक्षी विकास शाखा र विषयगत सहकारीमा पठाउनेछन् ।

सीप श्रेणी स्तर १ पछि सहभागीको आवश्यकता र चाहना अनुसार अन्य श्रेणीको अनुशिक्षणको व्यवस्था गरिन्छ ।

**(ख) उत्पादन समूह र विषयगत सहकारी बीचको अन्तरसम्बन्ध**

उत्पादन समूहको घुम्ती गोष्ठीमा पालिकाभित्र एक महिनाभित्र उत्पादन हुने वस्तुको परिमाण, गुणस्तर, लागत र उत्पादन केन्द्रको किटानी र सङ्कलन केन्द्र वा स्थानीय बजारको मागको लेखाजोखा गरिन्छ ।

पालिका स्तरमा गठन गरिने विषयगत सहकारीका सदस्य उत्पादनकर्ता भए पनि उत्पादन समूहको समग्र व्यावसायिक योजनालाई कार्यान्वयन, समन्वय, भण्डारण, प्रशोधन र बजार विस्तार गर्नु विषयगत सहकारीको पहिलो कर्तव्य रहन्छ ।

उत्पादन समूह गठन गरेको पहिलो वर्ष आधारभूत सीप विकासमा जोड दिइन्छ भने दोस्रो वर्षदेखि व्यावसायिक उद्यमशील बनाउन जोड दिइन्छ । सहकारीले व्यावसायिक उद्यमशील व्यक्तिलाई सहयोग गर्दछ ।

उत्पादकको बारी वा खेतबाट स्थानीय बजार वा सङ्कलन केन्द्र सम्मको पहुँचलाई सुलभ र प्रभावकारी रूपमा पुऱ्याउने योजनालाई समूहको घुम्ती गोष्ठीको योजना अनुसार जिम्मा लिने समूहबाट गरिन्छ । घुम्ती गोष्ठीले निर्माण गरेको योजना अनुसार उत्पादित वस्तुको प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने वा कारोवार गर्ने कार्य विषयगत सहकारीले गर्नेछ ।

**उद्देश्य नं. ५, आ.व. २०८२ सम्ममा पालिका स्तरका विषयगत सहकारीमा उत्पादन समूहलाई आबद्ध गरिसक्ने ।**

**१. उत्पादन समूहमा आधारित विषयगत सहकारीका अवधारणा :**

नेपाल सरकारले सहकारीलाई दर्ताका हिसाबले स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारको अधिकार क्षेत्रभित्र राखेको पाइन्छ । यस खण्डमा उल्लेख गरिएको सहकारीलाई स्थानीय सरकारमा दर्ता हुने सहकारीको कोटिमा राखिएको छ । कृषि, बागबानी, पशुपक्षीपालन लगायतका कृषि तथा पशुपालन व्यवसायमा आधारित उत्पादनसँग सम्बन्धी व्यवसायी र कृषकको सहकारीलाई मूलरूपमा विषयगत सहकारीका रूपमा चर्चा गरिएको छ । अन्न, दलहन, तरकारी, बीउ, दूध, मह, माछा, बाख्रा, कुखुरा, अन्य पक्षी, फूल, फलफूल, होमस्टे सेवा, हस्तकला, जडीबुटी आदि क्षेत्रमा संलग्न उत्पादकलाई समावेश गरिने सहकारीलाई विषयगत सहकारी भनिएको छ ।

**२. उत्पादन समूहमा आधारित विषयगत सहकारीको गठन तरिका :**

- पालिकाका हरेक वडामा स्थापना गरिएका उत्पादन पकेट क्षेत्रमा उत्पादन समह गठन गरिन्छ ।
- उस्तै उत्पादन समूहलाई पालिका स्तरको एक विषयगत सहकारीमा आबद्ध गरिन्छ ।
- उत्पादनको विशेषताका आधारमा कतिवटा विषयगत सहकारी गठन तथा परिचालन गर्ने कुराको निर्णय कृषि, बागबानी, पशुपक्षीपालन लगायतका अन्य ग्रामीण उत्पादनका आधारमा पालिकाले तोक्नेछ ।
- समान उद्देश्य र चाहना राख्ने उत्पादन समूह

बीचमा सहकार्यलाई सबल बनाउँदै लगिनेछ ।

- उत्पादन समूहबीच राम्रा र सकारात्मक पक्ष तथा अवसरलाई स्वीकार गरिनेछ ।
- उत्पादन समूहको सीप क्षमता विकास र उत्पादन व्यवस्थापनको कुशलतामा अभिवृद्धि गरिनेछ ।
- सहकारी र उत्पादन समूहको दिगोपनको विश्लेषण र आँकलन गरिनेछ ।

**३. समूह सहकारीमा जाने विधि**

- प्रत्येक उत्पादन समूहले साधारण सभा गरी सहकारीमा जाने निर्णय गर्ने
- प्रत्येक उत्पादन समूहबाट सहकारी भेलामा जाने प्रतिनिधिको चयन गर्ने
- उत्पादन समूहका प्रतिनिधि भेलामा सहकारीको किसिम, औचित्य, परिकल्पनाका बारेमा स्पष्ट भइसकेपछि मात्र दर्ता गर्ने
- कम्तीमा आवश्यक सङ्ख्या बराबरका सदस्य तयार गर्ने र अन्य सदस्यमा क्रमशः थप गर्दै जाने
- फर्मको उत्पादन नीति, ऋण तथा लगानी नीति र दुई वर्षे व्यावसायिक उत्पादन योजनाको निर्माण गर्ने । तदर्थ समिति लगायत विभिन्न उप-समिति गठन गरी कामको विभाजन गर्ने र सामूहिक नेतृत्वको अभ्यास गर्ने ।
- नियमित साधारण सभाको तयारी राम्ररी गर्ने र सञ्चालक समितिले समूहमा प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धी छलफल गर्न दस्तावेजसहित प्रतिनिधि पठाउने र समूहको राय तथा सुझाव पेस गर्ने ।
- सहकारीको आर्थिक अवस्थाको लेखाजोखा नाफा नोक्सानको मापदण्डका आधारमा अध्ययन गर्ने
- सहकारीको स्किम र सदस्यलाई अतिरिक्त लाभ के हुनसक्छ ? छलफल गर्ने ।
- सहकारीको संरचना र सुशासनको अवस्था बारेमा छलफल गर्ने ।

**४. विषयगत सहकारीले समूहलाई ग्रहण गर्ने विधि :**

- ऐन र नियमावली अनुरूप कार्य क्षेत्रभित्र पर्छ कि पर्दैन ? एकिन गर्ने ।
- समूहको उद्देश्य वा लक्ष्य र सहकारीको विषयगत क्षेत्र मिल्ने वा नमिल्ने एकिन गर्ने ।
- समूहको विगतको आर्थिक कारोवार कस्तो छ ? हेर्ने ।
- समूहका सदस्यको प्रतिबद्धता कस्तो छ ? लेखाजोखा गर्ने ।
- समूहका पदाधिकारीमा त्याग वा स्वयंसेवाको अवधारणाको लेखाजोखा गर्ने ।
- समूहले सहकारीमा आबद्ध हुन राखेका सर्तको सान्दर्भिकता अध्ययन गर्ने ।
- सहकारीका नियम, नीति र व्यावसायिक योजना तथा कार्यक्रमको पालना गर्न तयार भए नभएको हेर्ने ।

**४. समूहमा आधारित सहकारीका फाइदा :**

- समूहका बीच साझा सञ्जाल निर्माण हुने ।
- समूह मार्फत सबै उत्पादक फर्मका बीच साझा उत्पादनमा ऐक्यबद्धता रहने ।
- उत्पादन फर्म वित्तीय सेवाका आबद्ध हुन सक्ने ।
- सामूहिक नेतृत्वको विकास हुने र सबैलाई नेतृत्व विकासको अवसर रहने ।
- उत्पादित वस्तुको सङ्कलन ठीक समयमा हुने र सदस्यको समय बचत हुने ।
- वस्तुको स्थानीय बजारीकरण वा सङ्कलनमा

समूह जिम्मेवारी हुने ।

- थोरै उत्पादनको पनि बिक्रीको सम्भावना हुने ।
- सबै टोल बस्तीका घरधुरीलाई सहकारी अभियानमा समेट्न सकिने ।
- उत्पादन समूहमा सूचनाको आदानप्रदान छिटो हुने ।
- समूहमा आधारित दिगो उत्पादन संस्था तयार हुने ।

### ३.७.३ कृषक सशक्तीकरण र प्रविधि हस्तान्तरण

#### (क) पृष्ठभूमि

नेपाल कृषिप्रधान हो भने कुल जनसङ्ख्याको करिब ८० प्रतिशतका हाराहारीका परिवार निर्वाहमुखी कृषिमा आधारित छन् । निर्वाहमुखी कृषिमा संलग्न मानव स्रोतलाई आर्थिक समृद्धिमा रूपान्तरण गर्न र परम्परागत सीपलाई र उपलब्ध प्राकृतिक स्रोत साधनको समुचित प्रयोग गर्न कृषिलाई व्यावसायिक सीपमा आधारित पेसामा बदल्न आवश्यक हुन्छ । कृषकलाई प्रविधि र सीपबाट सशक्तीकरण गर्न सामूहिक सीप विकासको अभियानमा जोड्ने प्रयास गरिएको छ । आधुनिक चीनको विकासको आधार भनेको ज्ञान तथा सीपमा आधारित अर्थ संरचना हो । उत्पादित वस्तुको बजारीकरणमा राष्ट्रिय नीतिले सहयोग गर्दछ भने स्थानीय सहकारी तथा उद्योगले किफायती र मागमा केन्द्रित उत्पादन गर्न सीप तथा प्रविधिमा जोड दिन्छन् । निर्वाहमुखी कृषिमा आश्रित परिवारलाई सरकारले तोकेको मापदण्ड र पाठ्यक्रमका आधारमा व्यावसायिक कृषि, पशुपक्षीपालन, लघु उद्योग, अतिथि सत्कार लगायतका सीप विकास आर्जन गर्ने पद्दतिमा डोऱ्याउने अभिप्रायले बन्दीपुर गाउँपालिकाले व्यवस्थित र बृहत् प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरी कृषकको सशक्तीकरण गर्न लागेको हो । नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गत व्यावसायिक सीप विकास तथा परीक्षण केन्द्रले तयार गरेको पाठ्यक्रमका आधारमा अनुशिक्षण गरिन्छ । अनुशिक्षण कक्षालाई सैद्धान्तिक र व्यावहारिक गरी दुई सेसनमा विभाजन गरिन्छ । सैद्धान्तिक कक्षालाई अनुशिक्षणमा अनिवार्य रूपमा सञ्चालन गरिनेछ र प्रयोगात्मक कक्षालाई प्रशिक्षकले व्यावहारिक अभ्यासका रूपमा सहभागीले आ–आफ्ना फर्ममा वा सामूहिक अभ्यासका रूपमा स–साना समूहमा विभाजन गरी परिचालन गर्न सक्नेछन् ।

मुख्य रूपमा कृषिजन्य उत्पादनका लागि प्राङ्गारिक पद्दतिलाई प्रवर्द्धन गर्ने प्रविधिको प्रयोग गरिनेछ । जैविक विषादी, एकीकृत शत्रुजीव व्यवस्थापन, चक्रीय तथा घुसुवा बाली व्यवस्थापन जस्ता रासायनिक विषादी तथा मलको अत्यधिक प्रयोगलाई दुरूत्साहन गर्ने रणनीति अख्तियार गरिनेछ । मौरी तथा मित्र जीव पालनमा व्यावसायिक बनाउने अवसरको खोजी गरिनेछ । पशुपक्षीपालनमा पनि स्थानीय खपालु र राम्रा प्रजातिलाई आनुवांशिक सुधार गर्दै नश्ल सुधारमा जोड दिइनेछ । स्थानीय प्रजाति पशुपक्षीको गोबर, मूत्र, सुलीको प्रशोधन र प्रयोगमा व्यावसायिक सीपको विकास गरिनेछ । फलफूलको प्रशोधन, ग्रेडिङ, लेबलिङ र प्याकिङ गरी बजारमा गुणस्तरीय र बेमौसममा आपूर्ति हुन सक्नेगरी व्यवस्थापन गरिने सीपको विकास गरिनेछ । बजारमा उच्च मूल्य हासिल गर्न सकिने प्रजातिको व्यावसायिक खेती गर्न प्रोत्साहन गरिन्छ ।

#### (ख) कृषक सशक्तीकरण र प्रविधि हस्तान्तरणका उद्देश्य

- निर्वाहमुखी कृषिलाई सीपमूलक र व्यावसायिक पेसामा रूपान्तरण गर्ने
- उत्पादन समूहलाई सामूहिक उत्पादन अभियानमा आबद्ध गर्ने
- उत्पादन समूहलाई प्राविधिक सीप विकासमा क्रमशः स्तरोन्नति गर्दै प्रतिस्पर्धी बनाउने
- पालिकाका सेवा केन्द्र, उत्पादन समूह र

सहकारीका अन्तरसम्बन्धलाई सबलीकरण गर्ने

(ग) कृषक सशक्तीकरण र प्रविधि हस्तान्तरण विधि

**उद्देश्य नं. १, निर्वाहमुखी कृषिलाई सीपमूलक र व्यावसायिक पेसामा रूपान्तरण गर्ने ।**

कृषिको व्यावसायिक विकासको पहिलो प्रस्थान विन्दु नै निर्वाहमुखी कृषकलाई व्यावसायिक कृषिमा रूपान्तरण गर्नु हो । निर्वाहमुखी कृषकलाई कृषक समूहमा आबद्ध गर्दै जाने र पालिकाले सबै वडाको भूगोल, हावापानी, कृषकको चाहनाका आधारमा पकेट क्षेत्रको निर्धारण गर्नेछ । पकेट क्षेत्रको निर्धारण गर्दा ७५ प्रतिशत अङ्कभार स्थानीय कृषकको चाहना र परम्परागत सीपलाई आधार मानिनेछ भने २५ प्रतिशत अङ्कभार विशेषज्ञको सिफारिसलाई आधार मानिनेछ । पकेट क्षेत्र निर्धारण गर्दा पालिकाले तोकेको मापदण्डका आधारमा परम्परागत उत्पादन क्षेत्र तोकिनेछ भने उच्च मूल्यको फसल उत्पादन क्षेत्रको किटानका लागि उत्पादन समूहको वार्षिक कार्य योजना अनुसार कृषि तथा पशुपक्षी विकास शाखाको सिफारिसमा तोक्न सकिनेछ । निर्वाहमुखी कृषिमा आधारित कृषकलाई व्यावसायिक कृषकका रूपमा रूपान्तरण गर्न निम्न बमोजिमको चरणबद्ध क्रियाकलाप गरिनेछ ।

- पालिकाले वडाखण्डलाई उत्पादन पकेट क्षेत्र तोक्न निर्णय गर्ने
- पकेट क्षेत्रमा पर्ने हरेक वडामा भेला आयोजना गरी पकेट क्षेत्रको औचित्यबारे छलफल गर्ने
- पकेट क्षेत्रमा जमिन हुने कृषकलाई भूगोलका आधारमा कम्तीमा १५ देखि ३० घरधुरी समेट्ने गरी उत्पादन हुने फसल वा पशु वा पक्षीपालनको विधा छनौट गर्न लगाउने ।
- समेटिएका घरधुरीका बीच उत्पादन समूह गठन गर्ने, पदाधिकारीको छनौट गरी कामको जिम्मेवारी बाँडफाँड गर्ने र समूहको नामकरण गर्ने ।
- अनुशिक्षण वा कृषक पाठशाला सञ्चालन हुने स्थान छनौट गर्ने ।
- स्कुल सञ्चालनको तालिका, समय, मूल्यमान्यता निर्माण गर्ने ।
- आवश्यक अनुशिक्षण सामाग्रीको व्यवस्थापन गर्ने, जस्तै भेटनरी वा कृषि कीट वा साधन ।
- अनुशिक्षणको स्रोत व्यक्ति वा प्रशिक्षकको तालिका, प्रयोगात्मक अभ्यासको व्यवस्था गर्ने जस्तै ट्रेविज ।
- सहभागीको थप प्रयोगात्मक सीप विकासका लागि सहभागीलाई पायक पर्ने गरी ३–५ जनाको समूह निर्माण गर्ने । यस्ता समूहले प्रशिक्षकले दिएका प्रयोगात्मक अभ्यास आपसमा मिलेर गर्नेछन् ।
- नेपाल सरकार, सीप विकास तथा परीक्षण केन्द्रले तोकेको स्तर–१ को पाठ्यक्रमका आधारमा सहभागीले छानेका विषयमा पहिलो वर्ष ८० देखि १२० घण्टाको सैद्धान्तिक कक्षा सञ्चालन गर्ने र १८० देखि २८० घण्टाको व्यावहारिक प्रशिक्षण गर्ने । व्यावहारिक कक्षाको अभ्यासका लागि प्रशिक्षकले ३–५ जनाको स–साना समूहमा थप अभ्यास गर्न महिना दिनको जिम्मेवारी प्रशिक्षकले दिनेछन् र निजले अनुगमन गर्नेछन् ।
- कृषक पाठशाला वा अनुशिक्षण महिनाका कम्तीमा एक पटकमा ६ घण्टाको सैद्धान्तिक कक्षा सञ्चालन गर्ने । अन्य समय प्रशिक्षक, सहभागी र विषयवस्तुका आधारमा आपसी सहमतिबाट तय गर्ने ।
- स्तर–१ सीप परीक्षणको व्यवस्था गाउँपालिका वा कृषि तथा पशुपक्षी विकास शाखा वा विषयगत सहकारीको संयोजन र नेपाल सरकार, सीप विकास तथा परीक्षण केन्द्र (सङ्घीय वा प्रदेश) को समन्वयमा आयोजना गरिनेछ ।

- स्तर-१ पछिको सीप विकासको योजना सहभागी इच्छा, उत्पादन समूहको आवश्यकता र पालिका वा सहकारीको योजना अनुसार तय गर्दै जाने ।

- पालिकाले कृषि तथा पशुपक्षीपालनको व्यावसायिक योजनालाई सहयोग (अनुदान, औजार आदि) गर्दा सीपको स्तर-१ अनुशिक्षण वा कृषक पाठशालाको कक्षामा कम्तीमा ७५ प्रतिशत उपस्थित भई प्रशिक्षित सहभागीलाई केन्द्रित गर्नेछ ।

- हरेक कृषक पाठशाला वा अनुशिक्षण कक्षालाई पालिकामा दर्ता गर्ने ।

- कृषक पाठशाला तथा अनुशिक्षण कक्षा गुणस्तरीय र प्रभावकारी बनाउँदै सहभागीमूलक अनुगमन गर्ने काम कृषि तथा पशुपक्षी विकास शाखा, सहकारी र उत्पादन समूहले गर्ने ।

**उद्देश्य नं. २, उत्पादन समूहलाई सामूहिक उत्पादन अभियानमा आबद्ध गर्ने ।**

राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारको दबाबमा रहेको हाम्रो कृषि व्यवसायलाई स्थापित गर्न सामूहिक उत्पादन र व्यवस्थापनको अति आवश्यक छ । व्यक्तिको एक्लो प्रयासबाट उत्पादनमा लाग्ने लागत कम गर्न, प्रविधिमा सबलीकरण गर्न, दिगो बजार निर्माण गर्न कठिन हुन्छ । अतः सामूहिक उत्पादनको व्यवस्थापनबाट उत्पादन समूहले आफ्नो लागत घटाउन, बजारीकरणमा प्रतिस्पर्धा गर्न, प्रविधिमा सिर्जनशील बन्न र उच्च मूल्यका उत्पादनमा सामूहिक प्रयास गर्न सक्दछन् । उत्पादन समूहका प्रतिनिधिको मासिक बैठकले आ-आफ्ना समूहको उत्पादन अवस्था, समस्या र चुनौतीका बारेमा छलफल गरी भेगीय कार्ययोजना निर्माण गर्ने र स्थानीय बजारमा खपत हुने उत्पादनको परिमाण एकिन गर्ने, कृषकको फर्मदेखि बजार सम्मको ढुवानी वा सङ्कलन केन्द्रसम्म भण्डारणको व्यवस्था गर्ने काम गर्दछन् । पालिका भित्रका सबै सङ्कलन केन्द्रबाट फसललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार सम्मको पहुँच अभिवृद्धि गर्ने वा ढुवानीको व्यवस्था गर्ने जिम्मेवारी भने विषयगत सहकारीमा रहन्छ । अतः उत्पादन समूह उत्पादकको अभिभावकका रूपमा र विषयगत सहकारीको मेरूदण्डका रूपमा रहेका हुन्छन् । समूहको सामूहिक उत्पादन अभियानका क्रियाकलाप निम्न अनुसार हुनेछन् ।

- हरेक उत्पादन समूहले सामूहिक उत्पादन गर्ने वस्तुको पाँचवटा लिस्ट तयार गर्ने ।

- पाँच मध्ये तीन वस्तु पहिलेदेखि उत्पादन गर्दै आएका र दुई वस्तु समूहको बैठकले निर्धारण गरेको उच्चमूल्यका बाली वा वस्तुमा सहमति गर्ने ।

- पालिकाको कृषि तथा पशुपक्षी विकास शाखाले उत्पादन समूहले तयार गरेको उत्पादन वस्तुको सूची तयार गर्ने र भूगोल, सडक, कुलो र अन्य भौतिक पूर्वाधारको आधारमा सामूहिक उत्पादन वस्तुको प्राथमिकता निर्धारण गर्ने ।

- उत्पादन समूहको प्राथमिकताका आधारमा उत्पादित वस्तुको सङ्कलन केन्द्र, भण्डार, शीतभण्डार, प्रशोधन र प्याकिङ संयन्त्र निर्माण स्थल, व्यवस्थापन समूह, सञ्चालन गर्ने व्यक्ति, लगानीकर्तासँग समन्वय आदि गर्न अन्तर समूहको नियमित घुम्ती बैठकको आयोजना प्रणाली विकास गर्ने र वार्षिक कार्य योजना निर्माण गर्ने ।

- उत्पादन समूहले मासिक घुम्ती बैठकका लागि अध्यक्ष र व्यवस्थापक पठाउने र घुम्ती बैठकको आयोजना भौगोलिक र सडक लगायतका भौतिक पूर्वाधारको पायकका हिसाबले उत्पादन समूहको आपसी सहमति वा विषयगत सहकारीले तोके अनुसार वा पालिकाको कृषि तथा पशुपक्षी विकास शाखाले तोकेको समूहको बीचमा गर्ने ।

- घुम्ती बैठकमा छलफल गर्ने विषय भनेको उत्पादन समूहका बीचमा उत्पादन हुने वस्तुको परिमाण र तालिका तयार गर्न, उत्पादित वस्तुको उत्पादनमा देखिएका सङ्क्रमण तथा समस्याका सामूहिक नियन्त्रण गर्न, सङ्कलन केन्द्र वा स्थानीय बजारको माग तथा आपूर्तिको व्यवस्थापन गर्न, वस्तु उत्पादनका उपयुक्त प्रविधिका बारेमा छलफल तथा विस्तार आदि हुने ।
- उत्पादन समूहले भरसक एकै प्रजाति वा ब्रिड, बाली तथा वस्तु तयार हुने समय तालिकालाई बजारको मागका आधारमा मिलान हुनेगरी वस्तुको बजार आपूर्ति तालिका मिलाउने ।
- उत्पादित वस्तुको गुणस्तरको अनुगमन गर्ने र उत्पादकलाई पृष्ठपोषण दिने ।
- उत्पादित वस्तुको फार्म गेट मूल्य निर्धारण गर्ने ।
- उत्पादित वस्तुको फार्म गेटदेखि सङ्कलन केन्द्र वा भण्डार स्थलसम्म ढुवानीको व्यवस्था गर्ने ।

**उद्देश्य नं.३, उत्पादन समूहलाई प्राविधिक सीप विकासमा क्रमशः स्तरोन्नति गर्दै प्रतिस्पर्धी बनाउने ।**

वर्तमान प्रतिस्पर्धी विश्व बजारले हरेक उत्पादनलाई उपभोक्ताको चाहना अनुसार सस्तो, गुणस्तरीय र आकर्षक रूपमा प्रस्तुत गर्दछ । कम उत्पादन लागतमा बढी र गुणस्तरीय उत्पादन गर्न प्रविधिको विकासले ठूलो भूमिका खेलेको हुन्छ । अतः उत्पादन समूहलाई सामान्य उत्पादन प्रविधिदेखि परिष्कृत सीपको विकासलाई उत्पादनको अभिन्न अङ्गका रूपमा कार्यान्वयन गर्न प्रेरित गर्नुपर्दछ । उत्पादन समूहले कम लागतमा धेरै र गुणस्तरीय उत्पादन गर्न निम्न अनुसार प्राविधिक सीपमा स्तरोन्नति गर्नेछ ।

- पालिकाले हरेक वस्तुको उत्पादनलाई व्यावसायिक बनाउन सीप विकासलाई उच्च प्राथमिकता दिने ।
- सीप विकासको पाठ्यक्रम हाललाई नेपाल सरकारले तोकेको मापदण्डका आधारमा रहेको छ तर पछिल्लो समय वा वर्षमा पालिकाले आफैँ वा प्रदेश सरकारको समन्वयमा आफ्नो आवश्यकता अनुसारको स्तरमा पाठ्यक्रम निर्माण गर्ने ।
- सीपको स्तरोन्नतिका लागि उत्पादन वस्तु र बजारको मागको आधारमा निर्धारण गर्ने । हालका लागि नेपाल सरकार शिक्षा मन्त्रालय, सीप विकास तथा परीक्षण केन्द्रले निर्धारण गरेको स्तर-१ लाई उत्पादन गर्न लागिएको वस्तु अनुसार अनिवार्य गरिएको छ । पशुपक्षी स्वास्थ्य व्यवस्थापन, मौसमी तथा बेमौसमी तरकारी उत्पादन, मौरी, माछा, कुखुरापालन, च्याउ खेती, जैविक विषादी तथा मल बनाउने आदि केही लामो वा छोटो अवधिको प्राविधिक सीप विकासका लागि सुरूको तालिम आयोजना गरिनेछ ।
- सीप स्तर-२ अन्तर्गत पाठ्यक्रमका आधारमा दोस्रो चरणमा सीप विकास तालिमको आयोजना गरिनेछ । यस तालिमका लागि लाग्ने खर्चमा सहभागी आफूले वा सहकारीले ५० प्रतिशत व्यहोर्ने गरी पालिकाले आयोजना गर्नेछ । स्तर-२ अन्तर्गत उत्पादन भएको मूल वस्तुसँगै अन्य सहायक वस्तुको उत्पादनलाई व्यावसायिक विकास गरी आम्दानी बढाउन सकिने गरी सीप विकास गर्न जोड गरिन्छ । उदाहरणका लागि गाईपालन गर्ने किसानले गाईको मूत्रबाट तयार हुने जैविक मल तथा विषादी र गोबरबाट तयार हुने धूलो प्याक मल वा माइक्रोअर्गानिज्म सहितको अर्गानिक मल तयार गर्ने बीउ मल वा गड्यौला सहितको मल आदि तयार गर्ने सीप विकास तालिम हुन् ।
- सीप स्तर-३ अन्तर्गत कृषि तथा पशुपक्षी

विकासका लागि आवश्यक पर्ने विशिष्ट सीप विकास तालिम राखिएको छ । यस तालिममा कच्चा पदार्थको प्रशोधन, प्याकिङ लगायत गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्ने प्रविधि र सीप राखिनेछ ।

- सीप स्तर-४ र ५ को पाठ्यक्रमको निर्धारण गर्दा प्राविधिक विश्वविद्यालय सँगको समन्वयमा प्रदेश सरकार, शिक्षा मन्त्रालयले गर्नेछ ।
- प्राविधिक सीपको गुणस्तर र व्यावसायिक दक्षतालाई पालिकाले निश्चित मापदण्डका आधारमा गुणस्तर कायम गर्नेछ । पालिकाले स्तर-१ देखि ३ सम्म प्रत्यक्ष आफ्नै निगरानीमा सीप विकास कक्षा सञ्चालन गर्नेछ भने स्तर -४ र ५ को सीपको गुणस्तरका लागि सञ्चालन गरिने कक्षाको अनुगमन प्रदेश सरकारले गर्नेछ ।
- प्राविधिक सीप विकासका लागि प्रथम चरणमा पशुपक्षीको स्वास्थ्य व्यवस्थापन, पोल्ट्री व्यवसाय, बेमौसमी तथा मौसमी तरकारी खेती, फूल खेती, अमिलो जातका फलफूल खेती, प्राङ्गारिक उत्पादन, मौरीपालन, च्याउ खेती, कुक, क्युरियो सामानको उत्पादन आदि व्यवसायलाई चाहिने तालिम सञ्चालन गरिनेछ । दोस्रो चरणमा विषयगत सहकारी र पालिकाको कृषि ज्ञान तथा पशुपक्षी विकास शाखाको आपसी लेखाजोखा अनुसार तालिमका विषय छनौट गरिनेछ ।

**उद्देश्य नं. ४, पालिकाका सेवा केन्द्र, उत्पादन समूह र सहकारीको अन्तरसम्बन्ध सबलीकरण गर्ने ।**

नेपालको संविधानको अनुसूची ८ को १५ नं. अनुसार एकल अधिकार र अनुसूची ७ अन्तर्गत २०,२१ २२ नं. ले प्रदेश सरकार सँगको साझा अधिकारका रूपमा बिमा व्यवस्थापन, गरिबी निवारण र मानव संसाधन विकास गर्ने विषयमा किटान गरिएको छ । पालिका अन्तर्गत रहेका सेवा केन्द्रको सबलीकरण गर्ने विषयलाई उत्पादन समूह र विषयगत सहकारीको संयुक्त योजना बनाई कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन गर्न निम्न अनुसार कार्यक्रम सञ्चालन गरिनेछन् ।

- सेवा केन्द्रले प्राविधिक सेवा प्रदान गर्ने, प्रविधिको गुणस्तरको नियमन गर्ने र अनुगमन गर्ने
- सेवा केन्द्रले पालिकाको योजना अनुसार पकेट क्षेत्र तोक्ने, उत्पादन वस्तुको किटान गर्ने
- प्रविधि तथा सीपको स्तर निर्धारण गर्ने र प्रविधिको स्तरोन्नतिको कार्य योजना निर्माण गर्ने ।
- विषयगत सहकारीले उत्पादन समूहलाई आबद्ध गर्ने, उत्पादन हुने वस्तुको अनुमान गर्ने ।
- विषयगत सहकारीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग सङ्कलन गर्ने, मूल्य सूचीको अनुमान र अघिल्लो वर्षको अवस्था बारेमा उत्पादन समूहलाई जानकारी दिने ।
- विषयगत सहकारीले उत्पादित वस्तुको प्रशोधन, प्याकिङ र ग्रेडिङ गर्न उद्योग सञ्चालन वा व्यवस्थापन गर्ने
- उत्पादन समूहको मागका आधारमा सङ्कलन केन्द्र, भण्डार, शीतभण्डार र प्रशोधन केन्द्रको निर्माण गर्ने, उद्यमी तयार गर्ने र लगानीको वातावरण निर्माण गर्ने ।
- उत्पादन समूहका प्रतिनिधिको नियमित घुम्ती बैठकको मासिक रूपमा आयोजना गर्ने । उत्पादन समूहको उत्पादनलाई स्थानीय बजार वा सङ्कलन केन्द्रसँग ढुवानीको व्यवस्था गर्ने ।
- उत्पादन समूहको फर्ममा देखिएका सङ्क्रमण, महामारी, रोग तथा समस्याका बारेमा छलफल गर्ने, स्थानीय बजारको माग अनुसार उत्पादन तथा बजार पहुँचको तालिका बनाउने ।

- उत्पादन समूहले आफ्नो सीप, स्रोत साधन र क्षमता अनुसार उत्पादनको व्यावसायिक योजना निर्माण गर्ने, सामूहिक कार्यान्वयनका लागि समन्वय र अनुभव आदान प्रदान गर्ने ।
- उत्पादन समूहले आफ्ना फर्ममा उत्पादन हुन सक्ने समय र परिमाणका बारेमा समूहका घुम्ती बैठकमा जाने प्रतिनिधिलाई जानकारी दिने ।

**(घ) कृषक सशक्तीकरण र प्रविधि हस्तान्तरणको दिगोपन**

पालिकाले वडा प्रतिनिधि सँगको राय अनुसार उत्पादन क्षेत्र, उत्पादन वस्तु र आबद्ध हुन चाहने निर्वाहमुखी कृषकलाई समेटेर अनुशिक्षण वा कृषक पाठशाला सञ्चालन गरिन्छ र पहिलो प्रथम चरणमा स्तर–१ को व्यावसायिक सीप प्रदान गरिन्छ ।

त्यस पछिको सीप विकासका लागि सहभागी, पालिका, सहकारी र प्रदेश वा सङ्घीय सरकारको सीप विकास योजना र मापदण्डका आधारमा चार तह सम्मको स्तरोन्नतिको व्यवस्था गरिनेछ । स्तर–२ र ३ लाई मध्यम स्तरको जनशक्तिका रूपमा र स्तर–४ र ५ लाई उच्चस्तर वा विशेषज्ञ जनशक्तिका रूपमा वर्गीकरण गरिन्छ । पालिकाले व्यावसायिक फर्मको स्तर, कारोवार र क्षमताका आधारमा विज्ञ, मध्यमस्तर र सीपयुक्त श्रमिकको परिचालन गर्न सक्नेगरी यो गुरूयोजनाको सफलपूर्वक कार्यान्वयन भइसकेको अवस्थामा नीति निर्माण गर्नेछ । बन्दीपुरमा उत्पादन हुने, वस्तु, सेवा आदिको गुणस्तर कायम राख्न भविष्यमा यस्ता योजनाको अति आवश्यकता हुन्छ । पालिकाका प्राविधिक सीप विकास तथा प्रवर्द्धन बोर्ड गठन गरी प्राविधिक सीपको नियमन, अनुगमन गर्ने तथा दिगो एवम् संस्थागत विकासमा ध्यान दिइनेछ ।

## ३.८ सामाजिक सुरक्षा र संरक्षण क्षेत्र

### हालको अवस्था

मानव अधिकारको विकास र परिभाषा अनुसार नागरिकका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई सकारात्मक अधिकारको सूचीमा राखी राज्यले नागरिकको सुरक्षा र संरक्षणका लागि विशेष भूमिका खेल्नुपर्ने कुरा उल्लेख गरिन्छ । नेपालको संविधान २०७२ को भाग ३ अन्तर्गत मौलिक हकको व्यवस्था गरी समानता, जातीय छुवाछूत तथा भेदभाव विरूद्धको हक, शोषण विरूद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हकका लागि राज्यले विशेष व्यवस्था गर्ने प्रतिबद्धता उल्लेख गरिएको छ । संविधानको भाग ४ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिले असहाय अवस्थामा रहेका नागरिक, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलाको पुनर्स्थापना, संरक्षण गर्ने कुरालाई जोड दिएको पाइन्छ । हाल महिला र पुरूषको श्रमशक्ति सहभागिता दर क्रमशः २६.३ र ५३.८ प्रतिशत तथा बेरोजगारी दर १३.१ र १०.३ प्रतिशत रहेको छ । त्यसैगरी कुल प्रजनन दर २.३ प्रति महिला रहेको छ । महिलामाथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, हानिकारक अभ्यास, लैङ्गिक विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना, सोच, मूल्य मान्यता, प्रथा कायमै रहनु नेपाल भित्रका सामाजिक समस्या हुन् । लैङ्गिक समानता प्रस्ट्याउने पर्याप्त खण्डिकृत तथ्याङ्कको कमी हुनु र सामाजिक रूपमा बहिष्कार र जोखिम अवस्थामा परेका समूह तथा वर्गलाई सुरक्षा र संरक्षण दिन सक्ने प्रभावकारी कार्यक्रम कार्यान्वयन हुन नसक्नु प्रशासनिक समस्या हुन् । आर्थिक तथा सामाजिक जीवनमा सारभूत लैङ्गिक समानता कायम गर्नु, राज्यका सबै तह र निकायमा लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी शासन लागू गर्नु र लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु यस क्षेत्रका चुनौती हुन् ।

दिगो विकास लक्ष्य नं. १० अन्तर्गत आर्थिक,

सामाजिक र राजनीतिक समावेशीकरण प्रवर्द्धन गर्ने, आर्थिक र सामाजिक नीति अपनाउने कार्यमा राज्यको भूमिका तोकिएको छ । लक्ष्य नं. १६ ले सबै प्रकारका हिंसा, शोषण, यातना र दुरूपयोगको नियन्त्रणका लागि प्रभावकारी, जवाफदेही र पारदर्शी नीति, कानुन र निकायको स्थापना गर्ने कुरा उल्लेख छ ।

### सामाजिक विकासको स्थिति

| क्र.स | सूचक | एकाइ | राष्ट्रिय स्तर | पालिका स्तर | लक्ष्य |
|---|---|---|---|---|---|
| १ | बहुआयामिक गरिबीको रेखा मुनिको दर | प्रतिशत | २८.६ | १५.१ | ३ |
| २ | मानव विकास सूचकाङ्क | | ०.५६ | ०.६५ | ०.८६ |
| ३ | लैङ्गिक सूचकाङ्क | अनुपात | ०.९२ | | ०.९६ |
| ४ | मातृ मृत्युदर | प्रतिलाख | २३९ | २० | १० |
| ५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.४ | | |
| ६ | महिलाको साक्षरता दर | प्रतिशत | ५७.७ | | |
| ७ | ज्येष्ठ नागरिक दिवा केन्द्रमा सेवा लिने सङ्ख्या | जना | | | |
| ८ | अपाङ्गता भएका नागरिकको सेवा लिने सङ्ख्या | जना | | | |
| ९ | घरेलु हिंसामा दर्ता भएका मुद्दा | सङ्ख्या | | | |
| १० | अनाथ तथा जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार सङ्ख्या | जना | | | |
| ११ | राजनीति क्षेत्रमा महिलाको सहभागिता दर | प्रतिशत | | | |
| १२ | शिक्षिका र महिला कर्मचारी सङ्ख्या | जना | | | |
| १३ | हिंसा पीडित महिलाको पुनर्स्थापना र न्यायमा पहुँचका लागि सहजीकरण | सङ्ख्या | | | |
| १४ | प्रत्यक्ष लैङ्गिक उत्तरदायी, बजेट विनियोजन | प्रतिशत | २९ | | |
| १४ | सबै किसिमका जातीय विभेदको अन्त्य मुद्दा | सङ्ख्या | | | |

तथ्याङ्क स्रोत : १५औँ पञ्चवर्षीय योजना आधारपत्र, राष्ट्रिय योजना आयोग र बन्दीपुर गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७६

### प्रमुख समस्या

समग्र मानव विकासको सङ्कटग्रस्त एवम् कमजोर आयाममा बाँचिरहेका २० प्रतिशत नागरिकमा राज्यद्वारा प्रदान गर्ने शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाइ सेवा पुर्‍याउन विशेष पहल गर्नुपर्ने राष्ट्रिय अवस्थाभन्दा यस गाउँपालिकाको अवस्था पनि खासै फरक देखिँदैन । शतप्रतिशत साक्षरता, शून्य मातृ मृत्युदर र शून्य कुपोषणको अवस्थामा लान लक्षित समूह (महिला, दलित, आपाङ्गता, ज्येष्ठ नागरिक) केन्द्रित हुनेगरी पालिकाले विशेष योजना तयार गरिएको देखिँदैन । यस क्षेत्रमा सेवा प्रदान गर्ने सेवा प्रदायक संस्थाको संरचनागत विकास र क्षमताको अभाव देखिन्छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक अनुसार सबै नागरिकलाई राज्यले प्रदान गर्ने सेवा, सुरक्षा र संरक्षणको सवालमा समानताको हक, विशेष संरक्षणको हक, लैङ्गिक तथा जातीय विभेद विरूद्ध आदिको व्यवस्था गरिएको छ । यस व्यवस्थालाई प्रत्याभूत गर्नेगरी स्थानीय तहमा संरचना तथा कार्यक्रम निर्माण भएको छैन । मानव विकास सूचकाङ्क र लैङ्गिक सूचकाङ्कका हिसाबले पछाडि पर्न बाध्य जनसङ्ख्यालाई पालिकाले विशेष सुरक्षा र संरक्षण सेवा प्रदान गर्न प्रदायकलाई आवश्यक पर्ने भौतिक संयन्त्रको व्यवस्थापन र एजेन्सी चुस्त दुरूस्त परिचालन गर्न नसक्नु प्रमुख समस्याका रूपमा रहेको छ ।

यसकारण यस पालिकामा बसोबास गर्ने महिला, दलित, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकको विशेष मौलिक हक प्रत्याभूत गर्न योजनाबद्ध रूपमा अगाडि बढ्नुपर्ने देखिन्छ ।

## चुनौती तथा अवसर

दिगो विकास लक्ष्य नं. १० मा उल्लेखित लैङ्गिक समानता, बालबालिका र किशोर किशोरीविरूद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र बेचबिखन तथा ओसारपसारको अन्त्य, भोकमरी अन्त्य गर्ने, ज्येष्ठ नागरिकको विशेष संरक्षण र सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु र अपाङ्गता भएका नागरिकको सम्मानजनक जीवनयापनको अधिकारको सुनिश्चित गर्ने विषय उल्लेख गरिएको छ । मानव विकास सूचकाङ्क सूचीको पीँधमा रहेका नागरिकको विकास र समृद्धिको अवसर प्रदान गर्न स्थानीय तहको सरकारको विशेष जिम्मेवारीलाई आत्मसात गर्दै विकासको मूलप्रवाहमा प्रवाहीकरण गर्न विशेष योजनाको आवश्यकता रहन्छ । जातीय भेदभाव र बाल दुर्व्यवहार र शून्य सहनशीलप्रति पालिकाले कठोर कानुन अवलम्बन गर्नेछ । ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका नागरिकमैत्री शासन पद्दति र भौतिक पूर्वाधारलाई क्रसकटिङ सवालका रूपमा स्वीकार गरिएको छ ।

## क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य

समग्रमा सामाजिक विकास क्षेत्रको लक्ष्य भनेको मानव विकास र गरिबीका सबै सूचकको अवस्थामा उच्च प्रगति हासिल गर्दै ०.८६ नतिजा कायम गर्नु रहेको छ । लैङ्गिक विकास सूचकाङ्कको हिसाबले ०.९६ नतिजाको अपेक्षा गरिएको छ । लैङ्गिक  समानता, जातीय समावेशीकरण, ज्येष्ठ नागरिक, बालसंरक्षण, अपाङ्ग नागरिकमैत्री वातावरण र सामाजिक बहिष्करण एवम् उपेक्षाबाट प्रभावितको संरक्षण र सुरक्षा गर्न स्थानीय तहले जिम्मेवारी ग्रहण गर्न यस क्षेत्रको परिकल्पना गरिएको छ ।

यस सामाजिक विकास क्षेत्र अन्तर्गत विशेष समूह र वर्ग छुट्टाछुट्टै व्यवस्था गरी लक्ष्य तथा उद्देश्य निर्धारण गरिएको छ ।

- लैङ्गिक समानता र समावेशीकरण नीति निर्माण गरी महिलाको समान तथा अर्थपूर्ण सहभागितासहित सारभूत समानता कायम गर्ने ।
- महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने ।
- बालबालिका तथा किशोर किशोरीको अधिकार संरक्षण गर्ने र उपेक्षा, हिंसा, दुर्व्यवहार, शोषणको अन्त्य गर्ने ।
- बाल एवम्  अपाङ्गता भएका नागरिकमैत्री वातावरण तयार गर्ने  ।
- ज्येष्ठ नागरिकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरूको ज्ञान, सीप र अनुभवलाई सामाजिक समृद्धिमा सदुपयोग गर्ने ।
- सामाजिक क्षेत्रका सेवा तथा सुविधा सबै जातजाति, महिला, बालबालिका मैत्री बनाउने ।
- जातीय भेदभाव र छुवाछूत विरूद्धमा शून्य सहनशील नीति अख्तियार गर्ने ।

## रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| लैङ्गिक रूपमा सारभूत समानता कायम गर्ने | महिलामाथि हुने हिंसाबाट पीडितका लागि पुनर्स्थापना, पुनर्मिलन र न्यायिक निरूपणका लागि पहुँच अभिवृद्धि गर्ने संयन्त्र निर्माण<br>लैङ्गिक उत्तरदायी योजना तर्जुमाको अभ्यास गर्ने<br>लैङ्गिक उत्तरदायी बजेटको सार्वजनिक परीक्षण गर्ने संयन्त्र<br>लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने<br>स्थानीय सरकारका विभिन्न तहमा महिलाको सहभागिता वृद्धि गर्ने<br>लैङ्गिक समानता सम्बन्धी नीति तर्जुमा, विद्यमान नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने । |
| जातीय छुवाछूत तथा भेदभावप्रति शून्य सहनशील कायम गर्ने | जतीय छुवाछूत तथा भेदभाव विरूद्धका नीति, ऐन र सामाजिक जागरणका कार्यक्रम तय गर्ने ।<br>जनजाति र दलितको सशक्तीकरणका लागि अभियान |
| बाालबालिका तथा किशोर किशोरीमाथि हुने उपेक्षा, हिंसा, दुर्व्यवहार र शोषणप्रति शून्य सशनशील | बाल संरक्षण समितिको सबलीकरण<br>स्कुलमा आधारित बाल क्लब परिचालन जातीय<br>बाल हेल्पलाइन र खोजतलास सेवा सञ्चालन गर्ने । यस हेल्प लाइनमा महिलामाथि भएका हिंसालाई समेत सूचना गर्न सक्ने ।<br>बाल श्रमको अन्त्य गर्ने<br>बाल संरक्षण गृह र बाल सुधार गृह सञ्चालन हेतु समन्वय गर्ने |
| ज्येष्ठ नागरिकको हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने | ज्येष्ठ नागरिकको दिवा सेवा केन्द्र सञ्चालन गर्ने<br>ज्येष्ठ नागरिकको जीवन सहज, सुरक्षित एवम् उपयुक्त वातावरण सिर्जना गर्ने<br>जेरियाटिक केयर र अर्थोटिक सेवासहित स्वास्थ्य उपचार |
| सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन र बिमा योजना सञ्चालन | सङ्घीय सरकारबाट उपलब्ध सामाजिक सुरक्षा प्राप्त गर्ने नागरिकको अनुगमन गरी थप व्यवस्थाको आवश्यकता ठहर भएका नागरिकका लागि थप भत्ताको व्यवस्थापन<br>सामाजिक सुरक्षा भत्ताका सेवाग्राहीका लागि जीवन तथा स्वास्थ्य बिमाको व्यवस्था |

### उपक्षेत्रगत परिकल्पना, विधि र लक्ष्य

नेपालको संविधानको प्रस्तावना खण्डमा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भाव संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य लिइएको छ । संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था गरी धारा १८ मा समानताको हक तोकिएको छ । जस अनुसार सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक अवस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिनेछैन भनी किटान गरिएको छ । समान कामका लागि लैङ्गिक आधारमा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिनेछैन । पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुनेछ ।

नेपाल सरकार पक्ष भई हस्ताक्षर गरेको दिगो विकास लक्ष्यको उद्देश्य नं. ५ ले लैङ्गिक समानता र उद्देश्य नं. १० ले असमानता घटाउने विषयमा विभिन्न सूचक तयार गरेको छ । जुन यसप्रकार रहेको छ ।

- महिला, किशोरी र बालबालिका विरूद्धमा हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने ।
- मानव बेचबिखन, यौन लगायत अन्य शोषणसहित सार्वजनिक र निजी जीवन क्षेत्रमा महिला बालबालिका र किशोरीमाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्ने ।
- बाल विवाह, जातीय भेदभाव लगायत हानिकारक प्रथा अन्त्य गर्ने ।
- राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाको पूर्णप्रभावकारी नेतृत्व, सहभागिता तथा समान अवसर सुनिश्चित गर्ने ।
- बन्दीपुर पालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका सवाललाई सबै विकासको आयोजना तथा कार्यक्रममा क्रसकटिङ सवालका रूपमा स्वीकार गरेको छ । जस अन्तर्गत आर्थिक, लैङ्गिक र भूगोलको हिसाबले पछाडि पर्न बाध्य भएका समूह, वर्ग वा समुदायलाई विशेष प्राथमिकतामा राखिने नीति बनाइनेछ । बन्दीपुर पालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि निम्न अनुसारका कार्यक्रम सञ्चालन गर्नेछ ।

### ३.८.१. लैङ्गिक संवेदनशील योजना निर्माण र सार्वजनिक परीक्षण

- पालिकाका निर्वाचित महिला जनप्रतिनिधि मध्येबाट एक जना संयोजक र तीन सदस्य हुनेगरी जेन्डर अडिट समिति गठन गरिनेछ । यस समितिको सदस्य सचिवका रूपमा महिला विकास शाखाका प्रमुख रहनेछन् । यस समितिले आफ्नो कामको कार्यविधि आफैँ तयार गरी पालिकामा अनुमोदनका लागि पठाउनेछ ।
- पालिकाले निर्माण गरिने योजनालाई लैङ्गिक संवेदनशीलका हिसाबबाट तीन किसिमले वर्गीकरण गरिनेछ । पहिलो कोटिको योजना जसले लैङ्गिक रूपमा तटस्थताको अवस्था देखाउँछ । प्रायः भौतिक पूर्वाधार विकासका योजना यसका केही उदारहण हुन् । दोस्रो कोटिको योजनाले आंशिक लैङ्गिक उत्तरदायित्वको अवस्थालाई सहयोग गर्दछ । यस्ता योजनाको प्रतिफलका हिसाबले कार्यक्रम तथा बजेट निर्धारण गर्दा लाभग्राहीको सङ्ख्यामा वा सहभागिताका हिसाबले महिलाको उपस्थिति वा उपभोगको सुनिश्चित गरी लेखाजोखा गरिन्छ । तेस्रो कोटिको योजना जो महिलाको विशेष समस्या र आवश्यकताका आधारमा तर्जुमा गर्ने र बजेटको विनियोजन गरिन्छ । पालिकाले निर्माण गरेका योजनामा महिलाको अवस्था र स्थानको प्रगतिका लागि कति प्रतिशत स्रोतको विनियोजन गरियो भनी लेखाजोखा गरिन्छ ।

### ३.८.२ लैङ्गिक मैत्री सार्वजनिक सेवाको प्रवाह

- पालिकाले सञ्चालन गर्ने सेवा प्रदायक निकायमा संलग्न कर्मचारीमध्ये ४० प्रतिशत सङ्ख्या महिलाको हुनेछन् ।
- हरेक सेवा प्रदाय निकायमा एक जेन्डर फोकल अधिकारी तोकिनेछ, जसले महिला सेवाग्राहीको गुनासो सुन्ने र यौन दुर्व्यवहार लगायतका उजुरीको कारबाहीका लागि उपाध्यक्ष समक्ष सिफारिस गर्नेछ ।
- सार्वजनिक सेवा प्रवाह स्थलमा महिलाको आत्मसम्मान र गरिमालाई होच्याउने वा ठेस पुग्ने गरी कुनै पनि शब्द, चित्र वा इशारा राख्न प्रतिबन्ध लगाइनेछ ।

- कार्यक्रमको अनुगमन तथा प्रगति समीक्षामा जेन्डर अडिटको अवधारणा अनुसार अनिवार्य मापन गरिनेछ । कार्यक्रमको तर्जुमा वा छनौट गर्दा महिला लाभग्राहीको सङ्ख्या र अवस्थामा हुने सुधारलाई अनिवार्य रूपमा प्राथमिकतामा राखिनेछ ।
- महिला स्वास्थ्य, आर्थिक समृद्धि, सहभागिता र क्षमता विकासका लागि कम्तीमा ती शीर्षकमा विनियोजन बजेटको २५ प्रतिशत रकम विनियोजन गरिनेछ ।

च) पालिका भित्रका कुनै पनि भौतिक संरचना, फर्निचर, सामग्री महिलामैत्री बनाइने तथा खरिद गरि नेछ ।

### ३.८.३ जातीय भेदभाव मुक्त क्षेत्रको घोषणा

- जातीय, लैङ्गिक, धार्मिक र सांस्कृतिक सहिष्णुता सहितको समाज व्यवस्था निर्माण गर्न पालिकाले सधैँ प्रयास गर्नेछ ।
- बन्दीपुर गाउँपालिकाले कुनै किसिमको जात, वर्ग र उत्पत्तिका आधारमा भेदभाव गरिने अभ्यासलाई प्रतिबन्ध, बहिष्कार र दण्डनीय गर्नेछ ।
- जातीय भेदभाव हुनेगरी आयोजना गरिने कार्यक्रममा पालिकाले कुनै पनि हालतमा बजेट विनियोजन गर्नेछैन ।

### ३.८.४ हिंसा प्रभावित महिला र बेसहारा बालबालिकासँग उपाध्यक्ष अभियान

- लिङ्गका आधारमा तथा महिला भएका कारण उनीहरूमाथि गरिने भेदभाव, उपेक्षा, बहिष्कार र हिंसालाई पालिकाले सहन गर्नेछैन । त्यस्ता कारणबाट परिवार वा समुदायबाट विस्थापित नागरिकका अधिकार संरक्षणका लागि पालिकाले हिंसा प्रभावितसँग उपाध्यक्ष अभियान सञ्चालन गरिनेछ ।
- हिंसा प्रभावित महिला तथा बालबालिका वा घर परिवारविहीन वा हराएका बालबालिकाका लागि अल्पकालीन आश्रयका लागि पालिकाले सङ्घीय सरकार, प्रदेश सरकार वा छिमेकी स्थानीय सरकार सँगको समन्वयमा सुरक्षावासको व्यवस्था गर्नेछ । यस्ता सुरक्षावासका लागि पालिकामा माग हुने अल्पकालीन आश्रय स्थलका आधारमा संरक्षण गृहको स्थापना गर्न सकिनेछ तर यस्ता सुरक्षा गृहमा आश्रयको समयसीमा भित्रमा कानुनी कारबाही वा अभिभावकको टुङ्गो लगाउनुपर्दछ । यसरी सुरक्षावासमा बस्दा लाग्ने खर्चको शोधभर्ना हिंसा प्रभावितको भए हिंसाका कसुरदार वा पीडकबाट भराइनेछ भने हराएका वा बेसहारा बालबालिकाका हकमा उनीहरूका अभिभावकको पत्ता लागेपछि निजसँग लिन सकिनेछ ।
- हिंसा प्रभावित महिलाको पारिवारिक पुनर्मिलन वा सामाजिक पुनर्स्थापनाका लागि कानुनी हकको सुनिश्चित गर्न अदालती कार्यविधि, सामाजिक मनोसामाजिक विमर्श सेवा, सामान्य उपचार एवम् औषधी सेवाको व्यवस्था पालिकाले गर्नेछ । यस्ता महिलाको अवस्था अनुगमन र सहयोग कार्यक्रमका लागि विशेष कार्यक्रमको सञ्चालन गरिनेछ ।
- हिंसा प्रभावितका लागि सुरक्षावास व्यवस्था, कानुनी उपचार, मध्यस्थता, पारिवारिक पुनर्मिलन, सामाजिक

पुनर्स्थापना, स्वास्थ्य उपचार र मनोसामाजिक विमर्शको व्यवस्था गर्न सङ्घीय सरकारले तोकेको निर्देशिका अनुसार मापदण्ड तय गरिनेछ ।

### ३.८.५ बालमैत्री वातावरण निर्माण

नेपाल सरकार पक्ष भई बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गरेको छ । एक सदस्य राष्ट्रको नाताले बाल अधिकारका चार स्तम्भमा (बाल बचाऊ, बाल विकास, बाल संरक्षण र बाल सहभागिता) योजना निर्माण गर्ने, बजेट विनियोजन गर्ने र बालबालिकाका आवश्यकतालाई उनीहरूको सहभागिताको लेखाजोखा गरी प्राथमिकता निर्धारण गरिन्छ । बाल बचाउका धेरै कार्यक्रम बालस्वास्थ्य अन्तर्गत समेटिएका छन् भने बालविकासका सवाललाई बालमैत्री शिक्षण विधि अन्तर्गत राखी चर्चा गरिएको छ । बाल संरक्षण र बाल सहभागिता सुनिश्चितका लागि पालिकामा बालमैत्री वातावरण तयार गर्न खोजिएको छ ।

#### (क) बाल संरक्षण

स्थानीय सरकार बालबालिकाको दोस्रो अभिभावक हो । पहिलो अभिभावकबाट जोखिममा रहेको अवस्थामा वा नभएको अवस्थामा दोस्रो अभिभावकको भूमिका पहिलो अभिभावकका रूपमा रहन्छ । पालिकाभित्र कुनै पनि बालबालिकालाई उपेक्षा, हिंसा, दुर्व्यवहार, शोषणबाट जोगाउनु स्थानीय सरकारको जिम्मेवारी हो । यस्तो अभिभावकत्व पूरा गर्न बालबालिका संरक्षण ऐन र बालबालिका ऐन तथा नियमावलीले पालिका स्तरमा बाल संरक्षण समिति र वडा स्तरमा बाल संरक्षण समिति गठन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिका स्तरमा बाल संरक्षण समितिको गठन अध्यक्ष वा निजले तोकेको सदस्य संयोजक रहने र बालबालिका शाखाका प्रमुख सदस्य सचिव रहने गरी गरिन्छ । वडा स्तरमा वडाध्यक्ष वा निजले तोकेको व्यक्ति अध्यक्ष हुनेगरी र शिक्षकमध्ये एक सदस्य सचिव हुनेगरी गठन गर्ने र बालबालिका संरक्षण ऐन अनुसारको अधिकार प्रयोग गर्नेगरी गर्न सकिन्छ । पालिकाले बाल संरक्षण नीति बनाउन र बालबालिकामाथि हुने हिंसा र शोषण शून्य सहनशील नीति कार्यान्वयन गर्न सक्छ ।

#### (ख) बाल सहभागिता :

पालिकाभित्र रहेका सबै स्कुलमा बालबालिकाको सवालमा उनीहरूको कुरा सुनुवाइका लागि बाल क्लबको गठन गरिनेछ । हरेक स्कुलमा एक शिक्षिकाको संयोजकत्वमा शिक्षक विद्यार्थी समिति हुनेछ । यस समितिमा विद्यार्थीमाथि हुने दुर्व्यवहार र जोखिमका बारेमा उजुरी गर्ने र छलफल गर्ने कार्य गर्दछन् । बाल क्लब सञ्चालन सम्बन्धी छुट्टै निर्देशिका तयार गरी परिचालन गरिनेछ ।

#### (ग) बाल श्रमको उन्मूलन :

पालिकाले बाल कार्य र बालश्रमको विषयमा जनचेतना जागरणका कार्यक्रम सञ्चालन गर्नेछन् । १० वर्षमुनि उमेर समूहका बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा लगाउन प्रतिबन्ध गर्नेगरी कानुन बनाउनेछ ।

#### (घ) बाल दुर्व्यवहारविरूद्ध शून्य सहनशील नीति

बालबालिकामाथि हुने कुनै पनि दुर्व्यवहारमा शून्य सहनशील नीति तयार गरी त्यस्ता बालबालिकाको उद्धार गर्ने, बालकल्याण गृहमा राख्नेगरी योजना निर्माण गरिन्छ । बाल बिज्याइँमा संलग्न वा अपराधमा संलग्न बालबालिकाका लागि बाल सुधारगृहमा रिफर गर्ने वा व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ ।

### ३.८.६ अपाङ्गतामैत्री वातावरण निर्माण

नेपाल सरकारको अपाङ्गता भएका नागरिकको अधिकार सम्बन्धी महासन्धि २००६ र एसिया तथा प्रशान्त क्षेत्रको क्षेत्रीय रणनीति २०१३-२२ लगायतको अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयन गर्नु मुख्य दायित्व रहेको छ । विश्वव्यापी मान्यता अनुसार

समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम कार्यान्वयन गर्नु, अपाङ्गता भएका व्यक्तिको सम्मान एवम् अधिकार प्रवर्द्धन गर्न राज्यले समावेशी, समन्यायिक र सहभागितामा जोड दिन आवश्यक छ । अपाङ्गमैत्री शिक्षाको अभावमा त्यस्ता बालबालिका विद्यालयबाट बाहिर रहनु, त्यस्ता मानिसको सम्बन्धित स्थानमा पहुँच स्थापित गर्न भौतिक पूर्वाधारको निर्माण गर्नु र त्यस्ता नागरिकको जीवनयापन व्यवस्थित गर्नु सरकारले गर्ने अपाङ्गमैत्री कार्य हुन् । हालका लागि बन्दीपुर गाउँपालिकाले निम्न बमोजिमका कार्य गर्नेछ ।

- सबै किसिमका अपाङ्गता भएका नागरिकको तथ्याङ्क निकाल्ने र अपाङ्गताको वर्गीकरणका आधारमा सूची तयार गर्ने ।
- बहुसङ्ख्यकका आधारमा अपाङ्गता भएका विद्यार्थी वा नागरिकलाई भाषा, सङ्केत र स्थानको अनुशिक्षण प्रदान गर्ने ।
- पालिकाले निर्माण गर्ने भवन र शौचालयलाई अपाङ्गमैत्री बनाउन नीतिगत निर्णय गर्ने ।
- अपाङ्गता भएका नागरिकको स्वास्थ्य परीक्षण, बिमा र वृत्ति विकासको योजना निर्माण गर्ने ।
- अपाङ्गता भएका नागरिकको अध्ययनका लागि विशेष कक्षा र छात्रवृत्तिको व्यवस्था गर्ने ।
- अपाङ्गमैत्री सार्वजनिक यातायातको साधन सञ्चालन गर्न सहजीकरण गर्ने र पालिका भित्रका मूल सडकमा अनिवार्य रूपमा सडकपेटी वा पैदलमार्ग निर्माण गर्ने नीति बनाउने ।

### ३.८.७. ज्येष्ठ नागरिकको हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सृजना गर्ने

जनसङ्ख्याको आयुमा भएको वृद्धि र परिवार संरचनामा आएको परिवर्तनले गर्दा ज्येष्ठ नागरिकको सङ्ख्यामा वृद्धि र अवस्था कठिन (हेरचाह, स्याहार सुसार) बन्दै गएको छ । यस्तो अवस्थामा रहेका ज्येष्ठ नागरिकको स्वास्थ्य, सुरक्षा र संरक्षणको दायित्व स्थानीय सरकारमा आएको छ । स्थानीय सरकारले निर्माण गर्ने योजना, नीति तथा कार्यक्रम लक्षित हुन आवश्यक छ ।

- ज्येष्ठ नागरिक हेरचाह दिवा केन्द्रको स्थापना र परिचालन ।
- ज्येष्ठ नागरिक उपचार एवम् परामर्श केन्द्र ।
- वृद्ध आश्रम सञ्चालनका लागि समन्वय, सहकार्य र स्रोत व्यवस्थापन ।
- ज्येष्ठ नागरिकको सम्मान, ज्ञान, सीप र अनुभव हस्तान्तरण ।
- ज्येष्ठ नागरिकको स्वास्थ्य बिमा र विशेष सामाजिक सुरक्षा भत्ता व्यवस्थापन ।

## प्रस्तावित कार्यक्रम/आयोजना र अपेक्षित नतिजा

| क्र.स. | आयोजना कार्यक्रम | उपलब्धि सूचक (नतिजा तहको) | अ. बजेट सुरु आ.व. (रू. हजारमा) | जिम्मेवार निकाय | प्रारम्भ वर्ष | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| १.१ | लैङ्गिक समानता प्रवर्द्धन | कार्यक्रम तथा योजनाको सामाजिक जेन्डर अडिट गतिविधि सञ्चालन | ५०० | सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| १.२ | | राजनीतिमा महिलाको सहभागिता अभिवृद्धि गतिविधि सञ्चालन | २५० | सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| १.३ | | लैङ्गिक, बाल र अपाङ्गता मैत्री रूपमा कानुन, नीति, निर्देशिका र मापदण्डको समीक्षा र परामर्श सङ्कलन | १०० | सामाजिक शाखासूचक | चालू आ.व. | निरन्तर |
| १.४ | | हिंसा पीडित महिलाको सुरक्षा बास सेवा केन्द्र सञ्चालन | ५०० | सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| २.१ | जातीय छुवाछूत अन्त्यका लागि अभियान | जातीय छुवाछूत मुक्त बस्तीको घोषणा अभियान | ५०० | पूर्वाधार शाखा | चालू आ.व. | २०७८ |
| २.२ | | अन्तर्जातीय विवाह गर्नेलाई सम्मान | १००० | प्रदेश/पूर्वाधार शाखा | चालू आ.व. | २०८५ |
| २.३ | | पेसागत जातिका रूपमा उत्कृष्ट पेसा गर्नेलाई सम्मान | १०० | सामाजिक शाखा | चालू आ.व. | निरन्तर |
| ३.१ | बालबालिका तथा किशोर किशोरी माथि हुने उपेक्षा, हिंसा, दुव्र्यवहार र शोषण प्रति शून्य सहनशील | हटलाइन सेवाको व्यवस्था र रेस्क्यु | ५०० | सामाजिक शाखा | चालू आ.व | नियमित |
| ३.२ | | महिला र बालबालिका सेवा केन्द्रको सबलीकरण | ६०० | प्रहरी कार्यालय | चालू आ.व. | नियमित |
| ३.३ | | बाल संरक्षण केन्द्र सञ्चालन | ५०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ३.४ | | बाल संरक्षण वडा समितिको सबलीकरण | १०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ३.५ | | बाल क्लबको परिचालन | ५०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ४.१ | ज्येष्ठ नागरिकको हेरचाह, स्याहार | ज्येष्ठ नागरिक दिवा स्याहार केन्द्र सञ्चालन | ६०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ४.२ | | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | १०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ४.३ | | ज्येष्ठ नागरिक स्वास्थ्य बिमा कार्यक्रम | २०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ५.१ | सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन | सङ्घीय सरकारबाट उपलब्ध सामाजिक सुरक्षा भत्तामा आवश्यक देखिएको समूहलाई थप भत्ता सेवा | ६०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ५.२ | | सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको अनुगमन | ५० | सामाजिक शाखा | चालू आ.व. | नियमित |
| ५.३ | | लाभग्राहीको बिमा कार्यक्रम | ३०० | सामाजिक शाखा | चालू आ.व. | नियमित |

## अपेक्षित नतिजा खाका र अनुगमन मूल्याङ्कन

| क्र.स. | प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षमा अनुमानित | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | महिलामाथि हुने भेदभाव र विभेदको व्यवहारमा परिवर्तन | प्रतिशत | ७२ | ९० | सर्वेक्षण प्रतिवेदन | न्यायिक समिति | |
| २ | महिलामाथि हुने हिंसामा कमी | उजुरी सङ्ख्या | | | प्रतिवेदन | न्यायिक समिति | |
| ३ | महिलाको सहभागितामा वृद्धि -उपभोक्ता समिति र राजनीतिक दलको सदस्यता सङ्ख्या) | पदाधिकारी सङ्ख्या | | | प्रतिवेदन | न्यायिक समिति | |
| ४ | दलितमाथि जातका आधारमा हुने भेदभावका सङ्ख्यामा कमी | उजुरी सङ्ख्या | | | प्रतिवेदन | न्यायिक समिति | |
| ५ | बालबालिकामाथि हुने दुर्व्यवहार सङ्ख्या | उजुरी सङ्ख्या | | | प्रतिवेदन | न्यायिक समिति | |
| ६ | बालबालिकाका सवालमा बालबालिकाको सहभागिता प्रतिशत | बाल क्लबले आयोजना कार्यक्रम सङ्ख्या | | | प्रतिवेदन | न्यायिक समिति | |
| ७ | ज्येष्ठ नागरिकको सन्तुष्टि | प्रतिशत | | | प्रतिवेदन | सामाजिक शाखा | |
| ८ | हिंसा प्रभावित वा बेसहारा तथा जोखिम अवस्थामा रहेका नागरिकको पुनर्स्थापना वा पुनर्मिलन सङ्ख्या | सङ्ख्या | | | प्रतिवेदन | न्यायिक समिति | |

## खर्च संरचनाको प्रतिएकाइ लागत नक्साङ्कन

| क्र.स. | विषय क्षेत्र | प्रतिफल | एकाइ | प्रारम्भिक वर्ष लागत रू. लाखमा | लागत ३ वर्षको रू. लाखमा | लागत ५ वर्षको रू. लाखमा |
|---|---|---|---|---|---|---|
| १.१ | लैङ्गिक समानता प्रवर्द्धन | कार्यक्रम तथा योजनाको सामाजिक जेन्डर अडिट गतिविधि सञ्चालन | जेन्डर अडिट प्रतिवेदन | ५ | १५ | २५ |
| १.२ | | राजनीतिमा महिलाको सहभागिता अभिवृद्धि गतिविधि सञ्चालन | महिला सहभागिता सङ्ख्या | २.५ | ७.५ | १२.५ |
| १.३ | | लैङ्गिक, बाल र अपाङ्गता मैत्री रूपमा कानुन, नीति, निर्देशिका र मापदण्डको समीक्षा र परामर्श सङ्कलन | समीक्षा तथा परामर्श बैठक | १ | ३ | ५ |
| १.४ | | हिंसा पीडित महिलाको सुरक्षा बास सेवा केन्द्र सञ्चालन | सेवाग्राही | ५ | १५.० | |
| २.१ | जातीय छुवाछूत अन्त्यका लागि अभियान | जातीय छुवाछूत मुक्त बस्तीको घोषणा अभियान | सामाजिक भेला | ५ | १५ | ल्ट |
| २.२ | | अन्तर्जातीय विवाह गर्नेलाई सम्मान | सम्मानित हुने सङ्ख्या | १० | ३० | ५० |
| २.३ | | पेसागत जातिका रूपमा उत्कृष्ट पेसा गर्नेलाई सम्मान | सम्मानित हुने सङ्ख्या | १ | ३ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.१ | बालबालिका तथा किशोर किशोरीमाथि हुने उपेक्षा, हिंसा, दुर्व्यवहार र शोषणप्रति शून्य सहनशील | हटलाइन सेवाको व्यवस्था र रेस्क्यु | प्रतिवेदन | ५ | १५ | २५ |
| ३.२ | | महिला र बालबालिका सेवा केन्द्रको सबलीकरण | प्रतिवेदन | ६ | १८ | ३० |
| ३.३ | | बाल संरक्षण केन्द्र सञ्चालन | सेवाग्राही | ५ | १५ | २५ |
| ३.४ | | बाल संरक्षण वडा समितिको सबलीकरण | प्रतिवेदन | १ | ३ | ५ |
| ३.५ | | बाल क्लबको परिचालन | प्रतिवेदन | ५ | १५ | २५ |
| ४.१ | ज्येष्ठ नागरिकको हेरचाह, स्याहार | ज्येष्ठ नागरिक दिवा स्याहार केन्द्र सञ्चालन | सेवाग्राही | ६ | १८ | ३० |
| ४.२ | | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | सम्मानित हुने सङ्ख्या | १ | ३ | ५ |
| ४.३ | | ज्येष्ठ नागरिक स्वास्थ्य बिमा कार्यक्रम | विमित सङ्ख्या | २ | ६ | १० |
| ५.१ | सामाजिक सुरक्षा भत्ताको व्यवस्थापन | सङ्घीय सरकारबाट उपलब्ध सामाजिक सुरक्षा भत्तामा आवश्यक देखिएको समूहलाई थप भत्ता सेवा | सेवाग्राही | ६ | १८ | ३० |
| ५.२ | | सामाजिक सुरक्षा भत्ताका लाभग्राहीको अनुगमन | प्रतिवेदन | ०.५ | १.५ | २.५ |
| ५.३ | | लाभग्राहीको बिमा कार्यक्रम | विमित सङ्ख्या | ३ | ९ | १५ |

## जोखिम अनुमान विश्लेषण

१. लैङ्गिक तथा सामाजिक विभेद
२. सामाजिक परिचालन र जनसहभागिता
३. खर्च स्रोत व्यवस्थापन
४. पुरातनवादी सोच तथा अन्धविश्वास

### वडा स्तरमा प्रस्तावित मुख्य गतिविधि

| क्र.स. | वडा नं. | प्रस्तावित मुख्य बस्ती वा टोलमा सञ्चालन गरिने गतिविधि |
|---|---|---|
| १ | १ | वडा स्तरमा बाल संरक्षण समितिको परिचालन, लैङ्गिक हिंसा निगरानी समूहको परिचालन, हिंसा प्रभावितको पुनर्स्थापन र पुनर्मिलन, बालश्रमिकको उन्मुलन र गाउँघरको सफाइका लागि बाल समूहका अभियान |
| २ | २ | वडा स्तरमा बाल संरक्षण समितिको परिचालन,लैङ्गिक हिंसा निगरानी समूहको परिचालन, हिंसा प्रभावितको पुनर्स्थापन र पुनर्मिलन, बालश्रमिकको उन्मूलन र गाउँघरको सफाइका लागि बाल समूहको अभियान |
| ३ | ३ | वडा स्तरमा बाल संरक्षण समितिको परिचालन,लैङ्गिक हिंसा निगरानी समूहको परिचालन, हिंसा प्रभावितको पुनर्स्थापन र पुनर्मिलन, बालश्रमिकको उन्मूलन र गाउँघरको सफाइका लागि बाल समूहका अभियान |
| ४ | ४ | वडा स्तरमा बाल संरक्षण समितिको परिचालन, लैङ्गिक हिंसा निगरानी समूहको परिचालन, हिंसा प्रभावितको पुनर्स्थापन र पुनर्मिलन, बालश्रमिकको उन्मूलन र गाउँघरको सफाइका लागि बाल समूहको अभियान |
| ५ | ५ | वडा स्तरमा बाल संरक्षण समितिको परिचालन, लैङ्गिक हिंसा निगरानी समूहको परिचालन, हिंसा प्रभावितको पुनर्स्थापन र पुनर्मिलन, बालश्रमिकको उन्मूलन र गाउँघरको सफाइका लागि बाल समूहको अभियान |
| ६ | ६ | वडा स्तरमा बाल संरक्षण समितिको परिचालन, लैङ्गिक हिंसा निगरानी समूहको परिचालन, हिंसा प्रभावितको पुनर्स्थापन र पुनर्मिलन, बालश्रमिकको उन्मूलन र गाउँघरको सफाइका लागि बाल समूहको अभियान |

परिच्छेद : चार

# स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन

## ४.१ औचित्य

योजना भनेको निश्चित समय सीमाभित्र अपेक्षित लक्ष्य र उद्देश्य हासिल गर्न विनियोजन गरिएको स्रोत तथा साधनद्वारा सम्पादन गरिने क्रियाकलापको सिलसिलेवर कार्य सम्पादन गर्नेगरी तयार गरिएको दस्तावेज भन्ने बुझिन्छ । योजनाले लक्ष्य तथा उद्देश्य निर्धारण गर्दा निश्चित समय अवधिमा हासिल गर्न सक्ने, वास्तविक तुलना गर्न मिल्ने र नाप्न सकिने गरी नतिजा आउने गरी तय गर्नुपर्दछ । यसका लागि बजेट तथा स्रोत व्यवस्थापन गर्दा सुनिश्चित भएका आर्थिक स्रोत र जुटाउन सकिने सम्भावित स्रोतको आँकलन पनि गर्नु जरूरी हुन्छ । यस प्रयोजनका लागि गुरूयोजनामा केही तथ्याङ्क प्रस्ताव गरिएको छ भने कतिपय तथ्याङ्कलाई केन्द्रीय र प्रदेश स्तरमा उपलब्ध हुने तथ्याङ्कसँग तुलना गर्नेगरी सूचीको ढाँचामा राखिएको छ । गुरूयोजनाको समग्र प्रभावकारी लेखाजोखा गर्न तथा नतिजाको मूल्याङ्कन गर्न त्यस्ता सूचीले सहयोग गर्ने अपेक्षा लिइएको छ ।

त्यसैगरी अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र विधिको व्यवस्था के र कस्तो हुने भन्ने बारेमा उल्लेख गरिएको छ । जसले गर्दा आगामी दिनमा आयोजनाको अनुगमन मूल्याङ्कन गर्ने संरचनालाई सबलीकरण गर्न आवश्यक मार्गनिर्देश गर्ने अपेक्षा लिइएको छ ।

## ४.२ स्रोत व्यवस्थापन

एकीकृत विकास गुरूयोजना तथा आवधिक योजनाका लागि आवश्यक स्रोत तथा बजेटको व्यवस्थापनका लागि गाउँपालिकाले समग्र योजनाको लागत अनुमान निकाल्नुपर्ने छ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत, सङ्घ तथा प्रदेश सरकारका तर्फबाट प्राप्त अनुदान र सम्भावित अन्य स्रोतको आधारमा तयार पार्न सकिन्छ । हालका लागि गत आर्थिक वर्षको विनियोजित बजेटका आधारमा अनुमानित लागत क्षेत्रगत योजनामा राखिएको छ ।

## ४.३ अनुगमन तथा मूल्याङ्कन

### ४.३.१ परिचय

'अनुगमन' भन्नले नीति, योजना, कार्यक्रम तथा आयोजनामा लगानी तथा साधनको प्रवाह उचित ढङ्गले भए, नभएको वा अपेक्षित नतिजा हासिल भए, नभएको सम्बन्धमा कार्यान्वयन गर्ने निकाय वा कानुनबमोजिम अख्तियार प्राप्त व्यक्ति वा सङ्ख्याबाट निरन्तर वा आवधिक रूपमा गरिने निगरानी, सूचना सङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्य भन्ने बुझिन्छ ।

'मूल्याङ्कन'भन्नाले कार्यान्वयन चरणमा रहेका वा सम्पन्न भएका नीति, योजना, कार्यक्रम तथा आयोजनाको सान्दर्भिक, प्रभावकारी, कार्यदक्षता, दिगोपन तथा प्रभावका सम्बन्धमा लैङ्गिकता तथा समताका दृष्टिले समेत आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उद्देश्यपूर्ण र व्यवस्थित तरिकाले गरिने कार्य जनाउँछ ।

अनुगमन गर्दा लाभग्राहीको सहभागिता र परियोजनामा प्रयोग गरिएका वस्तु तथा सेवाको सन्तुष्टि अवस्थाको लेखाजोखा गरिन्छ । प्राविधिक अनुगमनमा वस्तु तथा सेवाको गुणस्तर र लागत लेखाजोखा गर्ने गरिन्छ । प्रक्रियागत अनुगमनमा परियोजनाले तोकेको प्रक्रिया, अभिलेख र आर्थिक मितव्ययी बन्ने अभ्यासलाई अवलोकन गर्ने र तुरून्त पृष्ठपोषण दिने कार्य हुन्छ ।

योजनाको मूल्याङ्कन भन्नाले योजनाले निकाल्ने नतिजा, असर वा प्रभाव मापन गर्ने कार्य भन्ने बुझ्नुपर्दछ । मूल्याङ्कनलाई योजनाको मध्यावधि गरिने, योजना सम्पन्न हुनासाथ नतिजालाई लक्ष्य तथा उद्देश्य प्राप्तिको अवस्थाको जाँच गरिने र योजना सम्पन्न भइसकेपछि केही समयपछि नतिजाले देखिएका असर वा प्रभावलाई लेखाजोखा गरी तीन किसिमले सम्पादन गरिन्छ । मूल्याङ्कन गर्दा योजनाको आधार तथ्याङ्क (बेसलाइन) का आधारमा वा अन्य कुनै स्थानमा सञ्चालन भएको योजना वा योजनाको नतिजासँग तुलनात्मक लेखाजोखा गरिन्छ ।

बन्दीपुरको गुरूयोजनाको अनुगमन तथा मूल्याङ्कनमाथि उल्लेखित अवधारणाबाट गर्नेगरी तयार गरिएको छ । हरेक क्षेत्रमा समग्र सूचकाङ्क र उपक्षेत्रमा विषयगत सूचकाङ्क राखिएको छ । तुलना गर्न सजिलो होस् भनी तथ्याङ्कमा मापन गर्न खोजिएको छ । व्यवहारगत परीक्षण, विषयगत (सब्जेक्टिभ) आधारमा गरिने लेखाजोखालाई खासै स्थान दिइएको छैन । जनप्रतिनिधि र आम मानिसबाट सजिलै मापन गर्न सकियोस् भनी त्यस्तो प्रयास गरिएको हो ।

### ४.३.२ अनुगमन मूल्याङ्कनको संस्थागत संरचना, लक्ष्य र उद्देश्य

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारको नीति, योजना, कार्यक्रम तथा आयोजनाको अनुगमन गर्ने जिम्मेवारी उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा गठन हुने समितिबाट हुनेगर्दछ । यस समिति अन्तर्गत विभिन्न उपसमिति गठन गरेर अनुगमन कार्य व्यवस्थित गर्नुपर्दछ । साथै अनुगमन मूल्याङ्कन प्रक्रिया व्यवस्थित गर्न पालिकाले अनुगमन मूल्याङ्कन निर्देशिका तयार पारेर सो निर्देशिकाको प्रावधान र प्रतिवेदन खाका प्रयोग गर्दा अनुगमन कार्यको गुणस्तर कायम गर्न सकिनेछ ।

राष्ट्रिय योजना आयोगले तयार पारेको अनुगमन मूल्याङ्कन निर्देशिका अनुसार प्रदेश र स्थानीय सरकारको अनुगमनको कार्यक्षेत्र निम्न अनुसार व्यवस्था गरिएको छ ।

| तह | के ? | कसले ? | कहिले ? | कसरी ? |
|---|---|---|---|---|
| प्रादेशिक सरकार | नीति | प्रादेशिक योजना आयोग | नीति कार्यान्वयन चरण | तेस्रो पक्षबाट मूल्याङ्कन |
| | आवधिक योजना | प्रादेशिक योजना आयोग | योजना अवधि | निरन्तर रूपमा अनुगमन, तेस्रो पक्षबाट मूल्याङ्कन |
| | बृहत् स्तरीय कार्यक्रम तथा आयोजना | प्रादेशिक मन्त्रालय | आवश्यकता अनुरूप | निरन्तर रूपमा अनुगमन तथा तेस्रो पक्षबाट अनुगमन मूल्याङ्कन |
| | | प्रादेशिक योजना आयोग | आवश्यकता अनुरूप | अनुगमन, आन्तरिक तथा तेस्रो पक्षबाट मूल्याङ्कन |
| स्थानीय सरकार | स्थानीय तहबाट सञ्चालित कार्यक्रम तथा आयोजना | गाउँ/नगरपालिका तथा सम्बन्धित निकाय | आवश्यकता अनुरूप | निरन्तर रूपमा अनुगमन, तेस्रो पक्षबाट अनुगमन मूल्याङ्कन |

### कार्यक्रम/आयोजनाका विभिन्न चरणमा गरिने अनुगमन तथा मूल्याङ्कनको उद्देश्य

| अनुगमन तथा मूल्याङ्कनका प्रकार | उद्देश्य |
|---|---|
| १. निरन्तर अनुगमन | कार्यक्रम/आयोजना कार्यान्वयन चरणमा लगानी, क्रियाकलाप, प्रक्रिया र प्रतिफल सूचकका आधारमा कार्यसम्पादन भए, नभएको निर्धारण गर्न । |
| २. दिगोपन अनुगमन | कार्यान्वयन चरण सम्पन्न भएपछि उक्त आयोजनाको निर्धारित आयुसम्म निरन्तर सञ्चालनका लागि आवश्यक पर्ने स्रोतसाधन तथा मर्मत सम्भार निश्चित गर्न । |
| ३. पूर्वमूल्याङ्कन (Ex-ante Evaluation) | कार्यक्रम/आयोजनाको आवश्यकता सुनिश्चित निर्धारण गर्न ।<br>कार्यक्रम/आयोजनाको पूर्णविवरण स्पष्ट गर्न र सूचक निर्धारण गर्न । |
| ४. चालू मूल्याङ्कन (On-Going Evaluation) | कार्यक्रम/आयोजनाको प्रगतिको समीक्षा गर्न ।<br>पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा सञ्चालन ढाँचामा आवश्यक परिवर्तन गर्न । |
| ५. अन्तिम मूल्याङ्कन (Terminal Evaluation) | आयोजनाको कार्यक्षमता, प्रभावकारी र दिगोपनलाई ध्यानमा राखेर समीक्षा गर्न र सम्पन्न भएपछि थप कार्य आवश्यक रहेको वा नरहेको निर्क्योल गर्न । |
| ६. प्रभाव मूल्याङ्कन (Impact-Evaluation) | प्रभाव र दिगोपनलाई ध्यानमा राखेर समीक्षा गर्न ।<br>भविष्यमा आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्न सिकाइ र सुझाव प्राप्त गर्न । |
| ७. निरन्तर पृष्ठपोषण (Continue Feedback) | विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्नुपर्छ । |

### ४.३.३ अनुगमन मूल्याङ्कनका विधि तथा अध्ययन गर्नुपर्ने विषय

#### १. अनुगमन तथा मूल्याङ्कन संयन्त्र र प्रविधि

**तथ्याङ्क भण्डारण :**

पालिकाका सबै योजनाको सूचक, तथ्याङ्क र सञ्चालन निर्देशिकाका अभिलेख रहनेगरी योजना शाखाको संस्थागत विकास गरिनेछ । आवश्यकता अनुसार आईसीटी प्राविधिकलाई योजना शाखाको अभिन्न अङ्गका रूपमा प्रविधि सहयोगका लागि राखिनेछ । तीव्र गतिको इन्टरनेट सर्वरसहित अविछिन्न विद्युत् आपूर्ति गर्नेगरी कम्प्युटर, ल्यापटप र एलसीडी मोनिटरको व्यवस्था गरिनेछ । पालिकाका सबै तथ्याङ्क, अभिलेखलाई डिजिटल रूपमा वार्षिक फोल्डरको निर्माण गरी राखिनेछ । हरेक वर्षका तथ्याङ्क र डिजिटल डाटालाई हार्ड ड्राइभमा सुरक्षित किसिमले भण्डारण गरी राखिनेछ । हरेक आर्थिक वर्षको समाप्तिको पछिल्लो आर्थिक वर्षको अभिलेखलाई पहिला तीन महिना भित्रमा त्यस्ता हार्ड

ड्राइभमा राखी कार्यकारी अधिकृतबाट प्रमाणित गरी स्टोर गर्नुपर्दछ ।

### अनलाइन सूचना व्यवस्थापन

पालिकाको राजपत्र, सूचना, ऐन, महत्वपूर्ण निर्णय र तथ्याङ्कलाई नियमित अध्यावधि गरी अनलाइन सूचना कार्यालयको आधिकारिक वेबसाइटबाट प्रसारण गरिन्छ । अनलाइन वेबसाइटमा पालिकाको निर्णय वा योजना वा कर्मचारीप्रति गुनासो वा उजुरी भए राख्न सक्ने व्यवस्था गरिनुपर्दछ । त्यस्ता उजुरीको गोप्यता हुन आवश्यक हुन्छ भने त्यस्ता फाइलको पहुँच कार्यकारी अधिकृतलाई मात्र हुनुपर्दछ ।

### कर्मचारी र जनप्रतिनिधिको कार्य सम्पादन मूल्याङ्कन

पालिकाले सम्पादन गर्ने कार्यक्रम, योजना र सेवाको गुणस्तर र सेवाग्राहीको सन्तुष्टिका आधारमा कर्मचारी र जनप्रतिनिधिलाई पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।

### अनुगमन संयन्त्रको सबलीकरण

पालिकाबाट प्रवाह गरिने सेवा तथा योजनाको अनुगमनलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ अनुसार कार्य सम्पादन गर्नेगरी उपाध्यक्षको संयोजकत्वमा गठित संयन्त्रको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । अनुगमनको ढाँचा र प्रतिवेदनलाई कर्मचारी बैठकमा छलफल गर्ने र डाटाको व्यवस्थापन योजना शाखाले गर्नेछ । अनुगमन गर्ने संयन्त्रले नै योजनाको आधार अवस्थाको तथ्याङ्क (बेसलाइन डाटा)लाई व्यवस्थित गर्नेछ । उक्त बेसलाइन डाटाका आधारमा योजनाको मध्यकालीन मूल्याङ्कन र प्रभाव मूल्याङ्कन गरिनेछ । योजनाको मूल्याङ्कन विज्ञ एवम् परामर्शदाताबाट गरिनेछ ।

### अनुगमन गर्ने ढाँचा

अनुगमन गर्ने कार्यलाई योजनाको प्रक्रियागत तहमा, प्राविधिक दृष्टिकोणबाट र लाभग्राहीको सहभागिता एवम् वस्तु वा सेवा प्रतिको सन्तुष्टिको मापनका आधारमा तीन किसिमले गरिन्छ । अनुगमनको प्रकृति अनुसार अनुगमनको ढाँचालाई सोही बमोजिम तयार गर्नुपर्दछ । प्रायः राजनीतिक नेतृत्वबाट गरिने अनुगमनमा लाभग्राहीको सहभागिता र वस्तु तथा सेवाप्रति लाभग्राहीको सन्तुष्टिमा केन्द्रित रहेको पाइन्छ । लिखित र औपचारिकभन्दा अलिखित र अनौपचारिक पद्दतिका आधारमा अनुगमनलाई अभिलेखन गरेको पाइन्छ ।

### योजनाको प्रक्रियागत अनुगमन

यसरी अनुगमन गर्दा निम्न अभिलेख अवलोकन गरिन्छ र सोही आधारमा अनुगमनको सूची तयार गरिन्छ ।

लाभग्राहीको योजनाका छनौट कसरी भयो त्यसको अभिलेख ।

लाभग्राहीले पेस गरेको व्यावसायिक योजना वा माइन्युट कपी

### योजनाको सूचना पाटी र टाँस गरेको स्थान

योजनामा खर्च भएको बिल, भरपाई र कानुनी उपचार

योजनामा वितरण गर्नुपर्ने सामग्रीको हस्तान्तरण प्रक्रिया र सहभागिताको अभिलेख

योजना सञ्चालन अवस्थामा खिचिएका फोटा, समाचार क्लिप र न्युज वाइट

### योजनाको प्राविधिक अनुगमन

योजना तथा कार्यक्रम सञ्चालन हुँदाको समयमा गरिने प्राविधिक अनुगमन गर्दा निम्न बमोजिम गरिन्छ ।

योजनाले प्रस्तावित गरेको वस्तु तथा सेवाका मापदण्डको अध्ययन ।

योजनामा प्रयोग भएका प्रविधिको स्तर, वस्तु तथा

सेवाको ब्रान्ड

वस्तु तथा सेवाको राष्ट्रिय बजारमा उपलब्ध दरभाउ तथा किसिम

योजनामा खर्च भएको बिल, भरपाई र कानुनी उपचार

सार्वजनिक खरिद ऐन, नियमावली र महालेखा परीक्षकको मान्यताको अवलम्बन

योजना सञ्चालन अवस्थामा खिचिएका फोटा, समाचार क्लिप र न्युज वाइट

### ४.३.४ अनुगमन मूल्याङ्कन नतिजा विश्लेषण खाका तथा अध्ययन गर्नुपर्ने विषय

#### नतिजा विश्लेषण खाका

योजना तथा कार्यक्रमको समाप्ति पछिको तत्कालीन असर र प्रभाव अनुगमन गर्दा तथ्याङ्क र प्रगतिका आधारमा तुलनात्मक लेखाजोखा गरिन्छ । लेखाजोखा गर्न तलको तालिका प्रस्ताव गरिएको छ ।

| प्रमुख नतिजा | एकाइ | आधार वर्ष अनुमानित | पहिलो ५ वर्षको अन्त्यमा अनुमान | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान/जोखिम |
|---|---|---|---|---|---|---|
| योजनाको कार्यान्वयनपछि तत्काल हासिल भएको प्रतिफल | प्रतिफलको एकाइ | योजना सुरू हुँदाको समयमा रहेका तथ्याङ्क | पाँच वर्षमा कति वा कस्तो हुने अनुमान गरिएको हो | नतिजालाई के मा देख्न सकिन्छ | कार्यान्वयन गर्ने नेतृत्वदायी निकाय कुन हो | नतिजालाई प्रभावित गर्ने बाह्य अवस्था के हो ? नतिजाले समुदायमा पर्न सक्ने असर |

गुरूयोजनाले यस्तो खालको अनुगमनलाई हरेक क्षेत्र तथा उपक्षेत्रमा स्पष्टसँग किटान गरी अनुगमन गर्ने तालिका प्रस्ताव गरेको छ । अनुगमन कर्ताले त्यस तालिकालाई पछ्याउँदा राम्रो हुन्छ । यसका अलवा अनुगमनकर्ताले अनुगमन गर्दा हेर्ने सूचनाको सूची वा निर्देशिका बनाउँदा प्रभावकारी अनुगमन हुनसक्छ ।

लक्ष्य र प्रगतिको अन्तर विश्लेषण गर्दा देहाय बमोजिमको तालिका प्रयोग गर्नुपर्दछ ।

| सूचक | लक्ष्य | प्रगति | लक्ष्य र प्रगतिको अन्तर | कारण | समाधानका उपाय |
|---|---|---|---|---|---|
| | | | | | |

#### अध्ययन गर्नुपर्ने विषय

क) सार्वजनिक नीति (Public Policy)

ख) आवधिक योजना (Periodic Plan)

ग) विषय क्षेत्रगत योजना तथा व्यावसायिक योजना (Business Plan)

घ) वार्षिक नीति, कार्यक्रम तथा बजेट (Annual Policy, Program and Budget)

ङ) कार्यक्रम तथा आयोजनाको दस्तावेज (Program and Project Document)

च) अन्तर्राष्ट्रिय प्रतिबद्धता (International Commitment)

### ४.३.५ अनुगमन प्रतिवेदन तयारी तथा विषय सूची

कुनै पनि नीति, कार्यक्रम, आयोजना तथा परियोजनाको अनुगमन पश्चात् निश्चित ढाँचामा प्रतिवेदन

तयार गर्नुपर्दछ । उक्त प्रतिवेदनले आयोजनाको तत्कालको अवस्था, प्रगतिको स्थिति, खर्च तथा प्रगतिको अनुपात र कार्यसम्पन्न गर्नुपर्ने समय सीमाको विश्लेषण गरिएको हुँदा आयोजना तथा कार्यक्रमको समग्र स्थितिको जानकारी गराउँदछ । यस्तो प्रतिवेदन पालिकाबाट कार्यान्वयन हुने सबै प्रकारका कार्यक्रमका लागि एउटै ढाँचामा तयार पर्नुपर्दछ ।

### अनुगमन प्रतिवेदन ढाँचा तथा विषय सूची

१. पृष्ठभूमि

२. आयोजनाको समग्र चिनारी (अपेक्षित उपलब्धि, स्रोत व्यवस्थापन समेत)

३. गत आ.व.सम्मको प्रगति स्थिति

४. चालू आ.व.को अख्तियारी र स्वीकृत कार्यक्रम प्राप्त भए नभएको

५. वार्षिक लक्ष्यको तुलनामा भौतिक तथा वित्तीय प्रगति

६. जनशक्तिको व्यवस्थापन र यस सम्बन्धमा देखिएका विषय

७. विभिन्न सरोकारवालाको धारणा

८. विद्यमान समस्या तथा समाधानका प्रयास

९. टोलीबाट समस्या समाधानका लागि गरिएका प्रयास

१०. सुझव तथा सोको कार्यान्वयन योजना

११ निष्कर्ष

### ४.३.६ सूचक एवम् तथ्याङ्क मानक

विभिन्न क्षेत्रमा अन्तर्राष्ट्रिय र राष्ट्रिय मान्यताका आधारमा केही सूचक तयार गरिएका हुन्छन् । त्यस्ता सूचक केही तथ्याङ्कको मेल वा विन्यासबाट तयार गरिएका हुन्छन् । पालिकामा अभिलेखित केही तथ्याङ्क वा योजना कार्यान्वयनका क्रममा प्राप्त हुने तथ्य र तथ्याङ्कका आधारमा पनि त्यस्ता सूचक तयार गरिन्छ । तलको खण्डमा त्यस्ता सूचक र सूचकमा प्रयोग हुने तथ्याङ्क राखिएको छ । तलको विधि नेपाल मानव विकास प्रतिवेदन २०१४ अनुसार लिइएको छ ।

१. **मानव विकास सूचकाङ्क** : शिक्षा, स्वास्थ्य र आयका तीन विधाभित्र रहेका चार सूचकका आधारमा मानव विकास सूचकाङ्क तयार गरिन्छ । पालिकाको जनसङ्ख्याको (क) औसत आयु (गणना हुँदाको समयमा रहेको कुल जनसङ्ख्याले जम्मा जनसङ्ख्याको कुल उमेरलाई भाग गर्दा आउने शेष), (ख) वयष्क साक्षरता (५-४० वर्ष उमेर समूहको शैक्षिक अवस्था), (ग) विद्यालय तहको औसत वर्ष (आधार भूत विद्यालयमा भर्ना हुने विद्यार्थीको सङ्ख्यालाई १२ कक्षासम्म पूरा गर्ने विद्यार्थी सङ्ख्याले घटाउँदा आउने शेषले कुल विद्यार्थीको विद्यालयमा संलग्न हुने वर्षले भागा गर्दा आउने अङ्क) (घ) प्रतिव्यक्ति आयलाई (कुल घरधुरीको आयलाई जनसङ्ख्याले भाग गर्दा आउने रकमलाई अमेरिकी डलरमा रूपान्तरण गर्ने) अमेरिकी डलरमा निकालिन्छ । मानव सूचकाङ्क ० देखि १ को बीचमा राखिन्छ । शून्यलाई खराब र एक उच्चतमको अवस्थामा राखिन्छ ।

२. **मानव गरिबी सूचकाङ्क** : कुल जनसङ्ख्यामध्ये ४० वर्षसम्म नबाँच्ने जनसङ्ख्याको प्रतिशत, वयष्क निरक्षरताको प्रतिशत, स्वच्छ (परीक्षण गरिएको) पानी पिउन नपाउने जनसङ्ख्या र पाँच वर्षका बालबालिकामा देखिने कुपोषणको दरलाई लिएर निकालिएको एकीकृत सूचकाङ्क हो । यसमा जति मानक उच्च देखिन्छ त्यति गरिबीको अवस्था बताउँछ ।

३. **बहुआयामिक गरिबी सूचकाङ्क** : यस सूचकमा बालबालिकाको कुपोषण दर, बाल मृत्युदर, विद्यालयमा विद्यार्थीको औसत विद्यालय वर्ष दर, विद्यालयको निरन्तरता दर र जीवन स्तरका छ वटा सूचक (खाना पकाउने धूवाँसहित इन्धन प्रयोग गर्ने दर,

शौचालय प्रयोग गर्ने दर, स्वच्छ पिउनेपानी प्राप्त गर्ने दर, बिजुली बत्तीको प्रयोग गर्ने दर, घरको भुइँ, गारो तथा छाना सुरक्षित दर, प्रति व्यक्तिको सम्पत्तिको स्वामित्व)लाई जोडेर निकालिन्छ । हालै राष्ट्रिय योजना आयोगले निकालेको बहुआयामिक गरिबीको राष्ट्रिय सूचकाङ्क अनुसार गरिबीको रेखा मुनिको जनसङ्ख्या २८.६ प्रतिशत रहेको छ भने गण्डकी प्रदेशमा १४.२ प्रतिशत रहेको छ ।

४. **प्रतिव्यक्ति आय :** पालिकाभित्र उत्पादन हुने वस्तु, सेवा क्षेत्रबाट प्राप्त हुने आय, विप्रेषण र सेवा एवम् वस्तुमा लाग्ने मूल्यवृद्धि करका आधारमा वस्तु वा सेवाको मूल्य जोड गरी कुल जनसङ्ख्याले भाग गर्दा आउने रकमलाई प्रतिव्यक्ति आय भनिन्छ ।

**सन्दर्भ सामग्री**

१. नेपाली भाषाका सन्दर्भ सामग्री

राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ ।

प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ ।

प्रदेश स्तरीय योजना तर्जुमा दिग्दर्शन २०७५, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ ।

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल ऐन सङ्ग्रह खण्ड १७, कानुन किताब व्यवस्था समिति ।

नेपालको संविधान २०७२, कानुन किताब व्यवस्था समिति ।

वार्षिक कार्ययोजना, आ.व. २०७३/७४, बन्दीपुर गाउँपालिका ।

राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल सरकार ।

लगत प्रशोधन निर्देशिका, राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ।

वार्षिक गाउँविकास योजना तथा कार्यक्रम, आ.व. २०७४/७५ बन्दीपुर गाउँपालिका ।

नेपाल मानव विकास प्रतिवेदन २००४, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम ।

प्रदेश वस्तुस्थिति विवरण २०७५, प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं.३, हेटौँडा ।

१५औँ योजना आधार–पत्र, (आ.व.२०७६/७७ –२०८०/८१) नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौँ ।

2. English References

7th National Development Plan 2017-2021, Vol. I, Ministry of National Development Planning, Zambia, 2017.

A Unloied Approach to Measuring Poverty and Inequality: Theory and Practice, World Bank, 2013.

Classification of the Functions of Government (COFOG), United Nations Statistics Division.

Community Development Strategy 2014-2017, Townsville City Council, Australia, 2013.

Compendium of Environment Statistics, 2015, CBS

Final Report: Multiple Indicator Cluster Survey 2014, CBS/UNICEF

Handbook on Geospatial Infrastructure in Support of Census Activities, United Nations, New York 2009.

Preparing a Master Plan for your Community, A Handbook for Planning Board Members, Planners and Volunteers, Prepared By Southern New Hampshire Planning Commission, June 2004.

Questionnaire of Censuses and Survey of Nepal, 2012, CBS

Rawanda Vision 2020, Ministry of Finance and Economic Planning, Republic of Rawanda, July 2000.

Strategic Community Plan 2017-2037, City of Mandurah, Australia, 2016.

Strategic Plan for Green City Initiative 2012-2016, Ilam Municipality.

The Five Year Socio-economic Development Plan 2016-2020, Socialist Republic of Vietnam, 2016

Transforming Fiji, 5-Year & 20-Year National Development Plan, Ministry of Economy, Republic of Fiji, Nov. 2017.

Uganda Vision 2040, Ministry of Finance, Republic of Uganda, 2016.

Working Paper, Ecosystem Based Adaptation in Mountain Ecosystem in Nepal, 2014, Ministry of Environment, Science and Technology.

# अनुसूची खण्ड

## अनुसूची १
## घरधुरीको वर्गीकरण

समूहमा आबद्ध घरधुरीलाई उनीहरूको आयआर्जन, उपलब्ध स्रोत तथा नाजुकताका आधारमा चार मूल आधारमा १० वर्गमा विभाजन गरिएको छ । जस अनुसार नौ वटा वर्ग तल दिइएको छ । एक वर्गको तय गर्ने कार्य स्थानीय परिवेशका आधारमा सामाजिक शाखाले गर्न सक्दछ । जस्तै विपत्को जोखिमता वा हिंसा प्रभावित आदि घटनालाई आधार मान्न सकिन्छ । सर्वाधिक अङ्क २०० हुन्छ भने सबैभन्दा कम अङ्क पाउनेले ५० नम्बर प्राप्त गर्ने हुन्छन् ।

वर्गीकरण गर्दा सबैभन्दा कमजोर घरलाई क' र त्यसपछि प्राप्त गर्ने अङ्कका आधारमा ख' ग' र घ' वर्गमा राख्नुपर्दछ । यसरी वर्गीकरण गर्दा सहभागितामूलक विधिद्वारा समूहका सबै सदस्यको भेलाबाट दिइएका चेकलिस्ट र मापदण्डलाई कडा किसिमले पालना गर्नुपर्ने हुन्छ । अन्यथा समुदायमा विवाद आउने र यस्तो वर्गीकरण गर्न नसकिने अवस्था आइपर्न सक्दछ । पालिकाको सामाजिक शाखाका कर्मचारीले सहभागितामूलक विधिका बारेमा आपसी छलफल गरी विधि र मापदण्डमा स्पष्ट भइसकेपछि मात्र यस्तो विधिको प्रयोग गर्नुपर्दछ । हरेक समूहबाट आएका घरधुरीको वर्गीकरणमा ती नम्बर जोडी समग्र प्राथमिकता निर्धारण गर्नुपर्दछ ।

### सहजीकरण विधि

- सबै सहभागीलाई गोलाकार हुनेगरी सबै सहभागीले सबैलाई देख्न सक्नेगरी बस्ने व्यवस्था गर्ने ।
- तोकिएको मापदण्ड सबैले पढ्न सक्नेगरी अगाडि टाँस्ने ।
- मापदण्ड सबैले सुन्न सक्नेगरी वाचन गर्ने र अर्थसमेत सम्झाउने ।
- उक्त मापदण्ड पुग्ने घरधुरीको एकिन गरी सर्वसहमति तयार गर्ने ।
- यस मापदण्डको अवधि दुई वर्षमात्र हुने कुरामा सबैलाई स्पष्ट गर्ने । प्रत्येक दुई वर्षमा नवीकरण गर्नुपर्दछ ।

### घरधुरी वर्गीकरणका मापदण्ड :

- आफ्नै खेतबारीमा हुने उत्पादनबाट परिवारलाई खान पुग्ने महिना
- परिवारको तीन वर्षको औसत वार्षिक आय
- जग्गाको स्वामित्व र क्षेत्रफल
- चौपाय र पक्षीको सङ्ख्या
- घरमुलीको उमेर र लिङ्ग
- परिवारमा आश्रित जनसङ्ख्या, रातो कार्डवाला अपाङ्गता भएका सदस्य सङ्ख्या
- घरको बनावट र सङ्ख्या
- आम्दानीको स्रोत (दैनिक ज्यालादारी, संस्थागत जागिर, स्वरोजगार, वैदेशिक रोजगार, कृषि, खुद्रा व्यापार)
- खानेपानीको आपूर्ति र विद्युत् उपभोग
- सहभागीमूलक छलफलका क्रममा सहभागीले प्राप्त गर्ने अधिकतम अङ्कमा नबढ्ने गरी दिनुपर्दछ ।

| मापदण्ड | समूह क (२०) | समूह ख (१५) | समूह ग (१०) | समूह घ (५) |
|---|---|---|---|---|
| आफ्नै खेतबारीमा उत्पादन हुने अन्नबाट परिवारलाई खान पुग्ने महिना (२०) | तीन महिनाभन्दा कम समयलाई पुग्ने | छ महिना सम्मको समयलाई खान पुग्ने | वर्ष दिन भरिका लागि मात्र ठिक्क खान पुग्ने | परिवारको उपभोग पुगेर पनि उत्पादन बेच्न सक्ने |
| परिवारको तीन वर्षको औसत वार्षिक आय(२०) | औसत रू. ५७,०००/ भन्दा कम कारोवार हुने | औसत रू १८८,०००/ सम्म कारोवार हुने | औसत रू ५००,००० सम्म कारोवार हुने | औसत रू ८७५,००० सम्म आय हुने |
| जग्गाको स्वामित्व र क्षेत्रफल (२०) | सुकुम्बासी/घरवारका लागि मात्र जग्गा | पाँच रोपनी सम्म जग्गाको स्वामित्व हुने परिवार | १३ रोपनी सम्म जग्गा हुने परिवार | १३ रोपनी भन्दा बढी जग्गा हुने परिवार |
| चौपाय र पक्षीको सङ्ख्या (२०) | दुई ठूला चौपाय वा चार साना चौपाय वा १०० पक्षी भन्दा कम हुने परिवार | चार ठूला चौपाय वा १२ साना चौपाय वा ५०० वटा पक्षीपालन गर्ने परिवार | छ ठूला चौपाय वा २५ साना चौपाय वा १५०० वटासम्म पक्षीपालन गर्ने | व्यावसायिक पशुपक्षीपालनमा संलग्न वा व्यापार व्यवसायी |
| घरमुलीको उमेर र लिङ्ग (२०) | १४ वर्ष मुनि बालबालिका वा रातो कार्डवाला अपाङ्गता वा ६५ वर्ष उमेर नाघेका एकल महिला | दीर्घरोगी वा पहेँलो कार्डवाला अपाङ्गता भएका वा एकल महिला | ६५ वर्ष उमेर नाघेका पुरुष | स्वस्थ पुरूष |
| परिवारमा आश्रित जनसङ्ख्या, रातो कार्डवाला अपाङ्गता भएका सदस्य सङ्ख्या (२०) | परिवारमा एक जनाको आयमा आश्रित छ जना सम्म १४ वर्षमुनि बालबालिका/ रातो कार्डवाला अपाङ्गता भएका ३ जना | परिवारमा एक जनाको आयमा आश्रित दुई दीर्घरोगी वा एक जना रातो कार्डवाला/दुई पहेँलो कार्डवाला अपाङ्गता भएका सदस्य | परिवारमा एक जनाको आयमा आश्रित ६५ वर्ष उमेर नाघेका ४ जना सम्म सदस्य | आश्रित जनसङ्ख्याको अनुपात १ : २ जना रहेका परिवार |
| घरको बनावट र सङ्ख्या (२०) | फुसको छाना र बाँस, काठ, टाटीको बार भएको १ बटा एक तले घर | फुसको वा ढुङ्गा वा टिनको छाना र ढुङ्गा वा ईंटामा माटोको जोडाइ वा काठ, टाटीको बार भएको १ बटा दुई तले घर र गोठ | ढुङ्गा वा टिन वा ढलानको छाना र ढुङ्गा वा ईंटामा सिमेन्टको जोडाइ वा प्लास्टर भएको १ बटा एक तले घर र गोठ | ढुङ्गा वा टिन वा ढलानको छाना र ढुङ्गा वा ईंटामा सिमेन्टको जोडाइ वा प्लास्टर भएको दुई तले घर वा घेरै घर र गोठ |
| आम्दानीको स्रोत (२०) | दैनिक कृषि ज्यालादारी/ दैनिक रू.४५० सम्म ज्याला दर हुने | आफ्नै लघु व्यवसाय / निर्वाहमुखी कृषि व्यवसाय/ दैनिक १२०० ज्यालादर हुने | आफ्नै वार्षिक रू.५०००००/ सम्म कारोवार व्यापार वा व्यवसाय / ग' वर्गको वैदेशिक रोजगार/संस्थागत रोजगारी | आफ्नै वार्षिक रू.५०००००/ भन्दा बढी कारोवार हुने व्यापार वा व्यवसाय / ख'वर्ग माथिको वैदेशिक रोजगार/संस्थागत रोजगारी |
| खानेपानीको आपूर्ति र विद्युत् उपभोग (२०) | घरमा विद्युत् जडान नभएका र खानेपानी लिन १ घण्टाभन्दा बढी पैदल हिँड्ने परिवार | घरमा विद्युत् जडान नभएका वा खानेपानी लिन १ घण्टासम्म बढी पैदल हिँड्ने परिवार | खानेपानीको लागि ३० घण्टाभन्दा बढी पैदल हिँड्ने परिवार वा खोलाको पानी खाने परिवार | खानेपानीको लागि १५ मिनेटसम्म पैदल हिँड्ने परिवार |

नोट : माथि दिइएका सूचक नेपाल सरकारले गाउँ विकास कार्यक्रम, गरिबी निवारण कोष र अन्य कार्यक्रममा प्रयोग गरिएका सूचक हुन् । अङ्कको स्कोरका आधारमा श्रेणी निर्धारण : समूह क - १७५ देखि २००, समूह ख - १२० देखि १५०, समूह ग - ७५ देखि १०० र समूह घ - ७५ देखि ५० अङ्क ।

## अनुसूची २. विद्यालय सुधार कार्यक्रमको कार्यसूची

| क्र.स | सूचक | हालको अवस्था | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| **क** | **भौतिक संरचना** | | | |
| ०१ | विद्यालयको हाता कम्पाउन्ड तारबार गरिएको र विपद्मा तुरून्त विद्यार्थी जम्मा हुन सक्ने गरी सुरक्षित स्थानको व्यवस्थापन | | | |
| ०२ | खेल मैदान कम्तीमा २ रोपनी मा.वि.<br>आधारभूत तहका लागि १ रोपनी | | | |
| ०३ | कक्षा कोठा २५ देखि ४० जना विद्यार्थी अट्न सक्ने वा एक विद्यार्थी बराबर ३x३ वर्ग फिट क्षेत्रफल, | | | |
| ०४ | कक्षा कोठामा दुई ढोका र दुई झ्यालको व्यवस्था भएको उज्यालो र ह्वाइट बोर्डको प्रयोग | | | |
| ०५ | बालमैत्री फर्निचरको प्रयोग | | | |
| ०६ | पानीको व्यवस्थापनसहित बालमैत्री शौचालय, हात धुने स्थान र, फोहोर उत्सर्जनको व्यवस्था | | | |
| ०७ | मा.वि.स्तरमा महिलामैत्री शौचालय र इन्सिलेटरको व्यवस्था | | | |
| ०८ | माध्यमिक तहमा पुस्तकालय र विज्ञान एवम् प्राविधिक विषयको प्रयोगशाला | | | |
| ०९ | आधारभूत तहमा बाल वाचनालय | | | |
| **ख)** | **शिक्षक, शिक्षण विधि र पेसागत विकास** | | | |
| ०१ | शिक्षक विद्यार्थी अनुपात १:२० | | | |
| ०२ | प्र.अ.को व्यवस्था | | | |
| ०३ | प्रत्येक तहमा न्यूनतम योग्यता पुगेका शिक्षक सङ्ख्या | | | |
| ०४ | नियमित र प्रभावकारी शिक्षणविधि र विद्यार्थीको नतिजाका आधारमा शिक्षकको कार्य सम्पादन मूल्याङ्कन प्रणाली | | | |
| ०५ | शैक्षिक क्यालेन्डर निर्माण र कार्यान्वयन | | | |
| ०६ | विषयगत शिक्षण समिति बैठक, कार्यशाला, सेमिनारको आयोजना | | | |
| ०७ | विषयगत शिक्षण सन्दर्भ सामग्री र प्रयोगशालाको स्रोत व्यवस्थापन | | | |
| ०८ | वर्ष शिक्षक पुरस्कार र ग्रेड थपको व्यवस्थाको नीतिगत व्यवस्था | | | |
| **ग** | **नेतृत्व, विद्यालय व्यवस्थापन र सहभागिता** | | | |
| ०१ | विद्यालय सुधार योजना निर्माण र अध्यावधिक | | | |
| ०२ | वि.व्य.स. गठन र कार्य विभाग अनुसार जिम्मेवारी बाँडफाँड | | | |
| ०३ | शि.अ.सङ्घ गठन र नियमित सामाजिक परीक्षणको अभ्यास | | | |
| ०४ | वार्षिक कार्ययोजना निर्माण र समीक्षाको अभ्यास | | | |
| ०५ | विद्यालयका सबै सरोकारवालाले पालना गर्नुपर्ने आचारसंहिताको निर्माण र सार्वजनिक प्रवाह र पालना | | | |
| ०६ | विद्यालयको सम्पत्ति, विद्यार्थी अभिलेख, नतिजा र कार्य सम्पादन आदिको व्यवस्थित अभिलेख | | | |
| ०७ | केन्द्र, प्रदेश र पालिका तहमा आयोजना गरिने प्रतियोगितामा विद्यालयको सहभागिता | | | |
| ०८ | बाल क्लब, विद्यार्थी सदन, पोसाक, स्काउट आदिको परिचालन | | | |
| **घ** | **सिकाइ, नतिजा र सन्तुष्टि** | | | |

| | | | | |
|---|---|---|---|---|
| ०१ | कक्षाको नियमित (वार्षिक कक्षा सञ्चालन दिन) | | | |
| ०२ | ऋद्यभ्न्छ कार्यान्वयन | | | |
| ०३ | आधारभूत शिक्षा पूरा गर्ने विद्यार्थी प्रतिशत | | | |
| ०४ | छात्रवृत्ति लगायतका सुविधा लिने विद्यार्थी प्रतिशत | | | |
| ०५ | दिवा खाजाको व्यवस्था | | | |
| ०६ | कक्षा ५ र ८ मा गणित र नेपाली विषयमा अघिल्लो तीन आर्थिक वर्षको उपलब्धि | | | |
| ०७ | कक्षा ९ मा प्राविधिक विषयमा भर्ना हुने विद्यार्थी प्रतिशत | | | |
| ०८ | तीन आ.व.को एसईईको औसत न्एठ | | | |
| ०९ | विज्ञान विषयमा कक्षा ११ मा भर्ना हुने विद्यार्थी प्रतिशत | | | |
| १० | अभिभावक र शिक्षकका सन्तुष्टि सर्वेक्षण अनुसार आ.व. तीनको सन्तुष्टि स्तर | | | |
| ११ | विद्यार्थीको शिक्षकबाट गरिने वार्षिक मूल्याङ्कनको आ.व. तीनको स्तर | | | |

## अनुसूची ३. गुरूयोजना निर्माणमा सहभागी

### १. बन्दीपुर गाउँपालिकाका पदाधिकारी

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री पूर्णसिं थापामगर | प्रमुख | |
| २ | श्री करूणा गुरूङ | उपप्रमुख | |
| ३ | श्री नरहरी सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री भानुभक्त पोखेल | वडाअध्यक्ष वडा नं. १ | |
| ५ | श्री कृष्णप्रसाद लामिछाने | वडाअध्यक्ष वडा नं. २ | |
| ६ | श्री हस्तबहादुर जी.सी. | वडाअध्यक्ष वडा नं. ३ | |
| ७ | श्री हरेराम थापा | वडाअध्यक्ष वडा नं. ४ | |
| ८ | श्री ध्रुवप्रसाद लामिछाने | वडाअध्यक्ष वडा नं. ५ | |
| ९ | श्री सन्तबहादुर गुरूङ | वडाअध्यक्ष वडा नं. ६ | |

### २. दीर्घकालीन गुरूयोजना निर्माण समितिका पदाधिकारी

| क्र.स. | नाम थर | पद |
|---|---|---|
| १ | हेमराज लामिछाने (क्षितिज) | संयोजक |
| २ | सुरेन्द्र थापा | सदस्य |
| ३ | शंकर बानिया | सदस्य |
| ४ | सुदिन पौडेल | सदस्य |
| ५ | त्रिभुवन थापा | सदस्य |
| ६ | बैसबहादुर गुरूङ | सदस्य |
| ७ | शान्ति कुँवर | सदस्य |
| ८ | रामहरि न्यौपाने | सदस्य |
| ९ | टीकाराम गिरी | सदस्य |
| १० | मनहर भट्टराई | सदस्य |
| ११ | प्रतिभा ढकाल भट्टराई | सदस्य |

| | | |
|---|---|---|
| १२ | चन्द्रबहादुर थापा विमल | सदस्य |
| १३ | मनोज बराल | सदस्य सचिव |
| १५ | रामबहादुर थापामगर | प्राविधिक |

## ३. गुरूयोजना निर्माण विज्ञ समूह

| क्र.स. | नाम | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १. | डा. रूद्र सुवाल | टोली प्रमुख | टोली नेता तथा अर्थशास्त्री एवम् तथ्याङ्क शास्त्री |
| २. | मिनबहादुर बस्नेत | टोली सदस्य | सङ्घीयता, सुशासन र स्थानीय सरकार योजनाविद् र गुरूयोजना निर्माण संयोजक |
| ३. | बलराम दवाडी | टोली सदस्य | एकीकृत विकास योजनाविद् तथा विकास अर्थशास्त्री |
| ४. | जीतबहादुर चौहान | टोली सदस्य | कानुनविज्ञ |
| ५. | श्री जमुना थापा | टोली सदस्य | वातावरण विज्ञ |
| ६. | ई. सुरेन्द्र बस्नेत | टोली सदस्य | आइटी विज्ञ |
| ७. | शालु सिंह | टोली सदस्य | तथ्याङ्क व्यवस्थापक |
| ८. | जोना चेम्जोङ | टोली सदस्य | जि.आई.एस. प्राविधिक |

# अनुसूची ४
# बन्दीपुर गाउँपालिकाका स्रोत नक्साहरू






स्रोत : घरधुरी सर्वेक्षण २०७५



84°21'0"E
84°26'40"E
BANDIPUR GAUPALIKA
Land Use Land Cover
27°57'40"N
27°52'0"N
Legend
Forest
Shrubland
Cultivable land
Barren land
Resedential Area
Water bodies
0 1 2 4 Kilometers


N
Bandipur Rural-Municipality
TANAHUN DISTRICT
Bandipur Rural-Municipality Planning Project
Broad Vision Research Centre and Data Bank Pvt. Ltd
BROAD VISION RESEARCH CENTRE AND DATA BANK (P) LTD
JC CARTOGRAPHY
Map 8
TANAHUN
Community Forest
Bandipur_GP_Ward
Community Forest
4.0 - 15.0
15.0 - 16.0
16.0 - 18.0
18.0 - 20.0
20.0 - 33.0
Ward_office
Community Forest
3
0
3
6
9 km


84°21'0"E
84°26'40"E
BANDIPUR GAUPALIKA
Road Network
N
Baniyatar
1
Tamung
Kusunda Dada
Deurali
Naya Pool Bazar
3
4
Muchuk
Kalchowk Bhanjyan
Bandipur
Seratar
Tharubas
2
Aam danda Village
5
Bhagerthumki
hare danda
Chisapani Gaun
Huslankot Gaun
Kalleri Gaun
6
Dharampani
Legend
Major Road
Road Track
Dadagaun
Sarang Gaun
0 1 2 4 Kilometers
27°57'40"N
27°52'0"N


84°21'0"E
84°26'40"E
BANDIPUR GAUPALIKA
River Network
27°57'40"N
27°52'0"N
1
2
3
4
5
6
Marsyangdi
Seti Khola
0 1 2 4 Kilometers


Bandipur Municipality
TANAHUN DISTRICT
Bandipur Rural-Municipality Planning Project
Broad Vision Research Center and Data Bank Pvt Ltd.
JC CARTOGRAPHY
Map 3
BROAD VISION RESEARCH CENTRE AND DATA BANK (P) LTD
N
TANAHUN
Population Density
Bandipur_GP_Ward
BN_WARD
1008.0 - 2424.0
2424.0 - 2869.0
2869.0 - 3141.0
3141.0 - 3260.0
3260.0 - 4375.0
Ward_office
Total Population
3 0 3 6 9 km
4375
3260
2424
1008
2869
3141
0
1
2
3
4
5
6


N
Bandipur Rural-Municipality
TANAHUN DISTRICT
Bandipur Rural-Municipality Planning Project
Broad Vision Research Centre and Data Bank Pvt. Ltd
JC CARTOGRAPHY
BROAD VISION RESEARCH CENTRE AND DATA BANK (P) LTD
Map 8
TANAHUN
Tourism Points
Bandipur_GP_Ward
Tourism Points
4.0 - 15.0
15.0 - 16.0
16.0 - 18.0
18.0 - 20.0
20.0 - 33.0
Ward_office
Tourism Points
3 0 3 6 9 km


Bandipur Municipality
TANAHUN DISTRICT
Bandipur Rural-Municipality Planning Project
Broad Vision Research Centre and Data Bank Pvt. Ltd
JC CARTOGRAPHY
Map 5
TANAHUN
Bandipur_GP_Ward
Educational Institute
1.0 - 6.0
6.0 - 7.0
7.0 - 7.0
7.0 - 8.0
8.0 - 9.0
Ward_office
3 0 3 6 9 km

# बन्दीपुर गाउँपालिकाका पहिलो निर्वाचित पदाधिकारी तथा गाउँसभा सदस्यहरू



श्री पूर्ण सिंह थापा
अध्यक्ष



श्री करुणा गुरुङ
उपाध्यक्ष



श्री भानुभक्त पोखरेल
वडाध्यक्ष, १



श्री सावित्री दवाडी
कार्यपालिका सदस्य



श्री अमृत शाही
सदस्य



श्री टेकबहादुर राना
सदस्य



श्री बिन्दा सुनार
सदस्य



श्री कृष्णप्रसाद लामिछाने
वडाध्यक्ष, २



श्री दमयन्ती थापा मगर
कार्यपालिका सदस्य



श्री रामशरण कुँवर
सदस्य



श्री छलीमाया सुनार
सदस्य



श्री रत्नबहादुर कार्की
सदस्य



श्री हस्तबहादुर जिसी
वडाध्यक्ष, ३



श्री हर्कबहादुर थापामगर
सदस्य



श्री प्रेमकुमारी नेपाली
सदस्य



श्री खड्कबहादुर थापा
सदस्य



श्री सरलादेवी भट्टराई
सदस्य



श्री हरेराम थापामगर
वडाध्यक्ष, ४



श्री दानबहादुर थापा
सदस्य



श्री आशा बि.क.
सदस्य



श्री लक्ष्मी दवाडी
सदस्य



श्री त्रिभुवन थापा
सदस्य



श्री ध्रुबप्रसाद लामिछाने
वडाध्यक्ष, ५



श्री लक्ष्मी गुरूङ
कार्यपालिका सदस्य



श्री बिमला अछामी
सदस्य



श्री छविलाल गुरूङ
सदस्य



श्री ठाकुर सिंह थापा
सदस्य



श्री सन्तबहादुर गुरूङ
वडाध्यक्ष, ६



श्री बृखमाया गुरूङ
कार्यपालिका सदस्य



श्री पार्वती बि.क.
सदस्य



श्री सुजन गुरूङ
सदस्य



श्री वीरेन्द्र गुरूङ
सदस्य



श्री रण बहादुर भुजेल
कार्यपालिका सदस्य
वडा नं. १



श्री गिरबहादुर वसेल
कार्यपालिका सदस्य
वडा नं. ३

# तस्बिरमा बन्दिपुर गाउँपालिका





# तस्बिरमा बन्दिपुर गाउँपालिका






# तस्बिरमा गाउँपालिका गतिविधि






प्रजतन्त्र दिवस २०७६
तथा शहिद सप्ताहको अवसरमा
द्वन्द कालिन अवस्थामा बन्दिपुर गाउँपालिका
भित्र रहेका राज्य र युद्धरत पक्ष बाट शहिद, बेपत्ता,
घाईते र हिरासतमा परेका ब्यक्ति वा निजको परिवारलाई
न्यानो कपडा (फाईबरको सिरक)
बितरण कार्यक्रम
मिति: २०७६/११/०७


talking action on the 2030 Development agenda."
अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा आयोजित
सहितको सचेतनामुलक कार्यक्रम
(December 3, 2019)

# तस्बिरमा गाउँपालिका गतिविधि





# तस्बिरमा गाउँपालिका गतिविधि





# तस्बिरमा गाउँपालिका गतिविधि









# तस्बिरमा गाउँपालिका गतिविधि





# तस्बिरमा गाउँपालिका गतिविधि





# तस्बिरमा गाउँपालिका गतिविधि



